
आजको
दिशाबोध
मदन स्मारिका-२०६८

# आजको दिशाबोध

वर्ष ८, अङ्क ५, २०६८ असार १४


**प्रकाशक**
मदन भण्डारी फाउण्डेशन
**विनायकनगर, काठमाडौं**

मदन भण्डारी फाउण्डेशनको कार्यसमिति

विद्यादेवी भण्डारी - अध्यक्ष
गुरुप्रसाद बराल - उपाध्यक्ष
हिक्मत कार्की - महासचिव
भेषराज अधिकारी - सचिव
चिन्तामणि भट्टराई - कोषाध्यक्ष
छविलाल विश्वकर्मा - सदस्य
कृष्णगोपाल श्रेष्ठ - सदस्य
सोमनाथ प्यासी - सदस्य
गणेश तिमल्सिना - सदस्य
मोहनसिंह राठौर - सदस्य
चैतन्य शर्मा - सदस्य
चिरन्जीवी शर्मा - सदस्य
देवराज घिमिरे - सदस्य
रमेश सिलवाल - सदस्य
नरेन्द्रराज पोखरेल - सदस्य
डोरमणि पौडेल - सदस्य
युवराज बास्कोटा 'यज्ञ' - सदस्य
कृपासुर शेर्पा - सदस्य
मेनका पोखरेल - सदस्य
उषाकिरण भण्डारी - सदस्य
दामोदर अर्याल - सदस्य
रामहरि खनाल - सदस्य
जीवछ शाह - सदस्य
प्रेमसागर चापागाईं - सदस्य
अमर श्रेष्ठ - सदस्य
दामोदर भण्डारी - सदस्य
शङ्करप्रसाद भण्डारी - सदस्य
विपिन निरौला - सदस्य

**सम्पादक मण्डल**
भेषराज अधिकारी
युवराज बास्कोटा 'यज्ञ'
चिन्तामणि भट्टराई

**मुद्रण**
प्रिन्टिङ्ग सोलुशन
**डिल्लीबजार, काठमाडौं**



अध्यक्षीय मन्तव्य ३

**विश्लेषण**

जनताको बहुदलीय जनवादको सान्दर्भिकता
**- माधवकुमार नेपाल** ५

आजको सन्दर्भमा जनताको बहुदलीय जनवाद
**- केपी शर्मा ओली** ९

बदलिँदो सन्दर्भमा जनताको बहुदलीय जनवाद
**- प्रदीप ज्ञवाली** २९

आजको कम्युनिस्ट आन्दोलन, जबज: चुनौती र निराकरण
**- शङ्कर पोखरेल** ३८

असमावेशी दलित आवाजको सन्दर्भमा जनताको बहुदलीय जनवाद
**- छविलाल विश्वकर्मा** ५१

**जागरण**

मदन भण्डारी फाउण्डेशन किन ?
**- देवराज घिमिरे** ५५

**कार्ययोजना**

मदन भण्डारी फाउण्डेशन : आगामी योजना तथा कार्यक्रम ५८

**अभियान**

आत्मनिर्भर अर्थतन्त्र : राष्ट्रिय स्वाभिमानको आधार
**- रमेश सिलवाल** ६२

**संस्मरण**

मदन भण्डारीलाई अहिले सम्झँदा
**- प्रदीप नेपाल** ७३

बहुदल आएपछि मात्र चिनें मदनलाई
**- सत्यनारायण मण्डल** ७७

जननेतासँग सम्झनामा बाँचेको त्यो क्षण
**- रामप्रसाद पराजुली** ८०

**विशेष**

मदन भण्डारीका कवितामा प्रगतिवादी चेतना
**- डा.यादवप्रकाश लामिछाने** ८४

"मार्क्सवाद सामाजिक सिद्धान्तको हिसावले उत्पादक शक्तिका रूपमा काम गरिरहेका श्रमजीवी जनताको मुक्तिको सिद्धान्त हो । मार्क्सवाद र समाजवादको नाममा विभिन्न ठाउँमा भएका गल्ती-कमजोरीहरूको ढाकछोप र रक्षा गर्ने काममा हामी आफूलाई लगाउन सक्दैनौं । तर, मार्क्सवादको दृढ अनुसरणको घोषणासाथ आफ्नो देशका उत्पादक शक्ति श्रमजीवी जनताको हित जसरी गर्न सकिन्छ, त्यस ढङ्गले आफूलाई लगाउनुपर्छ । हामीले आफ्नो चिन्तनलाई विगतको कुनै पनि पूर्वाग्रहहरूबाट मुक्त गर्न सक्नुपर्छ । नेपाल हिजोभन्दा फेरिएको छ, वर्तमान नेपालमा हाम्रा निम्ति अनुकूलताहरू पनि थपिएका छन् । यो विकासमा हाम्रो के योगदान रह्यो ? हाम्रा कुन नीति र कामहरूको योगदान रह्यो ? हामी त्यसलाई खोज्न र बुझ्न सक्छौं । अहिले पनि नेपाल फेरिँदैछ, अनुकूलता बढाउनका निम्ति हामी कस्तो नीति र कामले योगदान गर्न सक्छौं ? हामीले अस्ति नै किताबबाट बुझेको सिद्धान्तअनुरूपको मात्र वस्तुगत स्थिति खोज्ने होइन, भइरहेको वस्तुगत स्थितिको विश्लेषण गरेर त्यसको विकासको दिशा र परिवर्तनका नियम तथा प्रक्रियाहरू फेला पारेर आफ्नो क्रान्ति र विकासको सिद्धान्तको निर्माण पनि गर्नुपर्छ । मार्क्सवादी-लेनिनवादी सिद्धान्त र कम्युनिस्ट पार्टीलाई सर्वहारा वर्गको मात्र मुक्तिको सिद्धान्त र पार्टीको रूपमा व्याख्या गर्ने दृष्टिकोण बनाएर अहिले हाम्रो देशमा त्यस्तो स्थिति छैन भन्ने नाममा कतिपय व्यक्तिहरू निराशाको सिकार हुँदै गएका छन् । प्रत्यक्ष वा परोक्ष रूपमा विसर्जनवादको दिशा अपनाउँदै छन् । तर, मार्क्सवाद-लेनिनवाद उत्पादक शक्ति श्रमजीवी जनताको मुक्तिको सिद्धान्त हो र कम्युनिस्ट पार्टी त्यसको मार्गदर्शनमा मुक्तिसङ्घर्षलाई राजनीतिक र व्यावहारिक रूपमा नेतृत्व प्रदान गर्ने पार्टी हो । आज किसानको सामाजिक मुक्ति र राष्ट्रको स्वाधीनताको सङ्घर्षलाई मार्गदर्शन गर्ने अर्को कुनै दर्शन र सिद्धान्त छैन । त्यो केवल मार्क्सवाद-लेनिनवाद नै हो । पुँजीवादी दर्शनले गर्न सक्दैन । हामी अहिले सामाजिक मुक्ति र राष्ट्रिय स्वाधीनताको आन्दोलन गर्दैछौं । त्यसकारण हाम्रो आन्दोलनको मार्गदर्शक सिद्धान्त मार्क्सवाद-लेनिनवाद हो र यो आन्दोलनलाई नेतृत्व गर्ने शक्ति मार्क्सवाद-लेनिनवादको मार्गदर्शनमा चल्ने सर्वहारा श्रमजीवी वर्गको राजनीतिक पार्टी कम्युनिस्ट पार्टी हो । हामीले लिएका नयाँ मौलिक नीतिहरू कुनै पुराना किताबमा छन् कि छैनन् भनेर सत्यता जाँच्ने होइन, वर्गसङ्घर्षको व्यवहारबाट जाँच्नुपर्छ । त्यसकारण पार्टी बलियो बनाउनका निम्ति कम्युनिस्टको रूपमा आत्मविश्वास लिएर दृढताका साथ उभिनु, आफैँले छलफल गरी निकालेका नीति, निर्णय र निष्कर्षहरूलाई आत्मविश्वासका साथ कार्यान्वयन गर्नु तथा जनता र देशलाई प्रत्यक्ष रूपमा सेवा पुऱ्याउने व्यवहारद्वारा जनताको मन जित्नु सबभन्दा पहिलो र महत्वपूर्ण काम हो ।"

**- जननेता मदन भण्डारी**

# अध्यक्षको मन्तव्य

जननेता मदन भण्डारीको स्मृतिमा गठन गरिएको मदन भण्डारी फाउण्डेशनद्वारा वार्षिक रूपमा प्रकाशित हुँदै आएको 'आजको दिशाबोध'को पाँचौ अङ्क पाठकबीच ल्याएका छौं। मदनले आफ्नो जीवनको छोटो कार्यकालमा नेपाली जनता र राष्ट्रका लागि अर्थात राष्ट्रियता, लोकतन्त्र र जनजीविकाका लागि सैद्धान्तिक, बैचारिक, राजनीतिक, साङ्गठनिक, आर्थिक, सामाजिक र साँस्कृतिक क्षेत्रमा गर्नुभएको योगदानलाई आमजनतासम्म पुऱ्याउनु, स्थापित गर्नु र त्यसको माध्यमबाट राष्ट्र र जनताको सेवा गर्नु फाउण्डेशनको उद्देश्य हो।

नेपाली कम्युनिष्ट आन्दोलनका एक इमान्दार र सच्चा नेताको जिम्मेवारी उहाँले सफलतापूर्वक निर्वाह गरेको हामीले अनुभूति गरेका छौं। विश्वकै कम्युनिष्ट आन्दोलन रक्षात्मक एवम् कमजोर बनेको तथा नेपाली कम्युनिष्ट आन्दोलन पनि गुट-उपगुटमा विभाजित रहेको अवस्थामा उहाँले मुलुकको कम्युनिष्ट आन्दोलनलाई एकीकृत बनाएर अघि बढाउनुभयो। यसैक्रममा उहाँकै नेतृत्वमा पार्टीले जनताको बहुदलीय जनवादको कार्यक्रम ल्यायो। यो कार्यक्रम एक्काइसौं शताब्दीको आवश्यकतालाई सम्बोधन गर्नसक्ने उचाइँको भएको पछिल्ला घटनाक्रमले पुष्टि गर्दै आएका छन्।

सिद्धान्तको प्रतिपादनसँगै एक कुशल राजनेता र सङ्गठकका रूपमा पनि उहाँको बलियो परिचय छ। लामो समयको भूमिगत जीवन सकिएलगत्तै खुल्ला राजनीतिमा आएको तीन वर्षमै नेपाली जनताको मन जित्नु र दुनियाँको ध्यान आफूतर्फ खिच्नसक्नु सामान्य विषय होइन। उहाँ देशको राष्ट्रपति वा प्रधानमन्त्री बन्न पाउनुभएन, पदीय र अन्य शक्तिको आडमा आफूलाई चिनाउने र स्थापित गर्ने संयोग पनि उहाँलाई प्राप्त भएन। तर, आफ्नो ओजपूर्ण विचार र क्षमताले जे जति पहिचान बनाउनुभयो र योगदान दिनसक्नु भयो, यस्तो विरलै हुनेगर्छ।

४१ वर्षको उमेरमा संघर्षमा खारिएर आफूलाई स्थापित गरी उहाँ हामीबाट बिदा हुनुभएको थियो। त्यही कारण मृत्युपश्चात पनि उहाँ जनजनको मन र मस्तिष्कमा बाँचिरहनुभएको छ, बाँचिरहनुहुनेछ। मदन भण्डारीको हत्या गरेर नेपाली कम्युनिस्ट आन्दोलनलाई नै मेटाउन सकिन्छ भन्ने सोच्नेहरू तथा हत्या गर्नेहरू यतिबेला आफ्नो षड्यन्त्रप्रति पश्चाताप गर्दैछन् कि! मदनको हत्या अहिले पनि रहस्यमा रहेको हुँदा हत्यारा को हुन् र हत्याको उद्देश्य के थियो भन्ने हाम्रो सैद्धान्तिक बुझाइमै सीमित छ। हामी 'आजको दिशाबोध'मार्फत मदन भण्डारीको रहस्यमय हत्याको सत्यतथ्य पत्ता नलाग्दासम्म र राज्यले दोषीलाई कानूनको दायरामा नल्याउदासम्म दाशढुङ्गा हत्याकाण्डको छानविन गर्नुपर्ने र दोषीलाई कारबाही गर्नुपर्ने माग उठाइरहनेछौं।

'आजको दिशाबोध'को पाँचौं अङ्कमा १९ वर्षअघिको एउटा क्षणलाई स्मरण गर्न आवश्यक

ठानेको छु । २०४६ को ऐतिहासिक जनआन्दोलनपछिको २०४८ सालको पहिलो ऐतिहासिक आमनिर्वाचनमा काठमाडौंका दुई–दुइवटा निर्वाचन क्षेत्रमा उहाँ बिजयी भएपछि निर्वाचनमा अभियानमा उहाँको अङ्गरक्षकको भूमिका निर्वाह गरेका १०/१५ जनालाई खाना खान बोलाउने बिचार गरें । त्यही बेला मेरी सानी छोरी निशाकुसुमले पनि आफ्नो जन्मदिन मनाउने साह्रै मन गरी । दुबै काम एकैपटक हुने गरी अर्थात छोरीको जन्मदिन असार १५ गतेकै दिन साथीहरूलाई पनि बोलाउने तयारी भयो । त्यसै बेला मदनले ठट्टामा भन्नुभयो- 'हिजो १४ गते मेरो जन्मदिन थियो, कसैले सम्फेनन् ।' त्यो बेला त मैंले उहाँको भनाइलाई सामान्य हिसाबले लिएँ । तर, दुई वर्ष पनि नबित्दै षड्यन्त्रपूर्वक उहाँको हत्या भएपछि भने मलाई उहाँको त्यसबेलाको भनाइले निकै संवेदनशील बनायो ।

२०५० जेठ ३ गते दासढुङ्गामा षडयन्त्रपूर्वक हत्या भएपछि मैले आफ्नै तरिकाले असार १४ गते मदनको सम्फना गर्ने सोच बनाएँ र पहिलो पटक ४१ ओटा गमलामा बिरूवा रोपेर मदन जयन्तीको सुरूवात गरें । दोस्रो वर्ष पार्टीको केन्द्रीय कार्यालय बन्दै गरेको काठमाडौ बल्खुमा अघिल्लो वर्ष रोपेको बिरूवा सारियो । त्यसमा कमरेड प्रदीप नेपालले सहयोग पुऱ्याउनुभयो । यसरी सुरू भएको मदन जयन्ती मनाउने क्रमलाई क्रमशः अरू कार्यक्रमका साथ अघि बढाइयो । अहिले असार १४ गते देशैभरि राजनीतिक, बैचारिक, सामाजिक र शैक्षिक कार्यक्रमसहित मदन जयन्ती मनाउने गरिन्छ । स्मृति दिवस र जयन्ती कुन मनाउने भन्ने पनि त्यसबेला विवाद नभएको होइन । तर, कमरेड मुकुन्द न्यौपानेको पहलमा पार्टीको शीर्ष नेतृत्व जयन्ती मनाउने काम गलत होइन भन्नेमा सहमत भयो । विश्वका कम्युनिष्ट नेताहरू मार्क्स, लेनिन, माओको पनि जन्मजयन्ती मनाउने चलन भएकाले पत्ति पार्टीलाई त्यो निष्कर्षमा पुग्न सजिलो भयो । यसरी, मदन जयन्ती मदनका योगदानलाई चर्चा गर्ने, प्रचार गर्ने, संरक्षण गर्ने र विकास गर्ने अभियानको अङ्गका रूपमा हाम्रो उपस्थित भएको हो ।

मदन भण्डारी फाउण्डेशनले आफ्नो मुखपत्रको रूपमा प्रकाशन गर्दै आएको 'आजको दिशाबोध', फाउण्डेशनले वर्षभरीमा गरेका बैचारिक, सामाजिक, साँस्कृतिक र शैक्षिक कार्यहरूको सङ्गालो पनि हो । पाठकगणले यसलाई गहनरूपमा अध्ययन गरी आफ्नो अमूल्य सल्लाह र सुझाव प्रदान गर्नुहुनेछ भन्ने मैले आशा एवं विश्वास लिएको छु । मदन भण्डारी फाउण्डेशन सार्वजनिक संस्था हो र यसका सबै कार्य सार्वजनिक हितका लागि मात्र हुनेछन् भन्नेमा म फेरि विश्वास दिलाउन चाहन्छु । मदन भण्डारीलाई परिवार र पार्टीको घेरामा मात्र सीमित पारिनुहुन्न भन्ने हाम्रो मान्यता छ । किनभने, मदन भण्डारी राष्ट्र र जनताका लागि समर्पित व्यक्तित्व हुनुहुन्थ्यो ।

*- ०६८ असार १४*

**- विद्यादेवी भण्डारी**
**अध्यक्ष**
**मदन भण्डारी फाउण्डेशन**

# जनताको बहुदलीय जनवादको सान्दर्भिकता



माधवकुमार नेपाल

कमरेड मदन भण्डारी र जीवराज आश्रितको रहस्यमय मृत्यु भएको १८ वर्ष पूरा भएको छ । भर्खरै जेठ ३ मा १९ औं स्मृति दिवस पारेर विविध कार्यक्रमका साथ उहाँहरूका योगदानहरूको चर्चालाई फेरि एकपटक ताजा बनाइएको छ, उहाँहरूप्रति सम्मान र श्रद्धा प्रकट गरिएको छ ।

हामी कमरेड मदन भण्डारी र जीवराज आश्रितले परिकल्पना गरेको सुन्दर, शान्त, लोकतान्त्रिक, समृद्ध, सामाजिक न्याय र समानतायुक्त नेपालको सपना साकार पार्न प्रतिबद्ध छौं । त्यसका लागि राष्ट्र र जनताा समर्पित देशभक्तियुक्त, लोकतान्त्रिक र सामाजिक-आर्थिक रूपान्तरणप्रति प्रतिबद्ध क्रान्तिकारी पार्टी अनिवार्य शर्त हो । नेकपा (एमाले) भित्र यस मान्यतामा दह्रो गरी उभ्याउने र यसलाई लोकप्रिय पार्टी बनाउने उहाँहरूको अठोटलाई पूरा गर्न सङ्कल्प गर्नु र त्यस अनुकूल पार्टी कामलाई अघि बढाउनु नै मदन-आश्रितप्रति हामीले सम्मान गर्नु हो ।

मदन भण्डारी सिद्धान्तकार, विचारक र विश्लेषक मात्र हुनुहुन्थेन । उहाँ एक दुरदृष्टियुक्त नेता पनि हुनुहुन्थ्यो । तत्कालीन संविधान निर्माणका क्रममा उहाँले पार्टीको फरक मतका रूपमा अघि सारेका २७ बुँदालाई १६ वर्षपछि ०६३ जेठ ४ मा संसद्बाट करिब-करिब त्यही रूपमा पारित गरिनुबाट उहाँको दूरदृष्टि स्पष्ट हुन्छ । २०४७ कात्तिकमा नेकपा (एमाले) ले अघि सारेको मान्यतामा पुग्न अरूलाई झन्डै १६ वर्ष लाग्यो । त्यतिबेलाको स्थिति हेर्दा राजतन्त्रलाई एउटा सानो घेरामा सीमित गरी जनतालाई पूर्ण रूपमा अधिकार सम्पन्न बनाउन र राज्यलाई लोकतान्त्रिक स्वरूप दिनका लागि ती प्रस्तावहरू अग्रगामी र क्रान्तिकारी थिए । यदि नेपाली काङ्ग्रेस र त्यसका नेताहरू यसका निम्ति तयार भएको भए त्यतिबेलै हामीले जनताका

मदन भण्डारी सिद्धान्तकार, विचारक र विश्लेषक मात्र हुनुहुन्थेन। उहाँ एक दुरदृष्टियुक्त नेता पनि हुनुहुन्थ्यो। तत्कालीन संविधान निर्माणका क्रममा उहाँले पार्टीको फरक मतका रूपमा अघि सारेका २७ बुँदालाई १६ वर्षपछि ०६३ जेठ ४ मा संसद्बाट करिब-करिब त्यही रूपमा पारित गरिनुबाट उहाँको दूरदृष्टि स्पष्ट हुन्छ। २०४७ कात्तिकमा नेकपा (एमाले) ले अघि सारेको मान्यतामा पुग्न अरूलाई झन्डै १६ वर्ष लाग्यो।

पक्षमा धेरै अग्रगामी कदम चाल्न सक्ने थियौं ।

तर घटनाक्रमहरू जहाँको त्यहीं अड्किरहँदैनन् । समयको गति र माग अनुसार राजनीतिक अवस्थामा पनि परिवर्तन आइरहन्छ, यसले आफ्नो बाटो तय गरिरहन्छ । २०६४ को संविधानसभाको चुनाव पश्चात् २०६५ जेठ १५ गते बसेको संविधासनभाको पहिलो बैठकले सामन्ती राजतन्त्रलाई सदाका लागि विदा गर्दै मुलुकमा लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको घोषणा गरेपछि मुलुकले नयाँ बाटो अङ्गीकार गरेको छ । यी ऐतिहासिक महत्वका युगान्तकारी निर्णयहरूमा स्वाभाविक रूपमा जनताको बहुदलीय जनवादबाट निर्देशित नेकपा (एमाले) को निर्णायक र नेतृत्वदायी भूमिका रहेको छ । नेकपा (एमाले) ले नै आमजनतालाई सचेत, जागृत र सङ्गठित गर्ने अनि शान्तिपूर्ण तरिकाबाट आमूल परिवर्तनको महान् अभियानमा परीचालित गर्ने काममा प्रमुख भूमिका निर्वाह गरेको थियो । हामीले एकातिर माओवादीलाई सर्वसत्तावादी-एकाधिकारवादी चिन्तन र हिंसात्मक क्रियाकलाप त्यागेर लोकतान्त्रिक प्रणालीलाई प्रगतिशील स्वरूपसहित ग्रहण गर्न आवश्यक दबाब दिने काम गरिरहेका थियौं भने अर्कातिर नेपाली काङ्ग्रेसलाई यथास्थितिवादी चिन्तनबाट मुक्त भई परिवर्तित परिस्थिति र जनताको माग बमोजिम अघि बढ्न प्रेरित गरिरहेका थियौं । हाम्रै प्रयासको फलस्वरूप यी दुबै शक्तिलाई एक ठाउँमा उभ्याउन सम्भव भयो र नेपालमा शान्तिपूर्ण रूपमा ऐतिहासिक निर्णय गर्न हामी सफल भयौं ।

**हाम्रो आफ्नो मौलिकता र विशिष्टता अनुरूप मार्क्सवादलाई कसरी समृद्ध बनाउने भन्नेमा पनि हामी त्यत्तिकै सचेत छौं । त्यही भएर हामीले मार्क्सवादको सिर्जनात्मक प्रयोगमार्फत मात्रै यसको रक्षा गर्न सकिन्छ भन्ने मान्यताका साथ जनताको बहुलीय जनवाद जस्तो क्रान्तिकारी सिद्धान्त आत्मसात गरेका छौं ।**

नेकपा (एमाले) सुस्पष्ट मान्यता बोकेर अघि बढिरहेको पार्टी हो । यसले सधैं जडसूत्रवाद र समर्पणवादका विरुद्ध सङ्घर्ष गर्दै मार्क्सवादको सिर्जनात्मक विकासमा जोड र योगदान दिँदै आएको छ । हामी मार्क्सवाद-लेनिनवादप्रति अटल विश्वास राख्दछौं, विश्व कम्युनिस्ट आन्दोलनमा योगदान पुऱ्याउने सबै नेताहरूका योगदानबाट सिक्न चाहन्छौं । साथै, हाम्रो आफ्नो मौलिकता र विशिष्टता अनुरूप मार्क्सवादलाई कसरी समृद्ध बनाउने भन्नेमा पनि हामी त्यत्तिकै सचेत छौं । त्यही भएर हामीले मार्क्सवादको सिर्जनात्मक प्रयोगमार्फत मात्रै यसको रक्षा गर्न सकिन्छ भन्ने मान्यताका साथ जनताको बहुलीय जनवाद जस्तो क्रान्तिकारी सिद्धान्त आत्मसात गरेका छौं । मार्क्सवादका मूल पक्षको रक्षा गर्न, कम्युनिस्ट आन्दोलनलाई सदृढ बनाउन, प्रतिस्पर्धा र पहलकदमीद्वारा श्रेष्ठता कायम गर्न र कम्युनिस्ट आन्दोलनलाई दीर्घजीवी बनाउनका लागि यसको मौलिकता र सिर्जनाशीलतामा जोड दिनुपर्दछ भन्ने मान्यताका आधारमा नेकपा (एमाले) ले जनताको बहुदलीय जनवाद विकास गरेको हो, अङ्गीकार गरेको हो ।

नेकपा (एमाले) विश्व कम्युनिस्ट आन्दोलनका उतार-चढावको गम्भीर विवेचना र मूल्याङ्कन गरेर नेपालमा कम्युनिस्ट आन्दोलनलाई कसरी जोगाउन सकिन्छ र अघि बढाउँदै लोकप्रिय स्वरूप दिन सकिन्छ भन्ने कुरा विशेष रूपमा चिन्तन-मनन गरी विचारको विकास गर्दै व्यवहारलाई परिस्कृत गर्दै अघि बढेको छ ।

कम्युनिस्टहरूमाथि आमरूपमा विश्वभरि केही आरोप लाग्दै आएका छन् । पहिलो- सर्वहारावर्गको अधिनायकत्वका नाममा पार्टीको अधिनायकत्व र पार्टीको अधिनायकत्वका नाममा मुख्य नेताको अधिनायकत्व लाद्ने काम कम्युनिस्ट पार्टीमा हुने गर्दछ । दोस्रो- एक पटक नेतृत्वमा आइसकेपछि कम्युनिस्टहरू आजीवन प्रमुख पदमा कायम रहन चाहन्छन् । तेस्रो- कम्युनिस्टहरू विधि र कानुनको शासनमा बस्न चाहादैनन् र निष्पक्ष निर्वाचन प्रणालीलाई अवलम्बन नगरी मनोनित एवम् सहमतीय प्रणालीको नाममा अवैधानिक तरिकाबाट आफ्नो बर्चस्व कायम राख्न चाहन्छन् ।

उपरोक्त सबै आरोपहरू सीधै अस्वीकार गरेर वा त्यसको मुखमुखै जवाफ दिएर पुग्दैन । आरोप लगाउने आधार र कारण छन् कि भनेर त्यसको खोजी गर्नुपर्छ । बुर्जुवा लोकतान्त्रिक परिपाटीका सुन्दर पक्षहरूमा पनि हामीले ध्यान दिनुपर्दछ, जुन बुर्जुवाहरूबीचकै द्वन्द्वलाई सम्बोधन गर्न सिर्जना भएका हुन्छन् । त्यो सबै सामाजिक वर्गहरूबीचको द्वन्द्व र

प्रतिस्पर्धालाई समुचित रूपमा हल गर्न प्रयोग गर्न हच्किनु हुँदैन। यस सन्दर्भमा क. मदन भण्डारीले जनताको बहुदलीय जनवादका १४ विशेषताका रूपमा अगाडि सारेकामध्ये तीनवटा पक्ष प्रमुख छन्:

१. राज्य, समाज र पार्टीको लोकतान्त्रीकरणको पक्ष अर्थात् लोकतान्त्रिक मूल्य, मान्यता र सिद्धान्त अनुसार निर्देशित गर्नु।

२. समाजको आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरण गर्नु अर्थात् शोषक, सामन्त, जाली-फटाहाको अत्याचार, शोषण, उत्पीडन र भदेभाव अन्त्य गरी सामाजिक समानता र सामाजिक न्यायको प्रत्याभूति गर्नु। सामाजिक जीवनलाई उत्पादनमुलक, उपयोगी, सम्पन्न र समृद्ध बनाउनु।

३. राष्ट्र र जनतालाई केन्द्रबिन्दुमा राख्नु, तिनीहरूको हित र स्वार्थका निम्ति काम गर्नु, यसका लागि आमजनतासित घनिष्ट सम्बन्ध कायम गर्ने र तिनीहरूसित एकाकार हुनु।

उपरोक्त तीन पक्ष नै जबजको सिद्धान्त र कार्यक्रमका मुख्य स्वरूप हुन्। यसलाई निम्न अनुसार व्याख्या गर्न सकिन्छ:

**जनताको विश्वास जित्न भ्रमको खेती गर्नु हुँदैन। तिनीहरूलाई धम्क्याएर वा तर्साएर प्राप्त गरेको सहयोग टिकाउ हुँदैन भन्ने कुरा बुझ्न जरुरी छ। कम्युनिस्टहरूले आमजनतालाई नै आफ्नो सम्पूर्ण कामको केन्द्रबिन्दु बनाउनुपर्दछ।**

कम्युनिस्ट पार्टी अत्यन्तै वैज्ञानिक, जनमुखी र युग सुहाउँदो विचार र अवधारणाबाट सञ्चालन हुने पार्टी हो। समाजमा रहेका बर्गमध्ये सबभन्दा सचेत, प्रबुद्ध र अत्याधुनिक विचारबाट निर्देशित सर्वहारावर्गको अगुवा दस्ता भएकोले यसले मानव जातिले आविष्कार र प्रतिपादन गरेका असल विचारलाई आत्मसात गर्नु स्वाभाविक हुन्छ। लोकतन्त्रको विश्वव्यापी मूल्य-मान्यतालाई स्वीकार गर्नु, समाजलाई सभ्य र सुसंस्कृत बनाउन पहल गर्नु नै सर्वहारा वर्गको चरित्रलाई सही रूपमा जोगाउनु र समृद्ध बनाउनु हो।

संवैधानिक सर्वोच्चतालाई उच्च महत्व दिनु, विधिको शासनमा दृढ रहनु, मानअधिकारको सम्मान गर्नु, प्रेस स्वतन्त्रताको संरक्षण गर्नु, नियन्त्रण र सन्तुलनको सिद्धान्त अवलम्बन गर्नु, खुला समाज र बहुलवाद आत्मसात गर्नु, आवधिक निर्वाचन प्रणालीमा प्रतिबद्ध हुनु, बहुमतको सरकार र अल्पमतको प्रतिपक्षको विचारलाई दृढताका साथ ग्रहण गर्नु, सहअस्तित्व र सहिष्णुताको संस्कृति अवलम्बन गर्नु, बाँच्न र बाँच्न दिने, सम्मान र सम्पन्न जीवन जीउन पाउने अधिकार प्राप्त गर्नुलगायतका सवालमा प्रश्नमा मदन भण्डारीले सुस्पस्ट विचार अगाडि सार्नुभयो र सर्वहारा जनवादको अभिन्न अङ्ग बनाउन सकिने मान्यतालाई आत्मासात गर्नुभयो। कम्युनिस्ट पार्टीले आफू बाहेकका पार्टीको अस्तित्वलाई स्वीकार नगर्ने चलनलाई तोडेर एकभन्दा बढी पार्टीहरू कायम रहन सक्ने मान्यतालाई सैद्धान्तिक र व्यावहारिक रूपमा स्वीकार गर्ने कम्युनिस्ट पार्टी नेकपा (एमाले) भयो। नेपालको कम्युनिस्ट आन्दोलानमा अरू कम्युनिस्ट पार्टीलाई कम्युनिस्ट पार्टी वा सर्वहारा वर्गको पार्टीका रूपमा स्वीकार नगर्ने प्रवृति व्याप्त रहेकोमा त्यसलाई तोडेर पहिलो पटक हाम्रो पार्टीले प्रतिस्पर्धा र सहकार्यको अभ्यासलाई आत्मसात गरेको थियो।

नेपालमा मात्र होइन, विश्व कम्युनिस्ट आन्दोलनमै त्यही प्रवृति विद्यमान रहेको थियो। फलस्वरूप कम्युनिस्ट पार्टीबाट अलग हुने वा त्यहाँभित्र मतभिन्नता राख्ने जो कसैलाई वर्ग शत्रुका रूपमा हेर्ने र तिनीप्रति पूर्णतः शत्रुतापूर्ण व्यवहार गर्ने प्रवृति व्याप्त थियो। यस्ता सबै प्रवृति र चलनलाई अस्वीकार गर्दै वैचारिक-राजनीतिक मतभेदलाई त्यसै दायरामा राखेर व्यवहार गर्ने र त्यसप्रति सहिष्णुता अपनाउने प्रवृतिलाई नेकपा (एमाले) ले अङ्गीकार गऱ्यो। यसैकारण आज नेकपा (एमाले) लोकतन्त्र र परिवर्तनप्रति प्रतिवद्ध पार्टीका रूपमा स्थापित भएको छ।

जनताको विश्वास जित्न भ्रमको खेती गर्नु हुँदैन। तिनीहरूलाई धम्क्याएर वा तर्साएर प्राप्त गरेको सहयोग टिकाउ हुँदैन भन्ने कुरा बुझ्न जरुरी छ। कम्युनिस्टहरूले आमजनतालाई नै आफ्नो सम्पूर्ण कामको केन्द्रबिन्दु बनाउनुपर्दछ। जनताको हित, कल्याण र उन्नति नै मार्क्सवादी दर्शनको सार हो। परम्परा, संस्कृति, चालचलन र रितिथितिका नाममा जनतामाथि भइरहेका संरचनागत हिंसालाई अन्त्य गर्न सामाजिक-सांस्कृतिक सोच र संस्कारमै पविर्तन गर्नुपर्छ। उत्पीडनमा परेका जाति र समुदायलाई अधिकार सम्पन्न बनाउन राज्य र समाजका महत्वपूर्ण स्थानमा उनीहरूको प्रतिनिधित्व सुनिश्चितता

गरिनुपर्छ। कम्युनिस्टहरू नै जनतामाथिको अन्याय-अत्याचारका विरुद्ध उभिनुपर्छ। उनीहरूले त्यसको सशक्त प्रतिवादका लागि जनतालाई सङ्गठित र आन्दोलित गर्न अगुवाइ गर्नुपर्छ। जनताका सुख-दुःखमा एकाकार भई तिनका पीर-मर्का सुन्ने र सम्बोधन गर्ने काम गर्नुपर्छ। महिला, दलित, आदिवासी जनजाति, मधेसी, गरिब र विपन्न समुदायका जनताको आवाजलाई प्रतिध्वनित गर्ने काम कम्युनिस्ट पार्टीले नै गर्नुपर्छ। वास्तवमा स्वच्छ, जुझारु, क्रियाशील र वर्गीय दृष्टिकोणयुक्त कार्यकर्ता नै पार्टीका प्राण हुन्। यस्ता कार्यकर्ताले सशक्त, जुझारु र अनुशासित सङ्गठनको निर्माण गर्नुपर्दछ। यस्तै कार्यकर्ता र सङ्गठनले नै ऐतिहासिक र युगीन अभिभारा पुरा गर्न सक्दछन्।

लोकतन्त्र तब मात्र सार्थक हुन सक्छ, जब त्यसले राष्ट्र र जनताका समस्यालाई सम्बोधन गर्छ। त्यस्तो लोकतन्त्र मात्र उपयोगी हुन सक्छ, जो जनताका निम्ति समर्पित र जनताको हितका निम्ति केन्द्रित हुन्छ। जनताको जीवनलाई सुखी र सम्पन्न बनाउन सक्ने, जनतालाई न्याय, समानता र स्वतन्त्रता प्रदान गर्न सक्ने लोकतन्त्र नै वास्तविक लोकतन्त्र हुनसक्छ। लोकतन्त्र औपचारिकतामा मात्र सीमित रह्यो, प्रक्रियागत कुरामा मात्र केन्द्रित रहन गयो अनि जनजीवनदेखि टाढा गयो, जनताको समस्याबाट पर बस्यो भने त्यस्तो लोकतन्त्र जनताका निम्ति अर्थहीन हुन जान्छ। लोकतन्त्र जनताका निम्ति हो र जनताका निम्ति हुनुपर्छ। जनता लोकतन्त्रमा कसैको मुखापेक्षी नहोऊन्। जनताको लोकतन्त्र जनताको संलग्नता र सक्रिय सहभागितामा नै जीवन्त हुनसक्छ। पाँच वर्षमा एक पटक चुनावको बेलामा मात्र जनताको सक्रियता देखिने लोकतन्त्र ठालुहरूको हालीमुहाली भएको लोकतन्त्र हुन्छ। त्यसैले हामीले खोजेको र चाहेको लोकतन्त्र समावेशी, सहभागितामुलक र भूइँसित जोडिएको लोकतन्त्र हो।

लोकतन्त्र भनेको जनताको हित र राष्ट्रको प्रतिष्ठा अभिवृद्धिका निम्ति हो भन्ने कुरामा सुस्पष्ट हुन आवश्यक छ। लोकतन्त्र यसैका लागि हो भन्ने काममा देखिनुपर्छ। लोकतन्त्रको उद्देश्य जनतालाई सबै किसिमका भेदभाव, थिचोमिचो र पछौटेपनबाट मुक्त गर्ने हुनुपर्छ। यस्तो लोकतन्त्र वर्गीय र जनमुखी हुनुपर्छ। सामन्ती शोषण-उत्पीडनलाई अन्त्य गर्ने सुस्पष्ट सोच र योजना हुनुपर्छ। सामाजिक न्याय र समानताबिनाको लोकतन्त्र शोषणतन्त्र मात्र हुन्छ। यसकारण यसले सामाजिक-आर्थिक-सांस्कृतिक रूपान्तरणको सुस्पष्ट दिशा अङ्गीकार गर्नुपर्छ। सामान्तवादका सबै रूपको अन्त्य, अन्यायपूर्ण सामाजिक-सांस्कृतिक चलन र संस्कृतिको अन्त्य गर्नका लागि लोकतन्त्र उपयोगी हुनुपर्दछ।

लोकतन्त्रले आर्थिक-सामाजिक उत्थानको योजना अघि सार्नुपर्छ, परिवर्तनको गतिलाई तीव्र बनाउनुपर्छ। यथास्थितिमा परिवर्तनका शक्तिहरू बस्न र बाँच्न सक्दैनन्। उनीहरू प्रगति र परिवर्तनको पक्षमा दृढताका साथ उभिनुपर्छ। संसारका कुनै कुरा गतिहीन छैन। गतिमा नै जीवन छ, गतिमा नै संसार छ। गतिमा नै आर्थिक समृद्धि छ। गतिमा नै प्रगति छ। आर्थिक विकास निर्माण, नयाँ-नयाँ निर्माण र नयाँ-नयाँ सिर्जना नै गति हो। नयाँपन बिना जीवन नै शुष्क हुन्छ। शुष्क जीवन व्यर्थ छ। यसर्थ, समतामुलक समाज मात्र होइन, समृद्ध र समुन्नत समाज हाम्रो लक्ष्य हुनुपर्छ।

यस अर्थमा जनताको बहुदलीय जनवादले गतिहीनतालाई तोड्न चाहेको छ, यथास्थितिको अन्त्य गर्न खोजेको छ। सामाजवादी शासन सत्ताले एक अवधिमा त निकै परिवर्तन गऱ्यो। सबै क्षेत्रमा अजङ्गका फेरबदल गरिए। कसैले कल्पना गर्ने नसक्ने ठूल्ठूला ऐतिहासिक एवम् युगान्तकारी काम भए। तर पछि त्यसको निरन्तरता रहेन। गति, प्रगति र परिवर्तनमा ध्यान दिइएन। आधुनिक र वैज्ञानिक खोज-अनुसन्धान, जनताको जीवनलाई सहज र सुविधा सम्पन्न बनाउने कुरालाई पुँजीवाद, साम्राज्यवाद र प्रतिक्रियावाद देख्न पुगियो। यस्तो चिन्तनलाई जनताको बहुदलीय जनवादले अस्वीकार गरेको छ।

हामीले जनताको बहुदलीय जनवादलाई यसको वर्गीय सारसहित सही रूपमा बुझ्न सक्नुपर्छ। यसलाई आत्मसात गर्न सकिएमा नै जबजको रक्षा गर्न सकिन्छ, यसको विकास सम्भव हुनसक्छ। लोकतन्त्र, परिवर्तन, स्वतन्त्रता, समानता र समृद्धिलाई एकीकृत रूपममा बुझ्न सकिएमा नै जनताको बहुदलीय जनबादको सारलाई बुझ्न सकिन्छ। यसरी हामीले जबजको आत्माको रक्षा गर्ने काम गर्न सक्यौं भने मात्र जननेता क. मदन भण्डारीप्रति सच्चा सम्मान हुनेछ, नेपाली कम्युनिस्ट आन्दोलनप्रति जिम्मेवारी बहन हुनेछ।

■

# आजको सन्दर्भमा जनताको बहुदलीय जनवाद



केपी शर्मा ओली

राष्ट्रिय राजनीतिको विकासक्रमले मात्रै होइन, बीसौं शताब्दीको अन्त्य र एक्काईसौं शताब्दीको प्रारम्भका अन्तर्राष्ट्रिय कम्युनिस्ट, वामपन्थी या समाजवादी आन्दोलनका अनुभवले पनि जनताको बहुदलीय जनवादले अगाडि सारेका सामाजिक रूपान्तरण र समाजवादसम्बन्धी अवधारणाहरूलाई पुनर्पुष्टि गर्दै ल्याएको छ।

**१. सन्दर्भ**

१.१ नेपाली क्रान्तिको सिद्धान्तको रूपमा जनताको बहुदलीय जनवादको प्रतिपादन भएपछि नेपाली राजनीति, प्रत्यक्ष र परोक्ष दुबै हिसाबले यसकै आलोकबाट प्रभावित हुँदै आएको छ । यस सिद्धान्तको वैज्ञानिकता र तर्कसङ्गतताकै कारण हिजोसम्म अस्पष्ट रहेकाहरू यस सम्बन्धमा स्पष्ट हुँदै आएका छन्, यसप्रति असहमतहरू सहमतिको दिशामा अगाडि बढेका छन् र जो यसको विरोधमा उभिएका थिए, तिनीहरूको विरोध असान्दर्भिक र अर्थहीन हुँदै आएको छ । राष्ट्रिय राजनीतिको विकासक्रमले मात्रै होइन, बीसौं शताब्दीको अन्त्य र एक्काईसौं शताब्दीको प्रारम्भका अन्तर्राष्ट्रिय कम्युनिस्ट, वामपन्थी या समाजवादी आन्दोलनका अनुभवले पनि जनताको बहुदलीय जनवादले अगाडि सारेका सामाजिक रूपान्तरण र समाजवादसम्बन्धी अवधारणाहरूलाई पुनर्पुष्टि गर्दै ल्याएको छ । निश्चय नै, जनताको बहुदलीय जनवादका नीतिनिर्माता, पक्षधर र अनुयायीहरूका लागि आफ्नो सिद्धान्तको सच्चाइको यो पुष्टि गौरवको विषय हो ।

१.२ एउटा वैज्ञानिक सिद्धान्तको रूपमा जनताको बहुदलीय जनवाद निरन्तर गतिशील, विकासशील र जीवन्त अवधारणा हो । सबैखाले बाह्य तथा आन्तरिक आक्रमणबाट यसको रक्षा गर्नु तथा यसमाथिको दक्षिणपन्थी र उग्रवामपन्थी हमलालाई परास्त गर्नु जनताको बहुदलीय जनवादका पक्षधरको रूपमा हाम्रो महत्वपूर्ण दायित्व हुँदै हो । यसलाई आफ्नो विशिष्ट सन्दर्भमा कार्यान्वयन गर्दै जानु हाम्रो अझ महत्वपूर्ण जिम्मेवारी हो । कार्यान्वयनका क्रममा प्राप्त

अनुभवले कुनै पनि सिद्धान्तलाई अझ समृद्ध बनाउँछ, यसलाई अद्यावधिक बनाउँदै लैजान्छ र सामाजिक व्यवहारको निरन्तर गतिशील प्रवाह एवम् तिनले उपस्थित गरेका नयाँ प्रश्नहरूको जवाफ दिनसक्ने गरी यसलाई नयाँ उचाइमा उठाउँछ। रक्षा, प्रयोग र विकासको अविरल प्रक्रियाको क्रममा नै कुनै पनि सिद्धान्तको सान्दर्भिकता निरन्तर पुष्टि भइरहेको हुन्छ। बाह्य या आन्तरिक आक्रमणबाट जोगाउन सकिएन भने सिद्धान्तको अस्तित्व रक्षा गर्न सकिंदैन। यदि व्यवहारमा कार्यान्वयन गर्न सकिएन भने त्यसको उपादेयता स्थापित हुँदैन। अनि, प्राप्त अनुभवका आधारमा त्यसलाई निरन्तर समीक्षा र अद्यावधीकरण गर्न सकिएन भने सिद्धान्त समृद्ध र विकसित हुँदैन र यसले नयाँ चुनौतीको सामनाका लागि मार्गदर्शन गर्न सक्दैन। कुनै पनि सिद्धान्त विशुद्ध व्यवहारवाद नबनोस् भन्नका खातिर यसका अन्तर्वस्तुहरूको रक्षा, यो कोरा प्राज्ञिक या बौद्धिक विषयमात्र नबनोस् भन्नाका लागि यसको निरन्तर कार्यान्वयन र यो जडसूत्रवादमा रूपान्तरित नहोस् भन्ने उद्देश्यका निम्ति यसको निरन्तर विकास र समृद्धि त्यस सिद्धान्तका अनुयायीहरूको दायित्व हो।

१.३. मार्क्सवादको विश्वव्यापी प्रयोगका प्राप्त अनुभवहरू, उत्तम सामाजिक प्रबन्धका लागि मानवजातिले विभिन्न समय र ठाउँमा गरेका प्रयोगहरू र त्यसक्रममा विकसित गरेका मान्यताहरूको विश्लेषण र नेपाली कम्युनिस्ट तथा लोकतान्त्रिक आन्दोलनका अनुभवहरूको प्रयोगका क्रममा झण्डै दुई दशकअगाडि जननेता मदन भण्डारीको अगुवाइमा हामीले जनताको बहुदलीय जनवादलाई संश्लेषण गर्‍यौं। त्यसयता नेपाली समाजमा, यहाँको लोकतान्त्रिक र कम्युनिस्ट आन्दोलनमा, हाम्रो अर्थ-सामाजिक संरचनामा र नेपाललाई प्रभावित गर्ने बाह्य सन्दर्भमा समेत काफी परिवर्तनहरू आएका छन्। राजतन्त्रको अन्त्य र लोकतान्त्रिक गणतन्त्रको स्थापना, झण्डै १७ हजार नेपालीको ज्यान जाने गरी भएको हिंसा-प्रतिहिंसाको शृङ्खलाको अन्त्य र दिगो शान्तिको दिशामा भइरहेको चुनौतीपूर्ण प्रयास, पुरानो राज्यसंरचना र त्यसका अनुपयुक्त पक्षलाई अन्त्य गरेर यसलाई लोकतान्त्रिक पुनःसंरचना गर्ने प्रक्रिया, सामाजिक-आर्थिक-सांस्कृतिक अधिकारको प्रतिबद्धता, राजनीतिक सङ्क्रमणको जटिल प्रक्रिया र लोकतन्त्र, शान्ति, राजनीतिक स्थायित्व, समृद्धि र राष्ट्रियताको सुदृढीकरणजस्ता विषय संस्थागत भइनसकेको स्थिति, भयावह आर्थिक मन्दीले एकचोटि फेरि पुँजीवादका सीमा र समाजवादको सान्दर्भिकतालाई पुनःपुष्टि गरेको तर समग्रमा समाजवाद रक्षात्मक अवस्थामै रहेको यथार्थ, हाम्रो मुलुकलाई प्रत्यक्ष प्रभाव पार्ने छिमेकी मुलुक चीन र भारतको तीव्र आर्थिक विकास र उनीहरूमाझ प्रतिस्पर्धा र सहकार्यको जटिल सम्बन्ध आदि यसबीचका नयाँ परिघटना हुन्, जसले हाम्रो आन्दोलनसामु नयाँ प्रश्न, नयाँ अवसर एवम् नयाँ चुनौती खडा गरिरहेका छन्। यी नयाँ प्रश्नको जवाफ नखोजीकन र नयाँ चुनौतीको सामना गर्नेगरी सिद्धान्तको विकास नगरीकन हामीले सामाजिक-आर्थिक रूपान्तरणको दायित्वलाई सम्पन्न गर्न सक्दैनौं।

**रक्षा, प्रयोग र विकासको अविरल प्रक्रियाको क्रममा नै कुनै पनि सिद्धान्तको सान्दर्भिकता निरन्तर पुष्टि भइरहेको हुन्छ। बाह्य या आन्तरिक आक्रमणबाट जोगाउन सकिएन भने सिद्धान्तको अस्तित्व रक्षा गर्न सकिंदैन।**

१.४. हामीलाई थाहा छ, मार्क्सवाद समाजको अध्ययन, विश्लेषण र परिवर्तनलाई मार्गदर्शन गर्ने पद्धति हो। मार्क्सवादका शास्त्रीय ग्रन्थमा हामीले हाम्रा आजका सबै प्रश्नको जवाफ पाउन सक्दैनौं। तर, मार्क्सवादले हामीलाई ती प्रश्नको जवाफ खोज्ने वैज्ञानिक विधि, पद्धति र दृष्टिकोण प्रदान गर्छ। त्यसको आलोकमा हामी हाम्रो क्रान्ति या समाजवाद निर्माणका चुनौतीहरूको सामना गर्ने विधि पहिल्याउँछौं। यसरी नै हामीले, आजभन्दा २० वर्ष अगाडि कमरेड मदन भण्डारीले प्रस्तुत गर्नुभएका दस्तावेजमै आजका प्रश्नको 'रेडिमेड' जवाफ पाउन सक्दैनौं। मदन भण्डारीका रचनामा आजका सबै घटनाक्रमको भविष्यवाणी खोज्छौं र त्यस्तो नभेटेपछि जनताको

बहुदलीय जनवाद अधुरो रहेछ, मदन भण्डारी पनि गलत रहेछन् भन्ने निष्कर्ष निकाल्छौं भने यो त्रुटिपूर्ण हुनेछ। परिस्थितिमा नयाँ सन्दर्भ र नयाँ विषय उपस्थित भएको तर तिनको तम्तयार जवाफ दस्तावेजमा नभएकै कारण अब जनताको बहुदलीय जनवादमा 'संशोधन' या 'परिमार्जन' गर्नुपर्ने तर्क गर्छौं भने सङ्क्रमणकालीन राजनीतिक सन्दर्भमा राजनीतिक सम्झौताको रूपमा अङ्गीकार गरिएका कतिपय विषयहरूलाई आधार बनाएर हिजो जनताको बहुदलीय जनवाद अधुरो रहेको र यी विषय थप गरेपछि मात्रै यसले पूर्णता पाउने जिकिर गर्छौं भने त्यो गलत हुनेछ। जनताको बहुदलीय जनवाद सामाजिक परिवर्तन, रूपान्तरण र व्यवस्थापनका प्रश्नमा राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रयोगका अनुभवहरूले अझ समृद्ध पारेको वर्तमान समयको नेपाली मार्क्सवाद हो जुन बिल्कुलै वैज्ञानिक, आधुनिक र सामाजिक छ। जनताको बहुदलीय जनवाद मानव जातिले विकास गरेको विभिन्न सामाजिक विचार प्रणालीका अनुभवसिद्ध सकारात्मक पक्षहरूलाई समेटेर र नकारात्मक पक्षलाई निर्ममतापूर्वक हटाएर व्यवस्थित गरिएको सिद्धान्त हो । राष्ट्रियता, जनवाद र जनजीवीकाका प्रश्नहरू, ज्ञानविज्ञान, खगोल-भूगोल, वातावरण र मानव अधिकारलगायत खोज अनुसन्धान र प्रविधिको विकासजस्ता तमाम क्षेत्र यसका चासो र सरोकारका विषयहरू हुन्। देशको सार्वभौमसत्ता, स्वतन्त्रता, स्वाभिमान र सर्वोत्तम हितको रक्षा एवम् देश र जनताको व्यापक, दीर्घकालीन हितमाथि आधारित देशभक्तिपूर्ण राष्ट्रवाद नै जबजले अङ्गीकार गरेको राष्ट्रवाद हो। यही व्यापक अर्थमा हामीले जबजलाई ग्रहण गरेको छौं। त्यसैले जबज नेपाली क्रान्तिको सिद्धान्त हो, जो क्रान्तिकारी व्यवहारमा निरन्तर समृद्ध हुँदै गइरहेको छ। यो नेपाली समाजको अध्ययन, विश्लेषण र रूपान्तरणको वैज्ञानिक पद्धति पनि हो, जसले हामीलाई नयाँ प्रश्नको वस्तुनिष्ठ जवाफ खोज्न मार्गदर्शन गर्छ। प्रस्तुत कार्यपत्रमा हामी नेपाली समाजको विकासक्रमको पछिल्लो स्थिति, आन्दोलनका सामु उपस्थित नयाँ चुनौती र आजका ज्वलन्त प्रश्नको परिप्रेक्ष्यमा जनताको बहुदलीय जनवादको सान्दर्भिकताको बारेमा चर्चा गर्नेछौं।

**जनताको बहुदलीय जनवाद मानव जातिले विकास गरेको विभिन्न सामाजिक विचार प्रणालीका अनुभवसिद्ध सकारात्मक पक्षहरूलाई समेटेर र नकारात्मक पक्षलाई निर्ममतापूर्वक हटाएर व्यवस्थित गरिएको सिद्धान्त हो ।**

**२. जनताको बहुदलीय जनवादका सैद्धान्तिक प्रस्थापनाहरू**

२.१ जनताको बहुदलीय जनवाद नेपाली समाजको विशिष्टतामा मार्क्सवादको सिर्जनात्मक प्रयोगको निष्कर्ष हो, मार्क्सवादको नेपाली संस्करण हो। यसका सैद्धान्तिक र कार्यनीतिक दुई पक्षहरू छन्। यो नेपाली क्रान्तिको कार्यक्रम मात्र होइन, यो कार्यक्रमलाई दिशा निर्देशित गर्ने र आन्दोलनलाई मार्गदर्शन गर्ने सिद्धान्त पनि हो। सर्वव्यापी सच्चाइको रूपमा मार्क्सवादले विश्वका जुनसुकै भूभागका क्रान्तिकारीहरूलाई पनि समाजलाई बुझ्न, विश्लेषण गर्न र रूपान्तरण गर्न बाटो देखाइरहेको हुन्छ। तर, विकासको असमान गति, इतिहास-प्रदत्त संरचनागत भिन्नता र आन्दोलनको स्तरको सापेक्षतामा मार्क्सवादलाई प्रत्येक मुलुकको विशिष्ट स्थितिमा भिन्न भिन्न ढङ्गले मात्रै कार्यान्वयन गर्न सकिन्छ। द्वन्द्वात्मक भौतिकवादले भन्छ- सार्वभौमिकता विशिष्ट ढङ्गले अभिव्यक्त भइरहेको हुन्छ र हरेक विशिष्टतामा सार्वभौमिकता अन्तरनिहीत रहेको हुन्छ। मार्क्सवादको प्रयोगमा पनि यो सार्वभौमिकता र विशिष्टताको द्वन्द्वात्मक अन्तरसम्बन्ध समान ढङ्गले लागू हुन्छ। मार्क्सवादको प्रयोगमा यो विशिष्टताको उपेक्षा गर्नु र क्रान्तिका एउटै मोडल या समाजवाद निर्माणको एउटै ढाँचाको खोजी गर्नु त्रुटिपूर्ण हुन्छ। त्यसरी नै विशिष्ट प्रयोगका क्रममा मार्क्सवादका आधारभूत सिद्धान्त या सार्वभौम अन्तर्वस्तुको उपेक्षा हानीकारक हुन्छ, मार्क्सवादबाट विचलन हुन्छ। आआफ्नो मुलुकमा क्रान्ति या निर्माणका कामलाई सिर्जनात्मक ढङ्गले अगाडि बढाउने क्रममा प्रत्येक मुलुकका कम्युनिस्टहरूले मार्क्सवादलाई समृद्ध तुल्याइरहेका हुन्छन्।

२.२. नेपालको कम्युनिस्ट आन्दोलन विशिष्ट ढङ्गले

प्रारम्भ भयो र विशिष्ट ढङ्गले नै अगाडि बढिरहेको छ। संसारका थुप्रै मुलुकहरू, विशेषगरी तेस्रो विश्वमा, कम्युनिस्ट आन्दोलन साम्राज्यवादविरोधी देशभक्तिपूर्ण आन्दोलनका रूपमा सुरु भएको देखिन्छ। तर, नेपालको कम्युनिस्ट आन्दोलन आरम्भदेखि नै निरङ्कुशताविरोधी आन्दोलनको रूपमा, प्रजातान्त्रिक आन्दोलनको अभिन्न अङ्गको रूपमा स्थापित भयो। 'राणाशाही मुर्दावाद ! प्रजातन्त्र जिन्दावाद !' को उद्घोषका साथ गठन भएको कम्युनिस्ट आन्दोलन शुरूमा राणाशाहीविरोधी आन्दोलनको रूपमा र पछि राजतन्त्रविरोधी आन्दोलनको रूपमा अगाडि बढ्यो र यसले समय-समयमा बुर्जुवा सुधारवादीहरूको सर्वसत्तावादविरूद्ध पनि बलिदानी सङ्घर्ष गर्दै आउनुपर्‍यो। प्रारम्भमा लोकतान्त्रिक आन्दोलनको सहयोगी भूमिकामा रहेको नेपाली कम्युनिस्ट आन्दोलन २०४६ सालपछि लोकतान्त्रिक आन्दोलनको नेताको भूमिकामा स्थापित भएको छ। त्यसैले नेपालको कम्युनिस्ट आन्दोलन भन्नासाथ हामी एउटा यस्तो आन्दोलनलाई बुझ्छौं, जसले कहिल्यै पनि र कुनै पनि रूपमा निरङ्कुशतासँग सम्झौता गरेन, त्यसविरूद्धको सङ्घर्षलाई विश्राम दिएन। जनताको बहुदलीय जनवादमा हामी नेपाली कम्युनिस्ट आन्दोलनको त्यो लोकतान्त्रिक चरित्रको विरासत र प्रतिबिम्ब देख्नसक्छौं।

२.३. नेपाली समाज आफैंमा विशिष्ट र विविधतापूर्ण छ। मानव जातिका मुख्य महाजातिहरू- आर्य, मङ्गोल, आष्ट्रिक र द्रविडहरू, सयभन्दा बढी जात, जाति र जनजातिहरू, नब्बेभन्दा बढी भाषाभाषीहरू, आश्चर्यजनक सांस्कृतिक र भौगोलिक वैविध्य, राज्यको विभेदकारी नीतिका बाबजुद समाजको सहिष्णु, समन्वयात्मक, सहअस्तित्वयुक्त र भाइचारापूर्ण सौहार्द्रता आदिले नेपाली समाजको चारित्रिक विशेषतालाई प्रकट गर्छन्। जनताको बहुदलीय जनवादले अङ्गीकार गरेको 'बहुलवादी खुला समाज'को अवधारणामा नेपाली समाजको यो प्रतिबिम्बले पनि भूमिका खेलेको छ। यसका अतिरिक्त, नेपालमा इतिहासदेखि नै राज्यको चरित्र निरङ्कुश र अधिनायकवादी रहँदै आयो। फरक मत, सिर्जनात्मकता र अभिव्यक्ति स्वतन्त्रतामाथि सधैंभरि दमन हुँदै आयो। र, समाजको विविधतालाई बलात् दमन वा दुरूपयोग गरेर समाजलाई मुर्दा शान्तिमा परिवर्तन गरी तानाशाही शासन गरिँदै आएको इतिहासका बिरासत पनि हामीले बेहोर्दै आएका छौं। यी तथ्यले समाजको विविधता र बहुलतालाई कायम राख्न, दलीय या समूह स्वतन्त्रता मात्रै होइन, व्यक्तिको स्वतन्त्रतालाई पनि संवैधानिक प्रत्याभूति गर्नुपर्ने खाँचोलाई औंल्याइरहेका छन्। जनताको बहुदलीय जनवादमा नेपाली समाजको यो विविधतायुक्त संरचना र बहुलताको प्रत्याभूतिको आवश्यकता प्रतिबिम्बित भएको छ।

२.४. १९९० को दशकमा सोभियत सङ्घको विघटन मात्र भएन, सोभियत मोडलको समाजवादसमेत विघटन भयो। संसारको पहिलो समाजवादी राष्ट्र र नयाँयुगको सूत्रपातको जनाउ दिने अक्टोबर क्रान्तिको थलो सोभियत सङ्घको पतन समाजवादी आन्दोलनको निम्ति अभूतपूर्व धक्काको परिघटना थियो। यसले विश्वव्यापीरूपमै समाजवादलाई रक्षात्मक अवस्थामा धकेलिदियो र कतिपयको मनबाट समाजवादको भविष्य, मार्क्सवादको सान्दर्भिकता र कम्युनिस्ट आन्दोलनको सार्थकतामाथि नै विश्वासभङ्ग भयो। एकातिर विश्वव्यापी रूपमै आएको विसर्जनवादको यस्तो लहर र अर्कातिर विश्वसन्दर्भमा आएका नयाँ चुनौतीप्रति बेखबर रहँदै मार्क्सवादी शास्त्रीय ग्रन्थको अन्धानुकरणबाटै समस्याको समाधान खोज्न सकिने जडसूत्रवादसँग सङ्घर्ष गर्दै कमरेड मदन भण्डारीले जनताको बहुदलीय जनवादको मान्यताअगाडि सार्नुभयो। जनताको बहुदलीय जनवाद मार्क्सवादको रक्षा र यसको

**एकातिर विश्वव्यापी रूपमै आएको विसर्जनवादको यस्तो लहर र अर्कातिर विश्वसन्दर्भमा आएका नयाँ चुनौतीप्रति बेखबर रहँदै मार्क्सवादी शास्त्रीय ग्रन्थको अन्धानुकरणबाटै समस्याको समाधान खोज्न सकिने जडसूत्रवादसँग सङ्घर्ष गर्दै कमरेड मदन भण्डारीले जनताको बहुदलीय जनवादको मान्यताअगाडि सार्नुभयो।**

भविष्यप्रति अटल विश्वासको दस्तावेज त हुँदै हो, सँगसँगै यसले बीसौं शताब्दीको अन्त्यसम्म आइपुग्दा अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनका सामु उपस्थित नयाँ प्रश्न र चुनौतीको पनि जवाफ दिने प्रयत्न गरेको छ। सैन्य हिसाबले पुँजीवादी विश्वकै हाराहारी रहेको, दोस्रो विश्वयुद्धमा त्यति ठूलो आक्रमणलाई झेल्न र नाजीवाद/फासीवादलाई परास्त गर्न सफल र शिक्षा, स्वास्थ्य, महिला अधिकारलगायत सामाजिक क्षेत्रमा युगान्तकारी परिवर्तन ल्याउन सफल समाजवादी सत्ता समयक्रममा कसरी जनताबाट कट्दै गयो र किन पुँजीवादी विश्वले एउटा गोलीसम्म खर्च नगरी यसलाई पराजित गर्न सफल भयो ? समाजवादी सत्ताहरूको सफलता र विफलताका शिक्षाहरू के हुन् ? किन मरणासन्न भनिएको पुँजीवाद आफूभित्रका सङ्कटको समाधान खोज्दै आजपर्यन्त जीवन्त र गतिशील छ ? अनि किन, धेरै हिसाबले उदात्त समाजवादी व्यवस्था प्रतिरक्षात्मक अवस्थामा धकेलिएको छ ? जनताको बहुदलीय जनवादले यी प्रश्नको जवाफ खोज्ने प्रयत्न गरेको छ। समाजवादी या जनवादी सत्ताभित्र जनताको सर्वोच्चताको स्थापना, लोकतान्त्रिक प्रतिष्पर्धाको प्रत्याभूति र प्रतिष्पर्धामा विजय हासिल गरेर मात्र नेतृत्व गर्ने कुराको प्रतिबद्धता एवम् अर्थतन्त्रमा पनि प्रतिस्पर्धा र नियमनको उपयुक्त सन्तुलनबाट समाजवादले आफ्नो श्रेष्ठता हासिल गर्नसक्ने कुरा जनताको बहुदलीय जनवादले अगाडि सारेका नयाँ अवधारणा हुन्।

**जनताको बहुदलीय जनवादले हामीलाई समाजवादको श्रेष्ठता र अपरिहार्यतामाथि अटल विश्वास गर्न र बदलिएको सन्दर्भअनुसार आन्दोलनलाई सिर्जनात्मक ढङ्गले विकास गर्न प्रेरित गरेको छ।**

२.५. जीवन अवधिको हिसाबले समाजवाद र पुँजीवादको तुलना गर्नु असान्दर्भिक कुरा हो। जहाँ पुँजीवाद अहिले लगभग छ शताब्दी लामो यात्रा तय गर्दैछ, त्यहाँ समाजवादी आन्दोलनले भर्खरै डेढ सय वर्ष मात्र पूरा गरेको छ। त्यसैले अहिले नै समाजवाद सर्वत्र विजयी हुन सकेन भनेर या प्रयोगका गल्तीका कारण कतिपय स्थानमा पराजित भयो भनेर यसप्रतिको विश्वासलाई धरमर पार्नु गलत कुरा हो। निश्चय नै, पुँजीवाद मरणासन्न भइसक्यो भनेर लेनिनले आजभन्दा १ सय वर्षअगाडि निकालेको निष्कर्ष र त्यसका आधारमा बीसौं शताब्दी विश्वव्यापी समाजवादी क्रान्तिको शताब्दी हुनेछ भनेर गरिएको अनुमान हतारोयुक्त देखियो। आफूभित्रका अनेकौं अन्तरविरोध र द्वन्द्वको व्यवस्थापन गर्दै पुँजीवाद आजपर्यन्त गतिशील र विकासवान् अवस्थामा रहेको यथार्थ हो र छिटै विश्व पुँजीवादी व्यवस्था समाप्त भइहाल्छ भनेर निष्कर्ष निकाल्नु अनुपयुक्त हुनेछ। तर, पुँजीवादभित्र केही पुर्नै नसकिने खाल्टाहरू छन् र निरन्तर सङ्कट पुँजीवादको चारित्रिक विशेषता हो भन्ने कुरा हालैको विश्वव्यापी आर्थिक मन्दीले पनि पुष्टि गरेको छ। यस सङ्कटले समाजवादको अनिवार्यता र आवश्यकतालाई टड्कारो ढङ्गले पुष्टि गरेको छ। हामीले ध्यान दिनुपर्ने विषय चाहिँ के हो भने पुँजीवादविरोधी सङ्घर्षको लामो, जटिल र घुमाउरो प्रक्रिया पार गरेर मात्रै समाजवादले विजय हासिल गर्नेछ। यसका लागि हामीले पुँजीवादी विश्वव्यवस्थाका नयाँ विशेषताहरू, शोषणका नयाँ रूपहरू, विश्वव्यापीकरणले सिर्जना गरेका अवसर र चुनौती तथा नयाँ वर्ग सम्बन्ध, नयाँ आर्थिक सम्बन्ध तथा विज्ञान र प्रविधिको विकासले ल्याएका जोखिम र सम्भावनाको मिहीन र सूक्ष्म विश्लेषण गर्न सक्नुपर्छ र तदनुरूप सङ्घर्षका नयाँ र अद्यावधिक विधिहरूको पहिचान गर्नुपर्छ। विश्वव्यापीकरणले निश्चय नै नयाँ चुनौती खडा गरेको छ, किनभने पुँजीवाद सर्वत्र विस्तार भएको छ र आतङ्कवादको विरोधको नाममा, शान्ति स्थापनाको नाममा या मानवअधिकारको रक्षाको नाममा उसलाई जहाँ पनि हात हाल्न अनुकूलता प्राप्त भएको छ। तर, विश्वव्यापीकरणका आफ्नै सकारात्मक पक्ष पनि छन्, किनभने यसले श्रमजीवीहरूको आन्दोलन, मानवअधिकार आन्दोलन र समाजवादी आन्दोलनलाई पनि विश्वव्यापी बनाइदिएको छ। जनताको बहुदलीय जनवादले हामीलाई समाजवादको श्रेष्ठता र अपरिहार्यतामाथि अटल विश्वास गर्न र बदलिएको सन्दर्भअनुसार आन्दोलनलाई सिर्जनात्मक ढङ्गले विकास गर्न प्रेरित गरेको छ।

२.६. विश्वव्यवस्थाभित्र आज पनि समाजवाद र पुँजीवादका बीचमा, श्रम र पुँजीका बीचमा, पुँजीवाद र पुँजीवादका

बीचमा तथा तेस्रो विश्व र साम्राज्यवादी मुलुकका बीचमा विद्यमान आधारभूत अन्तरविरोध कायमै छन्। तर, विश्वलाई एकध्रुवीय बनाउने अमेरिकी प्रयासको असफलतासँगै विश्वबहुध्रुवीय बन्दै गएको छ। आज अमेरिका, युरोप, जापान, रुसजस्ता पुँजीवादी राष्ट्रहरूका अलावा चीन, भारत, ब्राजिल, दक्षिण अफ्रिकाजस्ता उदीयमान राष्ट्रहरूको उपस्थितिले विश्वशक्ति सन्तुलनलाई गम्भीर प्रभाव पनि पारिरहेको छ। यी देशहरूबीच व्यापारलगायत विभिन्न मुद्दामा द्वन्द्वको स्थिति विद्यमान छ। यसका अलावा विकासशील राष्ट्रहरू विश्वव्यापार सङ्गठनमा प्रवेशसँगै आफ्नो अधिकार प्राप्तिका लागि, स्रोतमाथि आफ्नो अधिकार स्थापनाका लागि, जलवायु परिवर्तनका असरको क्षतिपूर्ति र त्यसको अनुकूलनका लागि एवम् अन्तर्राष्ट्रिय समुदायमा आफ्नो सम्मानजनक उपस्थितिका लागि सङ्घर्षरत छन्। यसरी हेर्दा अचेल साम्राज्यवादविरोधी सङ्घर्ष विश्वव्यापार सङ्गठनका फोरममा, जलवायु परिवर्तनसम्बन्धी कार्यक्रममा, मानव अधिकार र सामाजिक-आर्थिक-सांस्कृतिक अधिकार प्राप्तिका आन्दोलनमा, संयुक्त राष्ट्रसङ्घभित्र विकासशील राष्ट्रहरूको पक्षमा नीति निर्माण गर्ने जनदबाबहरूमा प्रकट भइरहेको छ अर्थात् सामाजिक-आर्थिक-सांस्कृतिक मुद्दामा यो अभिव्यक्त भइरहेको छ। पुँजीवादी राष्ट्रहरूमा श्रमजीवीहरूका आन्दोलन पनि आफ्नै ढङ्गले अगाडि बढिरहेका छन्। हालैको फ्रान्सको घटनालाई त्यसको प्रतिनिधि उदाहरण मान्न सकिन्छ। जनताको बहुदलीय जनवादले हामीलाई समाजवादी तथा कम्युनिस्ट आन्दोलनलाई यी सामाजिक आन्दोलनसँग जोड्न, यिनको नेतृत्व गर्न र साम्राज्यवादविरोधी आन्दोलनलाई नयाँ आयामका साथ अगाडि बढाउन दिशा निर्दिष्ट गर्छ।

२.७. राष्ट्रिय स्वतन्त्रताका लागि, सत्ताको दमनको विरुद्ध प्रतिरोध गर्नुपर्दा र शान्तिपूर्ण बाटाहरू अवरुद्ध भएको अवस्थामा जनता र राष्ट्रले तदनुरूप नै प्रतिवाद गर्नु र त्यसक्रममा हिंसा प्रकट हुनु अलग कुरा हो। प्रजातान्त्रिक अधिकारहरू विद्यमान नभएको अवस्थामा, सत्ता क्रान्तिकारी आन्दोलनविरुद्ध हिंसात्मक ढङ्गले उत्रिएको अवस्थामा र शान्तिपूर्ण ढङ्गले अगाडि बढ्ने सम्भावना उपस्थित नभएको अवस्थामा कम्युनिस्टहरूले विश्वका विभिन्न भूभागमा बाध्यात्मक रूपमा तदनुरूप नै प्रतिवाद गर्ने बाटो अख्तियार गरेका पनि छन्। तर, हिंसा कहिल्यै पनि मार्क्सवादी सिद्धान्तको विषय थिएन, कम्युनिस्टहरूको छनौटको विषय थिएन र यो क्रान्तिको अनिवार्य र एकमात्र बाटो थिएन। यो सर्वकालिक सत्य थिएन, हुन पनि सक्दैन। परन्तु कम्युनिस्ट आन्दोलनमा लामो समयसम्म हिंसालाई क्रान्तिको अनिवार्य साधन र सिद्धान्तको विषय ठान्ने प्रवृत्ति विद्यमान रहँदै आयो। प्रजातान्त्रिक अधिकार विद्यमान भएको र शान्तिपूर्ण ढङ्गले अगाडि बढ्ने सम्भावना मौजुद रहेको ठाउँमा पनि लहडको विषय बनाएर हिंसात्मक बाटो अपनाउँदा कम्युनिस्ट आन्दोलनले निकै क्षति बेहोर्नु परेका उदाहरण हामीसँग विद्यमान छन्। जनताको बहुदलीय जनवादले क्रान्तिको बाटोसम्बन्धी यो भ्रान्तिबाट आन्दोलनलाई मुक्त गरेको छ। उसको प्रष्ट मान्यता छ, हिंसा कहिल्यै पनि क्रान्तिको अनिवार्य साधन या सिद्धान्तको विषय बन्न सक्दैन। त्यसमाथि, बीसौं शताब्दीको अन्त्य र एक्काईसौं शताब्दीको आरम्भको वर्तमान सन्दर्भमा हाम्राअगाडि शान्तिपूर्ण ढङ्गले समाजको रूपान्तरण गर्नसक्ने र लोकतान्त्रिक विधिबाट समाजवाद सञ्चालन गर्नसक्ने पर्याप्त आधार र सम्भावना उपस्थित भएका छन्। त्यसैले जनतालाई बढीभन्दा बढी शान्तिपूर्ण आन्दोलनमा गोलबन्द गर्नु, जनताको सचेत, जागरुक र स्वेच्छिक पहलकदमीमा सामाजिक रूपान्तरणका विशाल आन्दोलनहरू सङ्गठित गर्नु र समाजको लोकतान्त्रिक रूपान्तरणलाई साकार पार्नु जनताको बहुदलीय जनवादको क्रान्तिको बाटोसम्बन्धी अवधारणा हो।

**प्रजातान्त्रिक अधिकार विद्यमान भएको र शान्तिपूर्ण ढङ्गले अगाडि बढ्ने सम्भावना मौजुद रहेको ठाउँमा पनि लहडको विषय बनाएर हिंसात्मक बाटो अपनाउँदा कम्युनिस्ट आन्दोलनले निकै क्षति बेहोर्नु परेका उदाहरण हामीसँग विद्यमान छन्।**

२.८. निश्चय नै, राज्यको चरित्र वर्गीय हुन्छ र राज्यको एउटा विशेषता ऊ नियन्त्रणकारी हुनु पनि

हो । राज्यको चरित्र, उद्देश्य र दायित्व सम्बन्धित संविधानले निर्दिष्ट गरेको हुन्छ र संविधानबाहिर गएर त्यसलाई उल्ट्याउन खोज्नेलाई राज्यले नियन्त्रण पनि गर्छ । तर, नियन्त्रण राज्यको एउटा पक्ष मात्रै हो, त्यही नै सम्पूर्णता होइन । राज्यको अर्को चरित्र हो- उसले बढीभन्दा बढी जनताको साथ लिन, उनीहरूका मागलाई सम्बोधन गर्न र उनीहरूको विश्वास जित्न कल्याणकारी काम पनि गर्नैपर्छ । अन्यथा, कुनै पनि राज्य लामो समय टिकिरहन सक्दैन । अझ पछिल्लो समय, जतिबेला जनताको अभिमत लिएर परिवर्तनकारी शक्ति पनि सत्तामा पुग्ने अवस्था सिर्जना भएको छ, मानव अधिकार, प्रजातन्त्र, विधिको शासन र आवधिक निर्वाचन विश्वव्यापी मान्यता बन्न पुगेको छ, सामान्यतयाः कुनै पनि राज्य यी विषयलाई, कम्तीमा पनि औपचारिक समर्थन नगरीकन, टिक्नसक्ने अवस्थामा छैन । त्यसैले यो नयाँ र परिवर्तितसन्दर्भले जनताको अभिमतबाट राज्यको नेतृत्व लिएर त्यसलाई रूपान्तरण गर्न, त्यसलाई आमजनताको हितमा काम गर्न बाध्य पार्न सकिने अवस्था सिर्जना भएको छ । माथि, लोकप्रिय अभिमतद्वारा सरकारको नेतृत्व हातमा लिने र तलबाट जनताको सशक्त दबाब सिर्जना गर्न सकियो भने राज्यसत्ताको शान्तिपूर्ण रूपान्तरण गर्न सकिने नयाँ आधार तयार भएका छन् । जनताको बहुदलीय जनवादले आफ्ना सैद्धान्तिक प्रस्थापनामा यो पक्षलाई पनि महत्वपूर्ण ढङ्गले स्थापित गरेको छ ।

**क्रान्तिपछि स्थापित हुने जनवादी या समाजवादी राज्यव्यवस्था वर्गविहीन व्यवस्था होइनन्, तिनीहरू बहुवर्गीय व्यवस्था हुन् । ती व्यवस्थामा बहुवर्ग र बहुविचारको अस्तित्व रहन्छ**

२.९ क्रान्तिपछि स्थापित हुने जनवादी या समाजवादी राज्यव्यवस्था वर्गविहीन व्यवस्था होइनन्, तिनीहरू बहुवर्गीय व्यवस्था हुन् । ती व्यवस्थामा बहुवर्ग र बहुविचारको अस्तित्व रहन्छ अर्थात् त्यहाँ श्रमजीवी-इतर वर्गको अस्तित्व रहिरहन्छ । तिनीहरूसँग श्रमजीवी वर्ग सहकार्य र रूपान्तरणको द्वन्द्वात्मक अन्तरसम्बन्धका आधारमा सहअस्तित्व राखेर अगाडि बढ्छ । समाजका बहुवर्ग भएपछि तिनको प्रतिनिधित्व गर्दै बहुविचार अस्तित्वमा रहनु र बहुविचारका आधारमा विभिन्न दलहरू सङ्गठित र क्रियाशील हुनु स्वाभाविकै हो । त्यसैले समाजवादमा बहुदलको अस्तित्व स्वाभाविक र नैसर्गिक कुरा हो । कम्युनिस्ट आन्दोलनको विगतको एउटा गम्भीर त्रुटि कहाँनिर रहन गयो भने त्यसले जनवादी या समाजवादी सत्तामा बहुवर्ग, बहुविचार र बहुदलको अस्तित्वलाई स्वीकारेन, उनीहरूबीचको प्रतिस्पर्धालाई आत्मसात गर्न सकेन । समाजको बहुवर्गीय सारको प्रतिबिम्ब राज्यको चरित्रमा सही ढङ्गले हुन नसक्दा सार र रूपबीच अन्तरविरोध उत्पन्न भयो, जसले समाजवादी सत्ताहरूको विघटनमा मुख्य भूमिका खेल्यो । त्यसैले इतिहासबाट शिक्षा लिँदै जनताको बहुदलीय जनवादले जनवादी या समाजवादी व्यवस्थामा विचारको भिन्नता र असहमतिको अधिकारलाई आत्मसात गरेको छ । यसमा बहुदलीय प्रतिस्पर्धाको अनिवार्यतालाई, कम्युनिस्ट पार्टीले त्यस प्रतिष्पर्धामा श्रेष्ठता हासिल गर्नुपर्ने आवश्यकतालाई र जनताले कम्युनिस्ट सरकारविरुद्ध पनि आलोचना, विरोध र परिवर्तन गर्न पाउने अधिकारलाई सैद्धान्तिक रूपमै सूत्रबद्ध गरिएको छ ।

२.१०. तर समाजमा वर्ग र तिनका राजनीतिक प्रतिनिधि दलहरू मात्रै हुँदैनन् । बहुदलीय प्रतिस्पर्धा बहुदलवादी समाजको राजनीतिक अभिव्यक्ति मात्र हो । समाजमा दलमा आबद्ध नहुने व्यक्ति या समूह पनि हुन्छन् र समाजमा राजनीतिक दलका बाहेक विभिन्न सामाजिक, सांस्कृतिक समूह एवम् नागरिक समाज पनि अस्तित्वमा हुन्छन् । उनीहरूको अस्तित्व र अधिकारलाई 'बहुदलीय प्रतिस्पर्धा' पदावलीले समेट्न सक्दैन । बहुदलीय प्रतिस्पर्धाको कुरामात्रै गऱ्यौं भने हामीले समूह स्वतन्त्रता र राजनीतिक प्रतिस्पर्धाको मात्रै कुरा गरिरहेका हुन्छौं, हामी वैयक्तिक स्वतन्त्रता, सामाजिक समूहहरूको स्वतन्त्रता र समाजको बहुलतायुक्त जीवन्तता तथा गतिशीलतालाई बेवास्ता वा अस्वीकार गरिरहेका हुन्छौं । त्यसैले, जनताको बहुदलीय जनवादले (बहुदलीय

प्रतिस्पर्धाबाहेक) बहुलवादी खुला समाजको मूल्यलाई पनि आफ्नो सैद्धान्तिक प्रस्थापनामा अविभाज्य अङ्गको रूपमा स्थापित गरेको छ। यसो गरेर यसले आफूलाई समाजको लोकतान्त्रीकरणको अग्रीम मोर्चामा उभ्याएको छ।

२.११. यसरी हेर्दा हामी भन्नसक्छौं- जनताको बहुदलीय जनवाद कम्युनिस्ट आन्दोलनको लोकतान्त्रीकरणको सिद्धान्त हो। आमजनताको सक्रिय र सचेत सहभागिताका आधारमा क्रान्तिकारी रूपान्तरण अर्थात् शान्तिपूर्ण र लोकतान्त्रिक विधिद्वारा समाज परिवर्तन, लोकतान्त्रिक प्रतिस्पर्धा र जनताको अभिमतद्वारा समाजवादी या जनवादी सत्ता सञ्चालन तथा त्यस ढङ्गको क्रान्तिकारी आन्दोलनको नेतृत्व गर्न स्वयम् कम्युनिस्ट पार्टीको लोकतान्त्रीकरण, त्यसको आन्तरिक जीवनमा सदस्यहरूको लोकतान्त्रिक स्वामित्वको प्रत्याभूति- जनताको बहुदलीय जनवादको लोकतान्त्रीकरणसम्बन्धी सिद्धान्तका मुख्य अन्तरवस्तु हुन्। निश्चय नै, यी सबै विधिहरू समाजको क्रान्तिकारी रूपान्तरणका लागि हुन् अर्थात् लोकतान्त्रीकरण क्रान्तिकारी उद्देश्य प्राप्तिका लागि हुन्। क्रान्तिकारी रूपान्तरणको उद्देश्यबाट अलग गरेर हामीले कोरा लोकतान्त्रीकरणको कुरा गर्‍यौं भने त्यो पार्टीको बुर्जुवाकरणको प्रतीक हुनेछ भने लोकतान्त्रीकरणलाई बिर्स्यौं भने त्यो कम्युनिस्ट पार्टीको सैनिकीकरण या नोकरशाहीकरणतिरको पतन हुनेछ। जनताको बहुदलीय जनवादले क्रान्तिकारी उद्देश्य र लोकतान्त्रिक विधिको बीचमा समुचित सन्तुलनको अवधारणा अगाडि सारेको छ।

२.१२. विगतमा, कतिपय मुलुकमा, समाजवादतिरको सङ्क्रमणको हतारोले गम्भीर सामाजिक-आर्थिक समस्या सिर्जना गरेको र अन्ततोगत्वा जनताको उच्च अपेक्षा र समाजवादी सत्ताको कमजोर डेलिभरी क्षमताका कारण समाजवादी सत्ताहरू विघटन भएको हामीले देखेका छौं। बलियो राष्ट्रिय अर्थतन्त्र, औद्योगीकरणको उच्च र सबल आधार तथा जनताको उन्नत चेतनाका जगमा मात्रै समाजवाद निर्माण गर्न सकिन्छ। सामन्तवादको अन्त्यपछि पनि सबल अर्थतन्त्र निर्माण नगरी समाजवादमा प्रवेश गर्ने हतारो गरियो भने समाजवाद टिकाउ हुन सक्दैन। त्यसैले जनताको बहुदलीय जनवादले जनवादी क्रान्तिको सफलतापछि पनि सामन्तवादका अवशेषहरू उन्मूलन गर्ने चरण, जनताको बहुदलीय जनवादी व्यवस्थालाई सुदृढ गर्ने चरण तथा समाजवादमा सङ्क्रमणको चरणगरी योजनाबद्ध ढङ्गले समाजवाद निर्माणको अवधारणा अगाडि सारेको छ। जनवादी व्यवस्थाबाट समाजवादमा सङ्क्रमणको सन्दर्भमा यो अवधारणा गम्भीर महत्वको छ।

**नयाँ प्रश्नहरूको नयाँ जवाफ नखोजीकन हामी नयाँ चुनौतीको सामना गर्न सक्दैनौं र त्यसो नगरी नयाँ अवसरलाई पनि सदुपयोग गर्न सक्दैनौं।**

### ३. आजका ज्वलन्त प्रश्नहरू र जनताको बहुदलीय जनवाद

३.१. जनताको बहुदलीय जनवादको प्रतिपादनपछि दुई दशक व्यतीत भइसकेको छ। यसबीचमा नेपाली समाजमा र विश्व सन्दर्भमा समेत धेरै परिवर्तनहरू भएका छन्। ती परिवर्तनहरूले आन्दोलनका सामु नयाँ प्रश्न, नयाँ चुनौती र नयाँ अवसर प्रस्तुत गरेका छन्। नयाँ प्रश्नहरूको नयाँ जवाफ नखोजीकन हामी नयाँ चुनौतीको सामना गर्न सक्दैनौं र त्यसो नगरी नयाँ अवसरलाई पनि सदुपयोग गर्न सक्दैनौं। नयाँप्रश्नको जवाफ खोज्नेक्रममा जनताको बहुदलीय जनवाद अझ समृद्ध, अझ विकसित र अझ अद्यावधिक हुँदै हाम्रा समस्याको समाधानमा वैज्ञानिक मार्गदर्शन गर्न समर्थ हुनेछ।

३.२. समाजको रूपान्तरणका लागि सम्बन्धित समाजको चरित्र निरूपण अनिवार्य पूर्वशर्त हो। रोगको निर्क्याेल र निदान नगरी जसरी रोगीको उपचार गर्न सकिँदैन, त्यसरी नै समाजको अर्थ-राजनीतिक र सांस्कृतिक बनौटको पहिचान नगरी समाज रूपान्तरणको कार्यदिशा तय गर्न सकिादैन। नेपाल कम्युनिस्ट पार्टीको स्थापनाकालदेखि नै हामीले नेपाली समाजको चरित्र 'अर्द्धसामन्ती र अर्द्धऔपनिवेशिक' रहँदै आएको

विश्लेषण गर्दै आएका छौं । यो विश्लेषणपछि नेपाली समाजले ६० वर्षभन्दा लामो यात्रा तय गरिसकेको छ । यस अवधिमा भएका सामाजिक-आर्थिक विकास र राजनीतिक परिवर्तनले समाजको आधारभूत चरित्रमा निश्चय नै गम्भीर प्रभाव पारेका छन् । सामन्तवाद निकै कमजोर भएको छ, विशेषगरी राजनीतिक र आर्थिक क्षेत्रमा । र, पुँजीवादको विस्तार तुलनात्मक रूपमा ज्यादै तीव्र भएको छ । तर, यो परिवर्तन मात्रात्मक छ कि यसले समाजको चरित्रमा गुणात्मक परिवर्तन ल्याएर नेपाली समाजको चरित्रमा आधारभूत फेरबदल ल्याइदिएको छ ? यो प्रश्न गम्भीर बहसमा छ । सामन्तवादलाई हामीले निश्चित श्रमसम्बन्धमा मात्रै हेऱ्यौं भने हामीले सही निष्कर्ष निकाल्न सक्नेछैनौं । सामन्तवाद एउटा समष्टि हो, अर्थतन्त्र, राजनीति, सामाजिक नीति, संस्कृति र मनोविज्ञानसहितको एउटा समष्टि हो । आजै सामन्तवाद समाप्त भइसक्यो, अब जनवादी क्रान्तिको सान्दर्भिकता सकियो भन्ने निष्कर्षमा पुग्यौं भने हाम्रो त्यो निष्कर्ष हतारोको निष्कर्ष हुनेछ ।

**सामन्तवाद एउटा समष्टि हो, अर्थतन्त्र, राजनीति, सामाजिक नीति, संस्कृति र मनोविज्ञानसहितको एउटा समष्टि हो ।**

३.३. ऐतिहासिक जनआन्दोलन २०६२/६३ लाई कसरी हेर्ने ? त्यसले नेपाली समाजमा ल्याएको परिवर्तनको अर्थराजनीतिक विश्लेषण कसरी गर्ने ? यसका आधारमा कम्युनिस्ट पार्टीले आगामी कार्यभार कसरी तय गर्ने ? यो प्रश्न गम्भीर महत्वको छ । उक्त आन्दोलनका मुख्य उद्देश्य थिए- सामन्तवादको प्रतिनिधि राजतन्त्रको अन्त्य गर्ने, माओवादी हिंसा र प्रतिहिंसाको शृङ्खला अन्त्य गर्ने र विभेदकारी राज्यसंरचनालाई अन्त्य गर्दै यसको अग्रगामी पुन:संरचना गर्ने । यसबीचमा, राजतन्त्रको अन्त्य भएको छ तर हिंसाको अन्त्य भएको छैन । निश्चित रूपमा यो आन्दोलन धेरै अर्थमा युगान्तकारी थियो । खासगरी, नेपालमा झण्डै १ हजार ७ सय वर्षदेखि जारी राजतन्त्र र त्यसको पछिल्लो संस्करण २ सय ४० वर्षदेखिको शाहवंशीय राजतन्त्रको अन्त्य नेपालको प्रजातान्त्रिक आन्दोलनको महत्वपूर्ण कोसेढुङ्गा हो । त्यसरी नै, यस आन्दोलनको शान्तिपूर्ण चरित्र र यसले राजाका बन्दुक मात्रै होइन, माओवादी बन्दुकलाई समेत अर्थहीन तुल्याइदिएको घटनाको पनि युगान्तकारी महत्व छ । यस अर्थमा यसलाई एउटा महत्वपूर्ण राजनीतिक क्रान्ति पनि भन्न सकिन्छ, खास अर्थमा । तर, यसलाई हामीले सामाजिक-आर्थिक-संस्कृति संरचना नै बदल्न समर्थ क्रान्तिको समकक्षमा बुझ्यौं, क्रान्ति सफल भएको अर्थमा ग्रहण गऱ्यौं र अब त 'सफल क्रान्तिमा गरेको लगानीको लाभ लिने चरणमा प्रवेश गरेको' अर्थमा लियौं भने यो गम्भीर विचलन हुनेछ । 'शान्तिपूर्ण जनक्रान्ति' पदावली पनि हामीले यदाकदा प्रयोग गर्ने गरेका छौं । तर, यो उदार पुँजीवादी, लोकतान्त्रिक क्रान्तिकारी र उग्रवामपन्थी अतिवादी शक्तिसमेत विभिन्न मात्रामा सम्मिलित भएको यो आन्दोलनका सीमा, सामर्थ्य र निहितार्थबारेमा स्पष्ट हुन सकिएन भने यसले हामीलाई दिग्भ्रमित पार्नेछ । खासमा उदार प्रजातन्त्रका पक्षधर बुर्जुवा सुधारवादी शक्तिसँग समेत मिलेर हामीले यो आन्दोलन गरेको हुनाले यसका आफ्नै सीमा छन् र साथसाथै यसले 'क्रान्ति'को अन्तर्वस्तु मात्रै नभएर यसमा द्वन्द्व रूपान्तरणको शान्ति प्रक्रिया पनि अन्तरनिहीत छ । सही ढङ्गले हिंसाको व्यवस्थापन, शान्तिप्रक्रियाको सार्थक निष्कर्ष र संविधान निर्माणजस्ता कार्यभारहरू कार्यान्वयन हुनसक्यो भने यसले शान्तिपूर्ण ढङ्गले समाजको रूपान्तरण गर्ने ढोका खोलिदिएको छ भन्नेकुरामा कुनै द्विविधा छैन । तर, सामाजिक-आर्थिक रूपान्तरण गर्ने कष्टसाध्य काम भने बाँकी नै छ ।

३.४. खासमा यो सङ्क्रमणकालीन लोकतन्त्र हो । श्रमजीवी वर्गको प्रतिनिधित्व गर्दै कम्युनिस्ट पार्टी नेकपा (एमाले) यस आन्दोलनमा सहभागी मात्रै छैन, नेतृत्वको अग्रभागमै छ । पार्टीको सहभागिताको स्तर, नेतृत्वको हैसियत र आन्दोलनका माग तय गर्ने क्रममा यसको निर्णायक भूमिकाको कारण यो

बुर्जुवा लोकतन्त्रभन्दा अग्रगामी छ । तर, यो हामीले खोजेको जनताको बहुदलीय जनवादको स्तरको लोकतन्त्र होइन । आन्दोलनका उपलब्धिहरूलाई संस्थागत गर्न सत्ता लोकतान्त्रिक प्रतिस्पर्धाको माध्यमबाट जनताको बहुदलीय जनवादतर्फ अगाडि बढ्न फराकिलो आधार तयार हुनेछ । त्यसबाहेक, सामन्तवादको आमूल उन्मूलनको काम बाँकी नै छ । शान्तिप्रक्रिया कसरी टुङ्गिन्छ र संविधान कस्तो बन्छ भन्ने कुराले यस लोकतन्त्रको चरित्र निरूपणमा निर्णायक भूमिका खेल्नेछ । यस सन्दर्भमा हामीले परम्परागत रूपमा भन्दै आएको 'अक्टोबर समाजवादी क्रान्ति यता पुँजीपति वर्गले पुँजीवादी क्रान्तिको अगुवाइ गर्ने सम्भावना समाप्त भएको' भन्ने निष्कर्ष र पछिल्ला समयमा सिङ्गापुर, ताइवान, मलेसिया, थाइल्याण्ड, युएई, ब्राजिलजस्ता देशहरूको पुँजीवादी विकासक्रमबारेमा पनि सैद्धान्तिक छलफल चलाउनु सान्दर्भिक हुनेछ ।

**सामन्तवादको आमूल उन्मूलनको काम बाँकी नै छ । शान्तिप्रक्रिया कसरी टुङ्गिन्छ र संविधान कस्तो बन्छ भन्ने कुराले यस लोकतन्त्रको चरित्र निरूपणमा निर्णायक भूमिका खेल्नेछ ।**

३.५. अचेल माओवादीहरू यस आन्दोलनमा आफ्नो नेतृत्व र निर्णायक भूमिकाको हकदावी गर्न निकै कसरत गरिरहेका छन् । तर, खासमा माओवादीहरू यस आन्दोलनमा अनिच्छापूर्वक सहयोगी भएका मात्रै थिए । ११ वर्ष लामो हिंसात्मक द्वन्द्वको व्यर्थता, राज्यमाथि सैन्य विजय असम्भव भएको अनुभूति र आफैभित्रका समेत सङ्कटका कारण माओवादी पार्टी 'जनगणतन्त्र'को नारालाई थाँती राखेर लोकतान्त्रिक गणतन्त्र'मा आउन, 'राज्यसत्ताको जन्म बन्दुकको नालबाट हुन्छ' र 'सेना नभएको पार्टी कम्युनिस्ट पार्टी हुन सक्दैन' जस्ता अतिवादी निष्कर्षलाई बिसाएर अन्योल र द्विविधाका साथ शान्तिपूर्ण लोकतान्त्रिक आन्दोलनमा सहभागी हुन र 'जनताको जनवादी अधिनायकत्व'को नाममा कम्युनिस्ट पार्टीको एकाधिकार जस्ता कुरालाई अनिच्छापूर्वक थाँती राख्दै 'बहुदलीय प्रतिस्पर्धा' र 'लोकतान्त्रिक प्रणाली'मा आउन सहमत भएको थियो । ११ वर्ष लामो माओवादी हिंसाले त २०४६ सालका उपलब्धिसमेत समाप्त पार्दै राजालाई नाङ्गो निरङ्कुशता लाद्न बहाना दिएको थियो । यथार्थमा यस आन्दोलनमा माओवादी लतारिनु उसले भन्ने गरेको 'माओवाद'को परित्यागको परिघटना थियो, 'माओवादी' मान्यताको पराजय थियो ।

३.६. यस ऐतिहासिक जनआन्दोलनले पुनःपुष्टि गरेको छ- समाजको शान्तिपूर्ण रूपान्तरण सम्भव छ । जुन परिवर्तन झण्डै १७ हजार व्यक्तिको हत्याबाट प्राप्त हुन सकेन, हामीले जनताको रित्ता हात, खालि खुट्टा र परिवर्तनको अदम्य इच्छाशक्ति र पहलकदमीको बलमा प्राप्त गर्नसक्यौं । त्यसो त, नेपाली काङ्ग्रेसले २०१८ र २०३१ सालमा हतियार उठाउँदा पनि ढाल्न नसकेको हामीले २०२८ मा सशस्त्र सङ्घर्ष थाल्दा पनि परास्त गर्न नसकेको पञ्चायती तानाशाहीमाथि संयुक्त वाममोर्चा र नेपाली काङ्ग्रेसको आह्वानमा भएको संयुक्त जनआन्दोलनको सफलताले पनि शान्तिपूर्ण आन्दोलनको सामर्थ्य यसअघि नै स्थापित भइसकेको थियो । माथि भनिएझैं, प्रजातान्त्रिक अधिकारहरू अपहरित भएको, जनविरोधी राज्यसत्ता नाङ्गो र हिंसक दमनमा उत्रिएको र शान्तिपूर्ण प्रतिरोधका सम्पूर्ण बाटाहरू बन्द भएको अवस्थामा जनताको तर्फबाट पनि तदनुरूपको प्रतिरोध बाध्यात्मक कदम बन्नसक्छ । तर, त्यो आंशिक परिघटना हो, पूर्णता होइन । त्यो तात्कालिक विषय हो, सर्वकालिक होइन । यो अपवाद हो, क्रान्तिको नियम र सिद्धान्तको विषय होइन । २०६२/६३ को ऐतिहासिक जनआन्दोलन हिंसालाई क्रान्तिको अनिवार्य र अपरिहार्य साधन ठान्ने, 'लालसेना'लाई जनताको सङ्गठित शक्तिभन्दा माथि राख्ने, हिंसालाई क्रान्तिको पवित्र माध्यम ठान्ने र बन्दुकलाई विचारको सिरानमा राख्ने माओवादी उग्रवादको पराजय हो, त्यसको व्यर्थताको पुनःपुष्टि हो । यो बेग्लै विषय हो कि आज पनि माओवादी यो सच्चाइलाई आत्मसात् गर्न तयार देखिँदैन ।

३.७. माओवादी उग्रवामपन्थ विगत डेढ दशकमा गम्भीर राष्ट्रिय समस्याको रूपमा अगाडि आएको छ । यसलाई कसरी हेर्ने ? आज पनि कम्युनिस्ट आन्दोलनमा अस्पष्टता र भ्रमहरू विद्यमान छन् ।

माओवादीले नेपाली समाजमा एकखालको हलचल ल्याएको सत्य हो । खुद हाम्रै पार्टीभित्र जनताको बहुदलीय जनवादलाई बुझ्न र कार्यान्वयन गर्नमा देखापरेका कमजोरीका कारण पनि त्यसले केही समयसम्म आफूलाई विकल्पको रूपमा दाबा गर्ने स्थिति सिर्जना भएको हो । तर, यत्तिकै आधारमा माओवादीलाई परिवर्तनकारी वामपन्थी शक्ति ठान्ने, शक्ति सन्तुलन र धुव्रीकरणको प्रश्नमा उसलाई तुलनात्मक रूपमा नजिक ठान्ने र अझ अगाडि बढेर 'वाममोर्चा'को तर्क गर्ने कुरा भड्कावयुक्त र हानीकारक कुरा हो । लोकतन्त्र एकता, सहमति र सहकार्यको आधार हो । लोकतान्त्रिक शक्तिको एकताले मात्र माओवादी अतिवादलाई रोक्न, उसलाई हतियार र हिंसाबाट अलग गर्न र उसमा लोकतान्त्रिक रूपान्तरण ल्याउन सक्नेछ । तर, माओवादीसँगको हाम्रो मतभेद र विरोध खालि तात्कालिक सन्दर्भलाई हेरेर मात्रै होइन । कम्युनिस्ट आन्दोलनमा आज एमाले र माओवादीको स्थिति भनेको नदीका दुई किनारा जस्तै हो । जहाँ एमालेले आन्दोलनको शान्तिपूर्ण, लोकतान्त्रिक, वर्गीय/वैचारिक धारको प्रतिनिधित्व गर्छ, त्यहाँ माओवादीका विचारले आज पनि आन्दोलनको हिंसात्मक, अतिवादी, अधिनायकवादी र जातीय धारको प्रतिनिधित्व गर्छन् । निश्चय नै, रूपान्तरित हुनसक्दा माओवादी आन्दोलनले सकारात्मक प्रभाव दिनसक्छ । तर, यथास्थितिमा माओवादीका विचारले आन्दोलनमा चुनौती थप्ने, बदनाम गर्ने र क्षयीकरण गर्ने मात्रै काम गरिरहेका छन् । त्यसैले उग्रवामपन्थ र वामपन्थका बीच भेद छुट्याउन नसकी दुईवटैलाई एउटै देख्नु र माओवादीसँगको सहकार्यमै आन्दोलनको भविष्य देख्नु भनेको हाम्रो पार्टीअगाडि सार्दै आएको जनताको बहुदलीय जनवादी विचारप्रतिको निष्ठाहीनतामात्रै होइन, एउटा हानीकारक भ्रान्ति पनि हो ।

३.८. नेपालको प्रजातान्त्रिक आन्दोलनमा प्रारम्भदेखि नै सुधारवादी र क्रान्तिकारी दुईवटा धार विद्यमान रहँदै आएका छन् । नेपालको पुँजीवादी वर्गको प्रतिनिधिको हैसियतले नेपाली काङ्ग्रेसले यो सुधारवादी धारको प्रतिनिधित्व गर्दै आएको छ भने श्रमजीवी वर्गको प्रतिनिधिको हैसियतले नेपाल कम्युनिस्ट पार्टीले क्रान्तिकारी लोकतान्त्रिक धारको । तर, नेपालको पुँजीपति वर्ग सामन्तवादसँगको निर्णायक सङ्घर्षको प्रक्रियाबाट होइन सम्झौता र संश्रयको माध्यमबाट विकसित भएका कारण उसमा सङ्घर्षशीलता, उद्यमशीलता र क्रान्तिकारी चरित्र होइन, सम्झौता, पराश्रयी र भ्रष्टपन एवम् मलुवा चरित्र रहँदै आएको छ । यही कुरा नेपाली श्रमजीवी वर्गको हकमा पनि लागू हुन्छ । यो वर्ग सामन्ती उत्पादन सम्बन्धसँग आधारभूत रूपमै सम्बन्धविच्छेद भएको र मार्क्सको शव्दमा 'गुमाउनका लागि नेल र हत्कडीबाहेक केही नभएको' औद्योगिक श्रमजीवी वर्ग होइन, गाउँमा आफ्नो थोरै जग्गा कुतमा लगाएर सहर झरेको अर्द्धसर्वहारा हो । त्यसैले यसमा पनि हामी पटक-पटक निम्नपुँजीवादी विचलन देख्छौं । तर, पनि नेपालको प्रजातान्त्रिक आन्दोलनका यी दुईप्रतिनिधि धार हुन् । यिनीहरू जहिले मिलेका छन्, निरङ्कुशतन्त्रले घुँडा टेक्न बाध्य भएको छ । अनि जहिले जहिले उनीहरू विभाजित भएका छन्, निरङ्कुशतन्त्रले शीर ठाडो गर्दै पुनःस्थापित हुने मौका पाएको छ । सात साल र सत्र साल, छ्यालीस साल र उनान्साठी साल अनि पछिल्लो ऐतिहासिक जनआन्दोलनका अनुभवले यही भन्छ । त्यसैले हाम्रो चालु क्रान्ति या लोकतान्त्रीकरणको प्रक्रिया पुँजीवादी गणतन्त्र हो भने यतिबेला उदार प्रजातान्त्रिक शक्तिलाई किनारा लगाउन खोज्ने कुरा रूपमा जतिसुकै क्रान्तिकारी भए पनि सारमा विनासकारी सोच हो । कम्तीमा पुँजीवादी गणतन्त्रलाई संस्थागत गर्नका लागि यो एकता अनिवार्य छ ।

**समकालीन नेपाली राजनीतिलाई अन्य कुनै विचारले होइन, जनताको बहुदलीय जनवादले प्रभावित र मार्गदर्शन गर्दै ल्याएको छ ।**

३.९. हामीले गौरव गर्नुपर्छ- समकालीन नेपाली राजनीतिलाई अन्य कुनै विचारले होइन, जनताको बहुदलीय जनवादले प्रभावित र मार्गदर्शन गर्दै ल्याएको छ । कुनै बेला जनताको बहुदलीय जनवादलाई 'दक्षिणपन्थी' र 'विसर्जनवादी' करार गर्दै हिंसात्मक बाटोमा हिँडेको

> **अहिलेको सङ्क्रमणकालका तीन उपचरणहरू छन्। पहिलो, संविधानसभा निर्वाचनको काल, दोस्रो, शान्तिप्रक्रियालाई पूर्णता दिने र संविधान निर्माण गर्ने काल, तेस्रो, संविधानले व्यवस्था गरेका संरचनाहरूलाई पूर्णता दिने काल।**

माओवादी अनिच्छापूर्वक आज त्यही बाटो पछ्याउँदै छ, जुन कुराको पूर्वविश्लेषण कमरेड मदन भण्डारीले आज भन्दा झण्डै २५ वर्षअगाडि नै गरिसक्नुभएको थियो। माओवादीले प्रस्ताव गरेको 'एक्काईसौं शताव्दीको जनवाद' मा हामीले जनताको बहुदलीय जनवादको छाया देख्न सक्छौं। यद्यपि, 'माओवाद' र तथाकथित प्रचण्डपथलाई अझै पनि मार्गदर्शक सिद्धान्त मानेर, हिंसात्मक बाटोसँग अझै पनि आधारभूत सम्बन्धविच्छेद नगरेर तथा अधिनायकवादी धङधडीबाट पूर्ण मुक्त हुन नसकेर माओवादी दोबाटोमै अलमलिइरहेको छ। तर, जनताको बहुदलीय जनवादसँगको वैचारिक प्रतिस्पर्धामा माओवादी उग्रवामपन्थ निरन्तर रक्षात्मक, निरन्तर फिका र निरन्तर कमजोर बन्दै गएको छ। त्यसरी नै, कुनै बेला संवैधानिक राजतन्त्रलाई सिद्धान्तसरह मान्यता दिने, सीमित राजनीतिक अधिकारभन्दा पर देख्नै नचाहने र कम्युनिस्ट विरोधलाई नै आफ्नो पहिचान बनाएको नेपाली काङ्ग्रेस आज गणतन्त्रसम्म आइपुग्नु, उसले सामाजिक न्याय र जनताका आर्थिक-सामाजिक-सांस्कृतिक अधिकारलाई स्वीकार गर्नु र वामपन्थीहरूसँग सहकार्यलाई संस्थागत रूपमै स्वीकार्नु जनताको बहुदलीय जनवादको सैद्धान्तिक र नैतिक विजय हो। नेपालको सन्दर्भमा मात्रै होइन, आज हामी एसियाका अन्य देशहरू, ल्याटिन अमेरिका, अफ्रिका र विश्वका विभिन्न भूभागमा कम्युनिस्ट नामका उग्रवामपन्थीहरूको भयानक पराजय र लोकतान्त्रिक वामपन्थी शक्तिको जुन उभार देख्छौं, यसले जनताको बहुदलीय जनवादलाई थप सत्यापन गरिरहेको छ।

## ४. शान्ति, संविधान र सामाजिक-आर्थिक रूपान्तरणका हाम्रा अभिभाराहरू

४.१ ऐतिहासिक जनआन्दोलन र त्यसयता हामीले युगान्तकारी उपलब्धि प्राप्त गरेका छौं। शान्तिपूर्ण आन्दोलनबाट सामन्ती निरङ्कुशतन्त्र पराजित भएको छ। राष्ट्रिय शक्तिहरूकै पहलबाट शान्तिप्रक्रिया अगाडि बढ्दै विस्तृत शान्तिसम्झौतामा हस्ताक्षर भएको छ र हिंसात्मक विद्रोहमा संलग्न माओवादी जनप्रतिनिधिमूलक निकायमा सहभागी बन्न आइपुगेका छन्। संविधानसभा निर्वाचन सम्पन्न भएको छ। शान्तिपूर्ण ढङ्गले राजतन्त्रको अन्त्य गरेर हामीले मुलुकमा लोकतान्त्रिक गणतन्त्र स्थापना गरेका छौं। सही ढङ्गले अगाडि बढ्न सक्ने हो र शान्ति, संविधान र सामाजिक आर्थिक रूपान्तरणका वर्तमान कार्यसूचीको कार्यान्वयन हुनसक्ने हो भने नेपालले प्रगतिको दिशामा युगान्तकारी फड्को मार्नसक्ने सम्भावना उपस्थित भएको छ। प्राप्त उपलब्धिका लागि हामीले गौरव गर्नुपर्छ।

४.२ तर, आज हामी सङ्क्रमणकालमा छौं। विभिन्न उद्देश्य, वाद, विचार र प्रवृत्तिले यस संक्रमणकालीन परिस्थितिलाई आआफ्ना अनुकूलतामा परिणत गर्नखोज्नु बिल्कुलै स्वाभाविक कुरा हो। यतिबेला नेपाली समाजमा दक्षिणपन्थी अतिवाद, यथास्थितिवाद, सङ्कीर्णतावाद, उग्रवामपन्थी अतिवाद र लोकतान्त्रिक परिवर्तनकारी अग्रगामी विचार प्रवृत्तिहरू समेत मूलतः पाँचवटा प्रवृत्तिहरू विद्यमान र प्रतिस्पर्धारत छन्। एमाले यही पछिल्लो वैज्ञानिक, आधुनिक र सामाजिक परिवर्तनकारी धारको प्रतिनिधित्व गर्दछ। अहिलेको सङ्क्रमणकालका तीन उपचरणहरू छन्। पहिलो, संविधानसभा निर्वाचनको काल, दोस्रो, शान्तिप्रक्रियालाई पूर्णता दिने र संविधान निर्माण गर्ने काल, तेस्रो, संविधानले व्यवस्था गरेका संरचनाहरूलाई पूर्णता दिने काल। अहिले हामी सङ्क्रमणकालको पनि दोस्रो र सर्वाधिक जटिल र महत्वपूर्ण संविधान निर्माणको उपचरणमा छौं। जनआन्दोलनको माध्यमबाट प्राप्त उपलब्धिहरू तदर्थ तहमा छन्, तिनीहरू संस्थागत हुन सकिरहेका छैनन्। शान्तिप्रक्रिया सकारात्मक ढङ्गले नटुङ्गिँदासम्म, संविधानसभाबाट नयाँ संविधान नबन्दासम्म, नयाँ

निर्वाचन भएर निर्वाचित निकायमा सत्ता हस्तान्तरण नहुँदासम्म र अन्योल समाप्त भएर राजनीतिक स्थायित्व हासिल नहुँदासम्म यो सङ्क्रमणकाल समाप्त हुँदैन। सङ्क्रमणकाल लम्बिँदै जाँदा यतिबेला नेपाली राजनीति अझ जटिल बन्दै गएको छ। निर्धारित समयमा मात्र होइन, थप गरिएको समयमा पनि संविधान बन्ने सम्भावना क्षिण हुँदै जानु, शान्तिप्रक्रिया अधुरै रहनु, राजनीति हिंसामुक्त हुन नसक्नु, दण्डहीनता, अराजकता र कानुन हातमा लिने प्रवृत्ति बढ्दै जानु, सामाजिक सद्भाव खल्बलिने र राष्ट्रिय एकता कमजोर गर्ने गरी जातीय/क्षेत्रीय/साम्प्रदायिक प्रवृत्ति बढ्दै जानु, राजनीतिक दलका कतिपय नेतृत्वमा सत्तालिप्सा घृणालाग्ने हदसम्म व्याप्त बन्नु र जनताका पीडा, सरोकार र सपना उपेक्षित बन्दै जानुले समाजमा निराशा थपिँदै गएको छ। पार्टीहरू र विशेषगरी यसको नेतृत्वप्रतिको नकारात्मक भाव प्रबल बन्दै जाँदा लोकतन्त्र र गणतन्त्रप्रति नै यसले निराशा बढाउँदै लगेको छ। समाजमा पार्टीहरूको प्रभाव खुम्चँदै जानु, गैरपार्टी र गैरराजनीतिक तत्व र प्रकृतिको चलखेल बढ्दै जानु राम्रो विषय हुँदै होइन। यसले हिजोका प्रतिगामी शक्तिहरूलाई हौस्याउँदै लगेको छ। यद्यपि, यत्तिकै आधारमा प्रतिगामी शक्ति हावी हुन्छन् कि भनी अतिरञ्जित ढङ्गले चर्चा गर्नु आवश्यक छैन, परिवर्तनको धार उल्टो फर्किनु सहज पनि छैन। तर पनि सङ्क्रमणकाल लम्बिँदै गयो भने मुलुक दीर्घकालीन अराजकतातिर धकेलिने र प्रतिकूलता थपिँदै जाने, नेपालको द्वन्द्वमा बाह्य शक्तिको चासो र सरोकार बढ्दै जाँदा यसले क्षेत्रीय द्वन्द्वको तहसम्म विस्तार गर्नसक्ने खतराप्रति हामी गम्भीर बन्नैपर्छ। नेपालको विशिष्ट भूराजनीतिक अवस्थितिका कारण हामी क्षेत्रीय शक्तिहरूको 'राडार स्क्रिन' मा छौं भन्ने तथ्यलाई हामीले हेक्का राख्नैपर्छ।

**सरकारको नेतृत्व गरिरहँदा उसको ध्यान शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउने, द्वन्द्वका घाउमा मल्हम लगाउने, दलहरूबीचको विश्वासलाई सुदृढ गर्ने र सङ्क्रमणकाललाई सही निष्कर्षमा पुऱ्याउनेतिर कहिल्यै गएन।**

४.३. शान्तिप्रक्रिया आजभन्दा दुई वर्षअगाडि नै टुङ्गिइसक्नुपर्थ्यो। संविधानसभा निर्वाचन लगत्तै २०६५ असारमा सात राजनीतिक दलबीच भएको उच्चस्तरीय समझदारीमा नयाँ सरकार बनेको ६ महिनाभित्रमा माओवादी लडाकुको व्यवस्थापनको काम सकिसक्ने र तदोपरान्त राज्यले लडाकुसम्बन्धमा कुनै दायित्व बहन नगर्ने स्पष्ट शव्दमा लेखिएको छ। शान्तिप्रक्रियासँग जोडिएका अन्य विषयहरू- बेपत्तासम्बन्धी आयोग, सत्य निरूपण मेलमिलाप आयोग जस्ता उच्चस्तरीय आयोगहरू गठन गरेर सङ्क्रमणकालीन न्याय प्रदान गर्ने, पीडितहरूलाई राहत प्रदान गर्नेजस्ता पक्ष पनि उत्तिकै महत्वपूर्ण छन्। लडाकुको अन्तिम व्यवस्थापन सही ढङ्गले हुनसक्यो भने यसले शान्ति प्रक्रियाका अन्य पक्षलाई पनि सकारात्मक प्रभाव पार्ने थियो। यही अपेक्षा र विश्वासकै आधारमा राष्ट्रपति निर्वाचनमा गम्भीर विश्वासघातका बाबजुद नेकपा (एमाले) ले नेकपा (माओवादी)लाई सरकारको नेतृत्व गर्ने प्रस्ताव गरेको थियो। तर, माओवादीले यस अवसरलाई दुरुपयोग गऱ्यो। संविधानसभा निर्वाचनमा विभिन्न कारणहरूको समष्टिबाट प्राप्त हैसियतलाई जनताको समर्थन भनेर गलत बुझेको माओवादीले सरकारको नेतृत्व गर्न प्राप्त अवसरलाई 'सत्ता कब्जा' गर्ने मौकाको रूपमा अर्थ्यायो। सरकारको नेतृत्व गरिरहँदा उसको ध्यान शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउने, द्वन्द्वका घाउमा मल्हम लगाउने, दलहरूबीचको विश्वासलाई सुदृढ गर्ने र सङ्क्रमणकाललाई सही निष्कर्षमा पुऱ्याउनेतिर कहिल्यै गएन। पुष्पकमल दाहाल विशेष समितिका प्रमुख थिए, आफ्नो 'सेना'का कमाण्डर थिए र कार्यकारी प्रमुखका हैसियतले राज्यका सुरक्षा अङ्गको पनि जिम्मेवार व्यक्ति थिए। उनको मनसाय सकारात्मक भएको भए र उनले पनि यस अवसरलाई सदुपयोग गरेको भए लडाकु व्यवस्थापनका लागि निकै महत्वपूर्ण मौका थियो। तर, यतातिर ध्यान दिनुको साटो उनी राज्यका सुरक्षा अङ्गमा अन्तरध्वंस मच्चाउने, तिनलाई

कब्जा गर्ने, नसके तिनको मनोबल कमजोर गर्ने र त्यसमा जथाभावी हात हाल्ने दिशातिर उद्यत् भए, जसको के परिणाम भयो, हामी सबै जानकार नै छौं ।

४.४. आज पनि शान्तिप्रक्रिया निष्कर्षमा नपुग्नुको मुख्य कारण माओवादीको सत्ताकब्जाको उद्देश्य, हिंसात्मक नीतिको निरन्तरता, हिंसाका औजारप्रतिको मोह र लडाकुप्रतिको आशक्ति नै हो । आज पनि माओवादी समाजको शान्तिपूर्ण रूपान्तरणमा विश्वास गर्दैन, लोकतन्त्रमा सबै दलले विचारको आधारमा प्रतिष्पर्धा गर्ने र श्रेष्ठता हासिल गर्ने सहज पद्धतिमा आस्था राख्दैन । हतियारको बलमा मनोवैज्ञानिक सन्त्रास कायमै राखेर त्यसकै बलमा समाजलाई नियन्त्रित गर्न चाहने माओवादी उग्रवामपन्थी सोच नै शान्ति प्रक्रियाको सबैभन्दा गम्भीर चुनौती बनेको छ । माओवादीले सत्ताकब्जाको मानसिकताबाट मुक्त भएर लोकतान्त्रिक विधिबाट सत्ता प्राप्त गर्ने मान्यता अँगाल्नासाथ, शान्तिप्रक्रियालाई तथाकथित जनविद्रोहको आधार तयार गर्ने रणनीति बनाउन छाडेर यसप्रति निष्ठा कायम राख्नासाथ र अन्य दलसरह एउटा नागरिक पार्टीमा आफूलाई रूपान्तरण गर्न तयार हुनासाथ शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन कुनै गाह्रो छैन । शिबिरमा रहेका लडाकुको समस्या सिङ्गो समाजकै समस्या हो र यसको छिटोभन्दा छिटो टुङ्गो लगाएर शिबिर खालि गर्दै शान्तिप्रक्रियामा स्थिरता ल्याउनु हामी सबैको साझा अभिभारा हो । माओवादीले आफूमा अन्य कुनै निहित स्वार्थ छैन भन्ने विश्वास दिलाउन सक्ने हो भने आकर्षक विकल्पहरूसहित माओवादी लडाकुलाई समाजमा पुनःस्थापित गर्न र योग्यता पुगेका र राज्यको सुरक्षा अङ्गको व्यावसायिकतामा असर नपर्ने गरी निश्चित सङ्ख्यामा समायोजन गर्न सबै राजनीतिक दल सहमत नै छन् । तर, लडाकुसहित चुनावमा जाँदा त्यसको प्रत्यक्ष लाभ पाउन सफल माओवादी अहिले पनि आफ्ना लडाकुको प्रश्नलाई सत्तामा जाने भऱ्याङको रूपमा बार्गेनिङको विषय बनाइरहेको छ । यसले शान्तिप्रक्रियालाई अप्ठ्यारोमा पारेको छ ।

**आजको मुख्य समस्या हिंसाको व्यवस्थापन हो, त्यो काम नगरी संविधान जारी गर्नुले सार्थकता राख्दैन । द्वन्द्वका आधार कायमै राखेर बन्दुकको छायामुनि संविधान न त लेख्न सकिन्छ, न जारी नै गर्न सकिन्छ ।**

४.५. शान्तिप्रक्रियामा ढिलाइ र यसमा माओवादी असहयोगले संविधान निर्माणलाई समेत गम्भीर नकारात्मक प्रभाव पारिरहेको छ । नयाँ संविधान शान्ति प्रक्रियाको निष्कर्षकारी दस्तावेज हो र नयाँ संविधान जारी हुँदा हामीले अब द्वन्द्वको यो चरण समाप्त भयो भन्ने कुरा सुनिश्चित गर्न सक्नुपर्छ । अब बन्ने संविधानले हिजोको आन्दोलन र बलिदानलाई सम्मान गर्न सक्नुपर्दछ । आन्दोलनका उपलब्धिहरूलाई रक्षा गर्न सक्नुपर्दछ । आजका समस्याहरूको समाधान दिन सक्नुपर्दछ । र, भोलिका लागि मार्गदर्शन गर्न सक्नुपर्दछ । आजको मुख्य समस्या हिंसाको व्यवस्थापन हो, त्यो काम नगरी संविधान जारी गर्नुले सार्थकता राख्दैन । द्वन्द्वका आधार कायमै राखेर बन्दुकको छायामुनि संविधान न त लेख्न सकिन्छ, न जारी नै गर्न सकिन्छ । तर, आज माओवादीले संविधानको अन्तरवस्तु हेरेर मात्रै (उनीहरूको शब्दमा 'जनपक्षीय संविधान' बन्ने कुराको ग्यारेण्टी भएपछि मात्र) लडाकु समायोजन गर्ने भन्ने अर्घेल्याइँले संविधान निर्माणमा प्रतिकूल प्रभाव पारिरहेको छ । संविधान लेखेर पनि दिगो शान्ति कायम हुँदैन भने के गर्ने ? भन्ने प्रश्नले धेरैलाई चिन्तित तुल्याइरहेको छ ।

४.६. शान्ति प्रक्रियाप्रतिको निष्ठाहीनताको कारण मात्रै होइन, माओवादीका अलोकतान्त्रिक मान्यताका कारण पनि संविधान निर्माण कार्य नकारात्मक ढङ्गले प्रभावित भइरहेको छ । बाह्रबुँदे सहमतिमा माओवादीले लोकतन्त्रका विश्वव्यापी मान्यतालाई आत्मसात गर्ने कुरा स्पष्ट ढङ्गले स्वीकारेको थियो । विस्तृत शान्ति सम्झौता तथा नेपालको अन्तरिम संविधान २०६३ मा पनि यी कुराहरू स्पष्ट ढङ्गले रेखाङ्कित गरिएका छन् । तर, माओवादी पूर्व प्रतिबद्धताबाट पछि हट्दै लोकतान्त्रिक गणतन्त्रको संविधान होइन, कथित

जनताको सङ्घीय गणतन्त्रको संविधान (लोकतान्त्रिक शब्द कसरी जानीजानी हटाइएको छ भन्ने कुरा हेक्का राख्नुहोस्) तिर केन्द्रित हुन थालेको छ । बहुलवादलाई अस्वीकार गर्ने, विचारको आधारमा दलहरूमाथि बन्देज लगाउने प्रावधानसहितको नियन्त्रित बहुदलको पक्षपोषण गर्ने, न्यायपालिकाको स्वतन्त्रतालाई अस्वीकार गर्ने, प्रतिपक्षविहीन शासनप्रणालीको पैरवी गर्ने, आत्मनिर्णयको अधिकार र अग्राधिकारसहितका जातीय राज्य एवम् जातीय जनसङ्ख्याको आधारमा निर्वाचन प्रणालीको प्रस्ताव गर्ने, राष्ट्रलाई जोड्ने भाषा जस्ता प्रश्नमा समेत सङ्कीर्ण सोच राख्ने र अनिवार्य सैन्य तालिमजस्ता कुराले माओवादी लोकतान्त्रिक होइन, अधिनायकवादी संविधान निर्माण गर्न चाहन्छ भन्ने देखिन्छ ।

४.७. राज्यको अग्रगामी पुनःसंरचना यतिबेलाको प्रमुख राष्ट्रिय एजेण्डा हो । वर्गीय, लैङ्गिक, जातीय, भाषिक, सांस्कृतिक र क्षेत्रीय उत्पीडनका निम्ति जिम्मेवार विभेदकारी राज्यसंरचनाको परिवर्तन आवश्यक छ भन्ने कुरामा दुईमत हुन सक्दैन । तर, राज्य पुनःसंरचनाको अर्थ नेपालको आजसम्मको इतिहासलाई नै गलत ठहऱ्याउनु, एकीकरण र आजसम्म प्राप्त उपलब्धिलाई नै नकार्नु र जातीयताको आधारमा मुलुकलाई खण्डीकरण गर्नु होइन । जातीय उत्पीडनको अन्त्य र जातीय राज्यको स्थापना एउटै विषय होइनन् । तर, सस्तो लोकप्रियताका लागि यी विषयलाई जसरी उछालिँदैछ, त्यसले कतै सामाजिक सद्भाव र राष्ट्रिय एकतामै आँच आउने त होइन भन्ने चिन्ता सघन बन्दै गएको छ । सङ्घीयताकै कारण मुलुक टुक्रिन्छ भन्नु गलत हो । तर, सङ्घीयताको निर्माण र व्यवस्थापन सही ढङ्गले हुन सकेन भने यसले तनाव सिर्जना गर्ने सम्भावना ज्यादा हुन्छ । नेपालको जनसङ्ख्याको बनोट र बसाइको विशिष्ट स्थितिले नै कुनै पनि क्षेत्रमा एकल जातीय इकाइ बन्नु सम्भव छैन । त्यसमाथि, लोकतान्त्रिक मान्यता अनुसार आधुनिक राज्य निरपेक्ष हुनुपर्छ- धार्मिक हिसाबले पनि र जातीय हिसाबले पनि ।

**नेपालको जनसङ्ख्याको बनोट र बसाइको विशिष्ट स्थितिले नै कुनै पनि क्षेत्रमा एकल जातीय इकाइ बन्नु सम्भव छैन ।**

४.८. राज्य पुनःसंरचनाको विषय दलविशेषको मात्रै सरोकारको विषय होइन, यो आम नागरिकको सरोकारको विषय हो । यो मुलुकको अखण्डतासँग पनि जोडिएको संवेदनशील प्रश्न हो । यस्तो संवेदनशील प्रश्नलाई दलविशेषको सस्तो लोकप्रियताको विषय बनाउनुहुँदैन । पहिचानको हिसाबले मात्रै होइन, राज्यलाई आर्थिक सम्भाव्यता, जनताको निम्ति सुविधा प्राप्त गर्ने अनुकूलता र समग्र राष्ट्रिय हितको अधीनमा राखेर हेर्नु आवश्यक हुन्छ । त्यसरी हेर्दा नेपालको राज्य पुनःसंरचना निम्नलिखित पाँचवटा आधारमा हुनुपर्छ : १. नेपाल नेपाली जनताको हो । त्यसैले यहाँ नीतिनिर्माण र शासन सञ्चालनमा केन्द्रदेखि तल स्थानीय निकायसम्म सम्पूर्ण तहमा जनताको समुचित सहभागिता र स्वामित्व आवश्यक छ । त्यसको अनुकूलताका लागि राज्यको पुनःसंरचना । २. देश जनताको हो । राज्य र शासन जनताको हो । यसलाई जनताले जनताका हितका निम्ति सञ्चालन गर्दछन् । राज्यबाट जनताले सुरक्षा, हकअधिकार, सेवासुविधा र अवसरहरू प्राप्त गर्दछन् । ती कुराहरू प्राप्त गर्न जनतालाई सजिलो पार्नका लागि राज्यको पुनःसंरचना । ३. स्थानीय तहदेखि केन्द्रीय तहसम्मका प्राकृतिक र अन्य साधनस्रोत, सम्पदा, सम्पत्ति र उपलब्धिहरूमाथि जनताको स्वामित्व, पहुँच, पकड र नियन्त्रण एवम् जनताका निम्ति तिनको समुचित प्रयोगका निम्ति अनुकूल पार्न राज्यको पुनःसंरचना । ४. राष्ट्रको सार्वभौमसत्ता, स्वतन्त्रता, हित र स्वाभिमानको रक्षा एवम् राष्ट्रिय एकतालाई सुदृढ गर्न राज्यको पुनःसंरचना । र, ५. सर्वोपरि रूपमा देशको सुरक्षा र उन्नति एवम् जनताको समृद्धिका लागि उपयुक्त राज्य पुनःसंरचना । यस संवेदनशील विषयलाई विज्ञका दृष्टिले हेर्न सकियोस् भनेर अन्तरिम संविधानमा उच्चस्तरीय राज्य पुनःसंरचना आयोगको प्रावधान राखिएको हो । तर, माओवादी व्यवधानको कारणले गर्दा आयोग गठन हुन सकेको छैन, जसले गर्दा संविधान निर्माणको प्रश्नमा थप अन्योल व्याप्त हुनपुगेको छ ।

४.९. हामीले कतिपय प्रजातान्त्रिक देशमा राष्ट्रपति

प्रणालीले राम्रोसँग काम गरेको देखेका छौं, तर अफ्रिकाका कतिपय मुलुकमा यस्तो प्रणाली तानाशाह जन्माउने कारखाना बनेको उदाहरण छ। त्यस्तै, बेलायत र युरोपका कैयौं मुलुकमा संसदीय प्रणाली (वेष्ट मिनिष्टर प्रणाली संसदीय व्यवस्थाको एउटा स्वरूप मात्रै हो)ले लोकतन्त्र र समृद्धिलाई बलियो टेवा पुऱ्याएको देखेका छौं भने कतिपय मुलुकमा यो प्रणाली सांसद खरिदबिक्री, राजनीतिक अस्थिरता र कमजोर सरकारका लागि बदनाम छ। त्यसैले सम्पूर्ण रूपमै कुनै लोकतान्त्रिक प्रणाली सही र अर्को गलत भन्ने ढङ्गले बहस गर्नु सान्दर्भिक हुँदैन। हामीले शासकीय स्वरूप र शासनप्रणाली तय गर्दा आफ्नै राजनीतिक विशिष्टता, चुनौती र आवश्यकताको सन्दर्भलाई आधार बनाउनुपर्छ।

नेपाल इतिहासदेखि नै तानाशाही र अधिनायकवादको सिकार बन्दै आयो। कमजोर प्रजातान्त्रिक जगका कारण हामीकहाँ आज पनि अधिनायकवादको खतरा सर्वाधिक छ। अझ कम्युनिस्ट आन्दोलनमा त लोकतान्त्रिक धार झनै कमजोर छ। त्यसैले हिंसा र तानाशाही मानसिकता हावी हुन खोजिरहेको सन्दर्भलाई स्मरण गर्दै हामीले कार्यकारी अधिकारप्राप्त राष्ट्रपति प्रणाली लोकतन्त्रका दृष्टिले बढी जोखिमपूर्ण छ भन्दै आएका हौं। त्यसबाहेक, हाम्रो जातीय, भाषिक र सांस्कृतिक विविधतालाई सम्बोधन गर्न र त्यसको समुचित प्रतिनिधित्वका लागि पनि कार्यकारी राष्ट्रपति प्रणाली होइन, जनताको अप्रत्यक्ष मतबाट निर्वाचित हुने संवैधानिक राष्ट्रपतिको प्रणाली ज्यादा अनुकूल हुने हाम्रो निष्कर्ष हो।

४.१०. राज्यका तीन अङ्ग कार्यकारी, विधायिकी र न्यायिक अङ्गका बीचमा उपयुक्त सन्तुलन, शक्ति पृथकीकरण र जिम्मेवारी बाँडफाँड लोकतन्त्रको चारित्रिक विशेषता हो। जनप्रतिनिधि निकायको सर्वोच्चताको नाममा यो सन्तुलनलाई कमजोर गर्नुहुँदैन।

हामीले संसद्मा प्रतिपक्षको संवैधानिक उपस्थितिसहितको विशेष व्यवस्थाको प्रस्ताव गरेका छौं। यस्तो प्रणालीमा नियन्त्रण र सन्तुलनको प्रभावकारी व्यवस्था गर्न सकिने हाम्रो विश्वास छ। खासखास अवस्थामा सहमतीय सरकार आवश्यक र सकारात्मक भए पनि शासन प्रणाली नै सहमतीय र हरहमेसा सरकार पनि संयुक्त एवम् प्रतिपक्षविहीन भन्ने कुरा लोकतान्त्रिक हुन सक्दैन।

**कमजोर प्रजातान्त्रिक जगका कारण हामीकहाँ आज पनि अधिनायकवादको खतरा सर्वाधिक छ। अझ कम्युनिस्ट आन्दोलनमा त लोकतान्त्रिक धार झनै कमजोर छ।**

४.११. हाम्रो सन्दर्भमा मिश्रित सदस्य समानुपातिक प्रणाली सबैभन्दा उपयुक्त निर्वाचन प्रणाली हुनसक्छ। जनताबाट प्रत्यक्ष निर्वाचित जनप्रतिनिधित्वको व्यवस्थाले जनप्रतिनिधि र मतदाताको बीचमा प्रत्यक्ष सम्बन्ध कायम गर्दै प्रतिनिधिहरूलाई आफ्ना मतदाताप्रति प्रत्यक्ष रूपमा जवाफदेही बनाउँछ भने निश्चित सदस्यहरू समानुपातिक प्रणालीबाट निर्वाचित हुने व्यवस्थाले प्रतिष्पर्धामा उत्रिन नसक्ने समुदाय र वर्गको उचित प्रतिनिधित्वलाई सुनिश्चित तुल्याउँछ। यी दुई प्रणालीको मिश्रणसहित क्षतिपूर्तिसहितको व्यवस्था थप गरिँदा यसले जनताको वास्तविक म्याण्डेटको सही प्रतिबिम्ब प्रस्तुत गर्दै जनमतको पूर्ण सदुपयोग हुने कुराको सुनिश्चितता सिर्जना गर्छ।

४.१२. माथि नै चर्चा भएझैं, नेपालमा जातीय राज्य न सम्भव छ, न उपयुक्त नै। हाम्रो जनसङ्ख्याको मिश्रित बनौट र कुनै पनि भूभागमा निश्चित जातिको मात्रै बसोबास विद्यमान नभएको अवस्थाले नेपालमा एउटा निश्चित जातिको वर्चस्व भएका सङ्घीय इकाइ बनाउनु व्यावहारिक हिसाबले पनि असम्भव छ। यसबाहेक, आधुनिक राज्यहरू जातीय, धार्मिक या अन्य हिसाबले पनि निरपेक्ष हुने र त्यस भूखण्डमा बसोबास गर्ने सबै नागरिकले समान लोकतान्त्रिक अधिकार प्राप्त गर्ने कुराको सुनिश्चितता हुने कुरालाई आत्मसात गर्दै ती इकाइहरू सिङ्गो नेपालको सूक्ष्म रूप 'मिनी नेपाल'को रूपमा, अर्थात् बहुभाषिक, बहुजातीय र बहुसांस्कृतिक इकाइको रूपमा गठन हुने कुराको सुनिश्चितता गरिनुपर्छ। पहिचानको प्रश्नलाई यथोचित सम्मान गर्दै उनीहरूको सामर्थ्य, उनीहरूको दिगोपनको सुनिश्चितता र सिङ्गो राष्ट्रले धान्नसक्ने आधारमा नै इकाइहरूको सीमाङ्कन, रेखाङ्कन र नामाङ्कन गरिनुपर्छ।

४.१३. नेपालको सन्दर्भमा

आत्मनिर्णयको अधिकारलाई पनि समग्र राष्ट्रिय हितको सापेक्षतामै हेरिनुपर्छ । साम्राज्यवादको आक्रमणबाट नवोदित रूसी समाजवादलाई जोगाउन स्वतन्त्र राष्ट्रहरूलाई बृहत् सोभियत सङ्घमा आबद्ध गर्ने निश्चित प्रयोजनका लागि लेनिनले अगाडि सार्नुभएको 'राष्ट्रहरूको आत्मनिर्णयको अधिकार'लाई यहाँ लागू गर्नखोज्नु असान्दर्भिक विषय हो । त्यसरी नै, उपनिवेशवादबाट मुक्तिका लागि औपनिवेशिक राष्ट्रहरूलाई संयुक्त राष्ट्रसङ्घले प्रदान गरेको स्वतन्त्र हुन पाउने अधिकारसहितको आत्मनिर्णयको अधिकार पनि नेपालको वर्तमान सन्दर्भमा लागू हुने कुरा भएन । विभिन्न विषयहरूमा कस्ता राष्ट्रिय नीति अपनाउने र कुनै अन्तर्राष्ट्रिय वा क्षेत्रीय सङ्घ संस्थाको सदस्य हुने नहुने वा कुनै त्यस्ता मञ्च र अनुबन्धहरूमा सहभागी वा पक्ष हुने नहुने जस्ता राष्ट्रका आत्म निर्णयका अधिकार यहाँ, यस प्रसङ्गमा सान्दर्भिक नहुने कुरा पनि प्रष्टै छ। निश्चय नै, हामीले आईएलओ अभिसन्धि १६९ पारित गरेका छौं र त्यसको भावनाअनुरूप हामीले आदिवासी र जनजातिहरूको साधनस्रोतमाथिको अधिकार, पूर्वसूचित अधिकार, सामाजिक-सांस्कृतिक पहिचान कायम राख्ने अधिकार र अन्य विषयहरूलाई कार्यान्वयन गर्नुपर्छ । विशेष गरेर यस अधिकारलाई हामीले धार्मिक वा अन्य कुनै सामाजिक प्रबन्धका कारणले गरीब, दलित वा पछाडि पारिएका जनताले प्राप्त गर्ने विशेष व्यवस्थाको रूपमा बुभ्नुपर्छ । ती समुदायले अरूसरह न्याय, हक, अधिकार र सम्मान प्राप्त तथा उपभोग गर्ने आत्मनिर्णयको अधिकारको रूपमा बुभ्नुपर्दछ । त्यसलाई गलत ढङ्गले अर्थ्याएर व्याख्या र व्यवहार गर्नखोज्ने तरीकालाई अस्वीकार गर्नु पर्दछ । त्यसरी नै यसलाई, विश्वव्यापीकरण, औद्योगीकरण र मेगा प्रोजेक्टहरूको असरबाट हुने विस्थापन, बेरोजगारी, बेदखली र पहिचान गुम्नेजस्ता आदिवासीहरूका समस्याहरूलाई राज्यले गर्ने विशेष संरक्षणको अर्थमा बुभ्नु र प्रयोग गर्नुपर्छ।

**विश्वव्यापीकरण, औद्योगीकरण र मेगा प्रोजेक्टहरूको असरबाट हुने विस्थापन, बेरोजगारी, बेदखली र पहिचान गुम्नेजस्ता आदिवासीहरूका समस्याहरूलाई राज्यले गर्ने विशेष संरक्षणको अर्थमा बुझ्नु र प्रयोग गर्नुपर्छ ।**

तर, एकातिर 'आदिवासी' र 'आगन्तुक'को विवाद सिर्जना गर्दै स्रोतको उपभोगबाट स्थानीय समुदायलाई वञ्चित गर्ने कुराबाट हामी जोगिनुपर्छ भने अर्कातिर प्राकृतिक स्रोतसम्पदाहरूको दोहन बृहत् राष्ट्रिय हितमा गर्न सकिने कुराको सुनिश्चिततालाई पनि हामीले ध्यान दिनैपर्छ ।

४.१४ सङ्घीय, प्रादेशिक र स्थानीय सरकारबीच अधिकारको बाँडफाँड गर्दा हामीले राष्ट्रिय अखण्डतालाई सुनिश्चित गर्ने र जनतालाई अधिकारसम्पन्न बनाउने कुरालाई केन्द्रभागमा राख्नुपर्छ । राज्य पुनःसंरचनाको चालू बहसमा स्थानीय सरकारको प्रश्न ओझेलमा परेको छ, खालि केन्द्रको अधिकार कतिवटा प्रदेशमा पुनःवितरण गर्ने भन्ने कुरामा बढी केन्द्रित भएको छ । भोलि कस्तो प्रदेश बन्दा आफूलाई क्षेत्रीय राजनीति गर्न सजिलो हुन्छ भन्ने आत्मकेन्द्रित सोचबाट निर्देशित बहस र नीति निर्माताहरूको गलत मानसिकताले जनता सबैभन्दा बढी लाभान्वित हुने र लोकतन्त्रको अभ्यास गर्ने मुख्य थलो स्थानीय सरकारको बारेमा हामीले व्यवस्थित सोच बनाउन सकिरहेका छैनौं । आगामी दिनमा यसलाई उच्च महत्व दिनुपर्छ ।

## ५. पार्टीको लोकतान्त्रीकरण र जनताको बहुदलीय जनवाद

५.१. जुन पार्टीको आन्तरिक जीवनमा लोकतन्त्र छैन या जुन पार्टी खुदै लोकतान्त्रिक छैन, त्यसले समाजमा लोकतान्त्रिक आन्दोलनको नेतृत्व गर्न सक्दैन । लोकतन्त्र देखाउने आवरण या पार्टीलाई सिँगार्ने गहना होइन । यो राज्य सञ्चालन गर्ने वैज्ञानिक, न्यायपूर्ण र सामाजिक विधि हो, राज्य सञ्चालनका जिम्मेवार दललाई जनउत्तरदायी बनाउने व्यवस्था हो र यो व्यक्तिको जीवनशैली पनि हो । लोकतन्त्र समग्र सामाजिक प्रणाली, संरचना, प्रक्रिया, पद्धति र आचरणसमेत हो । त्यसैले लोकतान्त्रीकरणको चालू बहसलाई हामीले कुनै निश्चित संरचना या विधानको निश्चित व्यवस्थाको साँघुरो दायरामा होइन, सिङ्गो समाजको लोकतान्त्रीकरण र जनतालाई अधिकारसम्पन्न

बनाउने बृहत् उद्देश्यको सन्दर्भमा राखेर हेर्नुपर्छ ।

५.२. जनताको बहुदलीय जनवादको चर्चा गर्दा हामीले यसलाई कम्युनिस्ट पार्टीको लोकतान्त्रीकरणको धाराको रूपमा समेत चर्चा गऱ्यौं । हिंसाको बलमा, बन्दुकलाई सिरानी हालेर या दुईचार क्रान्तिकारीहरूको शौर्यमाथि आधारित भएर होइन, आमजनताको सचेत, जागरुक र सक्रिय हस्तक्षेपको बलमा सामाजिक रूपान्तरण गर्ने बाटो र प्रतिस्पर्धामा श्रेष्ठता हासिल गर्दै जनताको अभिमतबाट मात्रै जनवादी या समाजवादी राज्यसत्ता सञ्चालन गर्ने मान्यता जनताको बहुदलीय जनवादका अन्तर्वस्तु हुन् । स्वाभाविक छ, आमजनतालाई त्यसरी उत्प्रेरित गर्दै त्यसकै बलमा समाज परिवर्तन गर्न त्यही ढाँचाको सङ्गठन आवश्यक पर्छ र निरन्तर जनताको अनुमोदन लिएर तथा प्रतिस्पर्धामा वैशिष्ठ्य हासिल गरेर मात्रै सत्ता सञ्चालन गर्न पनि त्यसै प्रकृतिको लोकतान्त्रिक पार्टी संरचना आवश्यक पर्छ । त्यसैले पार्टीको लोकतान्त्रीकरणको विषय हामीले सम्पन्न गर्न खोजेको क्रान्तिको बाटो र हामीले स्थापना गर्न खोजेको समाजवादको विशिष्ठतासँग अविभाज्य ढङ्गले जोडिएको छ । अझ यसो भनौं, यो विषय त्यस्तो क्रान्ति र त्यस्तो राज्यव्यवस्थाको अनिवार्य पूर्वशर्त हो । पार्टी, राज्य र समग्र समाजको लोकतान्त्रीकरण आजको अपरिहार्य आवश्यकता हो । तर, विडम्बना यतिबेला पार्टीलाई सैनिकीरण गर्ने, राज्य र समाजलाई तानाशाहीकरण गर्ने उल्टो हावा चलिरहेको छ । वास्तवमा हतियाधारी पार्टीको निःशस्त्रीकरण, निःशस्त्र पार्टीको समेत लोकतान्त्रीकरण, समाजको सम्पूर्ण क्षेत्रमा लोकतान्त्रीकरण र नेपाली सेनालगायत राज्यका सुरक्षा अङ्गको आधुनिकीकरण र सुदृढीकरण आजका आवश्यकता हुन् । सेनाको आधुनिकीकरणका संविधानको सर्वोच्चता, नागरिक शासन, पारदर्शिताजस्ता आधुनिक मूल्यमान्यता र साधनस्रोत र तालिम-प्रशिक्षणजस्ता कुराहरूबाट सुसज्जित पार्ने सुदृढीकरणका पक्ष गरी दुईवटा पक्षहरू छन् ।

**पार्टी जीवनको लोकतान्त्रीकरण कुनै पदको भागबण्डा या अधिवेशनको बेला हुने निर्वाचनको प्रश्न मात्र होइन ।**

५.३. पाँचौ राष्ट्रिय महाधिवेशनमा हामीले जबजको सैद्धान्तिक पाटोमा पर्याप्त बहस गर्दै निश्चित टुङ्गोमा पुऱ्याए पनि यसको सङ्गठनात्मक संरचनाबारे पर्याप्त बहस गर्न पाएनौं । मदन कमरेडको निधनसँगै यसका कतिपय पक्षमा हुनुपर्ने सिर्जनात्मक बहस र थप विकास अवरुद्ध जस्तै भए । सातौं महाधिवेशनमा हामीले पार्टी जीवनको लोकतान्त्रीकरणको बहसलाई विधिवत् प्रारम्भ त गऱ्यौं, तर पार्टीको तात्कालीन चेतना, पार्टीभित्रको मनोविज्ञान र छलफलको सीमित समयसीमाजस्ता अनेकौं कारणहरूले यो विषय स्थगन गर्नुपर्ने अवस्था सिर्जना भयो । आठौं राष्ट्रिय महाधिवेशनमा भने यो विषय मुख्य एजेण्डा बनेर स्थापित हुन सफल भयो र हामीले व्यापक बहससहित यसलाई पार्टी जीवनको अभिन्न अङ्गको रूपमा स्थापित गर्ने सफलता हासिल गरेका छौं ।

५.४. पार्टी जीवनको लोकतान्त्रीकरण कुनै पदको भागबण्डा या अधिवेशनको बेला हुने निर्वाचनको प्रश्न मात्र होइन । यसको सार हो- पार्टीमा आम सदस्यहरूको सार्वभौमिकताको स्थापना, नीतिनिर्माण र निर्णय प्रक्रियामा उनीहरूको स्वामित्वको प्रत्याभूति, कार्यकर्ताको स्वेच्छिक चयनका आधारमा नेतृत्वको निर्माण र उपयुक्त विधिद्वारा जिम्मेवारी वितरणसहित सामूहिक नेतृत्वको स्थापना । त्यसैगरी यसका महत्वपूर्ण पक्ष हुन्- पार्टीभित्र वैचारिक राजनीतिक बहसको जीवन्त उपस्थिति, विचारकै आधारमा विभेद नहुने कुराको ग्यारेन्टी, निश्चित विधिद्वारा माथिल्लो कमिटी र नेतृत्वका कामको जवाफदेहिताको सुनिश्चितता, नेतृत्व युवा पुस्तामा क्रमशः हस्तान्तरणका लागि मुख्य पदहरूमा दुई कार्यकालको सीमा निर्धारण आदि । अर्थात् सारमा पार्टीको लोकतान्त्रीकरण पार्टी जीवनमा नयाँ रक्तसञ्चार गर्ने विधि हो । पार्टी नेतृत्वमा पुगेपछि सिङ्गो पार्टी नभनेर 'संस्थापन' भन्ने र आफ्ना अन्य समर्थक र पक्षहरूको हितका निम्ति काम गर्ने, अलिकति असहमति वा फरक विचार राख्ने चिन्तनशील र सिर्जनशील साथीहरूलाई नकारात्मक आँखाले हेर्ने, पार्टीमा आलोचनात्मक

चेतलाई निरुत्साहित गर्ने र सर्वत्र अन्धभक्तलाई स्थान दिन खोज्ने सङ्कीर्णताले पार्टी जीवनलाई अस्वस्थ बनाउँछ । त्यसैले त्यस्ता तरिकाहरूलाई हटाउनु र स्वस्थ लोकतान्त्रिक विधि र व्यवहार अपनाउनु आवश्यक छ ।

५.५. हामीले आठौं महाधिवेशनमा लोकतान्त्रीकरणको भव्य अभ्यास गऱ्यौं र नेकपा (एमाले)लाई लोकतान्त्रीकरणको स्थापक र नायक साबित गर्ने क्रममा नयाँ दृष्टान्त स्थापित गऱ्यौं । यसले राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा पारेका प्रभाव हामी अझै अनुभूति गरिरहेका छौं । यतिबेला त्यो अभ्यास स्थानीय तहसम्मै हुँदैछ । नयाँ अभ्यास हुनुको नाताले, कतिपय अनुभवका सीमाका कारणले अभ्यासका क्रममा कतिपय कमी पनि देखापरेका छन्, केही समस्या पनि सिर्जना भएका छन् । यी स्वाभाविक हुन् र अनुभवका आधारमा यिनीहरू परिष्कृत र व्यवस्थित हुँदै जानेछन् । तर, अचेल कतिपय साथीहरू पार्टीभित्र प्रकट हुने अस्वस्थता, गुटबन्दी या विभेदका निम्ति लोकतान्त्रीकरणको सिद्धान्तलाई दोष दिने र कुनै न कुनै हिसाबले यसलाई सङ्कुचित गर्ने या निषेध गर्ने मान्यता अगाडि सार्न थालेका छन् । आफू नाच्न नजान्ने अनि आँगनको आकारलाई दोष दिने यो तरिका मन्जुर हुन सक्दैन । अन्तर्राष्ट्रिय जगत्‌मा समाजवादलाई सिध्याउने र देशभित्र पार्टी फुटाउनेजस्ता अक्षम्य गल्ती कम्युनिस्ट पार्टीहरूले अलोकतान्त्रिक अभ्यासमा अभ्यस्त भएकै बेलाका घटना हुन् । माथि भनिएझैं, लोकतान्त्रीकरण कुनै विधानको निश्चित प्रावधान, दफा या कुनै संरचना मात्रै होइन, तपाईंको सोच र जीवनशैली पनि हो । तपाईं निर्वाचनमा जालझेल गर्नुहुन्छ, अस्वस्थता सिर्जना गर्नुहुन्छ, असहमत पक्षलाई समेट्न सक्नुहुन्न, वैचारिक प्रश्नको जवाफ प्राविधिक ढङ्गले दिन चाहनुहुन्छ, अनिर्वाचित व्यक्तिलाई प्रतिनिधि घोषित गरेर अनुकूल परिणाम प्राप्त गर्न चाहनुहुन्छ र आफूलाई टिकाउन र बलियो बनाउनका लागि पार्टीसत्तालाई दुरूपयोग गर्न चाहनुहुन्छ तर पार्टीभित्र उत्पन्न भएका सबै समस्याहरूको दोष पार्टीको लोकतान्त्रीकरणको मान्यतालाई दिनुहुन्छ भने यो कसरी स्वीकार्य हुनसक्छ ? पार्टीमा लोकतान्त्रिक अभ्यास नभएका बेला पनि समस्या थिए र अझ विकराल थिए । कमरेड देवेन्द्र घिमिरेका शब्दमा त्यतिबेला प्रयोग हुने 'राता आँखे जनवाद' पार्टीभित्र नोकरशाहीतन्त्रको जीवन्त नमूना थियो । गुटबन्दी, अस्वस्थता र पार्टी विभाजन त्यस्तै बेलामा भएका थिए । त्यसैले हाम्रा आफ्ना सीमाका कारण उत्पन्न समस्यालाई पार्टीको लोकतान्त्रीकरणको थाप्लोमा हालिदिएर उम्किने तरिका सही हुन सक्दैन ।

**अन्तर्राष्ट्रिय जगत्‌मा समाजवादलाई सिध्याउने र देशभित्र पार्टी फुटाउनेजस्ता अक्षम्य गल्ती कम्युनिस्ट पार्टीहरूले अलोकतान्त्रिक अभ्यासमा अभ्यस्त भएकै बेलाका घटना हुन् ।**

५.६. लोकतान्त्रीकरण र अन्य पार्टी जीवनको लोकतान्त्रीकरणको प्रश्न पार्टीको महाधिवेशनदेखि केन्द्र र तलसम्मका विभिन्न ढङ्गका कामकाजी निकायहरूको गठन र सञ्चालन एवम् तिनीहरूका बीचको सही र सन्तुलित सम्बन्धसँग प्रत्यक्ष सम्बन्धित रहेको छ । खासगरी केन्द्र र तल्ला निकायहरूबीचको सम्बन्ध लोकतान्त्रिक, विधिसम्मत र पार्टी एवम् जनहीत केन्द्रित छ कि छैन भन्ने प्रश्न यस सम्बन्धमा महत्वपूर्ण छ । पार्टीका वरिपरि रहेका जनवर्गीय, पेशागत र सामुदायिक आदि विभिन्न प्रकारका सङ्घ-संस्था र सङ्गठनहरूसँगको पार्टी सम्बन्ध पनि लोकतान्त्रीकरणको प्रश्नमा एउटा महत्वपूर्ण विषय हो । त्यस्ता सङ्गठनहरूले पार्टीका नीतिहरूको अवलम्बन गरून् तर तिनको साङ्गठनिक स्वतन्त्रता र स्वायत्तता तिनमै रहोस् । यस क्षेत्रमा लोकतान्त्रीकरणको मुख्य अर्थ त्यही हो । नीतिमा वास्ता नगर्ने तर साङ्गठनिक मामलामा हस्तक्षेप गर्ने, नीति जस्तोसुकै पास होस्, तर नेतृत्व आफूअनुकूलको बनोस् भन्ने प्रवृत्ति लोकतान्त्रिक हुन सक्तैन । जनवर्गीय सङ्गठनहरूलाई स्वावलम्बी र स्वायत्त हुन नदिन, त्यहाँ योग्यता र कामका आधारमा अघि बढ्न नदिन, कामको मूल्याङकनको परिपाटी समाप्त पार्दै 'टीके' परिपाटी लागू गरेर चाकरी चाप्लुसीको प्रवृत्ति हुर्काउने तरीका लोकतान्त्रिक हुनै सक्तैन । यस्ता गलत तरीकाहरू छाडेर लोकतान्त्रिक

मान्यता र आचरणमा जानु जरुरी छ ।

५.७. निश्चय नै, अनुभवका आधारमा यस अभ्यासलाई अझ परिष्कृत गर्नु आवश्यक देखिएको छ । पार्टीभित्रको निर्वाचनलाई कसरी स्वस्थ र मर्यादित बनाउने, यसमा उत्पन्न विकृतिको नियन्त्रण कसरी गर्ने, प्रतिस्पर्धाको क्रममा निर्वाचित हुन नसकेका साथीहरूको जिम्मेवारीको सुनिश्चितता कसरी गर्नेजस्ता विषयमा हाम्रो ध्यान जान जरुरी छ । पार्टीभित्र वैचारिक र मुद्दागत आधारमा उत्पन्न हुनसक्ने समूहको व्यवस्थापन र नितान्त व्यक्तिगत हिसाबले हुर्किने गुटबन्दीबीच कसरी भेद गर्ने भन्ने समस्यामा पनि हामीले नयाँ ढङ्गले सोच्नु आवश्यक छ । परिवर्तित सन्दर्भमा कार्यकर्ता व्यवस्थापनबारे पनि नयाँ ढङ्गले बहस चलाउनु आवश्यक छ ।

५.८. परिवर्तित सन्दर्भमा पार्टीले राजनीतिक प्रकृतिका काम मात्रै गरेर पुग्दैन । पार्टीले सामाजिक-आर्थिक-सांस्कृतिक रूपान्तरणका काममा पनि अगुवाइ गर्नुपर्छ । यसका लागि राजनीतिक प्रकृतिका सङ्गठन मात्रै होइन, सामाजिक-आर्थिक रूपान्तरणका निम्ति अनुकूल हुने सङ्गठनमा पनि पार्टीले व्यापक सहभागी हुने, प्रभावकारी भूमिका खेल्ने र त्यसमा नेतृत्वदायी दायित्व निर्वाह गर्नुपर्छ । यसलाई पार्टीले उपयुक्त वैचारिक व्यवस्थापन गर्दै अगाडि बढाउनु पर्छ ।

**सही विचार भएर पनि त्यसको आधारमा हाम्रा निर्णय, हाम्रा व्यवहार र समग्र क्रियाकलाप निर्देशित हुन नसक्दा लोकतान्त्रिक र वामपन्थी आन्दोलनको मूलधार हाम्रो पार्टी आज सङ्गठनात्मक हैसियतले खुम्चिन पुगेको छ ।**


## ६. जनताको बहुदलीय जनवादको समृद्धि र नेकपा (एमाले) को सार्थक भूमिका

६.१. हामीले आजका राजनीतिक प्रश्नहरूमा जनताको बहुदलीय जनवादले कसरी आफ्नो सच्चाइलाई पुष्टि गर्दै ल्याएको छ र कसरी यसले समग्र राजनीतिलाई प्रभावित गरिरहेको छ भन्ने चर्चा गरिसकेका छौं । अनुभवका आधारमा यसलाई अझ समृद्ध गर्दै, व्यवहारमा कार्यान्वयन गर्ने क्रममा अझ विकसित गर्दै यसलाई हामीले नेकपा (एमाले)को मात्रै वैचारिक मार्गदर्शक विचार होइन, राष्ट्रिय राजनीतिकै निर्देशक विचारको रूपमा स्थापित गर्न पहल गर्नुपर्छ । यथास्थितिवादको प्रतीकको रूपमा रहेको नेपाली काङ्ग्रेसका विचारले जनताले खोजेको सामाजिक-आर्थिक रूपान्तरण र परिवर्तनको भावनालाई प्रतिनिधित्व गर्न सक्दैन । त्यसरी नै, हिंसा र अधिनायकवादको आशक्तिबाट मुक्त हुन नसकेको तथाकथित माओवाद र प्रचण्डपथबाट शान्ति, लोकतन्त्र र दिगो परिवर्तनको अपेक्षा गर्नु मृगमरिचिका मात्रै हो । राष्ट्रिय राजनीतिमा सहमतिको बिन्दु जनताको बहुदलीय जनवादमात्रै हुनसक्छ भन्ने कुरा दोहोऱ्याइरहनु पर्दैन ।

६.२. तर, नेकपा (एमाले) एउटा विडम्बनाको प्रक्रियाबाट गुज्रिँदैछ- सही विचार भएर पनि त्यसको आधारमा हाम्रा निर्णय, हाम्रा व्यवहार र समग्र क्रियाकलाप निर्देशित हुन नसक्दा लोकतान्त्रिक र वामपन्थी आन्दोलनको मूलधार हाम्रो पार्टी आज सङ्गठनात्मक हैसियतले खुम्चिन पुगेको छ । कतिपय व्यक्तिहरू एमालेको यो नियतिका निम्ति घुमाउरो पाराले जनताको बहुदलीय जनवादलाई दोषारोपित गर्ने धृष्टता गर्छन् । तर, यो नितान्त गलत तरिका हो । आजको आवश्यकता हो- यस विचारको मार्गदर्शनमा हाम्रा समग्र क्रियाकलापलाई दिशा निर्देशित गर्नु र नेकपा (एमाले)लाई कुनै शक्तिको छाया, अनुयायी, सहयोगी या प्रतिलिपि पार्टीको रूपमा होइन, राष्ट्रिय राजनीतिको केन्द्रभागमा, नेतृत्वदायी हैसियतका साथ स्थापित गर्नु । यसका लागि मूलतः पार्टीले आफूलाई उग्रवामपन्थभन्दा पृथक लोकतान्त्रिक चरित्रको र यथास्थितिवादी भन्दा पृथक क्रान्तिकारी अन्तर्वस्तुको शक्ति अर्थात् क्रान्तिकारी लोकतान्त्रिक शक्तिको रूपमा स्थापित गर्नुपर्छ । कथित प्रजातान्त्रिक शक्तिहरूको हातबाट लोकतान्त्रिक झण्डा र कथित 'क्रान्तिकारीहरू'को हातबाट क्रान्तिकारी परिवर्तनको झण्डा आफ्नो हातमा लिएर आफूलाई राष्ट्रिय राजनीतिको नेतृत्वदायी स्थानमा स्थापित गर्न समग्र ध्यान केन्द्रित गर्नुपर्छ ।

■

# बदलिँदो सन्दर्भमा जनताको बहुदलीय जनवाद



प्रदीप ज्ञवाली

> यो दुई दशकमा सामाजिक परिवर्तनका आन्दोलनको अग्निपरिक्षामा एकातिर जनताको बहुदलीय जनवाद सही, वैज्ञानिक र युगान्तकारी प्रमाणित भएको छ र अन्तर्राष्ट्रिय समाजवादी तथा वामपन्थी आन्दोलनका अनुभवले पनि यसले अगाडि सारेको आन्दोलनको लोकतान्त्रिकरणको मान्यतालाई सत्यापन गरेका छन्।

१. जननेता मदन भण्डारीको वैचारिक मार्गदर्शनमा जनताको बहुदलीय जनवादको प्रतिपादन भएको दुई दशक बित्न लागेको छ। सुरुमा नेपाली क्रान्तिको कार्यक्रमको रूपमा अगाडि सारिएको यो अवधारणालाई पार्टीले छैटौं राष्ट्रिय महाधिवेशनपछि नेपाली क्रान्तिको सिद्धान्तको रूपमा आत्मसात गर्दै आएको छ। जनताको बहुदलीय जनवादको प्रतिपादनपछिको यो अवधिमा नेपाली समाज र नेपालको राष्ट्रिय राजनीतिमा निकै ठूला उतार-चढाव आएका छन्। यसबीचमा अन्तर्राष्ट्रिय परिस्थिति पनि तीव्र गतिमा परिवर्तनको मोडबाट गुज्रिरहेको छ। यो दुई दशकमा सामाजिक परिवर्तनका आन्दोलनको अग्निपरिक्षामा एकातिर जनताको बहुदलीय जनवाद सही, वैज्ञानिक र युगान्तकारी प्रमाणित भएको छ र अन्तर्राष्ट्रिय समाजवादी तथा वामपन्थी आन्दोलनका अनुभवले पनि यसले अगाडि सारेको आन्दोलनको लोकतान्त्रिकरणको मान्यतालाई सत्यापन गरेका छन्। जनताको बहुदलीय जनवादको मार्गदर्शनमा अगाडि बढ्दै नेपाली क्रान्तिले पनि यसबीचमा महत्वपूर्ण उचाइ प्राप्त गरेको छ। तर यसबीचमा, जनताको बहुदलीय जनवादको जगमा उभिएको र यसैको मार्गदर्शनमा अगाडि बढिरहेको नेकपा (एमाले) भने कतिपय सफलता र उपलब्धिका बावजुद कमजोर बन्न पुगेको छ, राष्ट्रिय राजनीतिमा तेस्रो शक्तिमा धकेलिन पुगेको छ। पार्टीको सिद्धान्त र विचार सही हुने तर त्यही पार्टीले भने धक्का र चुनौतीको सामना गर्नु पर्ने कारण के हो ? यस प्रश्नको जवाफ नखोजी पार्टीलाई राष्ट्रिय राजनीतिको केन्द्रभागमा, यसको नेतृत्वदायी शक्तिको रूपमा स्थापित गर्नु संभव हुँदैन। यसका अलावा, यसबीचका सामाजिक-आर्थिक-सांस्कृतिक परिवर्तनहरूले आन्दोलनका सामु नयाँ र जटिल प्रश्नहरू अगाडि सारेका छन्, जसको वस्तुनिष्ठ जवाफ नखोजी आजका चुनौतीलाई चिर्न सक्दैनौं। त्यसैले यतिबेला हाम्रा सामु जनताको बहुदलीय जनवादको प्रतिरक्षा र

सिर्जनात्मक प्रयोग गर्ने दायित्व त छँदैछ, यसका साथ परिवर्तित सन्दर्भमा यसको सिर्जनात्मक विकास गर्ने चुनौती पनि हाम्रो काँधमा छ ।

**यतिबेला हाम्रा सामु जनताको बहुदलीय जनवादको प्रतिरक्षा र सिर्जनात्मक प्रयोग गर्ने दायित्व त छँदैछ, यसका साथ परिवर्तित सन्दर्भमा यसको सिर्जनात्मक विकास गर्ने चुनौती पनि हाम्रो काँधमा छ ।**

२. 'नेकपा (एमाले) को राजनीतिक कार्यक्रम वहुदलीय जनवाद हो । यसको तात्पर्य बहुदलीय प्रतिष्पर्धा भएको राजनीतिक शासन प्रणाली सहितको जनवादी राज्यसत्ता हो । बहुदलीयता र जनवाद दुईवटा शव्द यसमा संयोजित छन् । वहुदलीयता शासन प्रणालीलाई व्यक्त गर्न राखिएको शव्द हो भने जनवाद राज्यसत्तालाई परिभाषित गर्न राखिएको शव्द हो । जनताको प्रजातान्त्रिक शासन व्यवस्थालाई अभिव्यक्त गर्नका निम्ति यी दुवै शव्द अपरिहार्य छन् । तिनीहरूलाई समन्वित, संयोजित गरेर एउटा एकीकृत व्यवस्थाको रूपमा प्रस्तुत गर्न हामीले बहुदलीय जनवाद भनेका छौं ।' २०४८ सालमा कमरेड मदन भण्डारीले 'वहुदलीय जनवादबारे केही कुरा' नामक पुस्तिका मार्फत् नेपाली क्रान्तिको कार्यक्रमबारे यस्ता केही नयाँ, मौलिक र विचारोत्तेजक अवधारणाहरू अगाडि सारेपछि त्यसले राष्ट्रिय राजनीतिमा मात्रै होइन, स्वयं नेकपा (एमाले) भित्रै पनि तरङ्ग सिर्जना गरिदियो । भर्खर माले- मार्क्सवादी एकीकरण भएर नयाँ संरचनामा हुर्किंदै गरेको पार्टीमा तात्कालीन राजनीतिका महत्वपूर्ण मुद्दाहरू लगायत क्रान्तिका कतिपय आधारभूत प्रश्नमा विचारहरू थिग्रिइसकेका थिएनन् । एकीकरणको घोषणापत्रले केही विषयमा मार्गदर्शन गरेको भए पनि त्यो पर्याप्त थिएन । त्यस्तो पृष्ठभूमिमा, लामो समयदेखि 'नयाँ जनवाद' को स्कुलिङमा हुर्किंदै गरेको पार्टी नेतृत्व कमरेड मदन भण्डारीका नयाँ र युगान्तकारी विचारहरूबारे तत्कालै 'कन्भिन्स' हुन सकेन ।

३. त्यसो त, नेकपा (माले) मा धेरै अगाडिदेखि नै बहुदलीय प्रतिष्पर्धा सम्बन्धी बहस चल्दै आएको थियो र यस सम्बन्धी मान्यता क्रमशः स्थापित र स्वीकृत पनि हुँदै आएका थिए । जनमत सङ्ग्रह बहिष्कार गर्ने ऐतिहासिक भूल गरे पनि पार्टीले २०३५/३६ को आन्दोलनले ल्याएको खुलापनबाट आफूलाई पृथक राख्नु संभव थिएन । २०३७ असौजमा सम्पन्न केन्द्रीय कमिटीको सातौं बैठकबाट पार्टी क्रमशः जनआन्दोलन, जनसङ्गठन र राजनीतिक सुधारका सङ्घर्षमा समेत सहभागी हुँदै गएको थियो, पार्टी जनसरोकारका मुद्दाहरू, मानव अधिकार र प्रजातन्त्रका निम्तिको आन्दोलनसँग जोडिँदै गएको थियो । २०४३ मा सम्पन्न पञ्चायती निर्वाचनमा जनपक्षीय हस्तक्षेपले पार्टीलाई एकातिर आम जनतासमक्ष आफ्ना विचारहरू पुऱ्याउने प्रभावकारी मञ्च प्रदान गरेको थियो भने अर्कातिर यस अभ्यासले क्रान्तिकारी संसदवादको बारेमा नयाँ मान्यता विकास गर्न पनि सघाएको थियो । २०४० को दशकको पूर्वार्द्धमा चलेका 'पार्टी स्वतन्त्रता कि राजनीतिक स्वतन्त्रता सम्बन्धी बहस पार्टीमा नयाँ मान्यताको विकासका प्रस्थानविन्दु थिए । यसै पृष्ठभूमिमा आयोजित पार्टीको चौथो महाधिवेशनले नौलो जनवादी व्यवस्थामा वहुदलीय जनवादी शासन प्रणाली अवलम्वन गर्ने ऐतिहासिक निर्णय गऱ्यो । यो महत्वपूर्ण फैसला र पञ्चायती व्यवस्थाका विरुद्ध संयुक्त जनआन्दोलन गर्ने महाधिवेशनको निर्णयको जगमा उँभिएर पार्टीले २०४६ सालको संयुक्त जनआन्दोलनमा महत्वपूर्ण र अग्रणी भूमिका खेलेको थियो ।

यति हुँदाहुँदै पनि, कार्यक्रमकै रूपमा 'बहुदलीय जनवाद' लाई स्वीकार्ने कुरा, 'नयाँ जनवाद' को परम्परागत स्कुलमा हुर्किंदै आएको पार्टीका निम्ति सहज थिएन । आधारभूत पार्टी पङ्क्ति त आफ्नो सीमित चेतनाका कारण अन्यौलमा पर्नु स्वाभाविकै थियो, कतिपय नेताहरू समेत यो महत्वपूर्ण 'ब्रेक थ्रु' लागि तयार थिएनन् । परिस्थितिमा आएका युगान्तकारी परिवर्तनलाई छाम्न र तदनुरूप क्रान्तिका सिद्धान्तमा सिर्जनात्मक विकास गर्न आवश्यक भएको देख्न नसक्ने परम्परावादी नेताहरूले त मदन भण्डारीमाथि सङ्गीन आरोप नै लगाए । क्रान्तिकारी सिद्धान्त छाडेको र दक्षिणपन्थी वाटोमा स्खलित भएको आरोप लाग्ने भयले अन्तरङ्ग नेताहरू समेत 'बहुदलीय नयाँ जनवाद' या 'जनताको बहुदलीय नयाँ जनवाद' जस्तो नाम राखेर भए पनि 'नयाँ जनवाद' लाई निरन्तरता दिनु पर्छ भन्ने मान्यतामा उँभिए ।

यस्तो स्थितिमा, यो मान्यता पार्टी पोलिटब्युरोमा लगभग अल्पमतमा पऱ्यो भने केन्द्रीय कमिटीमा पनि अलमल देखियो । तर मदन भण्डारी भीडका पछाडि लतारिने होइन, भीडलाई आफ्नो पछाडि डोहोऱ्याउने सामर्थ्यसहितको नेता हुनुहुन्थ्यो । उहाँले कमिटीमा बहुमत छ कि छैन भनेर होइन, युगको खाँचो के हो भन्ने विश्लेषणका

आधारमा आफ्ना मान्यताहरूको दृढतापूर्वक पक्षपोषण गर्नुभयो र पार्टी पङ्क्तिलाई क्रमशः नयाँ विचारको पक्षमा सहमत, विश्वस्त र दृढ तुल्याउनुभयो । 'परिमार्जित नौलो जनवाद कि विसर्जनवाद ?' नाममा आलेखमा उहाँले अनेकौं गंभीर आरोपहरूको खण्डन गर्दै जनताको बहुदलीय जनवादको प्रतिरक्षा गर्नुभएको छ ।

४. जनताको बहुदलीय जनवाद प्रतिपादन हुँदै गरेको समय सन्दर्भ कम्युनिष्ट आन्दोलनका निम्ति निकै प्रतिकूल थियो । खास गरी सोभियत सङ्घको विघटन र पूर्वी युरोपबाट समाजवादी सत्ताहरूको पतनले कम्युनिष्ट आन्दोलनलाई प्रतिरक्षात्मक अवस्थामा धकेलिदिएको थियो । मार्क्सवादको भविष्य, समाजवादको भविष्यप्रति धेरै मान्छेहरूको विश्वासमा पहिरो गएको थियो र उनीहरू पार्टीको नाम र झण्डा फेर्दै पलायन हुँदै थिए । पुँजिवादी चिन्तकहरू 'इतिहासको अन्त्य' र 'विचारको मृत्यु' जस्ता निष्कर्ष निकाल्दै बजार अर्थतन्त्र र पुँजिवादी राजनीतिक प्रणालीलाई निर्विकल्प साबित गर्न प्रयत्न गरिरहेका थिए । मार्क्सवाद सङ्कटमा थियो र यसको रक्षा सबैभन्दा ठूलो चुनौती बनेको थियो । अर्कातिर कतिपय जडमतिहरू विश्व परिस्थितिमा आएका विशाल परिवर्तन, वर्ग सम्बन्धमा आएका ठूलाठूला फेरबदल र बदलिदो सन्दर्भले खडा गरेका नयाँ प्रश्नप्रति बेखबर थिए र आजको ज्वलन्त समस्याको समाधान शास्त्रीय ग्रन्थबाटै खोज्न चाहन्थे । जडसूत्रवाद मार्क्सवादको रक्षा र विकासको सन्दर्भमा अर्को चुनौतीको रूपमा खडा थियो ।

'मार्क्सवाद सामाजिक सिद्धान्तको हिसाबले उत्पादक शक्तिका रूपमा काम गरिरहेको श्रमजीवी जनताको मुक्तिको सिद्धान्त हो । मार्क्सवाद र समाजवादका नाममा विभिन्न ठाउँमा भएका गल्ती, कमजोरीहरूको ढाकछोप र रक्षा गर्ने काममा हामीले आफूलाई लगाउन सक्दैनौं । तर मार्क्सवादको दृढ अनुसरणको घोषणासाथ आफ्नो देशका उत्पादक शक्ति श्रमजीवी जनताको हित जसरी गर्न सकिन्छ त्यो ढङ्गले आफूलाई लगाउनु पर्छ ।...मार्क्सवाद-लेनिनवाद उत्पादक शक्ति श्रमजीवी जनताको मुक्तिको सिद्धान्त हो र कम्युनिष्ट पार्टी त्यसको मार्गदर्शनमा मुक्ति सङ्घर्षलाई राजनीतिक र व्यवहारिक नेतृत्व प्रदान गर्ने पार्टी हो । आज किसानको सामाजिक मुक्ति र राष्ट्रको स्वाधीनताको सङ्घर्षलाई मार्गदर्शन गर्ने अर्को कुनै सिद्धान्त र दर्शन छैन, त्यो केवल मार्क्सवाद हो । ' यी दृढ र स्पष्ट मान्यताका साथ मदन भण्डारीले मार्क्सवादको प्रतिरक्षा गर्नुभयो । उहाँले सोभियत र चिनियाँ समाजवादका सफलता/असफलताको वस्तुनिष्ठ विश्लेषण गर्दै 'मार्क्सवाद विश्वमा असफल भएको होइन, बरु सोभियत नमूना मात्र असफल भएको हो ' भन्ने निष्कर्ष निकाल्नु भयो ।

५. तर मार्क्सवादको प्रतिरक्षा र यसप्रतिको निष्ठालाई उल्लेख गरेर मात्रै आजका समस्याहरूको समाधान संभव थिएन । समयले नयाँ, जटिल र गंभीर प्रश्नहरू तेर्स्याएको थियो र ती प्रश्नको वस्तुनिष्ठ उत्तर नदिइकन आन्दोलनलाई अगाडि बढाउन संभव थिएन । त्यसैले उहाँले आफूलाई शास्त्रीय ग्रन्थको घेराबाट बाहिर निकाल्दै मार्क्सवादको सिर्जनात्मक प्रयोगलाई मुख्य जोड दिनुभयो । जर्मन कवि गेटेको 'जीवनको वृक्ष हरियो हुन्छ, तर सिद्धान्तको रङ्ग खैरो हुन्छ' भन्ने विख्यात उक्तिलाई एङ्गेल्सले धेरै चोटी दोहोऱ्याउनु भएको छ । यसैबाट उत्प्रेरित मदन भण्डारीले आफ्नो चर्चित निष्कर्ष प्रस्तुत गर्नुभएको थियो- सिद्धान्तको निम्ति जीवन होइन, जीवनको निम्ति सिद्धान्तको अन्वेषण र प्रयोग । '.....हामीले लिएका नयाँ मौलिक नीतिहरू कुनै पुराना किताबमा छन् कि छैनन् भनेर सत्यता जाँच्ने होइन, वर्गसङ्घर्षको व्यवहारबाट जाँच्नु पर्छ' मदन भण्डारीले एकठाउँ भन्नुभएको छ । जीवनलाई बाटो देखाउन नसक्ने शास्त्रबाट आफूलाई मुक्त गर्न उहाँ दृढ निश्चयी हुनुहुन्थ्यो ।

मार्क्सवादका आधारभूत मान्यताहरूमा सार्वभौम सच्चाइ छ, तर यसको प्रयोग चाहिँ प्रत्येक मुलुकको विशिष्ट परिस्थितिमा सिर्जनात्मक र मौलिक ढङ्गले मात्रै हुन सक्छ । कमरेड मदन भण्डारीले जवजको प्रतिपादन गरिरहँदा आफूले काम गरिरहेको समय सन्दर्भ र आफूले काम गरिरहेको समाजको वस्तुनिष्ठ विश्लेषणमा मुख्य ध्यान केन्द्रित गर्नुभयो । तात्कालीन नेकपा (माले) लाई उग्रवामपन्थी धारबाट मुक्त गर्ने, यसलाई लोकतान्त्रिक परिवर्तनको अग्रणी शक्तिको रूपमा स्थापित गर्ने र नेपाली क्रान्तिको मौलिक सिद्धान्त निर्माण गर्ने करिब डेढ दशक लामो वैचारिक सङ्घर्षको उहाँ अग्रपङ्क्तिमा

**कमरेड मदन भण्डारीले जवजको प्रतिपादन गरिरहँदा आफूले काम गरिरहेको समय सन्दर्भ र आफूले काम गरिरहेको समाजको वस्तुनिष्ठ विश्लेषणमा मुख्य ध्यान केन्द्रित गर्नुभयो ।**

हुनुहुन्थ्यो र पछिल्ला समय त उहाँले नै यो वैचारिक कामको अगुवाइ गर्नुभएको थियो । क्रान्तिको मौलिक सिद्धान्त र बाटोको खोजी, मुख्य अन्तरविरोधको पहिचान, राजतन्त्रसँगको सम्बन्ध, संयुक्त जनआन्दोलनको पहलकदमी र सामाजिक-आर्थिक मुद्दामा पार्टीलाई संयोजन गर्ने आदि काम मार्फत् कमरेड मदन भण्डारीले नेपाली क्रान्तिका केही विशिष्ट प्रश्नको जवाफ खोजिसक्नुभएको थियो । यसका अलावा, नेपालको प्रजातान्त्रिक आन्दोलनको अभिन्न अङ्को रूपमा रूपमा रहेको नेपाली कम्युनिष्ट आन्दोलन र यसले उठाउँदै आएका लोकतान्त्रिक मुद्दाहरूलाई पार्टी कार्यक्रममा संयोजन गर्ने सबाल र अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनका सकारात्मक/नकारात्मक अनुभवलाई संश्लेषण गर्ने काममार्फत् कमरेड मदन भण्डारीले जनताको बहुदलीय जनवादको प्रतिपादन गर्नुभयो ।

**कम्युनिष्ट आन्दोलनको लोकतान्त्रीकरणको कुरा गर्दा यसको क्रान्तिकारीकरणको पाटो बिर्सेर यसलाई सुधारवादी लोकतान्त्रिक सिद्धान्तको रूपमा सीमित गर्न चाहने र क्रान्तिकारीकरणको चर्चा गरिरहँदा यसको लोकतान्त्रिकरणको पाटो बिर्सेर उग्रवामपन्थता, हिंसा र अधिनायकवादी मान्यतासँग यसको आधारभूत सम्बन्ध विच्छेदको मूल मर्मलाई वेवास्ता गर्ने प्रवृत्ति देखा पर्ने गरेको छ ।**

६. जनताको बहुदलीय जनवादको मुख्य सार हो- कम्युनिष्ट आन्दोलनको लोकतान्त्रिकरण । आन्दोलनको क्षेत्रमा, राज्यसत्ता सञ्चालनको क्षेत्रमा, पार्टी निर्माणको क्षेत्रमा र नेतृत्व विकासको सन्दर्भमा यसले केही नयाँ, मौलिक र अत्यन्त सान्दर्भिक अवधारणा विकास गरेको छ । खास गरी हिंसालाई क्रान्तिको अनिवार्य साधन ठान्ने कम्युनिष्ट आन्दोलनको उग्रवामपन्थी भ्रान्तिबाट आफूलाई मुक्त गर्दै यसले आन्दोलनका रूप परिस्थिति सापेक्ष हुने निष्कर्ष निकालेको छ र विश्व परिस्थिति र राष्ट्रिय राजनीतिमा आएका फेरबदलको सूक्ष्म विश्लेषण गर्दै समाजको शान्तिपूर्ण रूपान्तरणको संभावनालाई स्पष्ट पारेको छ । त्यसरी नै, अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको अनुभव, समाजको संरचनारूपी सार र राज्यसत्ताको बनौटरूपी रूपको बीचमा द्वन्द्वात्मक एकता हुनुपर्ने दार्शनिक मान्यता र नेपालको प्रजातान्त्रिक आन्दोलनको आधा शताब्दी लामो अनुभवमा आधारित भएर क्रान्तिपछि स्थापित हुने जनवाद होस् या समाजवाद, त्यहाँ बहुदलीय प्रतिष्पर्धा अनिवार्य रूपले हुनैपर्ने, कम्युनिष्ट पार्टीले अनिर्वाचित सत्ता चलाउन नहुने र प्रतिर्ष्धाबाट श्रेष्ठता हासिल गर्दै समाज रूपान्तरणमा अग्रणी भूमिका खेल्नु पर्ने यसको मान्यता छ । अनि, त्यस्तो आन्दोलनमा नेतृत्वदायी भूमिका खेल्न र प्रतिष्पर्धात्मक जनवादी या समाजवादी व्यवस्थामा श्रेष्ठता स्थापित गर्न कम्युनिष्ट पार्टीको आन्तरिक जीवन स्वयं लोकतान्त्रिक हुनु पर्ने मान्यता जवजले अवलम्बन गरेको छ ।

यसरी नयाँ मान्यता,मूल्य र अवधारणासहित जनताको बहुदलीय जनवाद नेपाली क्रान्तिको कार्यक्रमको रूपमा प्रतिपादन भयो, जसलाई हामील छैटौं राष्ट्रिय महाधिवेशनपछि नेपाली क्रान्तिको सिद्धान्तको रूपमा समेत आत्मसात गर्दै आएका छौं ।

७. जवजलाई बुझ्ने र व्याख्या गर्ने सम्बन्धमा कहिलेकाहीं हाम्रै पङ्क्तिमा पनि एकाङ्गी या त्रुटिपूर्ण दृष्टिकोण देखा पर्ने गर्दछ । कम्युनिष्ट आन्दोलनको लोकतान्त्रीकरणको कुरा गर्दा यसको क्रान्तिकारीकरणको पाटो बिर्सेर यसलाई सुधारवादी लोकतान्त्रिक सिद्धान्तको रूपमा सीमित गर्न चाहने र क्रान्तिकारीकरणको चर्चा गरिरहँदा यसको लोकतान्त्रिकरणको पाटो बिर्सेर उग्रवामपन्थता, हिंसा र अधिनायकवादी मान्यतासँग यसको आधारभूत सम्बन्ध विच्छेदको मूल मर्मलाई वेवास्ता गर्ने प्रवृत्ति देखा पर्ने गरेको छ । आत्मकेन्द्रित व्याख्याले गर्दा कहिलेकाहिँ यसलाई जसले जसरी पनि प्रयोग गर्न सक्ने स्थिति पनि देखिने गरेको छ । त्यसले क्रान्तिकारी अन्तर्वस्तु र यसको लोकतान्त्रिक चरित्रको समुचित सन्तुलन र एकीकृत व्याख्याका साथ क्रान्तिकारी लोकतन्त्र (र्‍याडिकल डेमोक्रेसी) को प्रतिनिधि धारको रूपमा यसलाई अगाडि बढाउनु पर्छ ।

जनताको बहुदलीय जनवाद प्रतिपादन गरिरहँदा कमरेड मदन भण्डारीले नेपाली राजनीतिका केही ज्वलन्त सबालहरूमा पनि केही नवीन, गंभीर र दूरगामी महत्वका बिषयहरू अगाडि सार्नुभएको छ । नेपालको सन्दर्भमा प्रगतिशील राष्ट्रवादको सन्दर्भ, सामन्तवाद- दलाल नोकरशाही पुँजिवाद विरोधी आन्दोलनमा लोकतान्त्रिक शक्तिहरूको एकता र सहकार्यको अनिवार्यता, २०४६

सालको आन्दोलनको अन्तर्वस्तु, सीमा र शक्ति सन्तुलनको विश्लेषण, संविधान निर्माण र जनमुखी लोकतन्त्रको सन्दर्भमा, नेतृत्व निर्माण र सङ्गठन परिचालनका सन्दर्भमा, बदलिँदो अन्तर्राष्ट्रिय सन्दर्भमा हाम्रो विदेश नीति लगायत धेरै बिषयमा दूरगामी प्रभाव छाड्ने मान्यता अगाडि सार्नुभएको छ । यी नीतिगत अवधारणाहरूले पनि जनताको बहुदलीय जनवादलाई समृद्ध गर्न सहयोग पुऱ्याएका छन् ।

८. जनताको बहुदलीय जनवाद प्रतिपादन हुँदै गरेको बेला विश्व कम्युनिष्ट आन्दोलन प्रतिरक्षात्मक अवस्थामा थियो र खुद मार्क्सवादको सान्दर्भिकता र भविष्यमाथि गंभीर प्रश्नचिह्न उपस्थित भएका थिए । माथि भनिएझैं, विश्वभरि नै विसर्जनवादको जबर्जस्त हुरी चलिरहेको थियो । हाम्रो देशमा पनि कतिपय नेताहरू कम्युनिष्ट पार्टीका नाममा जनताबीच जान संभव नभएकोले कुनै मोर्चा या संयन्त्रको नाममा खुल्ला गतिविधि गर्ने र कम्युनिष्ट पार्टीलाई 'खोपीको देउता' बनाउनु पर्ने मान्यतामा पुगेका थिए । तर दुई दशकको यो अवधिमा स्थितिमा ठूलो परिवर्तन आएको छ र आज मार्क्सवादको सान्दर्भिकताको बारेमा, समाजवादको अपरिहार्यताको बारेमा विश्वव्यापीरूपमै सकारात्मक मान्यताहरू विकास हुँदै गरेका छन् । निश्चयनै, आज पनि विश्व कम्युनिष्ट आन्दोलन रक्षात्मक अवस्थामै छ, समाजवादी विश्व प्रणाली कमजोर अवस्थामै छ । तर सोभियत मोडेल समाजवादको विफलतापछि नयाँ र एकमात्र विश्व व्यवस्थाको रूपमा दाबी गरिएको पुँजिवादी प्रणालीले समस्यालाई समाधान गर्ने त कुरै छाडौं, स्थितिलाई झनै गंभीर र जटिल तुल्याएको छ । धनी र गरिबको बीचमा डरलाग्दो खाडल, आर्थिक र सांस्कृतिक असमानता, विचारको द्वन्द्वको ठाउँमा हुर्किंदै गरेका जातीय/क्षेत्रीय/धार्मक द्वन्द्वहरू र यसले सिर्जना गरेका त्रासदीहरू, आतङ्कवाद र यसको प्रतिकार गर्ने नाममा हुने गरेका आक्रमण आदिले एकमात्र प्रणालीको रूपमा पुजिवादी व्यवस्थाका दावी अर्थहीन हुन पुगेका छन् । अझ सन् २००८ बाट सुरु भएको विश्वव्यापी आर्थिक मन्दीले पुँजिवादी विश्व व्यवस्थाको खोक्रोपनलाई उदाङ्गो गर्दै समाजवादको अपरिहार्यतालाई टड्कारो गरी पुष्टि गरेको छ । मार्क्सको 'पुँजी' को बिक्री ह्वात्तै बढेको तथ्यले पनि केही कुरालाई साङ्केतिक रूपमा स्पष्ट गर्छ । कमरेड मदन भण्डारीले भन्नु भएझैं समाजवादको निश्चित मोडल मात्रै असफल भएको तर मार्क्सवादको सान्दर्भिकता आजको युगमा उत्तिकै टड्कारो रहेको पुष्टि यसबीचका घटनाक्रमले गरेका छन् ।

९. जनताको बहुदलीय जनवादले ठोस स्थितिको ठोस विश्लेषण गर्दै यसको सिर्जनात्मक प्रयोग र विकास गर्ने कुरामा विशेष जोड दिन्छ । विश्वका विभिन्न राष्ट्रहरूको विकास असमान ढङ्गले भएको र त्यसैले उनीहरूको विशिष्ट स्थिति पनि भिन्नभिन्न ढङ्गको हुने भएकोले मार्क्सवादको प्रयोग प्रत्येक राष्ट्रमा विशिष्ठ ढङ्गले मात्रै गर्न सकिने र यसो गर्दा प्रत्येक मुलुकको क्रान्तिका आफ्नै मौलिक कार्यक्रम र बाटो हुन सक्ने कुरामा जनताको बहुदलीय जनवादले स्पष्ट मार्गदर्शन गरेको छ । जवजले बीसौं शताव्दीको अन्त्यसम्म आइपुग्दा विश्व परिस्थिति, वर्ग सम्बन्ध र राजनीतिक संरचनाहरूको गंभीर विश्लेषण गर्दै समाजको शान्तिपूर्ण रूपान्तरणको संभावनालाई जोड दिएको छ । यसले जनवाद होस् या समाजवाद, त्यहाँ कम्युनिष्ट या श्रमिक पार्टीले बहुदलीय प्रतिष्पर्धाको बीचबाट श्रेष्ठता हासिल गर्ने, लोकतान्त्रिक विधिबाट सत्ता सञ्चालन गर्ने र जनताले चाहेमा सत्ता परिवर्तन गर्न पाउने उनीहरूको सर्वोच्चतालाई आत्मसात गर्नु पर्ने कुरालाई विशेष महत्व दिएको छ ।

सुरुमा आलोचना, शङ्का या प्रश्नको घेराभित्र रहेको यो प्रस्थापना आज विस्तारै विश्व कम्युनिष्ट या समाजवादी आन्दोलनको मुख्य धारा बन्न पुगेको छ । विगत ४० बर्षको अनुभवलाई हेर्‍यौं भने हामी देख्नेछौं- एकाध अपवाद बाहेक हिंसात्मक ढङ्गले कम्युनिष्टहरूले कहिँ पनि क्रान्ति सम्पन्न गर्न सकेका छैनन् , कथंकदाचित् प्राप्त भएको सत्तालाई पनि जोगाउन सकेका छैनन् । हामी बर्मा, थाइल्याण्ड, फिलिपिन्स, मलेसिया, श्रीलङ्का या टर्की जस्ता एसियाली मुलुकमा भएको क्रान्तिको असफलतामा यस सच्चाइलाई देख्न सक्छौं, पेरु या कोलम्बियामा विगतमा भएका सशस्त्र सङ्घर्षमाथिको हिंस्रक दमन र त्यसले जन्माएको अधिनायकवादमा यसको अर्थहीनतालाई देख्न सक्छौं । तर यसको विपरीत, ब्राजिल, भेनेजुएला, बोलिभिया, निकारागुवा या एल

**जनताको बहुदलीय जनवादले ठोस स्थितिको ठोस विश्लेषण गर्दै यसको सिर्जनात्मक प्रयोग र विकास गर्ने कुरामा विशेष जोड दिन्छ ।**

साल्भाडोर, दक्षिण अफ्रिका जस्ता मुलुकका वामपन्थीहरूले लोकतान्त्रिक विधिद्वारा कसरी सफलता प्राप्त गरेका छन् भन्ने कुराबाट यसको सच्चाइलाई वोध गर्न सक्छौं। लोकतान्त्रिक र शान्तिपूर्ण बाटोमा जोखिम छैनन् भन्ने होइन र यसको अर्थ वर्ग सङ्घर्षको सान्दर्भिकता सकियो भन्ने पनि होइन। चिली, इण्डोनेसिया जस्ता मुलुकमा लोकतान्त्रिक विधिबाट निर्वाचित सरकारमाथि नृशंश दमन पनि भएको छ, भारतमा भर्खरै सम्पन्न विधानसभा निर्वाचनमा वामपन्थीहरूले गंभीर धक्का खाएका छन्। तर निर्वाचनमा अस्थायी धक्का र सशस्त्र युद्धमा भीषण दमन एउटै विषय होइनन्। विश्वको अनुभवले देखाएको छ, एक्काइसौं शताव्दीमा समाजवादी या कम्युनिष्ट या वामपन्थी आन्दोलन लोकतान्त्रिक बाटोबाट मात्रै अगाडि बढ्न सक्छ र यसरी मात्रै यसले सफलता प्राप्त गर्न सक्छ। एक्काइसौं शताव्दीमा कम्युनिष्ट आन्दोलनको नयाँ संभावनाको क्षितिज उघार्ने श्रेय जनताको बहुदलीय जनवाद र मदन भण्डारीलाई जान्छ।

१०. नेपालकै सन्दर्भमा हेर्दा पनि जनताको बहुदलीय जनवादको सहीपनाको बारम्बार परिक्षण भएको छ र बारम्बार यसको पुष्टि पनि भएको छ। यही बाटोबाट अगाडि बढेर हामीले जनताको अभिमत सहित राज्य सञ्चालन गर्ने अवसर पाएका छौं, राज्यसत्ताको उपरी संरचनामा बसेर अधिकतम प्रगतिशील सुधारहरू गर्दै आन्दोलनलाई तीव्रता दिने अवसर प्राप्त गरेका छौं। जनताको बहुदलीय जनवादले अगाडि सारेका आधारभूत मान्यताहरूलाई खण्डन गर्दै र यसको विपरित मान्यताहरूको जग खडा गर्दै माओवादीले आजभन्दा १५ बर्ष अगाडि 'राज्यसत्ताको जन्म बन्दुकको नालबाट हुन्छ,' 'सेना नभएको पार्टी कम्युनिष्ट पार्टी हुनै सक्दैन', 'युद्ध बाहेक अरु सबै भ्रम हो' जस्ता मान्यतामाथि आधारित भएर हिंसात्मक विद्रोह सुरु गरेका थिए र क्रान्तिपछि कम्युनिष्ट पार्टीको नेतृत्वमा 'जनताको अधिनायकत्व' स्थापना गर्ने लक्ष्य अगाडि सारेका थिए। जवजको 'एण्टिथेसिस' को रूपमा उनीहरूले 'प्रचण्डपथ'र माओवादको भ्रान्त अवधारणा प्रस्तुत गरेका थिए। तर ११ वर्ष लामो हिंसा प्रतिहिंसाको शृङ्खला, झण्डै १७ हजारको जीवन बलिदान र निकै ठूलो नोक्सानीपछि आज माओवादी बन्दुक कन्टेनरमा थन्काउने, सेना समायोजन (सारमा विघटन) गर्ने र अधिनायकवादी मान्यतालाई कम्तीमा औपचारिक रूपमा भए पनि समाप्त गर्ने ठाउँमा आइपुगेको छ। भित्तामा टाँगिएको 'प्रचण्डपथ' बिस्तारै त्यहीँ खुइलिएर सकिदैछ र 'माओवाद' पदावलिको समेत विसर्जन गर्ने उपयुक्त साइत खोजी हुँदैछ। निष्कर्ष हो- उग्रवामपन्थी अराजकतावाद विरुद्धको वैचारिक सङ्घर्षमा जवजले सैद्धान्तिक र नैतिक विजय प्राप्त गरेको छ।

**११ वर्ष लामो हिंसा प्रतिहिंसाको शृङ्खला, झण्डै १७ हजारको जीवन बलिदान र निकै ठूलो नोक्सानीपछि आज माओवादी बन्दुक कन्टेनरमा थन्काउने, सेना समायोजन (सारमा विघटन) गर्ने र अधिनायकवादी मान्यतालाई कम्तीमा औपचारिक रूपमा भए पनि समाप्त गर्ने ठाउँमा आइपुगेको छ।**

यही कुरा नेपाली काङ्ग्रेसका मान्यताको हकमा पनि लागू हुन्छ। लामो समयसम्म नेपाली काङ्ग्रेसले सीमित राजनीतिक अधिकारलाई नै प्रजातन्त्रको रूपमा चित्रण गर्दै आएको थियो र आफूलाई गणतन्त्र, सामाजिक-आर्थिक-सांस्कृतिक अधिकार, सामाजिक न्याय र राष्ट्रिय स्वतन्त्रताको विपक्षमा उभिदै आएको थियो। तर विश्वव्यापी रूपमै 'नवउदारवाद' को असफलता र नेपाली जनताको अग्रगमनको दवाबका सामु नेपाली काङ्ग्रेसका ती मान्यताहरू पनि खण्डित हुँदै आएका छन् र आज ऊ पनि गणतन्त्र, सामाजिक न्याय र सामन्तवादको विरोधको ठाउँमा उभिन आइपुगेको छ। नेपाली काङ्ग्रेसको यो बदलाव पनि जनताको बहुदलीय जनवादको सान्दर्भिकताको पुनर्पुष्टिको थप दृष्टान्त हो।

हामीले देख्यौं- गएको दुई दशकलाई नेपाली काङ्ग्रेसको 'उदारवाद' ले राजनीतिक नेतृत्व दिन सकेन। यसले समाजलाई यथास्थितिमा मात्रै राखिरह्यो। परिवर्तनलाई बाटो छेक्ने यो मान्यता वास्तवमा गएको दशकमा हामीले भोग्नु परेको द्वन्द्व, पीडा र समस्याको एउटा कारक पक्ष थियो। यसको विकल्पमा माओवादीले हिंसाको बाटो समायो र मुलुकमा एकखाले हलचल पनि ल्यायो। तर हिंसा, अराजकता र उथलपुथल समस्याको समाधान थिएन। आज पछाडि फर्केर हेर्दा हामी भन्न सक्छौं- माओवादी आगो लगाउन त जान्दो रहेछ, तर पानी हाल्ने सामर्थ्य यसमा रहेनछ,

उसले घाउ लगाउन त जान्दो रहेछ, तर मल्हम लगाउनु उसको बसको विषय होइन रहेछ, उसले हिंसा र जातीय राजनीतिको विस्तार त छिटै गर्न सक्दो रहेछ, तर द्वन्द्व व्यवस्थापन उसको क्षमताभित्र पर्दो रहेनछ । भोलि पनि माओवादी विचारले राष्ट्रलाई बाटो देखाउन सक्दैन भन्ने कुरा स्पष्ट छ । त्यसैले जनताको बहुदलीय जनवाद नै आजको राष्ट्रको मार्गदर्शक विचार हो, उग्रवामपन्थी अराजकता र यथास्थितिवादलाई खण्डित गर्दै राष्ट्रलाई एक ठाउँमा उँभ्याउने 'कन्भर्जिङ प्वाइन्ट' पनि यही हो ।

११. '२०१२ सालमा राजा महेन्द्र पनि कुनै राजनीतिक पार्टीले भलो गर्दैनन् भनेर गाउँगाउँ घुमेका थिए । त्यसको परिणाम २०१७ सालले देखायो । हामी कम्युनिष्टहरूले बारम्बार यो कुरा भन्दै आएका छौं । अब कुन साल आउने हो ? २०४९ -५० साल ? तर त्यसबेला राजाबिनाको प्रजातन्त्र हुनेछ । हामी निर्वाचित सत्ताको पक्षमा छौं । राजा अनिर्वाचित हुन् । अनिर्वाचित सत्ता मूर्दावाद !' यी स्पष्ट शव्दमा मदन भण्डारीले राजतन्त्र अन्त्यको भविष्यवाणी गर्नुभएको । उहाँको यो अभिव्यक्तिको १४ बर्षपछि मुलुकमा गणतन्त्र स्थापना भएको छ । 'गणतन्त्र कम्युनिष्टहरूले लगाउने र लगाउँदै आएको नारामात्र पनि होइन । काङ्ग्रेसले यो मुलुकको कल्याण र यहाँका जनताको भविष्यको ख्याल नगर्ने हो भने मात्र घामजून रहेसम्म राजा र राजतन्त्र रहनुपर्छ भन्ने कसम खाए हुन्छ । काङ्ग्रेसले अहिलेको शक्ति सन्तुलनको हिसाब गरेर कार्यनीतिक लाइनको रूपमा गणतन्त्रको पक्ष नलिएको हुन सक्छ,.....होइन भने काङ्ग्रेस गणतन्त्रवादी नहुने सैद्धान्तिक व्यवधान छैन ।' मदन भण्डारीले यसो भन्नु भएको डेढ दशकपछि काङ्ग्रेस गणतन्त्रको पक्षमा उभिन आइपुगेको छ ।' प्रजातान्त्रिक संविधान बनाउन निम्ति यिनीहरूलाई माथि लेखिए झैं सच्याइनु पर्छ । यो बिषयमा वेवास्ता गर्दै मस्यौदामा भएका प्रजातान्त्रिक तथा राष्ट्रिय हितका प्रावधानहरूलाई हटाउने प्रयत्न हुन्छ भने मुलुकले फेरि एउटा आँधीको सिर्जना नगरी अगाडि बढ्न सक्नेछैन । त्यस आँधीपछिको नेपाल पूर्ण रूपमा प्रजातान्त्रिक हुनेछ भन्ने कुरामा कुनै शङ्का छैन ।' २०४७ सालको संविधानमा आलोचनाका २७ बुँदा प्रस्तुत गर्दै मदन भण्डारीले भन्नुभएको थियो । माथिका तीन वटै प्रसङ्गले उहाँ कति परसम्म देख्ने सामर्थ्य राख्नु हुन्थ्यो र समयलाई एउटा दिशा दिनु हुन्थ्यो भन्ने स्पष्ट गर्छन् ।

१२. पार्टीमा क्रमशः सत्तामुखी, अराजनीतिक र गलत प्रवृत्तिहरू प्रवेश गर्न सुरु गरेसँगै सही विचार हुँदाहुँदै पनि पार्टी कमजोर बन्दै जान थालेको हो । जनताको वहुदलीय जनवादलाई सुधारवादी ढङ्गले बुझ्ने र क्रान्तिपूर्व पनि जनताको अभिमत लिएर सरकारमा जान र अधिसंरचनाको तहबाट पनि आन्दोलनलाई अगाडि बढाउन सहयोगी भूमिका खेल्न सकिन्छ भन्ने यसको सोचलाई जसरी पनि सरकारमा जानुपर्छ या टिक्नुपर्छ भन्ने हिसावले बुझ्ने या व्याख्या गर्ने प्रवृत्तिहरू उत्पन्न भए । पार्टी जुझारु जनआन्दोलनको बाटोबाट दाहिनेतिर सर्दै संसदीय सुधारवादको दिशामा जान सुरु गऱ्यो । नेपाली राजनीतिमा नीतिहीन समीकरण, सांसद खरिदबिक्री, राजकीय सुविधाहरूद्वारा सांसदहरूलाई अलोकप्रिय र कतिपय सन्दर्भमा भ्रष्ट बनाउने, संसदीय सुविधाहरूको दुरूपयोग जस्ता अनेकौं विकृतिहरूको सिलसिला सुरु भयो र दुर्भाग्यवश, नेकपा एमाले समेत यो खेलबाट अलग रहन सकेन । जस्ता सुकै शक्तिसँग पनि समीकरण कायम गर्ने कामले पार्टीलाई सरकारमा पुग्न क्षणिक लाभ त प्राप्त भयो होला, तर यसले पार्टीलाई विस्तारै कमजोर गराउँदै पार्टीलाई आजको अवस्थामा ल्याइपुऱ्याउन ठूलो भूमिका खेलेको तथ्यलाई बिर्सन मिल्दैन । राजनीतिमा स्थायी शत्रु या मित्र हुँदैन भन्ने गलत र अमार्क्सवादी विश्लेषण पनि पार्टीमा देखा पऱ्यो । निर्वाचनमा सफलताको निम्ति भनेर जस्तासुकै व्यक्तिहरूलाई पनि पार्टीमा निर्वाध प्रवेश र कतिपय सन्दर्भमा महत्वपूर्ण जिम्मेवारी दिदै जाँदा, मतको सुरक्षाको नाममा कतिपय भ्रष्ट या जनविरोधी चरित्रका व्यक्तिहरूलाई पनि संरक्षण गर्दा र सामाजिक रूपान्तरणको लागि व्यापक जनपरिचालनकासाथ प्रभावकारी

**जनताको बहुदलीय जनवादलाई सुधारवादी ढङ्गले बुझ्ने र क्रान्तिपूर्व पनि जनताको अभिमत लिएर सरकारमा जान र अधिसंरचनाको तहबाट पनि आन्दोलनलाई अगाडि बढाउन सहयोगी भूमिका खेल्न सकिन्छ भन्ने यसको सोचलाई जसरी पनि सरकारमा जानुपर्छ या टिक्नुपर्छ भन्ने हिसाबले बुझ्ने या व्याख्या गर्ने प्रवृत्तिहरू उत्पन्न भए ।**

**कुनै पनि क्रान्तिकारी पार्टीको विकासका लागि सिद्धान्त-लक्ष्य-कार्यक्रम- नीति- निर्णय- कार्यान्वयन र आचरणको सन्तुलन अनिवार्य हुन्छ । तर हामी धेरै चोटी यस्तो सन्तुलनबाट विचलित भएका छौं । त्यसैले सही विचार भएर पनि पार्टी आज अप्ठ्यारोमा छ ।**

आन्दोलन सञ्चालन नगर्दा जनताले एकातिर परिवर्तनको अनुभूति गर्न पाएनन् भने अर्कोतिर माओवादीहरूले यही खाली ठाउँलाई उपयोग गर्दै आफूलाई विकल्पको रूपमा प्रस्तुत गर्ने र संसदीय विकृतिहरूको कारण उत्पन्न जनताको असन्तुष्टिलाई उपयोग गर्ने मौका पाए । न त सदनमा पार्टीको भूमिका क्रान्तिकारी संसदवादको अन्तर्वस्तुकासाथ सशक्त ढङ्गले प्रभावकारी हुन सक्यो, नत संसदमा आवश्यक न्यूनतम सहमति नै कायम हुन सक्यो । आफूमाथिको सामन्ती शोषण यथावत् रहेको अनुभूति गरिरहेका दलित उत्पीडित समुदाय, विभिन्न जनजातिहरू, महिलाहरू, पूर्व कमैयाहरू तथा वेरोजगारहरूको ठूलो पङ्क्ति किन आज माओवादीहरूको मुख्य सङ्गठनात्मक आधार बनेको छ भन्ने तथ्यको अध्ययन गर्ने हो भने विगतमा हाम्रा कमजोरी कुन कुन क्षेत्रमा रहे भन्ने कुराको सहजै निष्कर्षमा पुग्न सकिन्छ । परिवर्तित सन्दर्भमा क्रान्ति र सुधार दुबैको झण्डा बोक्ने जिम्मेवारी एमालेको थियो । व्यापक सामाजिक-आर्थिक एजेण्डामा जुझारु जनआन्दोलन, जनप्रिय र प्रजातान्त्रिक कार्यशैली तथा नैतिक राजनीतिको जगमा मात्र प्रतिद्वन्द्वितामा श्रेष्ठता हासिल गर्न, उग्रवामपन्थता प्रकट भइहाले पनि विस्तारित हुन नदिन र प्रतिगामी शक्तिलाई शिर ठाडो गर्न नदिन भूमिका खेल्न सकिन्थ्यो । तर हामी कतिपय सन्दर्भमा चुक्यौं । कुनै पनि क्रान्तिकारी पार्टीको विकासका लागि सिद्धान्त-लक्ष्य-कार्यक्रम- नीति- निर्णय- कार्यान्वयन र आचरणको सन्तुलन अनिवार्य हुन्छ । तर हामी धेरै चोटी यस्तो सन्तुलनबाट विचलित भएका छौं । त्यसैले सही विचार भएर पनि पार्टी आज अप्ठ्यारोमा छ ।

१३. त्यसबाहेक, नेकपा (माओवादी) को आगमनसँगै हाम्रा सामु नयाँ चुनौती थपिएका छन् । उसको आगमनले वामपन्थी आन्दोलनको मुख्य शक्तिको रूपमा हाम्रो निर्विवाद स्थानमा चुनौती थपिएको छ र वैचारिक, सङ्गठनात्मक,शैलीगत र दैनन्दिन जीवनमा समेत व्यवधानहरू सिर्जना भएका छन् । निश्चय नै, लोकतान्त्रिक रूपान्तरण हुन सक्दा माओवादीभित्र उर्जा छ र त्यसले मुलुकको शक्ति सन्तुलन र सामाजिक आर्थिक रूपान्तरणको आन्दोलनमा सकारात्मक प्रभाव पनि पार्न सक्छ । तर रूपान्तरण भएन भने उर्जाको संभावना बोकेको माओवादी खोलाले बस्ती, खेतबारी र जनधनलाई समेत क्षति पुऱ्याउँदै मुलुकलाई उजाड बगरमा रूपान्तरण गर्न सक्छ भन्ने स्पष्ट छ । त्यसैले माओवादी उग्रवामपन्थताविरुद्ध वैचारिक सङ्घर्ष र उसको लोकतान्त्रिक रूपान्तरणमा 'क्याटलिटिक एजेण्ट'को रूपमा काम गर्नु आवश्यक छ । यही आवश्यकता वोध गरेर नै महाधिवेशनले माओवादीसँग 'सहकार्य, सङ्घर्ष र रूपान्तरण'को नीति पारित गरेको हो । तर पछिल्लो समय सहकार्यमा एकतर्फी जोड दिने, सङ्घर्षलाई बिर्सने, रूपान्तरणको दायित्वबाट पञ्छिने र गुपचुप रूपमा नेकपा (एमाले) लाई माओवादी एजेण्डाका संवाहक र अनुयायी बनाउन खोज्ने प्रवृत्ति देखा पर्न थालेका छन् । यी प्रवृत्ति हानीकारक छन् र यिनले कम्युनिष्ट आन्दोलनमा जनताको बहुदलीय जनवादले अगाडि सारेका शान्तिपूर्ण रूपान्तरण र लोकतान्त्रीकरणको धारलाई कमजोर पार्छन् । स्पष्ट छ, शान्तिपूर्ण धार कमजोर भयो भने हिंसाको धार बलियो हुनेछ, लोकतन्त्रको धार कमजोर भयो भने अधिनायकवादको धार बलियो हुनेछ र अन्ततः आन्दोलन दुर्घटनाग्रस्त हुनेछ । हामीले यसो गर्नु हुँदैन । तर सँगसँगै माओवादी उग्रवामपन्थताको विरोध गरिरहँदा आफूले परिवर्तनको एजेण्डालाई अगाडि बढाउने कुरा बिर्सन मिल्दैन । एउटा हातमा लोकतन्त्र र अर्को हातमा परिवर्तनको झण्डा बोकेर मात्रै पार्टीले राष्ट्रिय राजनीतिमा नेतृत्वदायी भूमिका खेल्न सक्छ ।

१४. जवज कार्यान्वयनका दुई निकै ठूला उपलव्धीसँगै नयाँ समस्या पनि उत्पन्न भएका छन् । क्रान्ति पूर्व सरकारमा गएर वर्ग सङ्घर्षलाई अधिसंरचनाको तहबाट पनि तीव्र पार्ने भनिए पनि हाम्रो सरकारमा सहभागिता प्रायः यथास्थितिसँग संझौतामा या बढीमा सामान्य सुधारमा सीमित हुने गरेको छ । यो कार्यान्वयनको मात्रै समस्या हो कि यसमा कुनै नीतिगत कमजोरी पनि छ ? वर्ग सङघर्षको हिंसात्मक स्वरूपलाई हामीले अस्वीकार गरेका छौं, तर शान्तिपूर्ण स्वरूपलाई अझ प्रभावकारी कसरी बनाउने ? पार्टी पङ्क्तिको

सांस्कृतिक रूपान्तरण कसरी गर्ने ? सरकारमा सहभागिता र सडक आन्दोलनको बीचको, राज्यका सीमा र जनताका आकाङ्क्षाबीचको द्वन्द्व समाधान गर्ने विधि के हो ? पार्टीभित्रै वर्गको विकास, प्रजातान्त्रीकरणको नाममा देखा पर्ने अराजकता, अनुशासनको नाममा उत्पन्न हुने नोकरशाहीतन्त्र र खुला समाजको प्रभावले पार्टीभित्र उत्पन्न हुने विकृतिलाई नियन्त्रण गर्ने विधि के हुन् ? सञ्चारको सर्वव्यापकता र पार्टी गोपनीयताबीचमा, व्यक्तिको भूमिका र सङ्गठनात्मक मर्यादाबीचमा, विश्वव्यापीकरणका प्रभाव र राष्ट्रिय अस्मिता रक्षाको बीचमा, जातीय/भाषिक विभेदको अन्त्य तथा समावेशीकरण एवं वर्ग पक्षधरताका बीचमा देखा परिरहेका असन्तुलन, विरोधाभाष र द्वन्द्वको समाधान के हो ? जनताको वहुदलीय जनवादको समयानुकूल विकासको सन्दर्भमा यी र यस्ता प्रश्नको जवाफ खोज्नु जरुरी छ। त्यसरी नै, विगत साठी वर्षको अवधिमा समाज भएको गति र परिवर्तनले समाजको अर्थ-सामाजिक बनौटमा के फेरबदल ल्यायो ? परम्परागत रूपमा भन्दै आएको 'अर्द्धसामन्ती' विश्लेषण मात्रै अब प्रयाप्त हुने छैन। सात साल, छयालीस साल र अहिलेको राजनीतिक परिवर्तनका अर्थ-सामाजिक प्रभावहरू के हुन् ? हामीले नेपालको राजतन्त्रले सामन्तवादको मात्र होइन, दलाल-नोकरशाही पुँजीवादको पनि प्रतिनिधित्व गर्छ भन्दै आएका छौं। त्यसो हो भने राजतन्त्रको अन्त्यले त्यो वर्गको आर्थिक-सामाजिक आधारमा कस्तो असर पारेको छ या पार्नेछ ?वर्तमान राजनीतिक परिवर्तनलाई कसरी विश्लेषण गर्ने ? हामीले विगत देखि नै क्रान्तिलाई समग्र सामाजिक-आर्थिक परिवर्तनको अर्थमा प्रयोग गर्दै आएका छौं र एक वर्गको हातबाट अर्को वर्गको हातमा सत्ता हस्तान्तरणलाई क्रान्तिको पूर्णताको रूपमा बुझ्दै आएका छौं। यसलाई क्रान्ति भनेर नामाकरण गरिरहँदा यसले हाम्रो अर्थ सामाजिक संरचनामा कस्तो परिवर्तन ल्यायो, कुन वर्गको हातमा सत्ता हस्तान्तरण गऱ्यो र यो समग्र क्रान्ति हो भने के अब हाम्रो जनवादी क्रान्तिको चरण पूरा भएको हो या हामी समाजवादी क्रान्तिको चरणमा प्रवेश गरेका हौं भन्ने जस्ता नयाँ प्रश्न उत्पन्न हुन्छन्, जसको समुचित जवाफ दिनैपर्छ। वैदेशिक रोजगारी, स्वव्यवसाय, सेवा क्षेत्रमा नयाँ विस्तार र ठूलो जनशक्तिको सङ्लग्नता आदिले समाजमा नयाँ वर्ग/उपवर्गहरूको उदय भएको छ। सामाजिक संरचना, मनोविज्ञान, आन्दोलन र राजनीतिमा तिनको भूमिकाको निर्क्योल गर्नु र उनीहरूसँग पार्टीको सम्बन्धलाई परिभाषित गर्नु जरुरी भएको छ। जातीय, क्षेत्रीय र लैङ्गिक विभेद विरुद्ध अभूतपूर्व रूपले उठेको आन्दोलनसँग वर्ग सङ्घर्षलाई जोड्ने र कम्युनिष्ट आन्दोलनलाई लोकप्रिय सामाजिक-राजनीतिक आन्दोलनको रूपमा स्थापित गर्ने नयाँ दायित्व हाम्रा सामु उपस्थित भएको छ। जातीय/क्षेत्रीय विभेद विरोधी आन्दोलनलाई सही दिशामा लैजान नसक्ने हो भने यसले राजनीतिक आन्दोलन तथा खुद राजनीतिक पार्टीलाई नै विस्थापित गर्ने खतरा समेत देखा परेको छ। त्यसैले सङ्घीयताभित्र जवजको कार्यान्वयन र सङ्घीय ढाँचाभित्र पार्टी निर्माणको प्रश्न नयाँ चुनौतीको रूपमा उपस्थित छन्। यसबाहेक, विगत वर्षहरूमा विश्वव्यापीरूपमा पुँजीवादी शोषणका परम्परागत रूप, श्रमजीवी वर्गको अवस्था, श्रम र उपभोगको तरिका, राज्य तथा व्यवस्थापनको शैली निरन्तर बदलिइरहेका छन्। पुँजीवादी विश्वव्यापीकरणले एकातिर आन्दोलनका सामु नयाँ चुनौती थपिदिएको छ भने अर्कोतिर सङ्घर्षको विश्वव्यापी प्रचार, समर्थन र ऐक्यवद्धता जुटाउन सजिलो पनि भएको छ। मानवअधिकार, लोकतन्त्र, शान्ति र आतङ्कवाद विरुद्धको सङ्घर्ष कुनै देश विशेषको मात्रै सरोकार रहेन। पुँजीवादी विश्वव्यापीकरणले राज्यलाई कमजोर गर्ने र साना देशको अर्थतन्त्र अनि आदिवासी-जनजातिका मौलिकतामाथि जोखिम पैदा गरेको छ। यसका विरुद्धको सामाजिक आन्दोलन प्रभावकारी शक्तिको रूपमा उदाउँदै गएको छ। यी नयाँ परिघटनासँग कम्युनिष्ट आन्दोलनलाई जोड्दै सृजनात्मकता र नयाँ दिशावोधका साथ आन्दोलनलाई अगाडि बढाउनु जरुरी देखिएको छ।

■

**पुँजीवादी विश्वव्यापीकरणले एकातिर आन्दोलनका सामु नयाँ चुनौती थपिदिएको छ भने अर्कोतिर सङ्घर्षको विश्वव्यापी प्रचार, समर्थन र ऐक्यवद्धता जुटाउन सजिलो पनि भएको छ।**

# आजको कम्युनिस्ट आन्दोलन, जबज चुनौती र निराकरण



शङ्कर पोखरेल

डेढ सय वर्षभन्दा पुरानो समाजवादी आन्दोलनले यसबीचमा विश्व राजनीतिलाई आफ्नो वृत्तभित्र घुमाउन सफल भएको छ। उपनिवेशवाद, जातिवाद र वर्गिय उत्पीडन विरुद्धको स्वतन्त्रता र मुक्ति आन्दोलनमा सदैव शिर्ष भूमिका खेल्दै आएको छ।

## १. हाम्रो समय र यसका विशेषता

आजको कम्युनिष्ट आन्दोलनको कुरा गर्दा आन्दोलनमा आवद्ध योद्धाहरूले आफ्नो समय, त्यसका विशेषता र विशिष्ठताका सन्दर्भमा स्पष्ट हुनु पर्दछ। मार्क्सवादका प्रतिपादक कार्लमार्क्स, पहिलो समाजवादी क्रान्तिका नायक लेनिन र तेस्रो विश्वमा नयाँ जनवादी क्रान्तिका नायक माओत्सेतुङको समय र आजको समयमा निकै धेरै परिवर्तन आइसकेको छ। यद्यपी कम्युनिष्ट आन्दोलनका प्राधिकारहरूले भनेझैं आज पनि हामी साम्राज्यवाद विरुद्धको समाजवादी क्रान्तिको युगमा नै छौं। डेढ सय वर्षभन्दा पुरानो समाजवादी आन्दोलनले यसबीचमा विश्व राजनीतिलाई आफ्नो वृत्तभित्र घुमाउन सफल भएको छ। उपनिवेशवाद, जातिवाद र वर्गिय उत्पीडन विरुद्धको स्वतन्त्रता र मुक्ति आन्दोलनमा सदैव शिर्ष भूमिका खेल्दै आएको छ। तर समाजवाद अझै विश्व अर्थराजनीतिको मूल चरित्र बन्न सकेको छैन। युगान्तकारी उपलब्धिका वावजुत उपलब्धिहरूलाई निरन्तर अघि बढाउने कुरामा गंभीर समस्या पनि देखिएका छन्। गएको सहश्राब्दिका सर्वाधिक प्रभावशाली विचारकका रूपमा स्थापित हुँदा हुँदै पनि मार्क्सले परिकल्पना गरेझैं पश्चिम युरोप क्रान्तिको केन्द्र बन्न सकेन। लेनिनको नेतृत्वमा स्थापित पहिलो समाजवादी सत्ता अनेकौ महत्वपूर्ण उपलब्धिका वावजुत तीन दशक पहिले विघटन भयो। तेस्रो विश्वमा नयाँ क्रान्तिका नायक माओको देशमा देङस्याओपेङको समाजवादी बजार अर्थव्यवस्थाको नयाँ अभ्यास सुरु भएको छ। यस्तो अवस्थामा हिजोको समयका विशेषता र विशिष्ठतामा आधारित रहेर अघि सारिएका मान्यताहरूको अन्धानुकरणबाट आजको कम्युनष्टि आन्दोलन अघि बढ्न सक्तैन भन्ने कुरा स्पष्ट भइसकेको छ।

समयको परिवर्तनसँगै जनताको चेतना साथै सामाजिक सम्वन्धमा युगान्तकारी परिवर्तन आइसकेको छ । यद्यपी कम्युनिष्ट आन्दोलनको ठूलो हिस्सा अहिले पनि उत्पादक शक्ति र उत्पादन सम्वन्धको आधारभूत चरित्रमा परिवर्तन नआएको र क्रान्तिको युग यथावत रहेको भन्ने विश्लेषणका आधारमा लेनिन र माओले अघि सारेको क्रान्तिको बाटो, सङ्घर्षको रूप र तरिकाको सिमाबाट माथि उठ्न सकिरहेको छैन । नयाँ बाटोका हिमायतीहरू पनि पुरानो समयका मान्यताको प्रभावबाट अझै मुक्त हुन सकेका छैनन । यस बीचमा विज्ञान, प्रविधि, सूचना र व्यवस्थापनका क्षेत्रमा भएका युगान्तकारी उपलव्धिहरूले उत्पादन सम्वन्धमा गहिरो प्रभाव पारेको छ । समाज र सामाजिक सम्वन्धमा आएको परिवर्तनले मान्छेको मनोविज्ञान र उसको चिन्तन प्रणाली प्रभावित भएको छ । मानव चेतनाको विकास अनुरूप क्रान्तिको बाटो, सङ्घर्षको रूप र तरिकामा त्यसको प्रभाव देखिनु अनिवार्य छ । समय र सम्वन्धमा आएको परिवर्तनसँगै पूँजीवादी दर्शन र सिद्धान्तका हिमायतीहरू त विचारधारको युगको अन्त्य भएको विश्लेषणका साथ राजनीतिमा उपयोगितावाद र उपभोक्तावादको प्रयोगमा उद्दत छन् । यसका माध्यमबाट उनीहरू पूँजीवादी लुटको स्वर्गको रक्षामा जुटिरहेका छन् । तर उनीहरूको त्यो प्रयास पनि पूँजीवादी राष्ट्रहरूमा एक्काइसौं शताव्दीको आरम्भसँगै पैदा भएको वित्तिय सङ्कट र विश्वव्यापी आर्थिक मन्दीका कारणले धरमराएको अवस्था छ । कम्युनिष्ट आन्दोलनभित्र सन् उन्नाइसौं सत्तरीको दशक पछि पुरानो बाटोबाट क्रान्ति अघि बढ्न नसकिरहेको नयाँ बाटोका सन्दर्भमा सर्व स्वीकार्य मान्यता स्थापित हुन नसकिरहेको कारणले पनि विचारधाराको श्रेष्ठतालाई स्थापित गर्ने कुरामा समस्या पैदा भएको छ । समय र सम्वन्धमा आएका परिवर्तनहरूलाई समयमै आत्मसातगर्न नसक्दा शोभियत मोडेलको समाजवाद विघटन भएको र अन्य देशका समाजवादी सत्ता र कम्युनिष्ट आन्दोलनहरू रक्षात्मक अवस्थामा पुग्नु परेको सत्य हाम्रा सामु छ । आजको कम्युनिष्ट आन्दोलनको कुरागर्दा यस यथार्थतालाई मनन् गर्नुपर्ने हुन्छ ।

हाम्रो समयलाई सर्वाधिक प्रभावित गर्ने घटना, विज्ञान, प्रविधि र व्यवस्थापनका क्षेत्रमा भएका पछिल्ला विकासहरू नै हुन् । विसौं शताव्दीको उत्तरार्धमा विज्ञान, प्रविधि र व्यवस्थापनका क्षेत्रमा भएको विकास तथा सूचना क्रान्तिका प्रभावले उत्पादनशक्ति र उत्पादन सम्वन्ध हिजोको अवस्था रहेन र रहन सक्ने कुरा पनि होइन । मार्क्सका समयको तनावपूर्ण औद्योगिक सम्वन्ध र गुमाउनका लागि आफुसँग केही नरहेको सर्वहारा वर्ग विकसित औद्योगिक मुलुकमा लगभग रहेन । विश्वव्यापीकरणको तीव्र लहरले विकासोन्मुख मुलुकका औद्योगिक विकास र ट्रेडयुनियन आन्दोलनमा त्यसको प्रभाव देख्न सकिन्छ । हिजोका श्रम केन्द्रित उत्पादन सम्वन्ध र मेसिनहरू आज डिजिटल र कम्प्युटराइज्ड प्रविधिमा रूपान्तर भइरहेका छन् । औद्यागिक क्षेत्रको तुलनामा सेवा क्षेत्रको विकास तीव्र छ । उत्पादक र उपभोक्ताका बीचमा मध्यस्तकर्ताको उपस्थिति र भूमिका बढ्दो छ । अधिसंख्य उत्पादनका क्रियाकलापमा शारीरिक श्रमको भूमिका घट्तो छ र त्यसको ठाउँ मानशिक श्रमले लिन थालेको छ । प्रविधिको विकासले वौद्धिक सम्पदा अधिकार समृद्धिको नयाँ आधार बन्दैछ । हवाई यातायात र इन्टरनेट प्रविधिको विकास र विस्तारले सिङ्गो विश्व एक गाँउ जस्तो भएको छ । शासक वर्गको प्रभुत्वको प्रयास र त्यसका विरुद्ध स्वतन्त्रता र मुक्तिका आवाजहरू विश्वव्यापी बन्दैछन् । मानव अधिकारको विश्वव्यापी मान्यता र राजनीतिक अधिकारप्रतिको बढ्दो जागरणले राज्यसत्ता प्रतिको हिजोको बुझाईमा समेत परिवर्तन आउँदै छ । बन्दुकको नालबाट निर्माण भएका, वाह्य हस्तक्षेपविरुद्ध टक्कर लिन सक्षम र सुरक्षित ठानिएका सत्ताहरू समेत आज इन्टरनेट संजालबाट त्रसित छन् । सूचना प्रविधिको विकासले पेट्रोडलरबाट निर्मित अरबका शासकहरूको स्वर्ग हल्लिन थालेको छ । अन्तर्राष्ट्रिय समर्थनको बैधानिक आधार तयार गर्न नसक्ने हो भने अब रुसमा लेनिन र चीनमा माओले गरेझैं क्रान्तिको प्रयोग गर्ने अवस्था लगभग अन्त्य भएको छ । सङ्गठित समुहको सचेतन पहलको तुलनामा आमसंचार

**बन्दुकको नालबाट निर्माण भएका, वाह्य हस्तक्षेपविरुद्ध टक्कर लिन सक्षम र सुरक्षित ठानिएका सत्ताहरू समेत आज इन्टरनेट संजालबाट त्रसित छन् ।**

माध्यमबाट जागरुक बनेका जनताको भूमिका राजनीतिमा बढ्दो छ। यस्तो अवस्थामा विचारधारात्मक श्रेष्ठता कायम गर्ने गरी राजनीतिमा नयाँ बाटोको खोजी अपरिहार्य बन्न पुगेको छ। जनताको बहुदलीय जनवाद त्यही दिशाको सार्थक प्रयास हो।

**विश्व कम्युनिष्ट आन्दोलनको लोकतान्त्रिकरणको मौलिक मान्यताका रूपमा स्थापित यो कार्यक्रम नेपाली विशेषता र विशिष्ठतामा आधारित एक्काइसौं शताव्दीको मार्क्सवाद हो।**

## २. जनताको बहुदलीय जनवाद र त्यसको विशेषता

जनताको बहुदलीय जनवाद, जननेता मदन भण्डारीको नेतृत्वमा विकसित नेकपा (एमाले)को पाँचौ राष्ट्रिय महाधिवेशनबाट विधिवत रूपमा पारित गरी अघि सारिएको नेपाली क्रान्तिको कार्यक्रम हो। विश्व कम्युनिष्ट आन्दोलन, नेपालको कम्युनिष्ट तथा लोकतान्त्रिक आन्दोलन र नेपाली समाजको विशेषतामा आधारित यस कार्यक्रमले जडशुत्रवाद र विसर्जनवादका विरुद्धको लोकतान्त्रिक मान्यतालाई आत्मसात गरेको छ। नेपाली क्रान्तिलाई अघि बढाउने सन्दर्भमा विकसित यो कार्यक्रम मार्क्सवादको सृजनात्मक प्रयोगको नविन मान्यतामा आधारित छ। विश्व कम्युनिष्ट आन्दोलनको लोकतान्त्रिकरणको मौलिक मान्यताका रूपमा स्थापित यो कार्यक्रम नेपाली विशेषता र विशिष्ठतामा आधारित एक्काइसौं शताव्दीको मार्क्सवाद हो। आजको विश्व राजनीतिमा वाम तथा कम्युनिष्ट आन्दोलनले क्रमश: अवलम्बन गर्दै गएको लोकतान्त्रिक प्रतिष्पर्धाको बाटो र त्यसबाट उनीहरूले हासिल गर्दै गएका सफलताहरूबाट यसको सार्थकता पुष्टि हुँदै गएको छ। आजभन्दा विस बर्ष अघि प्रतिपादित यो कार्यक्रम विश्व कम्युनिष्ट आन्दोलनलाई नयाँ रूपमा अघि बढाउने सन्दर्भमा समेत दिशा निर्देश गर्ने सामर्थ्य राख्दछ। तर यसले अन्तर्राष्ट्रिय फोरमहरूमा तदनुरूपको ठाउँ पाउन भने अझै सकेको छैन।

नेपाली क्रान्तिको कार्यक्रमका रूपमा पाँचौ महाधिवेशनबाट स्वीकृत जवजलाई नेकपा (एमाले)को छैटौं राष्ट्रिय महाधिवेशनले "आफ्नै विशेषता भएको, नेपाली क्रान्तिको कार्यक्रम, कार्यदिशा, कार्यनीति र रणनीतिलाई निर्देशित गर्ने नेतृत्वकारी विचार" का रूपमा विश्लेषण गर्‍यो। पार्टीको आठौं महाधिवेशनले त्यो भन्दा अघि बढेर उक्त कार्यक्रमलाई नेपाली क्रान्तिलाई दिशा निर्देश गर्ने मार्गदर्शक विचारका रूपमा ग्रहण गर्‍यो। त्यसका जगमा उभिएर नेकपा (एमाले)को आठौं राष्ट्रिय महाधिवेशनले पार्टी जीवनको लोकतान्त्रिकरणको नयाँ मान्यतालाई अघि बढाएको छ। एक्काइसौ शताब्दीको आरम्भमै दुनियाँलाई आश्चर्य चकित वनाउने नेपालको ०६२(०६३ को ऐतिहासिक जनआन्दोलनको बैचारिक आधारका रूपमा रहेको यस कार्यक्रमका आफ्नै विशेषता रहेका छन्। जनताको बहुदलीय जनवादले आफ्नो कार्यक्रमका चौध विशेषताका रूपमा अघि सारेको लोकतान्त्रिकरणको मान्यता र त्यसलाई आत्मसात गर्ने सन्दर्भमा अवलम्वन गरिएका नयाँ दृष्टिकोणका कारणले छोटो समयमा नै यसले नेपाली कम्युनिष्ट आन्दोलन र लोकतान्त्रिक आन्दोलनमा वैचारिक दृष्टिकोणले नेतृत्वकारी भूमिका खेल्न सफल भयो। जनताको बहुदलीय जनवाद र मदन भण्डारीले नेकपा( एमाले सम्वद्ध भएका कारणले यसले आफ्नो सफलताको श्रेय पाउन भने सकेको छैन।

यस कार्यक्रमले मानव जातिले मानव समाजको विकासका क्रममा आर्जन गरेका जीवन्त र मूल्यवान उपलव्धिहरू जसलाई पूँजिपति वर्गले आफ्नो प्रभुत्वको रक्षाका लागि प्रयोग गर्दै आएको थियो, त्यसलाई सर्वहारा श्रमजीवि वर्गको पक्षमा उभ्याउने ऐतिहासिक काम गरेको छ। जननेता मदन भण्डारीले जनताको बहुदलीय जनवादका माध्यमबाट दिएको यो योगदान कार्लमार्क्सले हेगेलको द्वन्द्ववाद र फायरवाखको भौतिकवादलाई नयाँ दृष्टिकोणका साथ प्रस्तुत गर्दै द्वन्द्वात्मक भौतिकवादको नयाँ दार्शनिक धाराको विकास गरे जत्तिकै महत्वपूर्ण छ। तर पनि नेपालको कम्युनिष्ट आन्दोलनले यो उपलव्धिलाई त्यस रूपमा ग्रहण गर्न सकिरहेको छैन। मार्क्सवादी दर्शनको सर्वाधिक महत्वपूर्ण मान्यता निषेधको निषेध सम्वन्धी नियमलाई गलत रूपमा प्रयोग गरिएको सन्दर्भमा जवजले त्यसको सही प्रयोगको मान्यतालाई अघि सारेको छ। पुराना सबै कुराहरू विस्थापनबाट नै नयाँ कुराको सृजना हुने यान्त्रिक वुझाईका ठाउँमा जनताको बहुदलीय जनवादले नयाँको विकासमा पुरानाको पनि भूमिका रहन सक्ने सम्भावना

तर्फ सचेत बनाएको छ। पुरानो समयमा मानव जातिले आर्जन गरेको कतिपय जीवन्त र मूल्यवान उपलब्धिहरू नयाँ युगको विकासमा पनि अपरिहार्य हुने मान्यता अघि सारेको छ। उपरोक्त मान्यताले क्रान्ति र परिवर्तनलाई सापेक्षित रूपमा सहज र सम्भव बनाइदिएको छ।

यस कार्यक्रमले सिद्धान्त र कार्यक्रमबीचको अन्तरसम्वन्धलाई सही ढङ्गले सम्बोधन गरेको छ। सिद्धान्तका लागि जीवन होइन, जीवनका लागि सिद्धान्त हो भन्ने जननेता मदन भण्डारीको भनाइले कम्युनिष्ट आन्दोलनभित्रको जडतालाई मात्र होइन सिङ्गो समाजमा रहेको जडतालाई तोड्ने सन्दर्भमा समेत महत्वपूर्ण भूमिका खेलिरहेको छ। यस कार्यक्रमले नेपाली समाजको विश्लेषण, चरित्रको निरूपण, अन्तरविरोधको पहिचान र क्रान्तिको बाटो, सङ्घर्षको रूप र तरिकाका सन्दर्भमा विश्लेषण र मूल्याङ्कनको वैज्ञानिक प्रणाली स्थापित गरेको छ। साथै यसले क्रान्तिका शत्रु र मित्रहरूको पहिचान गर्ने र मित्रहरूको दायरालाई फराकिलो बनाउँदै परिवर्तनलाई सकेसम्म सहज बनाउने दृष्टिकोणलाई अघि सारेको छ। यसले राज्यसत्ता, नेतृत्व र अधिनायकत्वका सन्दर्भमा नयाँ दृष्टिकोण अघि सारेको छ। सम्विधानको सर्वोच्चता, कानुनको शासन, वहुलवाद र बहुदलीय प्रतिस्पर्धाको प्रणालीजस्ता लोकतन्त्रका आधारभूत मूल्य र मान्यतालाई जनताको जनवादी राज्यसत्ता संचालनको आधारका रूपमा प्रस्तुत गरेको छ। यसले प्रतिस्पर्धा र पहलकदमीका आधारमा नेतृत्व स्थापित गर्ने उन्नत स्तरको लोकतान्त्रिक पद्धति र तदनुरूपको संस्कृतिको विकासमा जोड दिएको छ।

पार्टी निर्माण र संचालनका सन्दर्भमा जनताको बहुदलीय जनवादले मौलिक दिशा अवलम्वन गरेको छ। यसले जनतामा आधारित कार्यकर्ता पार्टी निर्माणको दृष्टिकोणलाई आत्मसात गरेको छ। पार्टी र नेतृत्व रहस्यमय कथाका अलौकिक पात्र जस्तो हुनु हुँदैन भन्ने मान्यताका आधारमा जनता र कार्यकर्ताबाट नियमित रूपमा परिक्षण हुनु पर्ने विधिलाई अघि सारेको छ। बुटवलमा सम्पन्न पार्टीको आठौं महाधिवेशनले यसै मान्यतामा आधारित रहेर पार्टीको लोकतान्त्रिकरणको नयाँ कार्ययोजनालाई अघि सारेको हो। जसको प्रभाव नेपालका प्रमुख राजनीतिक दलहरूमा प्रत्यक्ष रूपमा परेको सहज बुझ्न सकिन्छ। नेतृत्वको केन्द्रिकरणको दिशामा अघि बढिरहेको एमाओवादी वुटवल माहाधिवेशन पछि वहुपदिय संरचनामा आउन पुग्यो भने प्रेसिडेन्सियल सिष्टमको कुरा गर्ने नेपाली काङ्ग्रेसले पनि दुई तिहाइ पदाधिकारी र नेतृत्व महाधिवेशनबाट निर्वाचित गर्न पुग्यो। यति तीव्र रूपमा नेपाली राजनीतिलाई प्रभावित गर्ने क्षमता राखेको पार्टीको लोकतान्त्रिकरणको मान्यता प्रति पछिल्लो समयमा एमाले भित्रै जिम्मेवार तहबाट नकारात्मक चर्चा सुरु भएको छ। अन्तरपार्टी जीवनमा देखिएको समस्यालाई पार्टीको लोकतान्त्रिकरणका कारणले उत्पन्न भएको समस्याका रूपमा चित्रण गर्नु नाच्न नजान्नेले आगन टेढो भनेझैं हो।

जनताको बहुदलीय जनवादले नेपाली समाजको क्रान्तिकारी रूपान्तरणका लागि आर्थिक सामाजिक रूपान्तरणका सन्दर्भमा केही मौलिक दृष्टिकोण अघि सारेको छ। प्रगतिशील सुधारका माध्यमबाट क्रान्तिका आधार तयार गर्ने मान्यता यसले अघि सारेको गरेको छ। क्रान्तिपछिको जनवादी शासन व्यवस्थालाई समाजवादमा रूपान्तरणगर्ने चरण अपेक्षाकृत लामो रहने प्रस्थापना अघि सारेको छ। वैसठ्ठी त्रिसठ्ठीको ऐतिहासिक जनआन्दोलनपछि राज्यसत्ता नै आर्थिक सामाजिक रूपान्तरणका दृष्टिकोणले एक तहअघि बढ्न सक्ने अवस्था सृजना भएकोले जवजको मार्ग दर्शनमा शान्तिपूर्ण र वैधानिक बाटोबाट आर्थिक समाजिक रूपान्तरण गर्दै समृद्धिको बाटोमा लैजान सकिने नयाँ सम्भावना प्रकट भएको छ। जवजका हिमायतीहरू राजनीतिक शक्तिसन्तुलनलाई ध्यानमा राखेर त्यो सम्भावनालाई अधिकतम् रूपमा अघि बढाउन कोशिस गर्नु पर्दछ। विगतमा मदन( आश्रित स्मृति प्रतिष्ठानले एक्काइसौं शताव्दीको समाजवादका सन्दर्भमा

**सिद्धान्तका लागि जीवन होइन, जीवनका लागि सिद्धान्त हो भन्ने जननेता मदन भण्डारीको भनाइले कम्युनिष्ट आन्दोलनभित्रको जडतालाई मात्र होइन सिङ्गो समाजमा रहेको जडतालाई तोड्ने सन्दर्भमा समेत महत्वपूर्ण भूमिका खेलिरहेको छ।**

अन्तराष्ट्रिय गोष्ठिको आयोजना गरिहेको सन्दर्भमा एउटा महत्वपूर्ण वहस भएको थियो । समाजवाद यात्रा हो गन्तव्य हो ? त्यतिवेलाको छलफलका क्रममा निकालिएको निश्कर्ष थियो समाजवाद यात्रा सहितको गन्तव्य हो । क्रान्ति पछि समाजवाद निर्माण गर्ने प्रयासहरू एक पछि अर्को गर्दै असफल भइरहेको परिप्रेक्षमा यो दृष्टिकोणको निकै ठूलो महत्व रहेको छ । जनताको बहुदलीय जनवादले अघि सारेको प्रगतिशील सुधारको कार्यक्रमको सार पनि त्यही थियो । वैसठ्ठी त्रिसठ्ठीको ऐतिहासिक जनआन्दोलन पछि राजनीतिक क्रान्तिको एउटा चरण पूरा भएको र आर्थिक क्रान्तिको दिशामा अघि बढ्नु पर्ने मान्यता अघि आएको परिप्रेक्षमा जनताको बहुदलीय जनवादका हिमायतीहरूले अब आफ्नो ध्यानलाई आर्थिक सामाजिक रूपान्तरणको दिशामा केन्द्रित गर्नु पर्दछ । राजनीतिक परिवर्तनको कामलाई ठूलो ठान्ने र आर्थिक सामाजिक रूपान्तरणको कामलाई सानो ठान्ने मानशिकता अन्त्य गरिनु पर्दछ । मार्क्सवादीहरूका लागि त आर्थिक सामाजिक रूपान्तरणको प्रश्न सर्वाधिक महत्वको प्रश्न हो । जननेता मदन भण्डारीले छयालिसको राजनीतिक परिवर्तन पछि परिवर्तनलाई संस्थागत गर्ने सन्दर्भमा आर्थिक सामाजिक सुधारका काममा जोड दिएको सन्दर्भलाई समेत आजको सन्दर्भमा आत्मसात गर्नु र महत्वपूर्ण राजनीतिक कार्यभारका (रूपमा ग्रहणगर्नु जरुरी भइसकेको छ ।

**वहुलवाद र बहुदलीय प्रतिस्पर्धाको प्रणालीलाई नेकपा (एमाले)ले जनताको बहुदलीय जनवादको विशेषताका रूपमा आत्मसात गरेको थियो भने माओवादीले त्यसलाई अस्वीकार गरेको थियो ।**

### ३. कम्युनिष्ट आन्दोलनका वैचारिक धार र जवज

सोभियत मोडेलको समाजवादको असफलता र सोभियत सङ्घको विघटन पछि विश्व कम्युनिष्ट आन्दोलनमा भैं नेपालमा पनि जडशुत्रवादी, विसर्जनवादी र क्रान्तिकारी गरी तिन प्रकारका धारहरू देखिए । जडशुत्रवादले सोभियत मोडेलको समाजवादको असफलतालाई विश्वकम्युनिष्ट आन्दोलनमा आएको चुनौतीका रूपमा वुझ्नै चाहेन । उसले त्यसलाई सशोधनवादको सङ्कटका रूपमा लियो र नेपालमा कम्युनिष्ट आन्दोलनको रक्षा र विकासका रूपमा जनयुद्ध नामको उग्रवामपंथी र अतिवादी बाटोलाई अनुशरण गर्‍यो । विसर्जनवादीधाराले नेपालको कम्युनिष्ट आन्दोलनलाई अलग धारका रूपमा अघि बढाउने सामर्थ्य नै राखेन । त्यो वुर्जुवा सुधारवादमा विलिन भएर गयो । क्रान्तिकारी धारका रूपमा रहेको नेकपा (एमाले)ले जननेता मदन भण्डारीको अगुवाईमा कम्युनिष्ट आन्दोलनको लोकतान्त्रिकरणको नयाँ मान्यताका रूपमा जनताको बहुदलीय जनवादको विकास गर्‍यो । अहिलेको नेपालको कम्युनिष्ट आन्दोलन नेकपा (एमाले)ले आत्मसात गरेको जनताको बहुदलीय जनवाद र एकिकृत नेकपा( माओवादी)ले अघि बढाइरहेको परम्परागत कम्युनिष्ट आन्दोलनका मान्यताका बीचमा वैचारिक सङ्घर्षको प्रक्रियाबाट अघि बढिरहेको छ । यी दुई मान्यताका बिचको सङ्घर्षका प्रभावहरू नेपाली राजनीतिमा गहिरो गरी अनुभूत गर्न सकिन्छ ।

नेकपा (एमाले)ले जनताको बहुदलीय जनवादको र नेकपा(माओवादी)ले जनयुद्धको बाटोबाट पराम्परागत नयाँ जनवादका स्थापनाका लागि अघि बढिरहँदा उनीहरूका बीचमा मूल रूपमा क्रान्तिको बाटो संङ्घर्षको रूप र तरिकाका सन्दर्भमा, वहुलवाद र बहुदलीयतालाई हेर्ने र ग्रहण गर्ने सन्दर्भमा र पार्टी निर्माणका सन्दर्भमा गंभीर मतभेद रहेका थिए । त्यतिवेला माओवादीहरू दीर्घकालिन जनयुद्ध नेपाली क्रान्तिको एकमात्र बाटोको मान्यतामा थिए र सङ्घर्षको रूप र तरिकामा उनीहरूले सशस्त्र सङ्घर्ष र फौजी सङ्गठको निर्माणमा जोड दिएका थिए । जवकी नेकपा (एमाले) एकमात्र बाटोको मान्यतालाई सैद्धान्तिक रूपमा समेत अस्वीकार गरेको थियो र नेपालमा शान्तिपूर्ण परिवर्तनका सम्भावनाहरू विद्यमान रहेको निश्कर्षका साथ संसदिय प्रतिस्पर्धा र वैधानिक सङ्घर्षलाई एक साथ अघि बढाउँदै आइरहेको थियो । वहुलवाद र बहुदलीय प्रतिस्पर्धाको प्रणालीलाई नेकपा (एमाले)ले जनताको बहुदलीय जनवादको विशेषताका रूपमा आत्मसात गरेको थियो भने माओवादीले त्यसलाई अस्वीकार गरेको थियो । पार्टी निर्माणका सन्दर्भमा नेकपा (एमाले)ले परिवर्तनको मुख्यशक्ति भनेको सचेत जनता हुन् भन्ने मान्यताका आधारमा जनतालाई राजनीतिक रूपमा सतेत वनाउदै जनतामा आधारित कार्यकर्ता पार्टीको निर्माणमा जोड

दियो । आज आएर हेर्दा जनताको बहुदलीय जनवादले अघि सारेका मान्यताहरू सही सावित भएका छन् । एमाओवादीहरू आफ्ना पूर्व मान्यताहरूमा पछि हट्न वाध्य छन् र एकपछि अर्को गर्दै जवजले दिशानिर्देश गरेको बाटोमा आउन वाध्यछन् । तर उनीहरू आफुभित्र आइरहेको परिवर्तनको सत्यलाई आत्मसातगर्न सकिरहेका छैनन् । पछिल्लो समयमा एमाओवादी भित्र चलिरहेको अन्तरपार्टी सङ्घर्षले पनि त्यही सच्चाईलाई उजागर गरिरहेको छ ।

नेकपा (एमाले)ले अघि बढाएको जवजको धार र एमाओवादीले अघि बढाइरहेको परम्परागत नयाँ जनवादी क्रान्तिको धारका बीचमा चलिरहेको वैचारिक सङ्घर्षमा जवजका मान्यताहरू स्थापित हुँदै गइरहेको भए पनि एमाओवादीहरू पूर्णत: वैचारिक रूपमा आफ्नो धारलाई परिवर्तन गरिहाल्ने पक्षमा छैनन् । अहिले उनीहरू वाह्य हस्तक्षेपको खतरा बढेको कुरा गरेर शान्ति र सम्विधानको बाटोमा जोड दिने कुरा गरिरहेका छन् । तर राजनीतिक कार्यदिशाका दृष्टिकोणले अझै पनि उनीहरू शान्तिपूर्ण र वैधानिक बाटोबाट अघि बढ्न सकिने सम्भावनाको कुरा गरिहेका छैनन् । यसले अझै पनि दुईधार र प्रवृत्तिका विचमा तिव्र वैचारिक सङ्घर्षको आवश्यकता रहेको कुरालाई पुष्टि गर्दछ । यस्तो स्थितिमा वैचारिक सङ्घर्षको अपरिहार्यतालाई विर्सेर नेकपा (एमाले) र एमाओवादीका बीचमा मात्र संयुक्त मोर्चाको निर्माण गर्ने र दीर्घकालिन सहकार्यको कुरा गर्नु पूर्णत: अनुचित कुरा हो । यसले एकातिर वर्तमान संक्रमण कालका व्यवस्थापनका सन्दर्भमा एमाओवादीको वैचारिक रूपान्तरणको प्रकृयालाई अवरुद्ध वनाइदिने छ भने अर्कोतिर नेपाली राजनीतिमा जवजको श्रेष्ठताको अवसरलाई पछि कमजोर वनाई दिनेछ । नेपालको कम्युनिष्ट आन्दोलनमा असीको दशक पछि अघि आएका दुई धार र दुई कार्यदिशाका बीचमा वैचारिक संङ्घर्षको आवश्यकता अहिले अझै वढेर गएको छ । नेपालको कम्युनिष्ट आन्दोलनमा यी दुई धारका बीचमा कुन ठीक र कुन वेठिक, कुन सफल र कुन असफल भन्ने कुरा आम रूपमा स्थापित हुँदैन, त्यतिवेलासम्म वैचारिक सङ्घर्षमा जोड दिनु पर्दछ । यी दुइ धारका बीचमा वैचारिक सङ्घर्षमा प्रतिकूल असर पुग्ने कुनै पनि खालको गतिविधि नेपालको लोकतान्त्रिक आन्दोलनका सन्दर्भमा मात्र होइन, कम्युनिष्ट आन्दोलनको विकासका सन्दर्भमा उपयुक्त पनि हुँदैन । जवजका हिमायतीहरू यस कुरामा सचेत हुँदै वैचारिक सङ्घर्षलाई तीव्रता दिने कुरामा अग्रसर हुनु पर्दछ ।

**यस्तो स्थितिमा वैचारिक सङ्घर्षको अपरिहार्यतालाई बिर्सेर नेकपा (एमाले) र एमाओवादीका बीचमा मात्र संयुक्त मोर्चाको निर्माण गर्ने र दीर्घकालिन सहकार्यको कुरा गर्नु पूर्णतः अनुचित कुरा हो ।**

### ४. जनआन्दोलनको विकासमा कम्युनिष्टहरू

नेपालको जनआन्दोलनको आरम्भ देखिनै नेपालका कम्युनिष्टहरू आन्दोलनको महत्वपूर्ण हिस्साका रूपमा रहँदै आए । सात सालको जनआन्दोलनमा उनीहरूको भूमिका नेतृत्वका हिसावले सहयोगीका रूपमा रह्यो । यद्यपी त्यस पछिका दिनहरूमा मुक्ति सेनाको विद्रोहमा समेत नेकपाका नीति र दृष्टिकोणहरूको गहिरो प्रभाव रह्यो । त्यस यताका प्राय सबै आन्दोलनहरू विशेष गरी छत्तिस, छयालिस र वैसठ्ठी त्रिसठ्ठीको जनआन्दोलनसम्म आइपुग्दा त्यो भूमिका क्रमशः नेतृत्वकारी र निर्णायक बन्दै गयो । तर पनि नेपालको जनआन्दोलन प्रमुख शक्तिहरू बीचको एकता र सहकार्यबाट नै सफल हुने गरेको छ । वैसठ्ठी त्रिसठ्ठीको ऐतिहासिक जनआन्दोलनको वैचारिक र राजनीतिक आधारको खोजी गर्ने हो भने त्यो जनताको बहुदलीय जनवाद नै हो । तर शान्ति प्रक्रियामा आइसकेपछि माओवादीका तर्फबाट अघि सारिएका विश्लेषणका कारणले जनआन्दोलनको महत्व नै ओझेलमा पर्ने अवस्था सृजना भएको छ । कुन राजनीतिक कार्यदिशाका शान्तिपूर्ण जनआन्दोलन कि सशस्त्र जनयुद्धका आधारमा यो ऐतिहासिक र युगान्तकारी परिवर्तन सम्भव भएको हो ? भन्ने कुराको स्पष्टता विना त्यसलाई संस्थागत गर्ने कुरामा समस्या आउनु स्वभाविकै हो ।

सम्विधानसभामा विभिन्न विचार र प्रवृत्तिका कम्युनिष्टहरूको संख्या झण्डै साठी प्रतिशतको हाराहारीमा रहेको भन्ने मान्यताका आधारमा जनआन्दोलनका शक्तिहरू बीचको सहकार्यलाई भत्काउने कोशिस भइरहेको छ । जनआन्दोलनको विकासमा शान्तिपूर्ण जनआन्दोलनका पक्षधर शक्तिहरू

र सशस्त्र सङ्घर्षमा रहेको माओवादीका विचमा वाह्रवुदे सहमतिका आधारमा सहकार्य आरम्भ भएको थियो। राजनीतिक कार्यदिशामा अन्योलता रहेका कारणले दिल्लीमा दोस्रो सहमति भएको थियो। आज परिवर्तनलाई संस्थागतगर्ने सन्दर्भमा पनि मुलतः जनआन्दोलनका शक्ति र एमाओवादीका विचमा अन्तरविरोध रहेको छ। किनकी नेपालका कम्युनिष्ट समुहहरूका बीचमा सिद्धान्त, विचार र राजनीतिक कार्यदिशाका सन्दर्भमा गंभीर मतभेद रहेका छन्। त्यो अन्तरविरोध पनि प्रमुख रूपमा एमाले र एमाओवादीका विचमा नै रहेको छ। शान्ति प्रक्रियाका सन्दर्भमा एमाओवादी पक्षका रूपमा रहेको छ भने सम्विधान निर्माणका सन्दर्भमा लोकतन्त्रका आधारभूत मूल्यहरूलाई आत्मसात गर्ने र परिवर्तनलाई संघिय लोकतान्त्रिक गणतन्त्रका रूपमा संस्थागत गर्ने कुरामा समेत उ असहमत बन्दै गएको छ। विगतमा सम्पन्न ऐतिहासिक जनआन्दोलनलाई हेर्ने र ग्रहण गर्ने सवालमा रहेका उसमा रहेका गलत दृष्टिकोणले शान्ति र सम्विधानको यात्रालाई प्रभावित गरिदिएको छ। पछिल्लो समयमा शान्ति र संम्विधानमा जोड दिने प्रचण्डको नीतिका कारणले मानिसहरूमा शान्ति र सम्विधानको दिशामा प्रगति हुने आशा पलाएको छ। तर उनको दस्तावेजहरूको मार्क्सवादी दृष्टिकोणका आधारमा विश्लेषण गर्ने हो भने समस्या अझै सुल्झिसकेको अवस्था भने होइन। जेठ १४ को सङ्कट टार्नका लागि अवलम्वन गरिएको दाउपेच मात्रै हो भन्ने आशङ्कालाई दुर गर्न एमाओवादीले त्यस पूर्व केही गरेर देखाउन सक्नु पर्दछ। अन्यथा यो आशाले उत्पन्न गर्ने निराशा अझै ज्यादा गहिरो सङ्कटमा रूपान्तरित हुनेछ।

पछिल्लो ऐतिहासिक जनआन्दोलनको चरित्रको निरूपण गर्ने सन्दर्भमा नेपालको राजनीतिक द्वन्द्वका वारेमा अध्ययन गरिरहेको क्राइसिस ग्रुप नेपालले जनआन्दोलनमा राजतन्त्र मात्र पराजित भएका होइनन्, छयालिसको परिवर्तनबाट स्थापित उदार प्रजातन्त्रको मान्यता र सशस्त्र सङ्घर्षबाट राज्यसत्ता कब्जा गर्ने

**विगतमा सम्पन्न ऐतिहासिक जनआन्दोलनलाई हेर्ने र ग्रहण गर्ने सवालमा रहेका उसमा रहेका गलत दृष्टिकोणले शान्ति र सम्विधानको यात्रालाई प्रभावित गरिदिएको छ।**

माओवादीको राजनीतिक कार्यदिशा पनि पराजित भएको हो भन्ने निश्कर्षलाई मनन गर्नु पर्ने हुन्छ। वास्तवमा उक्त आन्दोलनले छयालिस सालको परिवर्तनलाई पूर्ण ठान्ने नेपाली काङ्ग्रेसको यथास्थितिवादी धारलाई अस्वीकार गरेको थियो र त्यसका ठाउँमा नेकपा (एमाले)को सत्ताइस वुँदे असहमतिलाई स्थापित गरिदिएको थियो। जेठ ४ को प्रतिनिधिसभाको ऐतिहासिक घोषणालाई हेर्ने हो भने जो कोहीले पनि उक्त सत्यलाई बुझ्न सक्दछ। त्यसरी नै वैशाख ११ को प्रतिनिधिसभाको पुनर्स्थापनाको घोषणालाई जनआन्दोलनका विरुद्धको गद्दारीका रूपमा चित्रण गर्दै विद्रोहको दिशामा जनतालाई उत्रन आह्वान गरेको माओवादी जनताले साथ नदिए पछि आफ्ना निर्णयमा परिवर्तन गरी शान्ति प्रक्रियामा सहभागी हुन बाध्य भएको थियो। ऐतिहासिक जनआन्दोलनको सफलताले नै रणनीतिक प्रत्याक्रमणको चरणमा पुगेको भनिएको माओवादी आन्दोलनलाई शान्ति र सम्विधानको दिशामा ल्याएको हो। तर शान्ति प्रक्रियामा माओवादीको सहभागिता पछि जनआन्दोलनको उपलव्धिलाई ओझेलमा पार्ने काम भयो। शान्ति प्रक्रियामा माओवादी आए पछि नेपालीको बौद्धिक समुदायमा उसको महत्व देखाउने होड नै चल्यो। परिणाम स्वरूप माओवादीको कार्यदिशा असफल भएको कुरा विस्तारै हराएर गयो। त्यसपछि शान्तिपूर्ण जनआन्दोलनका माध्यमबाट भएको परिवर्तनको मूख्य श्रेय जनआन्दोलन प्रति आलोचनात्मक दृष्टिकोण राख्दै आएको माओवादीले पाउने स्थिति बन्यो। अनि त्यसको प्रभाव सम्विधानसभाको निर्वाचन, नेपालको शान्ति प्रक्रिया र सम्विधान निर्माणको काममा समेत पर्‍यो। अहिले शान्ति र सम्विधान कि जनविद्रोह भन्ने एमाओवादी भित्रको बहसमा समेत त्यसको प्रभाव रहेको छ।

कुनै पनि ठूलो राजनीतिक परिवर्तनका पछि त्यसको निश्चित सैद्धान्तिक आधार र आयाम हुन्छ भन्ने स्वीकृत राजनीतिक विज्ञानको मान्यतालाई आधार बनाएर विश्लेषण गर्ने हो भने गएको ऐतिहासिक जनआन्दोलनको सैद्धान्तिक आधार र आयाम के थियो

भनेर निरूपण गर्नु पर्ने हुन्छ । उदार प्रजातन्त्रका पक्षधर शक्तिका लागि अहिलेको परिवर्तन बढी भएको अनुभूति भइरहेकोछ भन्ने परम्परागत कम्युनिष्ट आन्दोलनका हिमायती एमाओवादीका लागि अहिलेको परिवर्तन अपूर्ण लागिरहेको अवस्था छ । पराम्परागत कम्युनिष्ट आन्दोलनका हिमायती एमाओवादी र उदार प्रजातन्त्रको पक्षमा उभिँदै आएको नेपाली काङ्ग्रेसका बीचको सहमतिको साझा बिन्दुका रूपमा संघिय लोकतान्त्रिक गणतन्त्रलाई कायम गर्ने कुरामा नेकपा (एमाले) र जनताको बहुदलीय जनवादको महत्वपूर्ण भूमिका रहेको छ। यद्यपी सात बुँदे सहमतिका कारणले नेकपा ( एमाले) पनि संघिय लोकतान्त्रिक गणतन्त्रबाट विमुख भएको आरोप लगाउनेहरू नभएका होइनन् । तर सातबुँदे सहमति पछि बसेको नेकपा (एमाले)को केन्द्रीय कमिटीको बैठकले त्यसका त्रुटी र कमजोरीलाई सच्याउने सर्वसम्मत निर्णय सार्वजनिक गरिसकेको छ ।

**नेपालको लोकतान्त्रिक आन्दोलनले नेपाली जनतामा आशा र अपेक्षाको जति संचार गऱ्यो, आज त्यसलाई समयमै व्यवस्थापन गर्न नसक्दा त्यतिकै निराशा र बेचैनी बढाइदिएको छ ।**

## ५. राजनीतिक सङ्कट र सम्भावित चुनौतिहरू

नेपालको लोकतान्त्रिक आन्दोलनले नेपाली जनतामा आशा र अपेक्षाको जति संचार गऱ्यो, आज त्यसलाई समयमै व्यवस्थापन गर्न नसक्दा त्यतिकै निराशा र बेचैनी बढाइदिएको छ। वर्तमान समय संक्रमणकालको अहिलेसम्मकै जटिल र चुनौतिपूर्ण समय हो । एमाओवादीको जनविद्रोहको कार्यदिशालाई तत्कालका लागि स्थगित गर्ने र शान्ति र सम्विधानमा जोड दिने नीतिले थोरै भए पनि राहत त दिएको छ। तर त्यतिनै कुराले आजको सङ्कटको समाधान भै हाल्ने अवस्था छैन।

अव सम्विधानसभाको थपिएको एक वर्षको समय सकिन वाह्र दिन मात्र बाँकी छ। राष्ट्रिय सहमतिको नारा दिएर गठन भएको सरकारले आफ्नो ध्यान मूल मुद्दामा लगाउन सकिरहेको छैन । तीन महिना वितिसक्दा पनि प्रधानमन्त्रीको ध्यान सरकार गठन र त्यसलाई टिकाउने कुरामै केन्द्रित रहनु, संयुक्त सरकारको साझा न्यूनतम् कार्यक्रम तयार हुन नसक्नु, सरकारमा सहभागी हुने भन्दा बाहिर बस्नेको संख्या ठूलो देखिनु र जेठ चौधसम्म पनि सहमतिको सरकार गठन हुने कुनै लक्षण नदेखिनु, बरु उल्टै सत्तापक्ष र प्रतिपक्षका बीचको दुरी अझै बढ्न थाल्नु, सहमतिको अभावमा शान्ति प्रक्रियाले पूर्णता पाउने र सम्विधान बन्ने अवस्था अन्त्य हुँदै जानु, सरकार, राजनीतिक दल र सम्विधानसभा प्रति जनतामा असन्तुष्टि र अविश्वास बढ्दै जानु, प्रमुख दलहरू बीचको सहमति बिना सम्विधानसभाको म्याद पनि थप्न नसकिने अवस्था रहनु र सम्विधानसभाको अवसान भएको अवस्थामा ऐतिहासिक जनआन्दोलनका उपलब्धिहरू नै सङ्कटमा पर्ने, सर्वत्र अराजकता र असन्तोष फैलने तथा विभिन्न सरोकारवाला समुहका उर्लदाँ आकांक्षा र चुनौतिहरूलाई राज्यले व्यवस्थापन र सामना दुबै गर्न नसकिने अप्ठ्यारो अवस्थातिर मुलुक अग्रसर हुनु जस्ता अनेकौं चुनौतिपूर्ण परिदृष्यहरू देखिँदै छन् । यस्तो अवस्थामा अब के गर्ने ? भन्ने विषयमा केन्द्रित भएर छलफल र वहस गर्नु पर्ने राजनीतिक दलहरू द्वन्द्व र अन्यौलको भुमरीमा परिरहेको देख्दा सर्वसाधारणको मनमा समेत प्रश्न उब्जिएको छ, जेठ १४ पछि के हुन्छ ? अविश्वासले भरिएको त्रासदीपूर्ण यो प्रश्नको उत्तर खोज्ने दायित्वबाट मुलुकका जिम्मेवार दलहरू पन्छन मिल्ने अवस्था छैन र पन्छनु पनि हुँदैन । जेठ १४ पछि आइपर्ने चुनौतिलाई प्रमुख दलहरूले आफू माथिको सङ्कटका रूपमा महसुस गरेको अवस्थामा अझै पनि उनीहरूका बीचमा सहकार्यको नयाँ आधार तयार हुन सक्छ। अन्यथा मुलुक अकल्पनिय रूपमा सङ्कटको नयाँ दुश्चक्रमा फस्ने निश्चित छ।

प्रमुख दलहरू सहमति, सहकार्य र एकताको बाटोमा आउन नसक्ने हो भने जेठ १४ पछि उत्पन्न हुने सङ्कट नेपालको राजनीतिको भिषण अन्यौलता र सङ्कटका रूपमा आउने निश्चित छ। सहमति र सहकार्यको अभावमा शान्ति र सम्विधान निर्माणको काम पूरा नहुने, सम्विधानसभाको अस्तित्व नै सङ्कटमा पर्ने, सहमतिको अभावमा बढ्दो जनअविश्वासका कारणले सम्विधानसभाका म्याद थप्न कठिन हुने, गणितीय हिसावले सम्विधानसभाको म्याद थप गर्ने काम भएमा पनि त्यसरी कायम भएको सम्विधानसभाले काम गर्ने अवस्था नरहने स्थितिमा

मुलुकको संक्रमणकालिन राजनीति जोखिममा पर्ने निश्चित छ । यस प्रकारको नकारात्मक अवस्थालाई समयमै हस्तक्षेप गरी सही बाटोमा ल्याउन नसक्ने हो भने माओवादीहरू पालुङटार बैठकको निर्णय जसलाई केन्द्रीय कमिटीले तत्कालका लागि स्थगित गरेको छ त्यसलाई पुनः व्युँताउन अग्रसर हुनेछन् । आफ्नो असहमतिमा सम्विधानसभाको म्याद थप भएको वा सहमतिको अभावमा सम्विधानसभा भङ्ग भएको अवस्थामा नेपाली काङ्ग्रेस प्रजातन्त्रको रक्षाका नाममा सङ्घर्षको बाटोमा अघि बढ्ने मनस्थितिमा छ । जातिय र क्षेत्रिय शक्ति वा पार्टीहरू पनि यस प्रकारको परिस्थितिमा स्वशासनका नाममा समानान्तर सरकार संचालनको अबैधानिक बाटोमा अग्रसर हुने खतरा त्यतिकै छ । दक्षिणपंथी र उग्रवामपंथी अतिवादीहरू राज्यलाई कमजोर बनाउने उद्देश्यका साथ त्यस्ता क्रियाकलापलाई प्रोत्साहित गर्न अग्रसर हुने र वाह्य शक्तिहरू पनि नेपालको राजनीतिलाई गलत दिशामा जान नदिने नाममा आफ्नो हस्तक्षेप वढाउने र त्यस प्रकारका क्रियाकलापमा प्रत्यक्ष वा परोक्ष रूपमा संलग्न हुने सम्भावना पनि त्यतिकै छ । यस प्रकारको अवस्था तर्फ मुलुक अग्रसर भएमा वैसठ्ठी त्रिसठ्ठीको ऐतिहासिक जनआन्दोलनबाट नेपाली जनताले हासिल गरेका उपलव्धिहरूमात्र सङ्कटमा पर्ने छैनन्, नेपालको लोकतान्त्रिक आन्दोलन र नेपाल राष्ट्रको सार्वभौमसत्ता समेत सङ्कटमा पर्नेछ ।

उपरोक्त सङ्कटलाई टार्न वा सामना गर्नका लागि परिवर्तनका वाहक शक्तिहरू विना कुनै विलम्व हस्तक्षेपकारी भूमिका निर्वाह गर्न अग्रसर हुनु पर्दछ । उपरोक्त परिस्थिति आउन नदिन वा त्यसलाई सफलता पूर्वक समाना गर्न शान्ति, लोकतन्त्र र परिवर्तनका पक्षधर शक्तिहरूले एक पटक जनताको बहुदलीय जनवाद र जननेता मदन भण्डारीको अध्ययन गर्नु उपयोगी हुन्छ भन्ने मेरो सुझाव छ । राजनीतिक द्वन्द्वको व्यवस्थापनका सन्दर्भमा हामी अनेकौं विदेशी विज्ञहरूसँग छलफल चलाइरहेका छौं । तर आफ्नै मुलुकको राजनीतिको अन्तरसङ्घर्षको बीचबाट विकसित भएको र आजको द्वन्द्वको व्यवस्थापनको वैचारिक र राजनीतिक सामर्थ्य बोकेको जवजलाई राजनीतिक आग्रहका कारणले उपेक्षा गरिरहेका छौ । म यहाँ उपस्थित सवैलाई सवै प्रकारका आग्रहब्राट माथि उठेर आजको राजनीतिक द्वन्द्वको व्यवस्थापनका सन्दर्भमा जवजका मान्यताहरूलाई गहिरोगरी आत्मसात गर्न विनम्रतापूर्वक अनुरोध गर्दछु ।

**मुलुकको राजनीतिको अन्तरसङ्घर्षको बीचबाट विकसित भएको र आजको द्वन्द्वको व्यवस्थापनको वैचारिक र राजनीतिक सामर्थ्य बोकेको जवजलाई राजनीतिक आग्रहका कारणले उपेक्षा गरिरहेका छौ ।**

## ६. आजका ज्वलन्त प्रश्न र जवज

नेपालको कम्युनिष्ट आन्दोलन र लोकतान्त्रिक शक्तिहरूले आफ्नो वैचारिक राजनीतिक कार्यदिशालाई सुस्पष्ट बनाउने सन्दर्भमा सैद्धान्तिक तथा राजनीतिक महत्वका ज्वलन्त प्रश्नहरूको समाधान खोज्नु पर्ने हुन्छ । आज नेपाली समाजको चरित्रको निरूपणको विषय एउटा महत्वपूर्ण विषयका रूपमा उपस्थित भएको छ । नेपाली समाजका उत्पादक शक्ति र सम्वन्धमा प्रभाव पार्ने अनेकौं महत्वपूर्ण परिवर्तनहरू यस बीचमा सम्भव भएका छन् । ऐतिहासिक जनआन्दोलनको सफलताले नेपालमा शान्तिपूर्ण बाटोबाट पूँजीवादी जनवादी क्रान्ति सम्पन्न गर्न सकिने वस्तुगत आधार तयार भएको छ । तर पनि नेपाली समाजको आधारभूत चरित्र नेपाली क्रान्तिका तात्कालिक लक्ष र कार्यभार परिवर्तन भइहालेको अवस्था भने होइन । तर कतिपय व्यक्तिहरू राजनीतिक परिवर्तनका आधारमा मात्र नेपाली क्रान्तिको दिशा र चरित्र नै परिवर्तन भएको अर्थमा विश्लेषण गरिरहेका छन् । कतिपय त्यस मान्यता भन्दा फरक ढङ्गले अहिले नै जनवादी क्रान्तिको चरणसम्म आन्दोलनलाई विस्तार गर्नुपर्ने कुरा गरिरहेको छन् । यस प्रकारका विरोधाभाषी विचारका कारणले पनि परिवर्तनलाई संस्थागत गर्ने कुरामा समस्या पैदा भएको छ । जनआन्दोलनको उपलव्धिहरूलाई सही ढङ्गले व्यवस्थापन गर्ने हो भने हामीले वैसठ्ठी त्रिसठ्ठीको आन्दोलनको चरित्र र त्यसले ल्याएको परिवर्तनलाई सही ढङ्गले विश्लेषण गर्नु पर्ने हुन्छ । त्यसका आधारमा शान्ति, सम्विधान र अग्रगमनका कार्यभारलाई तय गर्न सक्नु पर्दछ । यस सन्दर्भमा तपशीलका विषयमा हाम्रो ध्यान जानु जरुरी भएको छ:

६.१. वैसट्ठी त्रिसट्ठीको ऐतिहासिक जनआन्दोलनका आफ्नै प्रकारका विशेषता रहेका छन् । यस आन्दोलनले निर्देशित गरेको दिशा परम्परागत वुर्जुवा

**अहिले वामपंथी मोर्चा वा सहकार्यका नाममा त्यस्तै कमजोरीको पुनरावृत्ति गर्ने कोशिस भइरहेको छ। जनताको बहुदलीय जनवादका पक्षधरहरूले यस विषयमा आफूलाई स्पष्ट गर्न सक्नु पर्दछ।**

क्रान्ति भन्दा एकतह माथिको र जनवादी क्रान्तिको तहमा पुगि नसकेको संक्रमणकालिन अवस्था हो। वर्जुवा क्रान्तिका पक्षधर र नयाँ क्रान्तिका पक्षधरहरूका बीचमा संश्रय र सहकार्यमा निर्धारण गरिएको संघिय लोकतान्त्रिक गणतन्त्र त्यसको प्रकट रूप हो। संघिय लोकतान्त्रिक गणतन्त्रका सन्दर्भमा एकिकृत माओवादीहरू असहमत हुँदै अहिले नै त्यो भन्दा अघि बढ्न खोजिरहेको र वुर्जुवा सुधारवादको प्रतिनिधिका रूपमा रहेको नेपाली काङ्ग्रेस कतै संघिय लोकतान्त्रिक गणतन्त्रमा गएर आफूमाथि सङ्कट उत्पन्न त गरिएन भनेर पश्चातापको मनस्थितिमा रहेको अवस्था हो। यस प्रकारको अवस्था नेकपा (एमाले)ले आत्मसात गरेको जनताको बहुदलीय जनवादको अनुकूल अवस्था हो र यसले शान्तिपूर्ण बाटोबाट जनताको बहुदलीय जनवादको बाटो हुदै समाजवादमा पुग्न सकिने नयाँ सम्भावना अघि ल्याइदिएको छ।

६.२ बैसठ्ठी त्रिसट्ठीको ऐतिहासिक जनआन्दोलनमा सहयोगी रूपमा रहेका माओवादीहरू शान्ति प्रक्रियामा आइसके पछि उक्त आन्दोलनमा आफ्नो भूमिका निर्णायक रहेको दावी गरिरहेका छन्। के उक्त जनआन्दोलनको विकासमा माओवादीको सशस्त्र सङ्घर्षको भूमिका जनआन्दोलनका शक्तिहरूको तुलनामा माथि हो? कुनै पनि अर्थमा होइन। बाह्रवुदे सहमति पछि माओवादीहरू एउटा आन्दोलन दुइ कार्यदिशाको प्रयोगका पक्षमा थिए र आफूलाई भने मूलतः सशस्त्र सङ्घर्षका पक्षमा नै उभ्याउँदै आएका थिए। उनीहरूको विश्वास शान्तिपूर्ण जनआन्दोलन सफल हुँदैन र अन्त्यमा संसदवादी दलहरू माओवादीको सशस्त्र सङ्घर्षको बाटोमा सहयोगीको भूमिका खेल्न आइपुग्दछन् भन्ने थियो। उनीहरूले आफ्नो मान्यता अनुरूप नगरपालिकाको निर्वाचन वहिस्कार अभियानमा सहभागी वने। उनीहरूको सशस्त्र गतिविधिका कारणले नै नगरपालिकाको निर्वाचन वहिष्कार आन्दोलनलाई जनआन्दोलनको स्वरूप दिन सम्भव भएन। त्यसपछि एमालेको प्रयासमा दोस्रो दिल्ली वार्ताका माध्यमबाट एउटै राजनीतिक कार्यदिशा तय गर्ने काम भयो। त्यसमा माओवादीको भूमिका नेतृत्वकर्ताको रूपमा नरहेर सहयोगीका रूपमा थियो। कफर्युको अवज्ञा गर्दै जनता सडकमा उत्रन थाले पछि भने उनीहरूको आकर्षण जनआन्दोलन तिर तानिएको थियो। तर अहिले नेपाली राजनीतिमा उक्त सन्दर्भको खासै चर्चा हुँदैन। उपरोक्त सन्दर्भका आधारमा विश्लेषणगर्ने हो भने उक्त जनआन्दोलनमा राजनीतिक कार्यदिशाका हिसावले जवजको दृष्टिकोण सही सावित भएको थियो र त्यसलाई स्थापित गर्ने कुरामा नेकपा (एमाले)को भूमिका नै अग्रणी थियो।

६.३ आज नेपाली राजनीतिमा वाम प्रजातान्त्रिक शक्ति बीचको एकता कि ध्रुविकरण भन्ने सन्दर्भमा समेत वहस पनि आरम्भ गर्नुपर्ने भएको छ। सम्विधानसभामा वामपंथीहरूको वहुमत रहेको नाममा मुलुकलाई जनआन्दोलनको मर्म र भावना विपरित ध्रुविकरणतर्फ लैजाने कोशिस भइरहेको छ। नेकपा (एमाले)) भित्र पनि एउटा धार त्यसबाट गम्भिर रूपमा प्रभावित देखिन्छ। यस्ता कुरामा पनि हाम्रो ध्यान जानु जरुरी हुन्छ। सात सालको जनआन्दोलन पछि नेपाली काङ्ग्रेसले एकल ढङ्गले अघि बढ्ने कोशिस गर्‍यो र एक दशक पनि पुरा नहुँदै उपलब्धिहरू खोसिने अवस्थाको सृजना भयो। अहिले वामपंथी मोर्चा वा सहकार्यका नाममा त्यस्तै कमजोरीको पुनरावृत्ति गर्ने कोशिस भइरहेको छ। जनताको बहुदलीय जनवादका पक्षधरहरूले यस विषयमा आफूलाई स्पष्ट गर्न सक्नु पर्दछ। यस सन्दर्भमा छयालिस सालको जनआन्दोलनका सफलता पछि जननेता मदन भण्डारीले प्रजातन्त्रको संस्थागत विकास नभइसक्दासम्म सहकार्यमा काँग्रेससँग राखेको प्रस्तावलाई स्मरण गर्नु सान्दर्भिक हुनेछ। यद्यपी त्यतिवेला नेकाँको गलत वुझाईका कारणले उक्त सहकार्यको प्रस्ताव अघि बढ्न सकेन। जहाँसम्म

जनताको बहुदलीय जनवादको मान्यताको कुरा छ त्यसले त क्रान्ति पछिको अवस्थामा पनि कम्युनिष्ट र वामपंथीहरूको बीचमा प्रतिस्पर्धा हुने अवस्थाको परिकल्पना गरेको छ। जसरी एउटा पूँजीवादी पार्टीको असफलता वा अलोकपृयताका कारणले पूँजीवादको अन्त्य हुँदैन र त्यसको ठाउँ अर्को पूँजीवादी पार्टीले लिन्छ। कम्युनिष्ट आन्दोलन र समाजवादको रक्षाका सन्दर्भमा पनि त्यस प्रकारको स्थिति सृजना गर्न सक्नु पर्दछ।

६.४ नेपालको कम्युनिष्ट आन्दोलनमा वामपंथ के हो ? भन्ने वुझाईमा समेत समस्या रहेको छ। कम्युनिष्ट आन्दोलनमा उग्रवामपन्थ र वामपन्थ एउटै राजनीतिक धार होइन र हुन सक्तैन। उग्रवामपंथ वामपंथबाट भएको विचलन हो र त्यसको आधार निम्न पूँजीवाद हो। लेनिन र माओजस्ता नेताहरूले अघि सार्नु भएका विश्लेषणको अध्ययन गर्दा पनि उक्त कुरा स्पष्ट हुन्छ। त्यस माथि कम्युनिष्ट आन्दोलनको लोकतान्त्रिकरणको अगुवाई गरिरहेको पार्टी नेकपा (एमाले)ले र लोकतान्त्रिक प्रक्रियामा आवद्ध कम्युनिष्टहरूले दुबैलाई एकै ठान्ने कुरा हुनै सक्तैन। आजसम्मको अनुभवले उग्रवामपंथले क्रान्तिको होइन, अन्तत्वोगत्वा दक्षिणपंथको सेवा गर्दछ भन्ने कुरा स्पष्ट भइसकेको छ। शान्ति प्रक्रियामा आवद्ध हुँदाहुँदै पनि उग्रवामपंथी अवसरवादको शिकार भएको एमाओवादीप्रतिको नेपालका वामपंथीहरूको नीति एकता, सङ्घर्ष र रूपान्तरणको हो र हुनु पर्दछ। सङ्घर्ष र रूपान्तरण बिना उसको सहभागितामा पुरा गर्नुपर्ने शान्ति र सम्विधानको कार्यभारलाई सफलतापूर्वक पुरा गर्न सकिदैन। एमाओवादीलाई सही बाटोमा आउन प्रेरित र बाध्य बनाउने सन्दर्भमा जनताको बहुदलीय जनवादका मान्यताहरूको भूमिका निर्णायक रहँदै आएको छ र आगामी दिनमा त्यो भूमिकालाई अझै विस्तारित गर्नु जरुरी हुन्छ।

६.५ माथि नै चर्चा गरिसकिएको आजको परिवर्तनलाई कुन विचारले निर्देशित गरिएको छ ? भन्ने प्रश्नमा स्पष्टता हासिल गरिनु पर्दछ। वुर्जुवा उदारवाद, माओवाद वा जनताको बहुदलीय जनवाद मध्ये कसले आजको परिवर्तनलाई दिशा निर्देश गर्ने सामर्थ्य राख्छ भन्ने कुरा ऐतिहासिक जनआन्दोलनले हासिल गरेका उपलब्धिहरूसँग जोडिएको विषय हो। यस प्रश्नका सन्दर्भमा सहजै भन्न सकिन्छ, जनताको बहुदलीय जनवादले नै आजको परिवर्तनलाई दिशा निर्देश गरिहेको छ र गर्ने सामर्थ्य राख्दछ। वैसठ्ठी त्रिसठ्ठीको आन्दोलनका उपलब्धिहरूलाई सम्विधानसभाका माध्यमबाट कुन हदसम्म विस्तार गर्न सकिन्छ। के एमाओवादीले भने झैं अहिले नै त्यसलाई जनवादी क्रान्तिको चरणसम्म विस्तार गर्न सकिन्छ र उचित हुन्छ। मेरो विचारमा विगतमा भएका सहमति र संझौता तथा सम्विधानसभा र बाहिरको राजनीतिक शक्ति सन्तुलनका आधारमा अहिले नै संघिय लोकतान्त्रिक गणतन्त्रको सिमाभन्दा अघि बढ्ने कुरा न उचित हुन्छ न त सम्भव नै। वरु त्यस प्रकारको कोशिसले उपलब्धिहरू नै गुम्ने खतरा उत्पन्न हुनेछ।

६.६ बाह्रवुदे सहमति र विस्तृत शान्ति संझौता विपरित एमाओवादीहरू संघिय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने कुराको विपक्षमा उभिएका छन्। उनीहरू आफैले तयार गरेको अन्तरिम सम्विधानको सिमाभन्दा बाहिर जान चाहिरहेका छन्। त्यसको प्राप्तिका लागि उनीहरू जनविद्रोहको राजनीतिक कार्यदिशाको अपरिहार्यताको कुरा गरिरहेका छन्। उक्त योजनामा साथ र सहयोग पाउनका लागि तेस्रो जनआन्दोलनको कुरा समेत गरिरहेका छन्। के माओवादीले भन्ने गरेको जनविद्रोह वा तेस्रो जनआन्दोलन सम्भव छ ? राजनीतिक आन्दोलनको चरित्रका आधारमा शत्रु र मित्र छुट्याउने र मित्रको दायरा फराकिलो बनाउने जवजको मान्यताका आधारमा विश्लेषण गर्ने हो भने उनीहरूको त्यो दृष्टिकोण त्रुटिपूर्ण छ र नेपाली जनआन्दोलनको विशेषता विपरित रहेको छ। नेपालमा अहिलेसम्म सफल ठानिएको तीनवटै जनआन्दोलनहरू शासक वर्गका

**वुर्जुवा उदारवाद, माओवाद वा जनताको बहुदलीय जनवादमध्ये कसले आजको परिवर्तनलाई दिशानिर्देश गर्ने सामर्थ्य राख्छ भन्ने कुरा ऐतिहासिक जनआन्दोलनले हासिल गरेका उपलब्धिहरूसँग जोडिएको विषय हो।**

विरुद्धका सम्पूर्ण शक्तिहरूको एकता र सहकार्यबाट नै सम्भव भएको छ। एकल ढङ्गले अघि बढ्ने कोशिसहरू विगत देखिनै असफलतामा गएर तुगिएका छन्। वर्तमान संक्रमण कालको व्यवस्थापनका सन्दर्भमा सबैको ध्यान यस सत्य प्रति जानसक्नु पर्दछ।

**नेपालका लोकतान्त्रिक दलहरूले शान्तिका नाममा एक पटक हतियारसहितको शक्तिलाई चुनावी प्रतिस्पर्धामा जान दिएको आधारमा भविष्यमा पनि त्यो अवसर आउँछ भन्ने ठान्नु भूल मात्र हो।**

६.७ शान्ति प्रक्रियाको सफलताका सन्दर्भमा एमाओवादीको सेना प्रतिको मोह मूख्य समस्याको विषय बन्ने गरेको छ। सशस्त्र सङ्घर्षको दिशामा अघि बढ्दा सेनाको भूमिका महत्वपूर्ण रहेको र शान्ति प्रक्रियामा आइसकेपछि पार्टी निर्माण र विस्तारमा सशस्त्र समुहको भूमिका महत्वपूर्ण रहेका कारणले उसले कुनै न कुनै रूपमा लडाकुसँगको सम्वन्धलाई कायम राख्ने मनसाय राखेको छ। जवकी नेपालको राजनीतिक परिवर्तनमा माओवादीले निर्माण गरेको सशस्त्र शक्ति र चौध हजारको बलिदानले हासिल नभएको उपलब्धि शान्तिपूर्ण जनआन्दोलनका माध्यमबाट भएको यथार्थतालाई माओवादी नेतृत्वले बुझ्न सक्नु पर्दछ। सूचना क्रान्तिको युगमा हतियारको बलमा राजनीतिक वर्चश्व कायम राख्ने एमाओवादीको सोंच कुनै पनि अर्थमा उचित मान्न सकिदैन। नेपालका लोकतान्त्रिक दलहरूले शान्तिका नाममा एक पटक हतियारसहितको शक्तिलाई चुनावी प्रतिस्पर्धामा जान दिएको आधारमा भविष्यमा पनि त्यो अवसर आउँछ भन्ने ठान्नु भूल मात्र हो। अरबमा देखिएको जनताको आन्दोलनले पनि सैन्य बलमा टिकेको राजनीतिमा गंभीर चुनौति खडा गरिदिएको छ।

६.८ तपशीलका विषयहरूलाई अलग गर्ने हो भने सम्विधान निर्माणका सन्दर्भमा राज्यको पुनसंरचना र अधिकारको बाँडफाँडका विषय, शासकिय स्वरूप, निर्वाचन प्रणालीको विषय, वहुलवाद र बहुदलीय प्रतिस्पर्धाको प्रणालीलाई स्थापित गर्ने विषय र शक्ति पृथकिकरणको नीतिका आधारमा सम्वैधानिक अङ्गहरूलाई अधिकार सम्पन्न बनाउने विषय र सार्वभौमसत्ताको अधिकार जनताको अधारभूत तहसम्म विस्तार गर्ने विषय मूख्य समस्या र चुनौतिका रूपमा रहेका छन्। यसमा एमाओवादीका सोंचहरू नै मूख्य समस्याका रूपमा देखिएका छन्। वहुराष्ट्रिय संघियताको वकालत गर्ने तर लोकतन्त्रको आधारका रूपमा रहेको वहुलवाद र बहुदलीयता आत्मसात गर्न तयार नहुने उसको सोच आफैमा विरोधाभाषपूर्ण छ। त्यसरी नै नेपालको लोकतान्त्रिक आन्दोलन सदैव तानशाही र अधिनायकवादको शिकार भइरहेको परिप्रेक्षमा प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिको मान्यताभन्दा सम्वैधानिक राष्ट्रपति र कार्यकारी प्रधानमन्त्रीको मान्यता उपयुक्त हुन्छ। यद्यपी यसमा राजनीतिक स्थायित्वका आधार कसरी सुनिश्चित गर्ने भन्ने सन्दर्भमा अनेक विकल्पमा छलफल गर्न सकिन्छ। नेकपा (एमाले)को तर्फबाट अघि सारिएको प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको प्रस्ताव पनि उपयुक्त विकल्प हो। जहाँसम्म निर्वाचन प्रणालीको कुरा छ वर्ग सङ्घर्षलाई अघि बढाउने सन्दर्भमा प्रत्यक्ष निर्वाचन प्रणाली नै सवैभन्दा उपयुक्त विधि हो। जनताको बहुदलीय जनवादले प्रत्यक्ष निर्वाचनको प्रणालीमा नै जोड दिएको छ। मार्क्सवादले संघियतालाई राजतन्त्रवाद लोकतन्त्र तर्फको संक्रमणकालिन कार्यक्रमका रूपमा लिएको छ। नेपालको पछिल्लो आन्दोलनमा पहिचानको मुद्दा प्रमुख रूपमा अघि आएको अवस्थामा संघियतालाई त्यसको सम्वोधनको विकल्पका रूपमा अघि बढाइएको छ। तर कस्तो प्रकारको संघियता भन्ने सन्दर्भमा वहुजातिय र वहुभाषिक अवस्थालाई ख्याल गरेर पहिचान र सामर्थ्यमा आधारित मिश्रित संघियता नै उपयुक्त बाटो हुन सक्दछ। मार्क्सवादले सर्वहारा श्रमजीवि वर्गको नेतृत्व स्थापित गर्नका लागि एकात्मक राज्य उपयुक्त हुने मान्यता अघि सारेको सन्दर्भलाई समेत संघियताको स्वरूप निर्धारणका सन्दर्भमा हेक्का राख्नु उपयुक्त हुन्छ।

६.९ पछिल्लो समयमा विवादहरूको निरूपणमा समस्या उत्पन्न भइरहेको परिप्रेक्षमा एमाओवादी र नेकालाई

दुई धार र दुई प्रवृत्तिका रूपमा स्थापित गर्ने कोशिस भइरहेको छ। यथास्थितिवादबाट माथि उठ्न अप्ठारो मानिरहेको नेका र अतिवादी धारतिर मुलुकलाई डोऱ्याउन चाहने एमाओवादीजस्ता दुइधार र दुइ प्रवृत्तिका बीचमा मात्र सहज एकता र सहकार्यको सम्भावना देख्नु र त्यसका लागि कोशिस गर्नु शान्ति र सम्विधानको यात्रालाई समाधानका नाममा दुर्घटनातिर लैजाने सोंच हो। एमालेका वरिष्ठ नेता माधव नेपालको नेतृत्वपछि एमालेकै अध्यक्षको नेतृत्वमा सरकार गठन भएको एमालेको भूमिकाप्रति नकारात्मक दृष्टिकोण राखेर त्यस प्रकारको प्रतिकृया व्यक्त गर्ने कुरा स्वभाविक नै होला। तर आजको संक्रमणकालको व्यवस्थापनका सन्दर्भमा नेकपा (एमाले) र जनताको बहुदलीय जनवादको भूमिकालाई उपेक्षा गरेर अघि बढ्ने कुरा सहमतिको सम्भावनालाई अझै पर धकेल्ने कुरा नै हो। जवजका हिमायतीहरूले राष्ट्रिय राजनीतिका सन्दर्भमा आफ्नो वैचारिक राजनीतिक भूमिकालाई स्थापित गर्न कोशिस गर्नुपर्दछ र प्रमुख पार्टीहरूका बीचको एकता र सहकार्यको आवश्यकतालाई सार्थक बनाउन कोशिस गर्नु पर्दछ। यसका लागि समिकरणको गणितिय खेलबाट अलग भएर शान्ति र सम्विधानको मिसनमा अघि बढ्न सक्नु पर्दछ। यसका लागि आग्रह होइन, जननेता मदन भण्डारीले भन्नु भए झै प्रतिस्पर्धा र पहलकदमीबाट नै त्यो भूमिकालाई स्थापित गर्न कोशिस गर्नु पर्दछ।

**जबजका हिमायतीहरूले राष्ट्रिय राजनीतिका सन्दर्भमा आफ्नो वैचारिक राजनीतिक भूमिकालाई स्थापित गर्न कोशिस गर्नुपर्दछ र प्रमुख पार्टीहरूका बीचको एकता र सहकार्यको आवश्यकतालाई सार्थक बनाउन कोशिस गर्नुपर्दछ।**

## ७. अन्त्यमा,

जनताको बहुदलीय जनवाद नै नेपाली क्रान्तिलाई अघि बढाउने सन्दर्भमा विकास भएको एक्काइसौं शताव्दीको मार्क्सवाद हो। मार्क्सवादले विश्व राजनीति र समाजलाई प्रभावित गरेझैं नेपाली राजनीति र समाजलाई यसले गहिरो गरी प्रभावित गरिरहेको छ। नेपाली राजनीतिमा यसले अघि सारेका मान्यताहरूले नै अतिवादको बाटोतिर अग्रसर माओवादीलाई शान्ति प्रक्रिया र चुनावको बाटोमा आउन बाध्य बनायो। वुर्जुवा उदारवादलाई आफ्नो सैद्धान्तिक प्रस्तावना बनाउने दिशातिर अग्रसर नेपाली काँग्रेसलाई सामाजिक न्यायसहितको गणतान्त्रिक व्यवस्थाका पक्षमा आउन विवस बनायो। यतिसम्म कि शान्तिपूर्ण रूपमा मुलुकलाई संघिय लोकतान्त्रिक गणतन्त्रका दिशामा अघि बढ्न सम्भव बनायो। निश्चय नै अहिले शान्ति र सम्विधानको बाटोमा गंभीर समस्या र चुनौतीहरू देखिएका छन्। वर्तमानका ती अप्ठ्यारा र चुनौतिहरूलाई जवजकै मार्गदर्शनमा मात्र समाधान गर्न सकिने छ।

राजनीतिक विचार दर्शनले समस्यासँगै समाधान अन्तरनिहित र अन्तरसम्वन्धित हुन्छ भन्ने मान्यता राख्दछ। आजको परिवर्तनको वैचारिक राजनीतिक आधार जवज हो भन्ने कुरामा सहमती हुने हो भने त्यसको मार्गदर्शनमा सवैपक्षलाई मान्यहुने समस्याको समाधानको विकल्प तयारगर्न सकिन्छ। यसका लागि नेपालका राजनीतिज्ञहरू जसले विवादहरूको समाधानमा प्रत्यक्ष भूमिका खेलिरहेका छन् उनीहरूले जनताको बहुदलीय जनवादको गहिरो अध्ययनगर्नु पर्दछ र त्यसको मार्गदर्शनमा समाधान खोज्ने इमान्दार प्रयास गर्नु पर्दछ। कतिपयले नेकपा (एमाले) तेस्रो पार्टी भएर धेरै अवसर लियो भन्ने कुरागर्दै त्यसको आलोचना गरेको पाइन्छ। सामान्य रूपमा हेर्दा त्यो कुरा ठिकै हो। तर त्यसको अर्कोपक्ष पनि छ भन्ने बुझ्न सक्नुपर्दछ। नेकपा (एमाले) आजसम्म द्वन्द्वको समाधानका सन्दर्भमा मियोको रूपमा जे जति भूमिका खेल्न सक्यो त्यो जवजको कारणले नै हो। नेपालको संक्रमणकालिन राजनीतिका आगामी दिन अझै ज्यादा तनावपूर्ण हुने अवस्थामा जवजको मार्गदर्शनमा हिड्नेहरूको भूमिका वढेर जाने निश्चीच छ। म जननेता मदन भण्डारीको स्मृति दिवसका अवसरमा आयोजना गरिएको छलफल कार्यक्रममा उहाँप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै त्यस दिशामा सोच्न र आफ्नो तर्फबाट केही गर्न आग्रह गर्दछु।

■

जनताको सरकारले शासन गरिरहेको बेला अनावश्यक प्रदर्शनहरू भइरहलान् भन्ने मलाई लाग्दैन । हो, कहिलेकाहीं समाज विरोधी तत्वले समाजमा अस्थिरता पैदा गर्ने कोसिस गर्दछन् । त्यस्ता तत्वहरूले अस्थिरता मच्चाउने कोसिस गर्दैमा र राज्यशक्ति नै प्रयोग गर्नुपर्छ भन्ने केही छैन । हामी जनता परिचालन गरेर तिनलाई परास्त गर्नेछौं । हाम्रो विरुद्ध उत्रनेहरूका बारेमा हामी जनतालाई जानकारी दिनेछौं र जनतालाई नै आफ्नो ठाउँमा उभिन लगाउने छौं । तर हामी राज्यशक्तिको प्रयोग गर्ने छैनौं ।

*-'नेपालमा कार्लमार्क्स जीवित छन्' शीर्षक अन्तर्गत २६ मई १९९१ को न्यूजविक पत्रिकामा प्रकाशित क.मदन भण्डारीको अन्तर्वार्ताबाट ।*

# असमावेशी दलित आवाजको सन्दर्भमा
# जनताको बहुदलीय जनवाद



छविलाल विश्वकर्मा

बसिखाने सामन्त ठालु वर्गले गरिखाने मिहिनेतकस वर्गमाथि हैकम चलाएर ऐस र वैभवको जिन्दगी जिउने दिउँसै सपना देख्न थाले। मार्क्सवाद कुनै जडसुत्र होइन भन्ने कुरा तिनीहरुले सोच्न भ्याएनन्।

## प्रतिस्पर्धाबाटै श्रेष्ठता हासिल गर्ने अदम्य साहस

जतिबेला विश्व कम्युनिष्ट आन्दोलन नराम्रोसँग धक्काको सामना गरिरहेको थियो । भलै त्यो अस्थायी नै किन नहोस्, सोभियत रुस, युरोप र विश्वका कतिपय मुलुकहरूमा भएका परिवर्तनलाई आधार बनाएर वर्गबैरीहरूले चर्को स्वरमा मार्क्सवादको असफलता र समाजवाद पराजय भएको दून्दुभी बजाएर हल्ला मच्चाए । बसिखाने सामन्त ठालु वर्गले गरिखाने मिहिनेतकस वर्गमाथि हैकम चलाएर ऐस र वैभवको जिन्दगी जिउने दिउँसै सपना देख्न थाले । मार्क्सवाद कुनै जडसुत्र होइन भन्ने कुरा तिनीहरूले सोच्न भ्याएनन् । जबकी सिंगो मानव जातिकै मुक्ति, समृद्धि र खासगरी शोषित, पीडित र उत्पीडित जनताको मुक्ति र समृद्ध जीवनका निम्ति विकसित सिद्धान्त थियो, मार्क्सवाद । यसलाई आ-आफ्नै मुलुकका परिवेश र परिस्थितिको विशिष्ठतामा आधारित सृजनात्मक अभ्यासबाट मानव मर्यादासहितको उन्नत सामाजिक जीवनको स्थापना र विकासको दर्शनका रूपमा बुझ्न पनि मनग्गे समय लाग्यो । यसै सन्दर्भमा विश्व कम्युनिष्ट आन्दोलन एक हिसाबले रक्षात्मक अवस्थामा पुगेको बेला थियो । तथापि नेपालमा भने कम्युनिष्ट पार्टीहरू अनेकौं टुक्रामा विभाजित भई आ-आफ्नै राग अलाप्दै गरेको स्थितिमा विभिन्न समूहलाई पुनः एकीकृत गर्दै अघि बढेको तत्कालिन नेकपा (माले)

प्रति परिवर्तनकामी नेपाली जनतामा आशा र भरोसा जाग्न थाल्यो । मार्क्सवादको सार्वभौम सत्य, विश्व परिस्थिति एवम् नेपाली समाजको विशिष्टतम पक्षजस्ता विषयका आधारमा जननेता क.मदन भण्डारीले जनताको बहुदलीय जनवादजस्तो नेपाली क्रान्तिको मौलिक कार्यक्रम प्रतिपादन गर्नुभयो । यो उहाँको लामो समयदेखिको मौलिक चिन्तनको विकासबाट प्राप्त परिणाम थियो । मार्क्सवादको सृजनात्मक प्रयोगको रूपमा जननेता क.मदन भण्डारीले सुम्पिनुभएको नेपाली क्रान्तिको मौलिक कार्यक्रम जनताको बहुदलीय जनवाद अहिले नेकपा (एमाले)को सिद्धान्त बनेको छ ।

सिद्धान्तको रङ खैरो र जीवनको रङ हरियो देख्नु हुने क.मदनले सिद्धान्तका लागि जीवन होइन, जीवनका लागि सिद्धान्त हो भन्ने मान्यतामा जोड दिनुभयो । जुन तथ्य आज नेपाली राष्ट्रिय राजनीतिमा सर्वस्वीकार्य बन्ने स्थिति भएको छ । यो हाम्रा निम्ति सुखद् गर्वको विषय हो ।

जुनसुकै क्षेत्र किन नहोस्, प्रतिस्पर्धाबाटै श्रेष्ठता हासिल गरेर देखाउने अदम्य साहस आजको पुस्तामा हस्तान्तरण गर्नु हुने क.मदन भण्डारी भौतिक रूपमा हामीबीच हुनुहुन्न तर उहाँले अँगाल्नुभएको मौलिक चिन्तन र विचार, उहाँले प्रतिपादन गर्नुभएको नीति, सिद्धान्त र नेपाली क्रान्तिको मौलिक कार्यक्रम जनताको बहुदलीय जनवाद नेकपा एमालेसँग छ, हामीसँग छ । साँचो रूपमा यसलाई आत्मसात गर्नु, यसको रक्षा र विकासमा सम्पूर्ण रूपमा जुट्नु हाम्रो कर्तव्य हो । आज नेपालको राष्ट्रिय राजनीतिले अनेकौं जङ्घार पार गर्दै आएको छ । यो परिवर्तनको यात्राका प्रत्येक पाइलामा हामी क. मदनलाई पाउँछौं ।

क.मदन भण्डारी, जनताको बहुदलीय जनवाद र राजनीतिक, सामाजिक जीवनका अनेकौं पक्षमा उहाँको योगदानको बारेमा आजपर्यन्त धेरै चर्चा/परिचर्चा भएका छन् । त्यस कारण यहाँ अलि फरक प्रसंगमा विशेषत: नेपाली समाजको एउटा यस्तो वर्ग समुदाय, जसले सिंगो समाजको प्राविधिक खाँचो सेवामूलक हिसाबले पूरा गर्दै आयो । जीवन मात्र होइन, पुस्ता/दरपुस्ताको जीवन बितेको छ उसको । तर समाजमा मान्छेसम्मको दर्जामा उभिन उसले कहिल्यै पाएन ।

आज दलितको पहिचान बोकेको यो समुदायका समस्या र समाधानका सम्बन्धमा जबजका मान्यतासँग सम्बन्धित रहेर संक्षिप्तमा केही विमर्श गर्नेछौं ।

**वर्गीय समस्या र वर्णगत समस्याका बारेमा**

आर्यहरू (प्राचीन इरानी)को भारत आगमन हुनुभन्दा अघिसम्म वर्ण र जाति व्यवस्था रहेको देखिँदैन तर पछि आर्य र अनार्यबीच भएको युद्ध र युद्धमा पराजित भएकालाई दासका रूपमा राखिने अवस्थासँगै समाज विकासको क्रममा श्रम विभाजनको अवस्था आयो । वर्ण व्यवस्था अन्तर्गतको विभाजनबाट क्रमश: जातपात र छुवाछुत प्रथाको विजारोपण हुन पुग्यो । जुन स्थितिले तत्कालीन भारतीय उपमहाद्वीपको समाज एकपछि अर्को गरी चिरैचिरा पर्ने स्थिति भयो । आजको नेपाली समाजमा रहेको दलित उत्पीडनको अवस्था त्यसैको रूप हो । मूलत: मानव समाज दुइटा हिसाबले विभाजित छ । पहिलो, वर्ग विभाजन, जसको सम्बन्ध आर्थिक उत्पादन प्रणालीसँग गाँसिएको छ । दोस्रो हो, वर्ण विभाजन, जसको सम्बन्ध हिन्दूवादी वर्णाश्रम व्यवस्थासँग रहेको छ । वर्गीय शोषणको स्वरूप, हुने खानेले नहुनेलाई, बसिखाने कामचोरले गरिखाने श्रमजीविलाई, सामन्त जमिन्दारले मजदुर खेतिहरलाई शोषण गर्ने, सताउने र कंगाल पार्ने काम हो । यसै गरी वर्णगत शोषण र उत्पीडनको स्वरूप, जन्मजात कथित सवर्ण (ठूलो जात)ले जन्मजात असवर्णलाई, कथित छुत वर्गले पानी अचल पारिएको कथित अछुत वर्गलाई श्रम, शीप मात्रै होइन कि सिंगो जिन्दगी नै सवर्ण ठानिएको कथित ठूलो जातिको सेवामा समर्पित हुनुपर्ने मनुवादी वर्णवादी समाजको मानव मर्यादा विरोधी नियम, कानुन र परम्पराको संरक्षणमा हुर्किएको निकृष्ट रूप हो ।

नेपालको सन्दर्भमा कुल जनसंख्याको २० प्रतिशतभन्दा बढी जनता वर्णगत समस्याको माखेसाङ्लोमा जकडिएका छन् । दलित समुदायको रूपमा पहिचान गरिएको यही समुदाय वर्गीय समस्याबाट पनि सबैभन्दा बढी प्रताडित छ । मूलत: नेपाली समाजमा पहाडे खस दलित, मधेसी दलित र नेवारी दलित समूह छ । यिनको भोगाइ र अवस्था दलित हो । देशको सबैजसो भागमा छरिएर रहेको यो समुदायको शिक्षा, स्वास्थ्य, रोजगारी, राज्यका विभिन्न अंग, सार्वजनिक सेवा, नीति निर्माण र कार्यान्वयनमा कुनै पहुँच बन्न सकेको छैन । हो, यही आधारभूत वर्गका रूपमा रहेको उत्पीडित,

दलित समुदायउपर उत्पीडक शासक वर्गले राज्य शक्तिको आड भरोसामा शासन गर्दै आएको छ । यहाँ स्मरणीय के छ भने वर्गीय समस्या र वर्णगत समस्यालाई अलगअलग ढंगले बुझ्ने कुरा नितान्त गलत हुनेछ । तर वर्गीय समस्याको समाधानपछि मात्र वर्णगत समस्याको समाधान हुन्छ भन्ने परम्परावादी मान्यता झन् ठूलो त्रुटिको रूपमा रहेको छ । यो मान्यता अमार्क्सवादी, अवस्तुवादी त छँदै छ, समग्रमा भन्नुपर्दा सिंगै वर्गीय मुक्तिको लडाइँलाई कमजोर पार्ने सम्भावित कारण पनि बन्न पुगेको छ । त्यति मात्र होइन, वर्णगत समस्याको रूपमा रहेको दलित मुक्तिको प्रश्नलाई वर्गीय राजनीतिभन्दा बाहिर गएर समाधान खोज्ने प्रयत्न गर्नु पनि उत्तिकै भ्रमयुक्त र एकलकाँटे कुरा हो । यसले दलित मुक्तिको जनअपेक्षा पूरा हुन सम्भव छैन ।

तसर्थ नेपाली समाजको सन्दर्भमा यहाँको वर्गीय मुक्तिको आन्दोलनका सम्वाहक परिवर्तनकारी शक्तिले वर्णभेदबाट सिर्जित दलित मुक्ति आन्दोलनको कामलाई आफ्नो प्राथमिक काममा सूचिबद्ध गरेर त्यसको इमानदार राजनीतिक नेतृत्व प्रदान गर्न सक्नु पर्दछ । हरेक पक्षमा त्यसलाई स्नेह र संरक्षण प्रदान गर्दै अघि बढाउने भूमिका निर्वाह गर्नु जरुरी छ । यसैगरी दलित मुक्ति आन्दोलनले पनि वर्गीय मुक्तिको आन्दोलनलाई सेवा पुऱ्याउने सुस्पष्ट सैद्धान्तिक, वैचारिक दृष्टिकोणको प्रकाशमा अघि बढ्नुपर्ने हुन्छ । एउटा ठूलो आधारभूत वर्गको अर्थपूर्ण संलग्नताबिना नेपाली क्रान्ति पूरा हुन सक्दैन । यो तथ्यसँगसँगै वर्गीय मुक्तिको लडाइँबिना समाजमा रहेका शोषण, दमनका सबै रूपलाई अन्त्य गरी समतामूलक समाज स्थापनाको ऐतिहासिक अभिभारा पनि पूरा हुन सम्भव छैन । दलित उत्पीडनको सवालमा गैरदलितको अर्थपूर्ण एवम् सकारात्मक संलग्नताबिना अपेक्षित गन्तव्यमा पुग्न सम्भव नहुने कुरामा हामी सबै प्रष्ट हुनुपर्ने आवश्यकता छ ।

**जातपातको आधारमा गरिने घृणित छुवाछुतजन्य वर्णभेदको समस्या भने नेपाली समाजको विशिष्ट समस्याको रूपमा रहेको छ ।**

## दलित उत्पीडनका सम्बन्धमा जबज

हामीले माथि नै चर्चा गऱ्यौं, नेपाली समाजको वर्गीय समस्या र वर्णगत समस्याको अन्तरसम्बन्ध र यसलाई बुझ्ने मामलामा रहेका केही भिन्नता बारे । अहिले हामी दलित उत्पीडन र मुक्तिका सम्बन्धमा जबजले निर्दिष्ट गरेका केही मूलभूत पक्षमा संक्षिप्त विमर्श गर्नेछौं । दलित समुदायको हक अधिकार र मुक्तिका लागि झन्डै ७० वर्षदेखि संगठनगत रूपमा पहल हुँदै आएको छ । यो आन्दोलनका प्रथम अग्रणी संस्थापक अगुवा वाग्लुङका भगत सर्वजीत विश्वकर्मा हुन् । मुलुकको प्रजातान्त्रिक आन्दोलनसँगै अघि बढेको यो आन्दोलनमा दलित मात्रै होइन, गैरदलित समुदायका समाज सुधारक र राजनीतिकर्मीहरूबाट पनि ठूलो योगदान रहँदै आएको छ । जनसंस्कृतिकर्मी र कला साहित्यलगायतका क्षेत्रबाट समेत सकारात्मक भूमिका निर्वाह हुँदै आएको तथ्य स्मरणीय छ ।

विश्वका विभिन्न मुलुकमा रङ, लिंग, जाति, भाषा, धर्म, संस्कृति र क्षेत्रसँग सम्बन्धित धेरै समस्या छन् । तर जातपातको आधारमा गरिने घृणित छुवाछुतजन्य वर्णभेदको समस्या भने नेपाली समाजको विशिष्ट समस्याको रूपमा रहेको छ । युरोप, अमेरिका र एसियाका कतिपय ठूला मुलुकमा यस खालको वर्णगत समस्या नभएको हुनाले सम्भवतः मार्क्सवादी साहित्य सन्दर्भमा यसबारे खासै सम्बोधन भएको पाइन्न । परन्तु समाजमा रहेका सबै किसिमका शोषण र उत्पीडनको सम्बन्ध वर्गीय असमानतासँग सम्बन्धित छ । यसैले दलित जनताले भोग्नु परेका छुवाछुतजन्य उत्पीडन आम शोषित पीडित जनताले भोग्नुपरेका समस्यासँग पनि अन्तरसम्बन्धित छ । किनकी समाजमा विभिन्न नामले देखापर्ने समस्याको आधारभूत सम्बन्ध आर्थिक उत्पादन प्रणालीसँग जोडिएको छ । यसै पृष्ठभूमिमा जनताको बहुदलीय जनवादले नेपाली समाजमा सामाजिक क्रान्तिको अनिवार्यता ठान्छ, सामन्तवाद र साम्राज्यवादको शोषण, दमन र उत्पीडनलाई अन्त्य नगरी नेपाली समाजको प्रगतिशील रूपान्तरण र विकास सम्भव नहुने कुरामा जोड दिन्छ र वास्तविक आधारभूत वर्ग ठानिने दलित उत्पीडित समुदायको अपरिहार्य योगदानबाट नेपाली समाजको आमुल परिवर्तनको महान् कार्य पूरा हुने विश्वास गर्दछ ।

वर्ण, धर्म, जाति, लिंग, पेशा, भाषा, आर्थिक तथा सामाजिक समस्या आदिका आधारमा कुनै भेदभाव नराख्ने कुराको सुनिश्चितता, समाजमा व्याप्त जातपात र

छुवाछुत प्रथाको पूर्ण अन्त्य, शिक्षा, स्वास्थ्य एवम् रोजगारलगायतका क्षेत्रमा दलित समुदायलाई विशेष प्राथमिकता, भूमि र बासविहीनलाई भूमि र बसोबासको व्यवस्था, सामाजिक कुरीति लगायतका अन्धविश्वासहरू समाप्त पार्न सामाजिक, सांस्कृतिक सुधारको आन्दोलनबाट प्रगतिशील समाज व्यवस्थाको स्थापनाजस्ता विषयहरू जबजको कार्यक्रममा समाविष्ट छन्। धर्मनिरपेक्षताको नीतिअनुसार कुनै पनि धर्म विशेषको एकाधिकार एवम् कुनै खास धर्म, जाति, भाषा एवम् वर्ग समुदाय विशेषको विशेषाधिकारको अन्त्य गर्ने, विभिन्न किसिमले पछि पारिएको तह र तप्काको संरक्षण र विकासका निम्ति विशेष कार्यक्रम लागू गर्ने, क्रान्तिकारी भूमिसुधारमार्फत जमिनमाथिको भूस्वामित्व उन्मूलन गने प्रतिबद्धता जबजले गरेको छ।

निष्कर्षमा भन्नुपर्दा,कम्युनिष्ट आन्दोलनलाई जडसूत्रवादबाट मुक्त गरी सिर्जनात्मक प्रयोगको माध्यमबाट लोकतान्त्रिक मूल्य र मान्यता अनुरूप शान्तिपूर्ण बहुदलीय प्रतिस्पर्धाको मार्गमा अघि बढाउन जबजले गरेको दिशानिर्देश अमूल्य छ। तसर्थ उग्रवामपन्थी अतिवाद र दक्षिणपन्थी अतिवादको जोखिमसँग चुनौतीपूर्ण संघर्ष गरेर मात्र जबजले आत्मसात गरेको लक्ष्य प्राप्ति हुनेछ। राज्य व्यवस्थाको लोकतान्त्रिकरण र अर्थपूर्ण समावेशिता तबमात्र सफल हुन्छ, जब नीति निर्माणमा भूमिका खेल्ने पार्टी संगठनहरू समेत समवेशी र लोकतान्त्रिक हुनेछन्। आज नेकपा एमालेले जबजको मान्यताअनुसार पार्टीको सांगठनिक जीवनलाई समेत समावेशी र लोकतान्त्रिक बनाउने नीति अवलम्बन गरेको छ। क्रमशः अन्य दलहरूले समेत यसको अनुशरण गर्नुपर्ने स्थिति बनेको छ। जसले गर्दा विभिन्न तहका पार्टी कमिटी र अन्य संरचनामा असमावेशी पंक्तिको प्रतिनिधित्व उल्लेख्य मात्रामा बढेको छ। यो प्रतिनिधित्वलाई राजनीतिक रूपमा सही व्यवस्थापन र गुणस्तरीय बनाउने कुरामा ध्यान पुर्‍याउन जरुरी छ।

अहिले हामी शान्ति प्रक्रिया र नयाँ संविधान रचनाको चरणमा छौं। यो बेला २०४७ सालको संविधानको सम्बन्धमा क.मदन भण्डारीले जनतासामु अघि सार्नुभएका २७ बुँदे राजनीतिक असहमतिका विषयहरूको स्मरण गर्दा प्रष्टै हुन्छ। राजनीतिक रूपमा ती विषय कति दूरदृष्टिमा आधारित थिए। राजनीतिक दल, विशेषगरी नेतृत्व पंक्तिले यी पक्षउपर विचार पुर्‍याउनु वाञ्छनीय हुन्छ। राज्यका सबै क्षेत्र, सार्वजनिक सेवालगायत निजामती, जंगी एवम् प्रहरी सबैमा दलित समुदायको पहुँच र प्रतिनिधित्वको सुनिश्चितताका विषय क्रमशः अघि बढेको छ। जातीय भेदभाव तथा छुवाछुत, कसुर र सजायको कानुन बनेको छ। छुवाछुत उन्मूलनको घोषणा भएको छ। नयाँ संविधानको मस्यौदामा समानुपातिकमाथि क्षतिपूर्ति सहितको प्रतिनिधित्वको व्यवस्था छ। तर तिनको प्रभावकारी कार्यान्वयनका निम्ति आवश्यक नीति, योजना र कार्यक्रम र अनुगमनजस्ता पक्षमा काम हुन भने अझ बाँकी नै छ। उल्लेखित यी केही कार्यक्रम, नीति र कामलाई दलित समुदायको अधिकारसम्बन्धी जबज निर्देशित विषयका रूपमा लिन सकिन्छ।

स्वाभाविक रूपमा, सामाजिक, सांस्कृतिक परिवर्तनको काम व्यवस्था परिवर्तनजस्तो सजिलो अवश्य पनि छैन। तर व्यवस्था परिवर्तनको मुख्य सम्वाहक शक्ति बनेको असमावेशी पंक्ति समाज परिवर्तनका अभिभारा पूरा गर्ने ऐतिहासिक यात्राको चरणमा रहेको बेला यसको जटिलतम पक्षलाई समेत दृष्टिगत गरेर धैर्यतापूर्वक अघि बढ्नु पर्ने हुन्छ। राजनीतिक नेतृत्वले यी विषयको संवेदनशीलताउपर आफ्नो ध्यान केन्द्रीत गर्नु जरुरी छ। भनिरहनु पर्दैन, आज हामी जननेता क.मदनले जनताको बहुदलीय जनवादमार्फत परिलक्षित गर्नुभएका तिनै विषय र बुँदामा उभिएर युगीन परिवर्तनका अभिभारा पूरा गर्ने अभीष्ट बोकेर पाइला अघि बढाउँदै छौं। हाम्रा सामु चाङ लागेर खडा भएका जटिलताउपर विजय पाउन हामीले फेरि पनि जबजले अघि सारेको २२ बुँदे नेपाली क्रान्तिको कार्यक्रम, १४ बुँदे थप विशेषताहरू र यसका विश्लेषण एवम् निष्कर्षहरूबाट निर्देशित हुन आवश्यक छ। किनकी, कसैले स्वीकार गरोस् या नगरोस्, हाम्रो धरातलीय यथार्थले भन्छ, आज नेपालको राष्ट्रिय राजनीति जनताको बहुदलीय जनताबाट निर्देशित छ। यसलाई साँचो अर्थमा व्यवहारमा स्वीकार्न सक्दा मुलुकसामु रहेका समस्याको निकास पनि सम्भव छ।

**सन्दर्भ-सामग्री**


१. *मदन भण्डारीका संकलित रचनाहरू–भाग १*
२. *नेपाली क्रान्तिको कार्यक्रम जनताको बहुदलीय जनवाद*
३. *मुक्ति समाज, नेपालको तेस्रो सम्मेलनबाट पारित प्रतिवेदन*



# मदन भण्डारी फाउण्डेशन किन ?

**देवराज घिमिरे**

> उहाँ त्यस्तो पार्टीको महासचिव हुनुहुन्थ्यो, जुन पार्टीले स्थापनापछिका २५ औं वर्षसम्म पनि सहि कार्यदिशा अपनाउन नसकेर दिशाविहिन हुने र विभिन्न गुट–उपगुटमा विभाजित भई क्षतविक्षत भएको स्थिति थियो ।

जननेता मदनकुमार भण्डारी नेकपा (एमाले) का तात्कालिक महासचिव हुनुहुन्थ्यो । उहाँ त्यस्तो पार्टीको महासचिव हुनुहुन्थ्यो, जुन पार्टीले स्थापनापछिका २५ औं वर्षसम्म पनि सहि कार्यदिशा अपनाउन नसकेर दिशाविहिन हुने र विभिन्न गुट–उपगुटमा विभाजित भई क्षतविक्षत भएको स्थिति थियो, यहिबेलाबाट एकीकरणको नयाँ श्रृंखला आरम्भ गर्दै मुलुकको कम्युनिष्ट आन्दोलनको मूलप्रवाहको रुपमा पार्टी एकीकरणको प्रवाह बनेको थियो । क. मदन भण्डारी पार्टीभित्र तीव्र बैचारिक बहस र विवादबाट सहि निष्कर्षमा पुगेको र नेपाली क्रान्तिको सहि नीति कार्यक्रम र कार्यदिशाको निरुपण गर्ने महासचिव हुनुहुन्थ्यो । क. मदन भण्डारी नेपालमा निरङ्कुशताविरुद्धमा चारदशकसम्म अलग–अलग ढङ्गले सङ्घर्षरत पार्टीहरुको बीचमा निरङ्कुशतन्त्रको विरुद्धमा र प्रजातान्त्रिक आन्दोलनमा सहकार्य गर्ने सवालमा मोर्चा निर्माण गर्ने निर्णय गर्दै संयुक्त जनआन्दोलनको कार्यनीति अपनाउने निर्णय गरेको पार्टीको महासचिव हुनुहुन्थ्यो । क. मदन भण्डारी मार्क्सवादी सिद्धान्तलाई वस्तुवादी ढङ्गले बुझ्ने र व्यवहार गर्ने कुरामा अद्वितिय क्षमता र प्रतिभा भएको मार्क्सवादको एक नवचिन्तक हुनुहुन्थ्यो । जसले गर्दा नेकपा (माले) को चौथो राष्ट्रिय महाधिवेशनमा बहुलवादी सिद्धान्तको नीति पास गर्नु नेपालको कम्युनिष्ट आन्दोलनको एउटा ऐतिहासिक बैचारिक कदम थियो यसको अगुवाई क. मदन भण्डारीले गर्नुभएको थियो ।

यसैको विकासक्रममा पाँचौ राष्ट्रिय महाधिवेशनले जनताको बहुदलीय जनवादको नीति पारित गऱ्यो । मार्क्सवादलाई बुझ्ने र लागू गर्ने सन्दर्भमा प्रतिपादित जनताको बहुदलीय जनवादलाई पार्टीको छैटौं, सातौं र आठौं महाधिवेशनले नेपाली क्रान्तिको सिद्धान्तको रुपमा पारित गऱ्यो र यसले विश्व कम्युनिष्ट आन्दोलनलाई नै थप एउटा नविन उचाईबाट योगदान पुगेको छ भन्न सकिन्छ । क. मदनले मार्क्सवादलाई बुझ्ने र लागू गर्ने सन्दर्भमा भन्ने गर्नुभएको– "सिद्धान्तको रङ खैरो हुन्छ, जीवनको रङ हरियो हुन्छ र जीवन सिद्धान्तका लागि होइन, सिद्धान्त जीवनका लागि हो ।" को भनाई मार्क्सवादलाई सहि ढङ्गले बुझ्ने सहि तरिका थियो । विश्व कम्युनिष्ट आन्दोलनमा अनेकौं समस्याहरु आई धक्का खाएको समयमा नेपालमा कम्युनिष्ट आन्दोलनले नयाँ–नयाँ सफलताहरु हासिल गर्दै अग्रगति लिँदै थियो । यस्तो पार्टीलाई नेतृत्व गरीरहनुभएको पार्टीको महासचिव क. मदनकुमार भण्डारी र सङ्गठन विभाग प्रमुख क. जीवराज आश्रितको २०५० साल जेठ ३ गते चितवनको दाशढुङ्गामा रहस्यमय जीप दुर्घटना गराई हत्या गरियो । यो घटनाको रहस्य अहिलेसम्म पनि उद्घाटित हुन सकेको छैन । घटनाका मुख्य पात्र जीपचालक अमर लामालाई नेपाली काँग्रेसले एमालेको विरुद्धमा २०५६ सालसम्म प्रयोग गरेको स्थिति र पछि लामाको रहस्यमय हत्या समेत गरिनुले झनै दाशढुङ्गाको दुर्घटना नेताहरुको 'हत्याकाण्ड' हो भन्ने थप प्रमाणित हुने

अवस्था हो। तर यो अझै खोजको विषय नै रहेको छ।

जननेता मदनकुमार भण्डारीको स्मृतिलाई चीरस्थायी बनाउदै उहाँका बिचारलाई साकार गर्ने क्षेत्रमा महत्वपूर्ण सहयोग गर्ने पवित्र उद्देश्य लिएर मदन भण्डारी स्मृति प्रतिष्ठान, नेपालको स्थापना २०५० सालमा भयो र त्यसले मोरङ्को उर्लाबारीलगायतका स्थानहरुमा प्राविधिक शिक्षा दिने, व्यवहारिक सीप प्रदान गर्ने, नमुना गाउँ निर्माणमा सहजीकरण गर्ने, निम्न आय भएका र गरीबहरुमा शिक्षा दिने प्रयास गर्ने आदि काम गर्दै अग्रगति लिइरहेको छ। त्यसैगरि मदन–आश्रित स्मृति प्रतिष्ठानको निर्माणपछि पनि विविध क्षेत्रका क्रियाकलापहरु सञ्चालित छन्। अनि, नेकपा (एमाले) का अध्यक्ष कमरेड मनमोहन अधिकारीको निधनपश्चात मनमोहन स्मृति प्रतिष्ठान निर्माण गरी विविध ढङ्गबाट क्रियाशील छ। पार्टीका संस्थापक महासचिव कमरेड पुष्पलालको स्मृतिमा पुष्पलाल स्मृति प्रतिष्ठान, त्यसैगरि मोतीदेवी स्मृति प्रतिष्ठान, तुलसीलाल स्मृति प्रतिष्ठान निर्माण भए। त्यसरी नै कुशल संगठक क. जीवराज आश्रित र २०४१ साल जेठ ६ गते भूमिगत अवस्थामै रहस्यमय अवस्थामा मृत्यु भएर टाउकोको अवशेष फेलापरेपछि मृत्यु भएको भनि घोषणा गरिएको क. नेत्रलाल "अभागि" पौडेल (नेकपा मालेका तत्कालिन केन्द्रिय सदस्य) का स्मृति प्रतिष्ठान निर्माण भएका छन्। र, तिनीहरुमा नेकपा (एमाले) का शीर्षस्थ तथा वरिष्ठ र मूर्धन्य नेताहरुको नेतृत्वमा परिचालित छन्। तिनलाई सुचारु गर्न यदाकदा नेपाल सरकारले आर्थिक सहयोग पनि गर्ने गरेको छ। यिनीहरु सबै सामाजिक विकासका सहयोगि र सारतः नेकपा एमाले पार्टीको हितमा सञ्चालित छन्।

यहि परिप्रेक्ष्यमा क. मदन भण्डारीका विचार, भावना र उद्देश्यलाई चिरस्थायी गर्दै सामाजिक र वैचारिक क्षेत्रका बढ्दो आवश्यकतालाई पूरा गर्ने उद्देश्यले २०५६ साल भाद्र २६ गते मदन भण्डारी अध्ययन तथा अनुसन्धान केन्द्रको स्थापना भयो। यसको अध्यक्ष अच्युत प्रसाद न्यौपाने रहनुभयो र क. विद्यादेवी भण्डारी (नेकपा एमालेको वर्तमान उपाध्यक्ष तथा जननेता मदन भण्डारीको जीवनसङ्गी) संरक्षकको रुपमा रहनुभई यसले शिक्षा, विचारधारा र समाजका विविध क्षेत्रहरुमा क्रियाशिल रहि काम गर्दै रह्यो। यो संस्थाले अग्रगति लिने क्रममा २०६१ असार १७ गतेबाट मदन भण्डारी फाउण्डेशन नामाकरण भयो। र, यसको अध्यक्ष विद्यादेवी भण्डारी रहनुभयो। अहिले राष्ट्रियस्तरबाट सङ्गठन निर्माण गर्दै अग्रसरता लिइरहको छ। यो अवस्थामा मुख्य गरी निम्न कार्यहरु गर्न फाउण्डेशनको आवश्यकता अरु बढेको छ।

**फाउण्डेशनले एउटा गैरराजनीतिक र गैरसरकारी संस्थाको स्थानबाट समेत जनताका सुविधा, सहुलियत र जनकार्यहरु गरी क. मदन भण्डारीका बिचार र उहाँका सपनाहरु जनताबीच लान सक्दछ।**

१) नेकपा (एमाले) देशको एउटा सशक्त र प्रभावशाली राजनीतिक पार्टी हो। यसले क. मदन भण्डारीका योगदानहरुको कदर गर्ने, उहाँका बिचारहरु व्यवहारमा लागू गर्ने र जनतालाई सुखी सम्बृद्धि गर्ने काममा राजनीतिक नेतृत्वबाट कार्यान्वयन गर्दछ। त्यो काममा उसले गरेको प्रगतिस्वरुप आज पार्टीको नेतृत्वमा नै नेपालको सरकार गठन भएको छ। तर, पार्टीले अहिले नै जनताबीचमा मदन भण्डारीका बिचारहरुलाई कार्यान्वयन गरी जनतालाई उल्लेख्य ढङ्गले परिणाम दिने गरी कार्य गर्न सक्ने परिस्थिति बनिसकेको छैन। यस्तो अवस्थामा फाउण्डेशनले एउटा गैरराजनीतिक र गैरसरकारी संस्थाको स्थानबाट समेत जनताका सुविधा, सहुलियत र जनकार्यहरु गरी क. मदन भण्डारीका बिचार र उहाँका सपनाहरु जनताबीच लान सक्दछ। यसले पार्टीबाट गर्न नमिलेका वा गर्न असहज हुने कामहरु गर्न फाउण्डेशनको आवश्यकता छ। आज वीपी स्मृति प्रतिष्ठानबाट विभिन्न स्थानहरुमा अस्पतालहरु, शिक्षण संस्थानहरु र अनुसन्धान केन्द्र आदिको माध्यमबाट गतिविधिहरु हुने र जनतामा सेवा पुग्ने काम भएको सन्दर्भले समेत मदन भण्डारी फाउण्डेशनले जनहितका कामहरु गर्नु अतिआवश्यक भैसकेको छ।

२) क. मदन भण्डारीको सोच, बिचार, व्यवहार र चिन्तनको विषयमा र हाम्रो समाजलाई प्रभाव पार्ने विविध पक्षहरुमा अध्ययन, अनुसन्धान गर्ने काममा फाउण्डेशन वा यस्ता संस्थाहरुले काम गर्नु जरुरी छ। त्यो सम्भव र व्यवहारिक पनि छ। जस्तो नेपाली समाजको अग्रगतिका लागि सामाजिक क्षेत्रका गलत संस्कार र संस्कृतिलाई हटाउदै उपयुक्त र वैज्ञानिक संस्कार र संस्कृतिको निर्माणमा नेकपा (एमाले) पार्टीको सरकार बनोस् र त्यसले तदनुरुपको ऐन–कानून र निर्णय गरी कार्यान्वयन गरोस् भनेर बस्नुको सट्टा फाउण्डेशनले यस्ता क्षेत्रबाट समाजसुधारका कामहरुलाई

अगाडि लानु आवश्यक मात्र नभई जरुरी भएको छ।

३) नेकपा एमालेको मार्गदर्शक सिद्धान्त भनेको जनतको बहुदलीय जनवाद हो। उसले यसैको प्रकाशमा राजनीतिक कार्य गर्दछ। गैर राजनीतिक संस्था मदन भण्डारी फाउण्डेशनले यस सिद्धान्तका प्रतिपादक, सूत्राधार जननेता मदन भण्डारीका योगदानको संरक्षण र विकास गर्ने लक्ष्य लिएको हुँदा उसले जनताको बहुदलिय जनवादजस्तो मौलिक र व्यवहारिक सिद्धान्तलाई आफ्नो दैनन्दिनका व्यवहार र क्रियाकलापबाट जनताको बीचमा पुऱ्याउने, यसलाई अध्ययन अध्यापन गर्ने तथा यस क्षेत्रमा नयाँ–नयाँ समस्याहरुको खोज एवं अनुसन्धान गर्ने काम गर्दछ। र, अरुले यसलाई कसरी लिएका र बुझेका छन् भन्ने विषयमा स्वतन्त्राका साथ अध्ययन र विश्लेषण गर्दछ। यि कामले नेकपा एमालेलाई बैचारिक क्षेत्रमा सहयोग पग्न सक्दछ। त्यतिमात्र होइन, पार्टी भनेको विविधि बिचारको प्रतिस्पर्धाबाट बनेको एउटा बैचारिक सङ्गठन हो। नेकपा एमालेको पाँचौ राष्ट्रिय महाधिवेशनबाट क. मदन भण्डारीको अगुवाईमा जनताको बहुदलीय जनवादले सर्वश्रेष्ठता हासिल गऱ्यो। यद्यपि, यहाँ यसको विपक्ष मत पनि प्रकट भएको थियो। समयक्रममा यो दुर्नियतका साथ प्रकट भई अभिव्यक्त हुने गरेको छ। यसरी बढ्दो कम्युनिष्ट आन्दोलनको लोकप्रियताप्रति हुने बाह्य हमला र सैद्धान्तिक पक्षधरताका विरुद्ध हुने आन्तरिक हमलाबाट सचेत रहँदै नेपाली कम्युनिष्ट आन्दोलनको यो प्रयोगात्मक एवं विकसित सिद्धान्तको जगेर्ना, संरक्षण र सम्बर्द्धन गर्ने कामसमेत यस फाउण्डेशनले गर्ने गर्दछ। यस मानेमा पनि फाउण्डेशनको आवश्यकता भूगोलको सम्पूर्ण क्षेत्रमा महशुस भएको छ। यस कार्यले पार्टीलाई वैचारिक बहस गर्नमा बाध्यता सिर्जना समेत गर्न सक्दछ, र यो आवश्यक विषय हो।

> **बढ्दो कम्युनिष्ट आन्दोलनको लोकप्रियताप्रति हुने बाह्य हमला र सैद्धान्तिक पक्षधरताका विरुद्ध हुने आन्तरिक हमलाबाट सचेत रहँदै नेपाली कम्युनिष्ट आन्दोलनको यो प्रयोगात्मक एवं विकसित सिद्धान्तको जगेर्ना, संरक्षण र सम्बर्द्धन गर्ने कामसमेत यस फाउण्डेशनले गर्ने गर्दछ।**

४) पार्टीले मात्र मार्क्सवादी नीति, सिद्धान्त र जबजको प्रचार गरेर जान पाउँदैन। उसका अनगिन्ती राजनीतिक जिम्मेवारी र दायित्वहरु छन्। तर, फाउण्डेशनले जबजलाई जनताको बीचमा अध्ययनार्थ विषयगत आधार बनाएर जाने र समय सन्दर्भ अनुरुप यसलाई सहजता प्रदान गर्ने काम गर्नुपर्छ र गर्ने गरेको पनि छ।

५) पार्टीले आफ्ना समग्र नीति र कार्यक्रमसँग सहमत जनतालाई मात्रै आफ्नु सङ्गठनमा समेट्ने हुन्छ। तर, फाउण्डेशनले त जनतालाई फाउण्डेशनको सदस्यता दिँदै मार्क्सवाद, लेनिनवाद र जबजको निकट ल्याउन सक्दछ। र, पार्टीको सहयोगी संस्थाको रुपमा काम गर्न सक्दछ। यस्तो प्रक्रियाबाट एमाले पार्टीलाई आफ्ना समर्थक, सहयोगी र कार्यकर्ता उत्पादनको क्षेत्रमा काम गर्ने औजारको हिसावले जनतामा काम गर्नलाई फाउण्डेशनको आवश्यकता छ।

६) जननेता मदनकुमार भण्डारी मार्क्सवादको सिर्जनात्मक प्रयोगकर्ता, नेपाली कम्युनिष्ट आन्दोलनका एक नविन चिन्तक, बिचारक र नेपाली राजनीतिमा अद्वितिय विलक्षण प्रतिभावान व्यक्तित्व भएको राजनेता हुनुहुन्थ्यो। उहाँको जीवनशैली तथा घटनाहरुको विषयको जानकारी लिनु र त्यसबाट प्रेरणा वा शिक्षा लिनु सर्वसाधारणका जिज्ञासाको विषय हो। यो कामको जिम्मेवारी कस्ले पुरा गर्ने ? नेकपा (एमाले) ले यी सबै कामहरु गर्न उसका लागि प्राथामिक विषय बनाउनु सम्भव छैन। दाशढुङ्गा हत्याकाण्ड हुँदा प्रयोग भएको जीपलाई त्यही अवस्थामा राख्ने स्थिति भएको भए आज त्यस्तो ऐतिहासिक घटनालाई अध्ययन गर्ने र बुझ्न चाहनेहरुका लागि ठूलो स्रोत हुन सक्दथ्यो। तर, यस्तो काम कस्ले गर्ने ? क. मदन भण्डारीका तमाम रचनाहरु प्रकाशित गर्नु, प्रयोग गरेका सामानहरुको संरक्षण तथा सङ्कलन गर्नु, सङ्ग्राहलय बनाउनु, उहाँको जीवनलाई चीरस्थायी बनाउन मदन भण्डारीका नाममा छात्रवृत्ति, प्रतिभा पुरस्कार, अन्वेषण कार्य, शिक्षालय, विद्यालय, महाविद्यालय, अस्पताल, असहाय सहयोग केन्द्र आदिहरु स्थापना गरी सुलभ र प्रभावकारी रुपले परिचालन गर्नु ण्फाउण्डेशन र यस्ता संस्थाहरुले महत्वपूर्ण योगदान गर्न सक्दछन्। र, गरीरहेको छ। यीनलाई विस्तार गर्नु र पार्टी पंक्ति र सरकारका तर्फबाट यसलाई सघाउदै यस्ता गतिविधिहरु व्यापक र तीव्र गर्ने कुराको अझ कमी भएको छ। यस्तो स्थितिलाई सम्बोधन गर्न फाउण्डेशनलाई अझ गतिशील बनाउनु र देशव्यापी गर्नु नितान्त जरुरी छ। आउनुहोस यि कुराहरुलाई मनन गर्दै फाउण्डेशन निर्माण र परिचालनको काममा ऐतिहासिक योगदान दिनुहोस्। ■

# मदन भण्डारी फाउण्डेशन आगामी योजना तथा कार्यक्रम

मदन भण्डारी फाउण्डेशनको विधानले निर्दिष्ट गरेका उद्देश्य पूरा गर्न मिति २०६७।०८।२३ गते काठमाण्डौमा आयोजित राष्ट्रिय भेलामा प्रस्तुत गरी प्राप्त सुझाव सहित परिमार्जन गरिएको योजना तथा कार्यक्रम निम्न अनुसार रहेको छ।

**लक्ष: जननेता मदन भण्डारीको स्मृतिलाई चिरस्थायी गर्ने**

समकालिन राजनीतिका शिखर पुरूष सिर्जनशिल विचारका धनी, नवीन विचारक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीतिमा प्रभाव पार्न सक्ने बहुआयामिक व्यक्तित्व भएका विलक्षण प्रतिभाशाली २० औं शताब्दीका नायक जननेता मदन भण्डारीले बहुआयामिक पक्षहरूमा पुऱ्याउनु भएका योगदानलाई संस्थागत गर्दै जन समक्ष उजागर गर्ने।

उपरोक्त लक्ष्य हासिल गर्न यस फाउण्डेशनले सैद्धान्तिक वैचारिक, शैक्षिक, स्वास्थ्य, खेलकुद, सामाजिक, आर्थिक क्रियाकलाप लगायत कला, साहित्य तथा संस्कृति, कृषि तथा पशु विज्ञान, यातायात एवं सेवा क्षेत्र, विज्ञान प्रविधि, उद्योग, वाणिज्य, वित्तीय, पर्यटन तथा वनवातावरण आदि क्षेत्रमा खोज, अनुसन्धान तथा दिगो विकासका लागि नीति अनुसन्धान तथा सम्बन्धित क्षेत्रमा संप्रेषण गर्दै जनहितका कार्य प्रारम्भ गर्नेछ। उक्त कार्यहरू प्रारम्भ गर्दा अल्पकालिन तथा दिर्घकालिन योजना निर्माण गरि कार्यान्वयन गरिनेछ।

**१. सैद्धान्तिक तथा वैचारिक क्षेत्रमा:**

**जननेता मदन भण्डारीले गर्नु भएको योगदानलाई संस्थागत रुपमा संरक्षण गर्दै निरन्तर जननेताका बिचारलाई प्रवाह गर्ने।**

१. सैद्धान्तिक/वैचारिक उद्देश्य पूरा गर्न मदन भण्डारीद्वारा प्रतिपादित जबजको सार तत्वलाई आम जनता समक्ष पुऱ्याउने।
२. जबजले विश्व कम्युनिष्ट आन्दोलनमा पारेको प्रभावलाई उजागर गर्ने।
३. राजनैतिक, आर्थिक, सामाजिक एवं साँस्कृतिक रूपान्तरणको लागि जबजले गरेका व्याख्यालाई समृद्ध बनाउने।
४. सरल जीवन र उच्च विचारका धनी जननेता मदन भण्डारीका मूल्य, मान्यता र आदर्श लाई संस्थागत गरी अनुशरण गर्ने गराउने।
५. शताब्दी पुरूष मदन भण्डारीले नेपाली जनता र राष्ट्र प्रति गर्नु भएको योगदानलाई आम जनता तथा भावी पुस्ता सम्म पुऱ्याउने।

**क्रियाकलाप**

१. मदन भण्डारी सम्बन्धी समग्र पक्षहरूको अध्ययन तथा अनुसन्धान गर्ने।
२. हालसम्म मदन भण्डारीका बारेमा प्रकाशित पुस्तक तथा लेख रचनालाई धेरै भन्दा धेरै पाठक समक्ष पुऱ्याउने।
३. जननेता मदन भण्डारीका अप्रकाशित कृतिहरूलाई प्रकाशित गर्ने र प्रचार प्रसार गर्ने।
४. सञ्चारका माध्यमहरूद्वारा मदन भण्डारीको विचारालाई प्रवाह गर्ने।
५. जबजको सैद्धान्तिक, वैचारिक तथा राजनैतिक प्रकाशमा प्रशिक्षित एवं जननेता मदन भण्डारीका मूल्य मान्यता र आदर्शबाट दिक्षित नेता तथा कार्यकर्ता तयार गरी सम्बन्धित व्यक्तिको योगयता क्षमता र चाहनाको आधारमा पार्टी, जनसंगठन, सामाजिक, वित्तीय एवं व्यवसायिक संघ संस्था, जनप्रतिनिधि तथा राजकिय क्षेत्रमा जिम्मेवारी समाल्न अभिप्रेरित गर्दै जनताको सर्वोत्तम भलाईका लागि क्रियाशिल हुन जोड दिने।
६. मदन भण्डारीसँग सम्बन्धित लेख रचना र पुस्तक एवं अडियो, भिडियो संग्रह र संरक्षण गरी श्रोत केन्द्रको स्थापना गर्ने।

७. जबजका विविध पक्षका बारेमा विचार गोष्ठी, प्रवचन, सेमीनार, कार्यशाला आदि गर्ने ।

८. वेवसाइट मार्फत सबै प्रकारका सूचना संप्रेषण गर्ने ।

९. जननेतासँग सम्बन्धित वृत्तचित्र निर्माण एवं संग्रहालय प्रवर्द्धनमा योगदान गर्ने ।

१०. देशका विभिन्न ऐतिहासिक महत्वका क्षेत्रहरू नमूना गाँउ प्रवर्द्धनको काम सुरू गर्ने ।

११. जननेता मदन भण्डारीका मूल्य, मान्यता र आदर्शलाई स्थापित गर्न विभिन्न क्षेत्र र विधामा मदन भण्डारी प्रतिभा पुरस्कारको स्थापना गरी वितरण गर्ने ।

१२. जबजका विविध क्षेत्रहरूमा विषयगत विज्ञ समूह निर्माण गरी खोज, अनुसन्धान, प्रशिक्षण तथा आवश्यक संस्थागत संरचना निर्माण गरी सम्बन्धित क्षेत्रमा योगदान पुऱ्याउने ।

१३. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्वका समसामयिक विषयहरूमा आवश्यकता अनुसार समय समयमा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरका गोष्ठि, भेला, सम्मेलनहरूको आयोजना गर्ने ।

१४. मदन भण्डारीका नामबाट निर्मित, सञ्चालित पाटी, पौवा, चौतारा देखि पुस्तकालय, विद्यालय, महाविद्यालय सम्म सबैको अभिलेख राख्ने साथै निर्माण गर्ने संस्था, संचालन बचस्र संरक्षणका सहजीकरण गर्ने । जनप्रतिनिधिहरू छँदा गाविस, जिविस र नगरपालिकाहरूले निर्माण गरेका संरचनाहरू हाल वेबारिसे अवस्थामा रहेका हुन सक्ने हुँदा तिनीहरूको उचित संरक्षण र संवर्द्धनको नीति बनाउन सम्बन्धित क्षेत्रको ध्यान आकृष्ट गर्ने गराउने ।

१५. फाउण्डेशनका उद्देश्यहरुलाई पूरा गर्न अन्तर्राष्ट्रिय स्तरमा समेत भाइचारा सम्बन्ध विस्तार गर्ने ।

१६. जेष्ठ ३ गते मदन-आश्रित स्मृति दिवश र आषाढ १४ गते मदन जयन्ती विभिन्न तहका पार्टी, जनसंगठन तथा अन्य संघ, संस्था हरूसँग सहकार्य गरी रचनात्मक रूपमा मनाउने । उक्त दिवश र जयन्तीलाई थप रचनात्मक रुपमा मनाउन निम्न कामहरु जिल्ला फाउण्डेशन समेतले गर्ने ।

- असार १४ गते **मदन भण्डारी फाउण्डेशन डे** मनाउने ।
- मदन भण्डारीका नाममा निर्मित चौतारा, प्रतिक्षालय, महाविद्यालय, प्रतिष्ठान सम्मका सबै क्षेत्रमा सरसफाई मर्मतसम्भार, रङ्ग, रोगन आदि गर्नका लागि सम्बन्धित क्षेत्रलाई अभिप्रेरित गर्ने ।
- रक्तदान लगायतका स्वास्थ्य शिविर कार्यक्रमहरु सञ्चालन गर्न सम्वन्धित क्षेत्रसँग हातेमालो गर्ने ।
- मदन भण्डारीको बारेमा नयाँ पुस्ता लाई जानकारी दिने उद्देश्यले प्रा.वि. देखि महाविद्यालय सम्म हाजिरी जवाफ, निवन्ध, वकृत्वकला, बादबिवाद, कविता, गोष्ठि, सहित्यिक तथा खेलकुद लगायतका गतिविधि सञ्चालन गर्ने ।
- असार १४ गतेको फाउण्डेशन डे को सन्दर्भमा अनिवार्य र व्यवस्थित रुपले वृक्षारोपण गर्ने ।
- स्मृति सभाको आयोजना गर्ने ।

१७. मदन भण्डारीको स्मृतिमा केन्द्रिय र स्थानिय स्तरमा पार्क निर्माण गर्न पहल गर्ने ।

१८. दासढुङ्गा क्षेत्र संरक्षण एवं विकास समिति गठन गरी संस्थागत रूपबाट सो क्षेत्रको विकासका लागि स्थानिय समुदाय सँग सहकार्य गरी कार्य आरम्भ गर्ने ।

१९. जबजको पक्षमा क्रियाशिल राजनीतिक नेता तथा कार्यकर्ताहरुलाई संरक्षणका लागि सीप, क्षमता अभिवृद्धि तथा पारिवारिक रोजगारी एवं व्यसायिकरणका योजनाहरु निर्माण तथा सञ्चालन गर्न सम्बन्धित पक्षलाई सहजीकरण गर्ने ।

२. **शैक्षिक: शिक्षा तथा अनुसन्धानको क्षेत्रमा गरिने कार्य लक्ष्य:शिक्षालाई वैज्ञानिक पद्धतिमा ढाल्दै प्राविधिक तथा व्यवसायिकलगायत सबै विधाको शिक्षामा सबैको पहुँच पुऱ्याउने र मदन भण्डारी विश्वविद्यालयहरूको स्थापना गर्ने।**

१) मदन भण्डारी स्मृति प्रतिष्ठान नेपालद्वारा अघि सारिएको मदन भण्डारी प्रौद्योगिक विश्वविद्यालय (MADAN BHANDARI TECHNOLOGICAL UNIVERSITY) स्थापनामा सहयोग पुऱ्याउने गरी फाउण्डेशनले कार्यक्रम तर्जुमा गर्ने ।

२) मदन भण्डारी कलेजलाई विश्वविद्यालय बनाउन

पहले गर्ने र त्यसको लागि आवश्यक पूर्वाधारको तयारी गर्दै जाने ।

३) मदन भण्डारीको नामबाट संचालन भएका शैक्षिक संस्थाहरूको अध्ययन एवं अवस्था विश्लेषण गरी स्तर वृद्धि तर्फ ध्यान दिने ।

४) मदन भण्डारीको नामबाट संचालित विद्यालय, महाविद्यालयहरू तथा अरू खुल्ने शैक्षिक संस्थाहरू फाउण्डेशनको छाता भित्र ल्याउने नीति बनाउने ।

५) शैक्षिक संस्थालाई नमूना बनाउन पहल गर्ने । विद्यालय, महाविद्यालयहरूमा विश्वस्तरका उत्कृष्ट पाठ्यक्रमहरुलाई अध्ययन गरी गुणस्तरीय शिक्षा प्रदान गर्न ति पाठ्यक्रमहरु लागु गर्नुका साथै वैज्ञानिक शिक्षा प्रणालीको लागी अग्रसरता लिने ।

६) विभिन्न विद्यालय, महाविद्यालय र कलेज सम्म जननेता मदन भण्डारी पुरस्कार प्रतियोगिता एवं छात्रवृत्तिको व्यवस्था गर्ने ।

क) शैक्षिक संस्थाहरुमा **"मदन भण्डारी उत्कृष्ट प्रतिभा पुरस्कार"** स्थापना गर्ने ।

ख) मदन भण्डारी छात्रवृत्ति कोषको स्थापना गर्ने ।

७) सिमान्तकृत (कृषि मजदुर, ठेला मजदुर, रिक्सा मजदुर, सफाई मजदुर आदि) हरूका छोराछोरीहरूलाई विद्यालयको पहुंचमा पुऱ्याउन जिल्ला फाउण्डेशनहरूले पहल गर्ने ।

८) प्राविधिक जनशक्ति तयार पार्न प्रस्तावित TECHNOLOGICAL UNIVERSITY मदन भण्डारी स्मृति प्रतिष्ठान नेपाल, उर्लाबारी मोरङ्गसँग सहकार्य गर्दै छोटो अवधिको तालिम संचालन गर्न इच्छुक संघ संस्थाहरुसँग हातेमालो गर्ने ।

९) विविध विषयमा अनुसन्धानात्मक कार्यहरू संचालन गर्ने ।

**३. खेलकुदको विकास तथा जनशक्ति निर्माण**

**लक्ष्य: खेलकुदलाई जीवनको अंग बनाउँदै मदन भण्डारी स्पोर्स्ट एकेडेमीलाई खेलकुद विश्वविद्यालय (Sports University) स्थापना गर्न पहल गर्ने ।**

**कार्यक्रम:**

१) विभिन्न देशमा रहेका SPORTS UNIVERSITY को अध्ययन गर्ने ।

२) मदन भण्डारी SPORTS एकेडेमीले वार्षिक कार्यक्रम तर्जुमा गरी खेलकुदका विभिन्न गतिविधिहरू संचालन गर्ने ।

३) खेल मैदान रंगशाला जस्ता भौतिक पूर्वाधार निर्माणका लागि जग्गाको व्यवस्थापनमा पहल गर्ने ।

४) अन्तर्राष्ट्रिय खेलमा सहभागी गराउने र अन्तर्राष्ट्रिय स्तरको खेल आयोजना गर्ने ।

५) खेललाई आम युवाहरूको पहुँचमा पुऱ्याउन जिल्ला, इलाका तथा गाँउहरूमा संचालित ल्कवहरूलाई स्पोर्टस् एकेडेमीको जिल्लाले संस्थागत सदस्यता प्रदान गर्दै प्रत्येक जिल्लाहरूमा एकीकृत संघ निर्माण गर्ने ।

६) देशका विभिन्न स्थानमा जनताका पहलमा विभिन्न संस्था र ल्कवहरूले स्थापना गरेका रनिङ्ग सिल्डहरूलाई व्यवस्थितपूर्वक संचालन गर्न स्पोर्टस् एकेडेमीले सहजीकरण गर्ने ।

७) विविध प्रकृतिका खेलहरूलाई अगाडि बढाउन आवश्यक प्रशिक्षण एवं वार्षिक रूपमा प्रतियोगिताहरू संचालन गर्न संस्थागत क्षमता वृद्धि गर्ने ।

**४. जनस्वास्थ्य क्षेत्रको काम**

**लक्ष्य: स्वास्थ्यमा सबैको पहुँच पुऱ्याउनुको साथै उच्चस्तरीय विशेषज्ञ सेवा उपलब्ध गराउने गरी मदन भण्डारी मेमोरियल मेडिकल ट्रष्टको स्थापनाका लागि पहल गर्ने ।**

१) केन्द्रिय र जिल्ला स्तरमा मदन भण्डारी फाउण्डेशनको संयोजन र स्थानीय जिल्ला फाउण्डेशनहरूको व्यवस्थापनमा वर्षको कम्तिमा २ वटा स्थानमा स्वास्थ्य शिविर संचालन गर्ने ।

२) जनस्वास्थ्य सचेतना (Public Health Awareness) को कार्यक्रमलाई योजनाबद्ध रुपमा सञ्चालन गर्ने ।

३) रक्तदान, आँखादान जस्ता कार्यक्रमहरुलाई प्रोत्साहन दिदैं सम्बन्धित क्षेत्रका विभिन्न संघ संस्थाहरुसँग सहकार्य गर्न केन्द्र तथा जिल्ला फाउण्डेशनहरुले पहल गर्ने ।

४) मदन भण्डारी मेमोरियल अस्पताल स्थापनाको लागि आवश्यक पूर्वाधारको काम सुरू गर्ने र

यसको लागि स्थान छनौट, जग्गा व्यवस्थापन, स्रोत व्यवस्थापनको बारेमा अध्ययन गर्ने ।

५) ३ वर्षभित्र कम्तिमा १०० शैयाको अस्पताल स्थापना गर्नुका साथै स्वास्थ्य क्षेत्रको प्राविधिक जनशक्ति उत्पादन गर्ने शैक्षिक कार्यक्रम संचालन गर्ने ।

६) ५ वर्षभित्र अस्पतालको स्तर वृद्धि गरी विशिष्ट सेवा सहितको अस्पताल निर्माण गर्ने ।

७) ७ वर्षभित्र मेडिकल कलेजको स्थापना गरीसक्ने लक्ष्यका साथ काम सुरू गर्ने ।

८) अस्पतालको स्थापनासँगै मदन भण्डारी सेटलाइट रिफरल सेण्टर कम्तिमा क्षेत्रीय सन्तुलन हुनेगरी ५ स्थानमा खोल्ने ।

९) योग, प्राकृतिक चिकित्सा, आर्यूविज्ञान लगायतका वैकल्पिक चिकित्सा प्रणालीहरुलाई प्रवर्द्धन गर्न विभिन्न संस्थाहरुसँग हातेमालो गरी सहकार्य गर्ने ।

**५. आर्थिक कार्यक्रमः**

१) आम जनताको जीवन स्तर उठाउन वृहत रोजगार मूलक कार्यक्रमहरूको बारेमा विभिन्न विषय विज्ञहरूको भेला गराई अन्तर्क्रिया गर्ने तथा अनुसन्धान गर्ने ।

२) स्रोतको सम्भावनाको खोजी गर्न विभिन्न क्षेत्रहरूका ज्ञाताहरूसँग अन्तर्क्रिया गर्ने ।

३) विभिन्न विषयका अवधारणा तथा परियोजना प्रस्ताव तयार गरी सम्बन्धित निकायहरूसँग सहकार्य गरी अगाडी बढाउने ।

४) विभिन्न विषय र क्षेत्रका परियोजना संचालन गर्ने सहभागितात्मक साझेदारी मोडलहरू तयार गर्ने ।

५) आर्थिक, सामाजिक तथा साँस्कृतिक रुपान्तरणका लागि नयाँ प्रविधि हस्तान्तरण लगायताका विषयमा अध्ययन कार्यमूलक अनुसन्धान गर्ने ।

**६. संगठनात्मक कामः**

६.१ उल्लेख गरिएका सम्पूर्ण कामहरू सम्पादन गर्न निम्न अनुसार कार्यक्षेत्रहरु निर्धारण गरी कार्य विवरण सहितको जिम्मेवारी तोक्ने ।

१) सैद्धान्तिक/वैचारिक क्षेत्र
२) आर्थिक क्षेत्र
३) शैक्षिक तथा अनुसन्धान क्षेत्र
४) स्वास्थ्य क्षेत्र
५) कला साहित्य र संस्कृति क्षेत्र
६) बौद्धिक क्षेत्र
७) विज्ञान र प्रविधिको क्षेत्र
८) खेलकुद क्षेत्र
९) सामाजिक सेवा क्षेत्र
१०) कार्यालय व्यवस्थापन/प्रचार तथा प्रकाशन क्षेत्र

प्रत्येक कार्यक्षेत्रबाट प्रस्तावित लक्ष्य हासिल गर्न आ-आफ्नो कामसँग सम्बन्धित कार्यक्रम तथा योजनालाई समेट्ने गरी अल्पकालिन तथा दीर्घकालिन कार्ययोजना बनाई फाउण्डेशनको स्विकृति लिएर कार्य संचालन गर्ने ।

६.२

१) सबै क्षेत्रीय समितिहले जिल्ला इकाइहरू गठन गर्न यो वर्षको लक्ष्य किटान गरी गठन प्रक्रिया अगाडि बढाउने ।

२) विभिन्न पेशा तथा व्यवसायसँग सम्बन्धित क्षेत्रहरूमा फाउण्डेशनलाई स्थापित गर्न आवश्यक कार्य गर्ने ।

३) संचालन नियमावली बनाउने ।

४) मदन भण्डारी फाउण्डेशनको केन्द्र, क्षेत्रीय तथा जिल्ला कार्यसमितिहरुलाई आत्मनिर्भर बनाई सञ्चालन गर्न फाउण्डेशन का सदस्य तथा शुभेच्छुकहरुसँग वार्षिक मासिक/वार्षिक रुपमा नियमित सहयोगको स्थायी प्रवन्ध गर्ने ।

५) सबै आय व्ययलाई बैकिङ्ग प्रणाली मार्फत दोहोरो लेखा प्रणालीद्वारा व्यवस्थित गर्ने ।

६) आर्थिक व्यवस्थापन सहितको बजेट तयारी गरी लागू गर्ने ।

७) कार्यालयलाई चुस्त राख्न आवश्यक कोठा, दक्ष जनशक्ति, कम्प्युटर, फ्याक्स, फोन, फोटोकपी, फर्निचर लगायत अफिस सामाग्री व्यवस्थापन गर्ने ।

*(मिति २०६६/१२/२० मा श्री डोरमणी पौडेलको संयोजकत्वमा डा. प्रेमसागर चापागाँई, रमेश सिलवाल, हिक्मत कार्की, कृपासुर शेर्पा, भेषराज अधिकारी, उषाकिरण भण्डारी सदस्य रहनुभएको योजना तथा कार्यक्रम निर्माण उपसमितिद्वारा तयार प्रतिवेदनको परिमार्जितस्वरुप ।)*

# आत्मनिर्भर अर्थतन्त्र राष्ट्रिय स्वाभिमानको आधार



रमेश सिलवाल

नेपालमा हाल ५४ प्रतिशत नागरिक मात्र साक्षर छन् र करीब ४६ प्रतिशत निरक्षर छन् भने १३ प्रतिशत बालबालिका प्राथमिक शिक्षाबाट समेत बञ्चित छन्। १५ वर्ष माथिको साक्षरता दर ५२ प्रतिशत (महिला ३८ प्रतिशत र पुरुष ६९ प्रतिशत) मात्र छ।

**नेपालको आर्थिक पृष्ठभूमि**

नेपाली बामपन्थीहरूको भाषामा नेपाल एक अर्धसामन्ती र अर्धऔपनिवेशिक मुलुक हो भने उदारवादीहरूको भाषामा कम विकसित राष्ट्र हो। परिणामत : नेपालको अर्थव्यवस्था मुलुकमा सिमित सामन्त र सम्पन्न वर्गको कब्जामा रहँदै आएको छ। मुलुकको कृषि, उद्योग, व्यापार, व्यवसाय, प्रशासनयन्त्र, सेना, प्रहरी, सरकारी एवं गैरसरकारी संघसंस्था, न्यायपालिका, कार्यपालिका र व्यवस्थापिकामा मूलत : तिनै वर्गहरूको हालीमुहाली छ। नेपाल सरकार सामन्त र दलाल नोकरशाही पूँजिपतिहरूको हित संरक्षण, उनीहरूको पृष्ठपोषण र सम्वर्द्धनमा नै तल्लिन रहेको छ। फलस्वरूप मुलुकको राजनीतिक, सामाजिक एवं आर्थिक अवस्था दिन प्रतिदिन गिर्दो र निरासलाग्दो अवस्थामा पुगेको छ। देशको राजनीतिक, सामाजिक एवं आर्थिक क्रियाकलापमा आम जनताको पहुँच पुग्न सकिरहेको छैन। विकासको प्रतिफल उपभोग गर्नबाट आम जनता बञ्चित छन्। बि.सं. २०५१ सालमा मनमोहन अधिकारीको प्रधानमन्त्रीत्वमा गठित नेकपा (एमाले)को नौ महिने सरकारले केही प्रगतिशील कदम उठाई नेपाली जनतामा केही आशा एवं भरोसाको रक्तसंचार गराएता पनि त्यस पछाडि गठित बामपन्थीहरू सहितको संयुक्त सरकारले पनि आशाभन्दा बढी निराशा नै प्रदान गऱ्यो।

नेपाल अल्पविकसित राष्ट्र मात्र नभई विश्वकै गरिब र पछौटे राष्ट्रहरूमध्ये एक हो। तथ्याङ्कीय विश्लेषण गर्ने हो भने नेपालको प्रतिव्यक्ति आय सन् २००८ मा ४७० अमेरिकी डलर (करिब रू. ३३,०००) रहेको पाइन्छ। प्रतिव्यक्ति आय न्यून भएको राष्ट्र मात्र होइन, आयको वितरणमा ठूलो असमानता भएको

राष्ट्र पनि नेपाल हो । १० प्रतिशत परिवारले राष्ट्रिय आयको ५२ प्रतिशत हिस्सा ओगट्न पुग्नु र ४० प्रतिशत परिवारको हिस्सामा कुल आयको जम्मा ११ प्रतिशत मात्र हुनु यो देशको वर्तमानको बिडम्बना हो । आयको यो असमान वितरणले गर्दा जनताको जीवनस्तरमा भिन्नता आएको छ । फलस्वरूप शिक्षा, स्वास्थ्य, रोजगार तथा सुविधामा हुने र नहुने बीचको दरार दिन प्रतिदिन बढ्दो छ । आय र सम्पत्ति वितरणका क्रान्तिकारी कदम नचालुन्जेल देशको समग्र विकासको परिकल्पना असम्भवप्राय छ र जनताको गाँस, बास र कपासको समस्याको समाधान निकाल्ने सपना देख्नु '**सोम शर्माको सातु**'को कथा सरह मान्न सकिनेछ ।

२१ औं शताब्दीको वर्तमान परिवेशमा पनि नेपालका ३१ प्रतिशत जनता गरीबिको रेखामुनि रहेका छन् । शहरी क्षेत्रमा २३ प्रतिशत र ग्रामीण क्षेत्रमा ४४ प्रतिशत जनता निरपेक्ष गरीबिको रेखामुनि रहेका छन् । त्यसमध्ये १७.१ प्रतिशत अति गरीब अवस्थामा रहेका छन् । नेपालमा विगत ८ वर्षको आँकडामा ११ प्रतिशतले गरीबि घटेपनि आय विवरणको असमानता दर्शाउने गिनी गुणक (Gini Coefficient) ०.३४ बाट ०.४१ पुगेको देखिन्छ । यस तथ्यांकबाट नेपालमा धनी र गरीबबीचको दूरी बढेको देखिन्छ ।

कृषि प्रधान राष्ट्र नेपालमा ६५ प्रतिशत जनता कृषिमा आश्रित छन् । मुलुकको १ प्रतिशत जमीनदार वर्गसँग कूल खेतियोग्य जमीनको १३.१ प्रतिशत छ भने आधा हेक्टरभन्दा कम जमीन भएका तर बाह्रै महिना खेतीपातीमा निर्भर ५० प्रतिशत किसानसँग जम्मा ६.६ प्रतिशत कमसल खालको जमीन मात्र छ । भूमिहीन तथा अत्यन्त न्यून भूमि भएका (०.२ हेक्टर वा २ रोपनीभन्दा कम जमीन भएका) लगभग १० लाख परिवार अत्यन्तै कष्टकर जीवन बिताइरहेका छन् । हालसम्म कृषियोग्य जमीनको ६६ प्रतिशत जमीनमा मात्र सिंचाइ पुगेको छ । नेपालको सिंगो अर्थतन्त्रलाई विश्लेषण गर्दा कृषि क्षेत्रको ३३.१ प्रतिशत योगदान रहेको छ भने गैरकृषि क्षेत्रको योगदान ६६.९ प्रतिशत रहेको छ । गैरकृषि क्षेत्र अन्तर्गत सेवा उद्योग, संगठित उद्योग र रेमिट्यान्सको योगदान उच्च रहेको छ । दशौं योजना (२०५९ - २०६४) अवधिभर कृषि क्षेत्रमा वार्षिक वृद्धिदर २.७ प्रतिशत र गैरकृषि क्षेत्रमा ३.८ प्रतिशत मात्र छ, जुन लक्ष्यभन्दा क्रमश : ०.१ प्रतिशत र १.४ प्रतिशतले कमी छ । गैरकृषि क्षेत्रमध्ये यातायात तथा संचार, बित्त तथा घरजग्गा र सामाजिक सेवाको कूल उत्पादनमा केही बढेता पनि उद्योग, भूगर्भ तथा खानी, व्यापार, होटल तथा रेष्टुराँ, विद्यूत, ग्याँस तथा पानी क्षेत्रको योगदान घट्न पुगेको छ ।

नेपालको अर्थतन्त्रको स्वरूप दिन प्रतिदिन परिवर्तन हुँदै गइरहे तापनि मुलुक औद्योगिकीकरणतर्फ उन्मुख भने देखाउँदैन । त्यसमाथि पनि उद्योगहरूमा भइरहेको निरन्तर बन्द, हड्ताल, हत्या, हिंसा, आतंक, लुटपाट, अपहरण जस्ता गतिविधिहरूले दिन प्रतिदिन उद्योग व्यवसाय धाराशायी हुदै गइरहेको छ । बिग्रंदो शान्ति सुरक्षा र औद्योगिक वातावरणमा आएको ह्रासले पूँजि पलायन दिन दुगुना रात चौगुनाको दरले बढ्दो छ ।

नेपालमा हाल ५४ प्रतिशत जनता मात्र साक्षर छन् र करीब ४६ प्रतिशत निरक्षर छन् भने १३ प्रतिशत बालबालिका प्राथमिक शिक्षाबाट समेत बञ्चित छन् । १५ वर्ष माथिको साक्षरता दर ५२ प्रतिशत (महिला ३८ प्रतिशत र पुरुष ६९ प्रतिशत) मात्र छ । नेपालको अन्तरिम संविधान - २०६३ ले "**स्वास्थ्य जनताको आधारभूत अधिकार**" को विश्वव्यापी मान्यतालाई स्वीकारे पनि नेपालको जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०६४ अनुसार मातृ मृत्युदर प्रति १ लाखमा २८१, बाल मृत्यु दर प्रति १ हजारमा ६१, शिशु मृत्यु दर प्रति १ हजारमा ४८ र नवजात शिशु मृत्यु दर प्रति १ हजारमा ३४ छ भने नेपालीको औसत आयु ६२ वर्ष मात्र पुगेको छ । बालबालिकाको पोषणको स्थितिको सम्बन्धमा बि.सं. २०६४ सालमा उमेर अनुसारको उचाइ नपुग्ने (पुड्को) ४९ प्रतिशत, उचाइ अनुसार वजन नपुग्ने १३ प्रतिशत र उमेर अनुसारको वजन नपुग्ने ३९ प्रतिशत रहेको छ । नेपाली जनताको स्वास्थ्य स्थिति कमजोर हुनुमा आवश्यक एवं गुणस्तरीय खाना खुवाउन नसक्नु, अस्पताल, स्वास्थकर्मीहरू, औषधी, उपकरण आदिको व्यवस्थापन गर्न नसक्नु नै हो । मुलुकको जनसंख्याको वार्षिक वृद्धिदर अझै पनि २.२५ प्रतिशत छ र उच्च जनसंख्या वृद्धिदरमा पर्दछ । नेपालको जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०६४ अनुसार करिब ९० प्रतिशत शहरका घरधुरीमा खानेपानीको पहुँच पुगेको छ । प्रशासनिक अभिलेखको

विश्लेषणबाट करिब ७७ प्रतिशत जनताको खानेपानीमा पहुँच पुगेको र करिब ४६ प्रतिशत जनताले चर्पी प्रयोग गरेको देखिन्छ । व्यवहारमा हेर्दा यो तथ्यांकको विश्वसनीयता माथि प्रश्न उठाउने प्रशस्त ठाउँ छ र खानेपानी तथा सरसफाइको गुणस्तर अत्यन्तै कमजोर छ । हालसम्म ६४ जिल्लाका सदरमुकामहरूमा मात्र सडक पुगेको छ । निर्मित सडकको उचित मर्मत संभार हुन नसक्दा र सडक निर्माणमा व्याप्त भ्रष्टाचार र कमिशनखोरीले गर्दा सडकको स्तर अत्यन्तै कमजोर छ । आ.व. २०६३/०६४ सम्म कूल ५६० मेघावाट मात्र बिजुली उत्पादन भएको छ । विश्वमा जलस्रोतको दोस्रो धनी देश र दक्षिण एशियाको पहिलो जलविद्यूत उत्पादक भएर पनि वर्षेनी करिब १८ घण्टासम्म लोडसेडिङ्ग खेप्न नेपाली जनता बाध्य हुनु मुलुकको बिडम्बना हो । सूचना तथा संचारको क्षेत्रमा नेपालले उल्लेख्य रूपमा उपलब्धि हासिल गरेतापनि गुणस्तरमा ध्यान पुऱ्याउनु जरुरी छ । विज्ञान, प्रविधि तथा वातावरणको क्षेत्रमा मुलुकले ध्यान दिन सकेको छैन र देशको आवश्यकता अनुसार' उपयुक्त प्रविधिको विकास, अनुसन्धान र प्रयोग हुन सकेको छैन । कृषि, वन, जल तथा जमीनको उचित रूपमा उपयोग गर्न सकिएको छैन । पर्यटन विकासको लागि आवश्यक मात्रामा पूर्वाधार निर्माण गर्न र पर्यटन प्रवर्धन, हाम्रा सम्पदाको संरक्षण र सम्वर्धनमा ध्यान पुऱ्याउन सकिएको छैन ।

**सूचना तथा संचारको क्षेत्रमा नेपालले उल्लेख्य रूपमा उपलब्धि हासिल गरेतापनि गुणस्तरमा ध्यान पुऱ्याउनु जरुरी छ ।**

आर्थिक वर्ष २०६४/०६५ मा कूल गार्हस्थ उत्पादन वृद्धिदर आधारभूत मूल्यमा ५.८ प्रतिशत र २०६५/०६६ मा ३.० प्रतिशत रहनु र यसैबीच मुद्रास्फिति दर वार्षिक २४.२ प्रतिशतले बढ्नु र जनसंख्या वृद्धिदर वार्षिक २.२५ प्रतिशत रहनुले नेपालको अर्थतन्त्र कुन दिशातिर लम्किएको छ, सहजै अनुमान गर्न सकिन्छ । दिन प्रतिदिन निर्यात घट्दै जानु र आयात बढ्दै जानुले हाम्रो अर्थतन्त्रले थेग्न सक्छ कि सक्दैन, त्यसबारेमा गम्भिर ध्यानाकर्षण हुनु जरुरी छ । मुलुकको व्यापार घाटा १५० अर्ब नाघ्दा हाम्रो अर्थतन्त्र कति परनिर्भर रहेछ भनी सहजै विचार पुऱ्याउन सकिन्छ । अझ त्यसमाथि पनि २०६६/०६७ सालको ३ खर्ब ३७ अर्ब ९० करोडको बजेटमा ८७ अर्ब वैदेशिक ऋण तथा अनुदान र ३३ अर्ब आन्तरिक ऋणमा भर पर्नु, साधारण खर्च १ खर्ब ५९ अर्ब र विकास खर्च जम्मा १ खर्ब ७८ अर्ब मात्र हुनुले हाम्रो अर्थतन्त्रको दिशा कतातिर लम्कँदैछ सहजै अनुमान गर्न सकिन्छ । हरेक वर्ष साधारण खर्च बढ्दै जानु र विकास खर्च घट्दै जानु मुलुकको अर्थतन्त्रको लागि स्वस्थकर हुँदैन । अझ त्यसमाथि पनि स्थापना कालदेखि नै गोर्खा भर्ती केन्द्र बन्द गर भन्ने कम्युनिष्ट पार्टीले वैदेशिक रोगजारीमा जानेको संख्यात्मक बृद्धिलाई नै गर्व गर्न पुग्नु र रेमिट्यान्स इकोनोमीले राष्ट्र थेग्न पुग्नु मुलुकको दुर्भाग्य नै मान्नु पर्दछ ।

विश्व मानव विकासको सूचिमा १३८ औं स्थानमा रहेको र दक्षिण एशियामै सबैभन्दा कम मानव विकास भएको मुलुकमा नेपाल गणना हुँदा पनि राजश्वको उच्च वृद्धिदर र विवेकशील खर्च व्यवस्थापनले गर्दा लामो द्वन्द्व र संक्रमणकालको अवधिमा पनि सार्वजनिक वित्तको स्थितिलाई सन्तुलित अवस्थामा राख्न सफल भएको भन्ने अर्थमन्त्रीको गर्वोक्ति उहाँको व्यक्तिगत विचार हो ? वा नेकपा (एमाले)को आधिकारिक धारणा हो यसतर्फ ध्यानाकर्षण हुनैपर्दछ । वर्तमान संक्रमणकालीन अवस्थामा राजनैतिक मुद्दाहरूमा बढ्ता ध्यान केन्द्रीत हुनुपरेको, संविधान निर्माण र शान्ति प्रक्रियामा नै सम्पूर्ण समय खर्च गर्नु गरेको, सरकार गठन र पुनर्गठनले समय खाएकोले मुलुकको आर्थिक, सामाजिक मुद्दामा पर्याप्त ध्यान पुऱ्याउन नसकेको र यो संक्रमणकालको बाध्यता हो भन्ने भनाइले मात्र जनता मान्नेवाला छैनन् र जनताले कसैलाई माफी दिनेवाला पनि छैनन् । दोस्रो जनआन्दोलन २०६३ को सफलता र मुलुकबाट निरंकुश राजतन्त्रको अन्त्य पछि पनि यस देशको आर्थिक, सामाजिक परिवर्तनको दिशा नकोर्ने र त्यसतर्फ सिन्को भाँच्ने प्रयास समेत नगर्ने हो भने जनविश्वास परिवर्तनकारी राजनैतिक पार्टीहरूले गुमाउनु पर्नेछ । फलस्वरूप नेपालको अर्थतन्त्र धाराशायी हुनेछ, नेपाली जनताको जीवनस्तर तहसनहस हुनेछ, नेपालमा आर्थिक संकट अझ गहिरिनेछ र नेपाल असफल राष्ट्रमा गणना हुनेछ ।

यस परिस्थितिबाट नेकपा (एमाले) पनि अछुतो रहन सक्दैन । यसको जिम्मेवारी उसले पनि लिनु पर्दछ र यसबारेमा बेलैमा बुद्धि पुऱ्याउन आवश्यक छ ।

तसर्थ, नेपालको विकास र नेपालीको आर्थिक समृद्धि चाहने हो भने र नेपालको राजनैतिक परिवर्तनलाई सुदृढ गर्ने हो भने नेपालको आर्थिक र सामाजिक परिवर्तन जतिसक्दो छिटो गरिनु पर्दछ र जनताले आफ्नो जीवनस्तरमा परिवर्तन आएको महसुस गर्नुपर्दछ । हाम्रो छिमेकी राष्ट्र चीनको आर्थिक वृद्धिदर भण्डै १३ प्रतिशत र भारतको ९ प्रतिशत रहनु, भारतीय राज्य बिहारको आर्थिक बृद्धिदर ११.२ प्रतिशत रहनु र जलस्रोतमा गरेको लगानीको प्रतिफलले भुटानी अर्थतन्त्र सवल र सुदृढ बन्न सकिन्छ भने नेपालमा किन नसकिने ? के नेपालमा लि क्वान यु, देङ्ग सियायो पिङ् वा नितिष कुमार जन्मन सक्दैनन ? यस बारेमा गम्भिर बन्नु जरुरी छ ।

**जनताको बहुदलीय जनवादका आर्थिक नीति तथा कार्यक्रम**

नेपाल एक अर्धसामन्ती र अर्धऔपनिवेशिक मुलुक हो । सामन्तवाद र साम्राज्यवादको अन्त्य पछि मात्र क्रमश : पूँजिवाद, समाजवाद र साम्यवाद आउने हामी मार्क्सवादीहरूको विश्वास हो । हाम्रो वर्तमान लक्ष्य जनताको जनवादी व्यवस्था स्थापना गर्नु हो । जसको पूर्ति पूँजिवादबाट मात्र सम्भव छैन । तसर्थ, आजको आवश्यकता पूँजिवादी क्रान्ति सम्पन्न गर्नु हो । समानता एवं सामाजिक न्यायमा आधारित मिश्रित अर्थतन्त्रले मात्र जनवादी अर्थव्यवस्थाको आधार निर्माण गर्दछ । यो मुलुक पूर्णस्वतन्त्र र सार्वभौम राष्ट्रको रूपमा रहने हो भने र सैद्धान्तिक मात्र नभइ व्यवहारिक रूपमै साम्राज्यवाद र विस्तारवादको चंगुलमा नफस्ने हो भने आत्मनिर्भर र स्वाभिमानी अर्थतन्त्र निर्माण गर्नै पर्दछ । होइन भने राष्ट्र परनिर्भर रहन पुग्दछ र राष्ट्रिय स्वाभिमान दिनप्रतिदिन कमजोर बन्दै जान्छ । राष्ट्रिय स्वाभिमानको जगेर्ना गर्ने हो भने राष्ट्रिय पूँजिको निर्माण गर्नुपर्दछ र उद्योग, व्यापार, व्यवसाय, सेवा उद्योगको संरक्षण, सम्बर्द्धन र विकास जरुरी छ । राष्ट्रिय अर्थतन्त्रको निर्माणमा राज्यको, सहकारी क्षेत्रको र निजी क्षेत्रको भूमिकालाई स्पष्ट रूपमा परिभाषित गरी तदनुरूप कार्यान्वयन गर्नु जरुरी छ । उत्पादन र उत्पादकत्व बढाउनको लागि सबै प्रकारको उत्पादन प्रणालीको सहभागिता आवश्यक छ ।

**समानता एवं सामाजिक न्यायमा आधारित मिश्रित अर्थतन्त्रले मात्र जनवादी अर्थव्यवस्थाको आधार निर्माण गर्दछ ।**

नेपालमा समाजवाद र साम्यवाद स्थापना गर्ने सपना धेरै परको हो । मुलुकलाई समाजवादमा रूपान्तरण गर्नु अघिको राष्ट्रिय पूँजी र उद्योगको विकास गर्ने अवधि नै जनताको बहुदलीय जनवादको अवधि हो, यो अवधि राष्ट्रिय पूँजि निर्माण गर्ने अवधि हो, भौतिक पूर्वाधार निर्माण गर्ने अवधि हो, देशलाई औद्योगिकीकरणको दिशातिर अगाडि बढाउने अवधि हो । समग्रमा मुलुकको आर्थिक समृद्धि गर्ने अवधि हो । तसर्थ, यस अवधिमा राष्ट्रिय हितलाई सर्वोपरि राखी निजी पूँजीको अधिकतम परिचालन गर्ने, विदेशमा रहेका नेपालीहरूको ज्ञान, सीप, दक्षता र पूँजीलाई नेपाल भित्र्याउने र विदेशी लगानी र प्रविधि नेपालमा भित्र्याई देशलाई आत्मनिर्भर बनाउने अवधि हो ।

जनताको बहुदलीय जनवादको आर्थिक अवधारणालाई निम्नानुसार सूत्रवद्ध गर्न सकिन्छ :

१. मिश्रित अर्थतन्त्रको अवधारणा अन्तर्गत उत्पादन र उत्पादकत्वको विकासमा राजकीय, सहकारी एवं निजी सहभागिता ।
२. योजनाबद्ध विकास प्रक्रियाको (अल्पकालीन र दीर्घकालीन) थालनी र सुदृढीकरण ।
३. मुलुकको सर्वाङ्गिण विकासमा निजी क्षेत्रको सहभागिता, निजी क्षेत्रलाई संरक्षण र सम्वर्द्धन गर्न सरकारी भूमिकाको सुनिश्चितता ।
४. उद्योग तथा व्यवसायमा समाजप्रति उत्तरदायी (Corporate Social Responsibility) सार्वजनिक-निजी-समभदारी (Public Private Partnership) को विकास ।
५. क्रान्तिकारी भूमिसुधारको कार्यान्वयन, कृषीको आधुनिकीकरण र वैज्ञानिकीकरण र सामन्ती शोषणको अन्त्य ।
६. ग्रामिण पूर्वाधारको निर्माण र स्थानीय विकासमा जनताको अपनत्व र जनसहभागिता ।
७. परम्परागत प्रविधिको आधुनिकीकरण र व्यवसायीकरण, आधारभूत उद्योगहरूको संरक्षण र सम्वर्धन गर्दै व्यापक रूपमा

औद्योगिकीकरण ।

८. देश अनुरूपको समय सापेक्ष आधुनिक प्रविधिको अधिकतम उपयोग ।
९. स्थानीय स्रोत र साधनको अधिकतम उपभोग ।
१०. घरेलु, साना तथा मझौला उद्योगको विकास गरी रोजगारी प्रवर्धन ।
११. राष्ट्रिय हितलाई सर्वोपरि राखी विदेशी लगानी भित्र्याउने वातावरण सृजना गर्ने र विदेशी लगानीको अत्याधिक उपयोग गर्ने ।
१२. स्थिर र दीर्घकालीन मौद्रिक नीति अपनाउने ।
१३. विद्यमान कर संरचनामा व्यापक सुधार गर्ने, करको दायरा बढाउने, प्रगतिशील करको सुदृढीकरण गर्ने ।
१४. श्रमिक वर्गमाथिको शोषणको अन्त्य गर्दै जीवन निर्वाहका लागि पुग्ने तलब भत्ता लगायत अन्य सुविधा र ज्याला निर्धारण गर्ने ।
१५. आधारभूत वस्तु र सेवाको भरपर्दो र सुलभ आपूर्ति तथा मूल्य नियन्त्रण गर्ने ।
१६. आर्थिक समृद्धिको प्रतिफल आम जनसमुदायले पाउने गरी सामाजिक सुरक्षाको दायरा फराकिलो पार्दै लगिने व्यवस्था गर्ने ।
१७. मानव संसाधनको विकास गर्ने ।
१८. तस्करी, भ्रष्टाचार, कमिशनतन्त्र जस्ता आर्थिक अनियमितताको अन्त्य गर्दै सुशासनको व्यवस्था गर्ने ।
१९. महिला, दलित तथा उत्पीडित जाति, जनजाति र पिछडिएको वर्गको विकास र सशक्तिकरणमा जोड दिने ।
२०. नेपालको भौगोलिक, सामाजिक, सांस्कृतिक विशेषतालाई ध्यानमा राख्दै विकासको प्राथमिकताको वर्गिकरण गर्ने ।
२१. विदेशीहरूसँग गरिएको असमान सन्धी तथा सम्झौताहरूलाई खारेज गरी सम्मानपूर्वक सन्धी तथा सम्झौता गर्ने ।

**सफल उद्यमी/व्यवसायी बन्न के चाहिन्छ ?**

एक सफल उद्यमी वा व्यवसायी बन्नका लागि निम्न गुणहरूको आवश्यकता हुन्छ :

(१) परिकल्पना /दूरदृष्टि (२) लक्ष्य/उद्देश्य
(३) आकंक्षा वा इच्छाशक्ति (४) सृजनशीलता
(५) आत्मविश्वास (६) निर्णय क्षमता
(७) व्यवसायिक क्षमता (८) मेहनती एवं परिश्रमी
(९) समर्पित (१०) इमान्दारिता
(११) धैर्य (१२) सकारात्मक सोच
(१३) व्यवस्थापकीय क्षमता (१४) नेतृत्व कुशलता
(१५) पारिवारिक सुख (१६) अल्पकालीन र दीर्घकालीन योजना
१७) जोखिम मोल्ने क्षमता
(१८) आर्थिक व्यवस्थापन र जनशक्ति परिचालन गर्न सक्ने क्षमता
(१९) प्रतिवद्धता (२०) स्वप्नद्रष्टा
(२१) आत्मसमीक्षक (२२) जनविश्वास
(२३) स्वाभिमान (२४) चुनौति सामना गर्ने
(२५) विचारक (२६) विश्लेषक
(२७) साहसी (२८) आशावादी
(२९) ऊर्जावान (३०) भाग्य (समय) आदि

एकजना सफल उद्यमी/व्यवसायी हुन यी गुणहरू भएर मात्र पुग्दैन । उसमा व्यवस्थापन गर्ने पूर्ण क्षमता हुनुपर्दछ । व्यापार वा व्यवसाय वा उद्यमीको मूल लक्ष्य भनेको नै नाफा कमाउनु हो र आफ्नो उद्योग, व्यवसाय वा व्यापार मार्फत आत्मनिर्भर बन्न सक्नु हो । फरक यति हो कि कस्तो व्यवसाय चलाउने, कसरी चलाउने, कति नाफा लिने भन्ने तौरतरिकामा मात्र भिन्नता हो । विशुद्ध व्यापार वा व्यवसायमा लगानीकर्ता नाफाको हकदार बन्दछ । जस्तै उद्योग, थोक तथा खुद्रा व्यापार, बैंक तथा वित्तीय क्षेत्र, होटल तथा पर्यटन सम्बन्धी उद्योग आदि । सेवामूलक संस्थाहरूको उद्देश्य नाफा कमाउने वा नाफा कमाएता पनि नबाँड्ने हुन्छ र यसमा ग्राहकको सेवालाई प्रमुख प्राथमिकता दिइन्छ । जस्तै : स्कूल, कलेज, अस्पताल, धार्मिक संघ संस्था, गुठी आदि । तर, यस्ता संस्थाहरू बाँच्न पनि उचित मुनाफा कमाउनै पर्दछ । त्यस्तै सरकारद्वारा प्रवर्द्धित संस्थाको मूल उद्देश्य लोक कल्याण गर्नु हुन्छ । जस्तै : सूचना तथा संचारसँग सम्बन्धित, नेसनल ट्रेडिङ्ग, आयल निगम, एन.सी.सी.एन. आदि । यस्ता संस्थाहरूको उद्देश्य पनि उचित रकम फाइदा गरी संस्था

> **व्यापार वा व्यवसाय वा उद्यमीको मूल लक्ष्य भनेको नै नाफा कमाउनु हो र आफ्नो उद्योग, व्यवसाय वा व्यापारमार्फत आत्मनिर्भर बन्न सक्नु हो ।**

बचाउनु हुन्छ भने कतिपय संस्थामा राज्यद्वारा सहयोग तथा अनुदान दिएर बचाउनु पर्ने हुन्छ ।

अरुले गरेको देखेर वा अरुको उक्साहटमा मात्र कोही पनि व्यक्ति सफल उद्यमी वा व्यवसायी बन्न सक्दैन । सफल उद्यमी वा व्यवसायी बन्न SWOT analysis गर्नुपर्दछ अर्थात त्यस व्यक्ति वा संस्थाको सवल पक्ष (Strength) कमी कमजोरीहरू (Weakness), अवसर (Opportuinity) र चुनौति (Threats) को बारेमा पनि राम्ररी गृहकार्य गर्न सक्नुपर्दछ । त्यसैगरी, उद्योग वा व्यवसाय शुरु गर्नु अगाडि PEST Theory को राम्ररी विश्लेषण गर्न सक्नुपर्दछ । देशको वा सम्बन्धित क्षेत्रको राजनीतिक स्थिति (Political / Legal), आर्थिक विश्लेषण (Economics), सामाजिक/सांस्कृतिक स्थिति (Social and Cultural), प्राविधिक पक्ष (Technological) । एक सफल उद्यमी वा व्यवसायी बन्न SMART Theory मा ध्यान पुऱ्याउनु पर्दछ । परिणाममुखी लक्ष्य (Goals) हासिल गर्न लक्ष्य निर्दिष्ट (Specific), मापनयोग्य (Measurable), स्वीकार्य (Acceptable), व्यवहारिक (Realistic) र समय सीमा (Time-bound) तोकिएको हुनुपर्दछ । निर्दिष्ट र परिणाममुखी लक्ष्य निर्धारण गरिसकेपछि त्यस संस्था कत्रो बनाउने (Size of the Organization), कस्तो प्रकृतिको बनाउने (Nature of the Organization), कुन तहको र कस्तो व्यवस्थापन गर्ने (Level of Management), संस्थाको संस्कृति (Organizaion Culture), वातावरणीय प्रभाव (Enviromental Forces) र अवस्था (Situation) विश्लेषण गर्न सक्नु पर्दछ । परिणाममुखी (Result Oriented) संस्था गठन एवं संचालन गर्न सकिएन भने त्यस्तो संस्था गणनायोग्य बन्न सक्दैन ।

**संसार विजेताहरूको हो, पराजितहरूको होइन । यो तथ्य उद्योग/व्यवसायमा पनि लागू हुन्छ । सफल व्यवसायी समस्याको समाधानकर्ता हो भने असफल व्यवसायी समस्याको पोको हो ।**

संसार विजेताहरूको हो, पराजितहरूको होइन । यो तथ्य उद्योग/व्यवसायमा पनि लागू हुन्छ । सफल व्यवसायी समस्याको समाधानकर्ता हो भने असफल व्यवसायी समस्याको पोको हो । सफल व्यवसायीसँग जहिले पनि योजना तथा कार्यक्रम हुन्छ भने असफल व्यवसायीसँग जहिले पनि गनगन वा माफी मात्र हुन्छ । सफल व्यवसायीले मलाई यो काम फत्ते गर्न दिनुस् भन्छ भने असफल व्यवसायीले त्यो मेरा काम होइन भन्दछ । सफल व्यवसायीले कुनै पनि कामलाई यो गाह्रो छ तर सम्भव छ भन्दछ भने असफल व्यवसायीले यो सम्भव छ तर गाह्रो छ भनेर भन्दछ । जब सफल व्यवसायीले गल्ती गर्दछ तव उसले भन्दछ मैले गल्ती गरें र आगामी दिनमा यो दोहऱ्याउँदिन भन्ने प्रतिवद्धता जाहेर गर्दछ । जब असफल व्यवसायीले गल्ती गर्दछ उसले यो मेरो दोष होइन भन्दछ र यस्तो उस्तो गर्दछु भन्ने कसम खान्छ । विजयीसँग सपना हुन्छ र मैंले केही गर्नै पर्दछ भन्ने प्रतिवद्धता हुन्छ । असफल व्यवसायीसँग योजना हुन्छ र कोही न कोहीले केही न केही गर्नुपर्दछ भन्ने भनाई हुन्छ । सफल व्यवसायीले फाइदा र सुख प्राप्ती गर्दछ र अझ बढी सफलताको लागि काम गर्दछ भने असफल व्यवसायीले सदैव दुःख कष्ठ मात्र देख्छ र यस्तै हुन दिउँ भन्ने मात्र सोच्दछ ।

एउटा सफल उद्यमी बन्नको लागि कुन कुन चीज कति कति आवश्यक छ । त्यसको एक झलक हेरौं :

Hardwork = 98%

8 + 1 + 18 + 4 + 23 + 15 + 18 + 11 = 98

Knowledge = 96%

Love = 54%

Luck = 47%

Money = 72%

Leadership = 89%

Attitude = 100%

तसर्थ, सोच नै एक उद्यमीको लागि सबैथोक हो । सकारात्मक सोच लिएर अगाडि बढौं, सफलता तपाईं हाम्रो हातमा छ ।

**नेपालमा कुन कुन क्षेत्रमा कसरी लगानी गर्न सकिन्छ ?**

**(क) कृषि क्षेत्र तथा पशुपालन**

नेपालमा ३२ लाख हेक्टर खेतियोग्य जमीन छ । नेपालको वन क्षेत्रभित्र ८०,००० भन्दा बढी जातका

वनस्पति पाइन्छन् । जमीनको क्षेत्रफलको तुलनामा १७ गुणा जैविक सम्पदा हामीसँग छ । नेपालले प्रकृतिको बरदानस्वरूप प्राप्त जैविक विविधतालाई हाम्रो उन्नति र प्रगतिको आधार बनाउनु पर्दछ ।

१. कृषिलाई व्यवसायिकीकरण, आधुनिकीकरण, यान्त्रीकीकरण एवं विविधिकरण गर्ने ।
२. हाम्रो वास्तविकतासँग मेल खाने गरी प्रत्येक जिल्लाका गा.वि.स. वा न.पा.ले आफ्नो भौगोलिक विशेषता, तुलनात्मक लाभ, अवसर, उपलब्ध स्रोत र साधन, पूँजी एवं जनशक्तिको आधारमा नक्साङ्कन गर्ने, बजार विश्लेषण गर्ने र आत्मनिर्भर हुने योजना ल्याउने । जिल्लाको आवश्यकता र मागलाई ध्यान दिँदै अल्पकालीन र दीर्घकालीन योजना बनाउने र परिलक्षित जिल्लामा प्राथमिकता तोकी कार्य सम्पादन गर्ने ।
३. भूमिको सही उपयोग गर्न कुन ठाउँमा के बाली, बिरुवा, वन, फलफुल, जडीबुटी उपयक्त छ, त्यसको समग्र पक्षको अध्ययन अनुसन्धान गर्ने, पकेट एरिया पहिचान गर्ने र लाभकारी उत्पादन शुरु गर्ने र उत्पादित वस्तुको बजारीकरण गर्ने ।
४. कृषिलाई व्यावसायिकीकरणं गर्दा स्थानीय माग पूर्ति गर्ने, आयात प्रतिस्थापन गर्ने एवं निर्यात प्रवर्द्धन गर्ने खालको कृषि उपजलाई प्राथमिकता दिने ।
५. तुलनात्मक लाभ भएका वस्तुलाई अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउने ।
६. कृषिको बजारीकरण गर्ने । कृषि तथा पशुजन्य उद्योगमा लगानी गर्ने, लागत कम गरी, गुणस्तरीय सामान उत्पादन गरी प्रतिष्पर्धी बन्ने ।
७. कृषिमा आधारित उद्योग खोल्दा खाद्य प्रशोधन, प्याकेजिङ्ग, खाद्य जैविक प्रविधि, भण्डारणमा विशेष ध्यान पुऱ्याउने । विविध प्रविधिहरूको अनुसन्धान तथा विकास गर्दै त्यसलाई कार्यान्वयनमा ल्याउने ।
८. किसानको आवश्यकता, प्राथमिकता र माग अनुरूप कृषि प्रविधि, शिक्षा तथा तालिम प्रदान गर्ने ।
९. व्यक्तिगत, समूहगत र संस्थागत खेतीको शुरुवात र पहल गर्ने । कृषि ऋण सरल र सुलभ रूपमा प्रवाह गर्न पहल गर्ने ।

**नेपालमा ३२ लाख हेक्टर खेतियोग्य जमीन छ । नेपालको वन क्षेत्रभित्र ८०,००० भन्दा बढी जातका वनस्पति पाइन्छन् । जमीनको क्षेत्रफलको तुलनामा १७ गुणा जैविक सम्पदा हामीसँग छ ।**

१०. कृषि तथा पशुजन्य उत्पादन सामग्रीहरू सर्वशुलभ तुल्याउन, मल, बीऊ, औजार, कीटनाशक औषधी जस्ता कृषी सामग्री व्यवस्थापन गर्न सूचना प्रसारण गर्न, सामुदायिक तथा निजी स्रोत केन्द्रहरू मार्फत प्राविधिक सेवा दिने । उत्पादित सामग्रीको आपूर्ति व्यवस्था सहजीकरण गर्ने ।
११. "अर्गानिक फर्मिङ्ग" गरी विशुद्ध कृषी उपज बजारमा ल्याउने । उन्नत तथा गुणस्तरीय बिउ उत्पादन गर्ने ।
१२. कृषिमा आधुनिकीकरण गर्न जोत्न ट्याक्टर, सम्याउन डोजर, ओसारपसार गर्न ट्रिपर, ट्रक, बाली काट्न हारभेष्टर, बाली झार्न थ्रेसर, कोदो चुट्ने, फल्ने पर्लर, मकै रोप्ने प्याब सिडर, कफीको बोक्रा छोडाउने पल्पर, बिउ छर्ने, गोडमेल गर्ने, मल हाल्ने, झार काट्ने यन्त्रहरू, यान्त्रिक सिंचाइ व्यवस्था आदिको व्यवस्थापन गर्ने ।
१३. उन्नत जातको पशु र पंक्षीहरूको पहिचान गर्ने, उनीहरूको गुण निर्धारण गर्ने, कृत्रिम गर्भाधारण गर्ने, पशु बिमामा पहल गर्ने र गुणस्तरीय पशु चिकित्सा तथा सेवा प्रदान गर्ने ।
१४. कृषि अन्तर्गत खाद्यान्न, दलहन, तेलहन, नगदेबाली (उखु, आलु, च्याउ), फलफुल, मसला, मह, चिया तथा कफी, रेशम खेती, पशुपालन, दूग्ध उत्पादन, माछापालन आदि गर्ने ।
१५. विविध क्षेत्रमा घाँसेबाली उत्पादन, जडीबुटी खेती गर्ने ।
१६. **विभिन्न क्षेत्रहरूमा प्राथमिकता दिनु पर्ने चीजहरू**

**उच्च पहाड** : याक चीज, बाख्राको चीज, भेडा बाख्रापालन, आलु, स्याउ तथा जडीबुटी खेती ।

**मध्य पहाडः** पशुपालन (दूध र मासुका लागि), फलफुल खेती (सुन्तला, भोगटे, कागती, निबुवा, जुनार, नसपाती, मेवा, कटहर, जामुन, आरु, आलुबखडा, हलुवावेद, कटुस, खुर्पानी, एभोक्याडो, लप्सी, ओखर, क्यूवी, स्ट्रवेरी, ओलिभ (जैतुनको तेल), चेरी, ब्लयाक बेरी, अमला, अनार, अंगुर, अम्बा आदि), अलैंची, अदुवा, लसुन, मह, चिया,

तथा कफी, ट्राउट माछा, तरकारी, फूल उत्पादन आदि ।)

**तराई** : दूध, मासु तथा छालाको लागि पशुपालन (बाख्रा, भैंसी, सुंगुर, बंगुर, कुखुरा आदि), माछापालन (रहु, सहर, गर्दी, असला आदि), फलफुल -आँप, लिची, केरा, भुईंकटहर, मेवा, अम्बा, रुख कटहर, सुपारी, बयर, अमला, नरिवल आदि) तरकारी, उखु, मह आदि ।

**(ख) वन**

हाल नेपालमा ५५ लाख हेक्टरभन्दा बढी जमीन वन क्षेत्रभित्र पर्दछ । वनले ढाकेको देशको कूल क्षेत्र ३९.६ प्रतिशत छ । वनले मानिसलाई आवश्यक वस्तु एवं सेवामात्र प्रदान गर्दैन । यसले कृषि, जलस्रोत, पशुपालन, वातावरण संरक्षण पर्यटन आदिलाई समेत टेवा पुऱ्याई राष्ट्रिय उत्पादन बढाउन सहयोग गर्दछ ।

हाल नेपालमा ५००० वटा सामुदायिक वन क्रियाशील छन् भने करीब ९००० कबुलीयत वन जनतालाई हस्तान्तरण गरिसकिएको छ । १७ वटा जडीबुडी तथा सुगन्धित तेल र गैरकाष्ठ उत्पादन गर्ने संस्थाहरू क्रियाशील छन् । हालसम्म १२ लाख ४० हजार हेक्टर वनक्षेत्र उपभोक्ता समूहले व्यवस्थापन गर्दै आएको छ । समुदायमा वन हस्तान्तरण गरिसकेपछि वन क्षेत्रमा भएको उपलब्धि संख्यात्मक रूपले मात्र नभई गुणात्मक रूपले समेत फड्को मारेको छ ।

वनले मानवीय आवश्यकताको पूर्ति मात्र नगरी वन्यजन्तु, वनस्पति लगायत जैविक विविधतामा संरक्षण, भू तथा जलाधार संरक्षण, वातावरण संरक्षण, पर्यटन प्रवर्द्धनमा ठूलो भूमिका खेलेको छ । तसर्थ, राष्ट्रिय वन, सामुदायिक वन, कबुलीयत वन तथा निजी वनलाई अत्याधिक रूपमा उपभोग गरिनुपर्दछ तथा वन तथा वन पैदावरको दिगो विकास र आर्थिक आम्दानीको स्रोत बनाउनु पर्दछ । वनलाई वैज्ञानिक रूपमा हुर्काउने जडीबुटी एवं फलफुल खेती गर्ने, फुल उत्पादन गर्ने, नर्सरी खोल्ने, काठ, दाउरा उत्पादन गर्ने, पर्यटन प्रवर्द्धन गर्ने, सीमावर्ती क्षेत्र र मध्यवर्ती क्षेत्रका जनताको जीवनस्तर उकास्ने कार्यमा अत्याधिक उपयोग गर्नुपर्दछ । वन क्षेत्रमा आधारित उद्योग व्यवसाय संचालन गर्नुपर्दछ । नेपालमा भएका रामसार, सिमसार क्षेत्रलाई जनहितमा उपयोग गर्नुपर्दछ ।

**वनले मानवीय आवश्यकताको पूर्ति मात्र नगरी वन्यजन्तु, वनस्पति लगायत जैविक विविधतामा संरक्षण, भू तथा जलाधार संरक्षण, वातावरण संरक्षण, पर्यटन प्रवर्द्धनमा ठूलो भूमिका खेलेको छ ।**

**(ग) जलविद्युत तथा ऊर्जा**

नेपालको सम्भाव्य जलविद्युत उत्पादन क्षमता ८३,००० मेगावाट भएतापनि आर्थिक तथा प्राविधिक दृष्टिले ४२,००० मेगावाट उत्पादनयोग्य देखिन्छ । दशौं पञ्चवर्षीय योजनासम्म ५५६.४ मेगावाट मात्र उत्पादन गरिएको छ । जसमध्ये सार्वजनिक क्षेत्रबाट ४०८.१ मेगावाट र निजी क्षेत्रबाट १४८.३ मेगावाट उत्पादन भएको छ । जुन सम्भाव्य उत्पादन क्षेत्रको ०.६७ प्रतिशत मात्र हो ।

दशौं योजनाको अन्त्यसम्ममा ४८.५ प्रतिशत जनताले मात्र विद्युत सेवा प्राप्त गरेका छन् । हाल ५९ जिल्लाका ५८ नगरपालिका र २००० गा.वि.स.मा मात्र पूर्ण वा आंशिक रूपले विद्युत सेवा पुगेको छ । हाल प्रतिव्यक्ति विद्युत खपत ७६ किलोवाट घण्टा छ जुन ५ वर्षभित्र बढेर ४०० किलोवाट पुग्ने अनुमान गरिएको छ । हाल नेपालमा कम्तिमा ७५० मेगावाट विद्युतको माग छ भने आपूर्ति ५०० मेगावाट पनि हुन सकेको छैन । फलस्वरूप देश १८ घण्टासम्म लोडसेडिङ्ग खप्न विवश छ ।

दशौं योजना अवधिभर जम्मा ४० मेगावाट मात्र थप विद्युत उत्पादन भएको छ जुन सबै निजी क्षेत्रबाट बनेका हुन् । विद्युतको माग र आपूर्ति अनुरूप व्यवस्थापन गर्न नसक्नु, विद्युत उत्पादनको अनुमति पत्र मात्र लिएर बस्नु, विद्युत उत्पादन गर्न खासै ठूलो चासो उत्पादकहरूले नराख्नु र विद्युत खरिद बिक्री सम्झौता रफ्तारमा नहुनुले गर्दा खास लगानीकर्ताहरू निरुत्साहीत भए पनि यो अवस्था लामो समयसम्म रहँदैन र यसलाई हामीले चिर्नै पर्दछ ।

जल विद्युत उत्पादन खर्चिलो छ । १ मेगावाट जलविद्युत उत्पादन गर्न करीब रु. १५ करोडदेखि २० करोडसम्म खर्च हुन्छ । तर बैंकले लगानी गर्ने, स्वदेशी तथा विदेशी लगानीकर्तालाई आकर्षित गर्न सकिने हुनाले निजी क्षेत्रबाट, समुदायबाट र स्थानीय निकायको सहभागिताबाट लगानी खोज्न सकिन्छ र जलविद्युत क्षेत्र उच्च प्रतिफल दिने क्षेत्र बन्न सक्दछ ।

सामुदायिक ग्रामिण विद्युतीकरण कार्यक्रमबाट जनसहभागिता जुटाइ साना तथा मझौला विद्युत उत्पादन, सौर्य ऊर्जा, गोबर ग्याँस लगायतका वैकल्पिक ऊर्जालाई समेत लगानीको क्षेत्र बनाई उच्च प्रतिफल लिन सकिन्छ ।

**(घ) सेवा उद्योग**

शिक्षा, स्वास्थ्य तथा संचार मानिसलाई नभइ नहुने चीज हुन् । नेपालमा ६४ प्रतिशत जनता मात्र साक्षर छन् । राष्ट्रिय आवश्यकता पूरा गर्ने, अन्तर्राष्ट्रिय रूपमा प्रतिष्पर्धामा भाग लिन सक्ने गुणस्तरीय शिक्षा हालसम्म सम्पूर्ण नेपालीहरू माझ पुऱ्याउन सकिएको छैन । तसर्थ, नयाँ स्कूल, कलेजहरू संचालन गर्ने वा संचालित संस्थाहरूको व्यवस्थापन लिई निजी रूपमा, सामुहिक रूपमा वा सामुदायिक रूपमा संचालन गरी व्यवसाय संचालन गर्न सकिन्छ । त्यसैगरी स्वास्थ्य क्षेत्रमा अस्पताल, नर्सिङ्ग होम, आयुर्वेदिक वा होमियोप्याथिक अस्पताल, मेडिकल हल वा औषधी वितरण वा उपकरण वा रसायनहरूको वितरण, औषधी उत्पादन आदि गर्न सकिन्छ ।

त्यसैगरी खानेपानी वितरण, सरसफाई उद्योग, फोहार मैला व्यवस्थापन, जनउपयोगी प्रचार प्रसार आदिलाई पनि सेवाको क्षेत्रको रूपमा लिन सकिन्छ । सूचना तथा संचारको क्षेत्रमा एफ.एम. रेडियो, टेलिभिजन, पत्रपत्रिका, केवल लाइन, टेलिफोन सेवा, मोवाइल सेवा, इन्टरनेट, इमेल, कम्प्यूटर, फ्याक्स आदि सेवा क्षेत्रमा लगानी गर्न सकिन्छ ।

त्यसैगरी विविधखालको यातायात व्यवसाय, पर्यटन व्यवसाय (होटल, रेष्टुराँ तथा लज, क्याटरिङ्ग सेवा, ट्राभल एजेन्सी, ट्रेकिङ्ग एजेन्सी, ऱ्याफ्टिङ्ग, साहासिक खेलहरू) आदिको माध्यमबाट राम्रो आम्दानी गर्न सकिन्छ ।

सेवा व्यवसाय अन्तर्गत तालिम, प्रशिक्षण, अनुसन्धान तथा विकासका गतिविधिहरूलाई अगाडि बढाउन सकिनेछ । गैरसरकारी संघ संस्थाहरू खोली त्यसमार्फत विविध गतिविधि गर्न सकिन्छ ।

यसैगरी सीपमूलक तालिम जस्तै : सिकर्मी, डकर्मी, प्लम्बर, बिजुलीको काम गर्ने, गाडी, मोटरसाइकल, साइकल मर्मत गर्ने, रंगरोगन गर्ने, फलाम वा एलुमनियमको काम गर्ने, कपाल काट्ने, सिलाई बुनाई गर्ने, ड्राइभिङ्ग गर्ने लगायत अन्य प्राविधिक कामको तालिम दिने वा रोजगारी प्रदान गर्न सकिनेछ । त्यसबाहेक विविध खालका शुल्क तिरिदिने, पार्किङ्ग व्यवस्थापन गरिदिने, कानूनी एवं लेखापढी सम्बन्धी र वित्तीय सेवा प्रदान गरी रोजगार प्रवर्द्धन र आर्थिक उपार्जन गर्न सकिन्छ ।

**(ङ) उद्योग तथा व्यापार**

देशलाई अत्यावश्यक वस्तु उत्पादन गर्ने, नेपालको कृषी, वन र खनिज पदार्थमा आधारित भएर आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने खालका घरेलु, साना तथा मझौला उद्योगदेखि ठूला उद्योगहरूसम्म खोल्न सकिनेछ । स्वदेशभित्र आन्तरिक रूपमा वा कुनै पनि वस्तुको आयात निर्यात गर्ने गरी व्यापारबाट मनग्गे लाभ उठाउन सकिन्छ । त्यसबाहेक पूर्वाधार निर्माण गरेर, ठेक्कापट्टा गरेर पनि व्यवसाय गर्न सकिन्छ ।

**(च) अर्थ तथा वित्त क्षेत्र**

आफ्नो पूँजि हेरी बैंक, फाइनान्स कम्पनी, सहकारी आदि क्षेत्र लगानीको क्षेत्र बन्न सक्दछ । यी संस्थाहरूमा प्रोमोटर भएर, संचालक भएर, शेयर होल्डर भएर वा कर्मचारी भएर सेवा पुऱ्याउन सकिन्छ । हाल नेपालमा ३० वटा 'क' वर्गका कमर्सीयल बैंक, ३०० भन्दा बढी विकास बैंक र फाइनान्स कम्पनी, ९,७२० सहकारी संस्था, ५ वटा केन्द्रीय संघ, एक राष्ट्रिय सहकारी बैंक, १ सय ३३ जिल्ला तथा विषयगत संघहरू छन् । सहकारी क्षेत्रमा यी संस्थाहरूमा मात्र १२ लाख ५१ हजार सदस्यहरू र ५० अरवको पूँजि छ । यो क्षेत्रमा लगानी गरेर र पूँजि परिचालन गरेर सफल व्यवसायी बन्न सकिन्छ ।

मैले माथि उल्लेख गरेका केही क्षेत्रहरू मात्र हुन् । यस्ता अनगिन्ती क्षेत्रहरू छन् । ती खोज्न सक्नुपर्दछ र खोजेर रोजेको क्षेत्र कार्यान्वयनमा ल्याउनु पर्दछ । उद्यमी वा व्यवसायी कुनै सूत्र घोकेर बन्न सकिन्न । सरल रेखा जति सरल भइदिए जो पनि उद्यमी वा व्यवसायी बन्थ्यो र सफलता हासिल गर्थ्यो । कुनै पनि नयाँ काम शुरु गर्न र

**नेपालमा ६४ प्रतिशत जनता मात्र साक्षर छन् । राष्ट्रिय आवश्यकता पूरा गर्ने, अन्तर्राष्ट्रिय रूपमा प्रतिष्पर्धामा भाग लिन सक्ने गुणस्तरीय शिक्षा हालसम्म सम्पूर्ण नेपालीहरू माझ पुऱ्याउन सकिएको छैन ।**

सफलता हासिल गर्न सफल उद्यमीहरूको जीवनबाट प्रेरणा लिन सकिन्छ तर नक्कल गर्नु हुँदैन । आफ्नो पहिचान सहित स्थापना भएको उद्योग दीर्घजिवी हुन्छ नक्कल गरिएको उद्योग क्षणिक हुन्छ भन्ने यथार्थलाई मनन गर्नुपर्दछ ।

**हामी कसरी आत्मनिर्भर बन्न सक्छौं ?**

वर्तमान परिवेशमा हामी आफ्ना कार्यकर्ताहरूलाई इतिहासको ब्याज भजाएर, समाजवाद वा साम्यवादका सपना देखाएर वा मार्क्स, एंगेल्स, माओ, फिडेल क्यास्त्रो, हो चि मिन्ह, किम इल सुङ्ग, पुष्पलाल, मनमोहन अधिकारी, मदन भण्डारी आदिको नाम जपेर वा उहाँहरूको बखान गाथा मात्र गाएर जवजरूपी माला जपेर वा क्रान्तिको सपना बाँडेर मात्र यो मुलुक हाँक्न सकिँदैन । यो मुलुकलाई सही दिशातर्फ डोऱ्याउने हो भने जवजलाई इमान्दारीपूर्वक कार्यान्वयनमा ल्याउनु पर्दछ । जवजलाई अझ समृद्ध तुल्याउनु पर्दछ । नेताहरू एकताबद्ध भएर, विचारप्रति प्रतिबद्ध भएर, संगठन तथा कार्यकर्ताहरूबीच ऊर्जा थपेर जुझारु र संघर्षशील कार्यकर्ता एवं संगठन बनाउन जरुरी छ ।

**यो मुलुकलाई सही दिशातर्फ डोऱ्याउने हो भने जबजलाई इमान्दारीपूर्वक कार्यान्वयनमा ल्याउनु पर्दछ । जवजलाई अझ समृद्ध तुल्याउनु पर्दछ । नेताहरू एकताबद्ध भएर, विचारप्रति प्रतिबद्ध भएर, संगठन तथा कार्यकर्ताहरूबीच ऊर्जा थपेर जुझारु र संघर्षशील कार्यकर्ता एवं संगठन बनाउन जरुरी छ ।**

अहिले नेपालका विभिन्न पार्टीहरूभित्र विचारमा एकता छैन । वैचारिक मतभेदभन्दा बढी नेताहरूबीच मनभेद बढी देखिन्छ । सामुहिक नेतृत्वको पद्धति अनुसार चलेको भनिने नेकपा (एमाले) भित्र पनि फरक-फरक विचार र धारणा अभिव्यक्ति हुनु र व्यक्ति विशेषको करिष्माको आधारमा विचारलाई बुझ्न थालियो भने नेतृत्वप्रति कार्यकर्ताको विश्वासको संकट पैदा हुन्छ । जुन अत्यन्तै घातक हुन्छ । जव नेतृत्वको आ-आफ्नो विचार र आ-आफ्नो मत हुन्छ भने र निजी विचार हुन्छ भने मातहतका कमिटी र कार्यकर्ताको पनि निजी सम्पत्ति र निजी व्यवहार हुँदैन भन्ने सोच्नु गलत हुन्छ । "प्रजा मोटा भए दरबार बलियो हुन्छ" भने झैं कार्यकर्ता आर्थिक रूपले सम्पन्न भए नेतृत्व र पार्टी बलियो हुन्छ । श्रृजनशील र जुझारु कार्यकर्ता, चुस्तदुरुस्त संगठन र आर्थिक रूपमा सबल र सक्षम कार्यकर्ता भए मात्र संगठन र आन्दोलन बलियो हुन्छ । अन्यथा भूमिगतकालमा मात्र नभइ पाँचौं राष्ट्रिय महाधिवेशनदेखि आठौं महाधिवेशनसम्म आइपुग्दा हुबहु रूपमा कार्यकर्ताहरूको समस्या, नेता तथा कार्यकर्ताहरूमा आर्थिक परिचालनको समस्या व्यक्ति तथा संगठन सवल हुन नसक्दा त्यसले पार्टीमा पुऱ्याएको असर र यदाकदा आर्थिक हिनामिना वा आर्थिक बेइमानीका कुराहरू सदैव प्रतिवेदनहरूमा सुन्नु पर्दैनथ्यो ।

राजनीति पेशा हो, व्यवसाय हो वा व्यापार हो ? हामीमध्ये धेरैले भन्दै आएका छौं कि राजनीति पेशा हो । यदि राजनीति पेशा हो भने निश्चित समय हरेक दिन राजनैतिक एवं सांगठनिक क्षेत्रमा खर्च गर्नुपर्दछ र पार्टीले पूर्णकालीन राजनीतिक नेता तथा कार्यकर्ताहरूलाई सम्मानजनक तलब तथा सुविधा प्रदान गर्नुपर्दछ । मैले जानकारी पाए अनुसार हाल केन्द्रीय कमिटीका सदस्यहरूले प्रतिमहिना रू. ७ हजार र अञ्चल कमिटीका सचिवहरूले रू. ५ हजार केन्द्रीय कार्यालयबाट पाउँदै आएका छन् । जिल्ला कमिटीको हकमा आम्दानी अनुसार पारिश्रमिक पाउँदै आएका छन् । त्यही पनि समयमै पाउन मुस्किल यो रकम उनीहरूको लागि सामान्य जिविकोपार्जनको लागि अपर्याप्त छ । नेताहरूले पार्टीबाट पाउने रकम र उनीहरूले गर्ने खर्च र उनीहरूको जीवनस्तरमा आकाश जमीनको भिन्नता छ । अब प्रश्न उठ्दछ - बाँकी रकम कहाँबाट आउँछ ? पैतृक सम्पत्तिबाट वा व्यापार व्यवसायबाट । यदि पारदर्शी ढंगले आम्दानी आउँछ भने म पार्टीबाट दिइएको सुविधा लिन्न भन्न सक्नुपर्दछ । होइन भने कि अनैतिक कार्य (जस्तै : सरुवा, बढुवा, ठेक्कापट्टा वा उद्योगपति, व्यापारी आदिको गुलामी) गर्नुपऱ्यो कि ऋण सापट लिनुपऱ्यो । बेलैमा ऋण सापट तिर्न नसक्दा आफ्नो पंक्ति र बाहिरी पंक्तिबाट टाढिने खतरा अति नै बढी हुन्छ भने पारिवारिक कलहले र पारिवारिक असन्तुष्टिले राजनीतिमा समेत असर गर्दछ । त्यसमाथि अनावश्यक रूपमा गरिने फजुल

खर्च (विवाह, ब्रतबन्ध, भोज-भतेर, स्वदेश तथा विदेश भ्रमण आदि) बाट नेतृत्वमाथि बारम्बार प्रश्नचिन्ह उठेका छन्। यसबाट नेतृत्व पंक्ति सचेत हुनुपर्दछ। यदि पार्टी वा संगठनले पूर्णकालीन नेता तथा कार्यकर्ताको समस्या नहेर्ने हो भने राजनीति आर्थिक रूपले सम्पन्नले गर्ने र विपन्न जतिसक्दो योग्य र सक्षम भएपनि टाढिने उत्तिकै सम्भावना रहन्छ। यदि राजनीति व्यापार हो भने व्यापारीहरूले राजनीतिबाट जतिसक्दो छिटो हात झिके मुलुकले राहत पाउँछ।

– तसर्थ, मदन भण्डारी फाउण्डेशन, मदन भण्डारी स्पोर्टस् एकेडेमी लगायतका संस्थाहरूले त्यस मातहतमा कार्यरत व्यक्ति र संगठनको आर्थिक आत्मनिर्भरतामा ध्यान पुऱ्याउनैपर्दछ र परनिर्भरतालाई क्रमश: अन्त्य गर्दै जानु पर्दछ। यस संस्थालाई आत्मनिर्भर बनाउन निम्न उपायहरू अवलम्बन गर्न सकिन्छ :

१. चन्दादाता वा शुभेच्छुक व्यक्ति वा संगठनहरूबाट चन्दा वा आर्थिक सहयोग उठाउने।

२. संस्थालाई सुदृढ पार्न सांस्कृतिक कार्यक्रम, खेलकुद कार्यक्रम, सेवामूलक कार्यक्रम, तालिम, प्रशिक्षण तथा प्रचारोन्मुख कार्यक्रम गरी अर्थ संकलन गर्ने।

३. विभिन्न सरकारी एवं गैरसरकारी संस्थाहरूबाट विभिन्न कार्यक्रमहरू ल्याई वा आफैं कार्यक्रम आयोजना गरी पैसा संकलन गर्ने।

४. दशैं तिहारमा द्यौसी, भैलो, होली, नयाँ वर्ष, विविध सांस्कृतिक पर्व तथा चाड, मेला आदिलाई अर्थ उपार्जनको कार्यक्रमसित जोड्ने।

५. वार्षिक रूपमा एकमुष्ट रकम चन्दा उठाउने र अक्षय कोष निर्माण गर्ने र त्यसको ब्याजबाट संगठन चलाउने वा प्रत्येक महिना लेवी उठाई आर्थिक परिचालन गर्ने।

६. विदेशमा रहेका व्यक्ति वा संगठन वा उपत्यका बाहिरका जिल्लाहरूमा उपत्यका वा अन्य ठाउँमा रहेका आर्थिक रूपले सम्पन्न मन भएका व्यक्तिहरूबाट अर्थ संकलन गर्ने।

७. समाजका प्रतिष्ठित व्यक्ति वा संस्थाको नामबाट स्थापित संस्थाहरूसँग सहकार्य गरी आर्थिक भार नपर्ने गरी विविध कार्यक्रमहरू सम्पन्न गर्ने।

८. पुस्तक तथा पत्रपत्रिका प्रकाशन गर्ने, विज्ञापन संकलन गर्ने, श्रम र सीप लगानी गरी अर्थ उपार्जन गर्ने र यसलाई जनता समक्ष अभियानको रूपमा लिएर जाने।

९. हाम्रा साथीहरू सम्मिलित सहकारी, बैंक तथा बित्तीय संस्था, पूर्वाधार निर्माण सम्बन्धी संस्था, सेवामूलक संस्थाहरूबाट कर्पोरेट सोसीयल रेस्पोन्सिविलिटी अन्तर्गत निश्चित प्रतिशत वा रकम छुट्याउने।

१०. सामुदायिक वन, कबुलीयत वन तथा जिल्लाको प्राकृतिक स्रोत प्रयोग गरी संचालित जलविद्यूत योजना, माटो, गिट्टी, बालुवा तथा क्रसर उद्योग आदिबाट रकम संकलन गर्ने।

११. प्रत्यक्ष रूपमा पैसा खर्च नहुने तर अप्रत्यक्ष रूपमा सेवा तथा वस्तु दिनसक्ने र रोजगारी दिन सक्ने संस्थाहरू पहिचान गरी सरसहयोग लिने आदि।

माथि उल्लेख गरिएका बुँदाहरू केही उदाहरणहरू मात्र हुन्। यस्ता रचनात्मक एवं सृजनात्मक गतिविधिहरू आ-आफ्नो गाउँ-शहरमा अनगिन्ति छन्। तिनीहरूलाई पहिचान गरी संगठनलाई आर्थिक रूपले सुदृढ बनाउन आजैदेखि पहल गरौं ।

**उपसंहार**

कुनै पनि संगठन बलियो हुन व्यक्ति बलियो हुनु पर्दछ। आर्थिक रूपले सुदृढ व्यक्ति मात्र घरपरिवारमा स्थापित हुन्छ। घरपरिवारमा स्थापित व्यक्ति गाउँ/शहरमा स्थापित हुन्छ। गाउँ/शहरमा स्थापित व्यक्ति जिल्लामा स्थापित हुन्छ। जिल्लामा स्थापित व्यक्ति राष्ट्रमा स्थापित हुन्छ। विस्थापित व्यक्तिले राष्ट्र हाँक्न सक्दैन, आन्दोलनको नेतृत्व गर्न सक्दैन, देशलाई समृद्ध बनाउन सक्दैन। तसर्थ, आजको यस घडीमा कम्तिमा पनि मदन भण्डारी फाउन्डेसनसँग आवद्ध व्यक्ति वा संस्था आर्थिक रूपले आत्मनिर्भर भइ समाजमा उदाहरणीय भएर जिउन सिकौं। आत्मनिर्भर भएर स्वाभिमानीपूर्वक शीर ठाडो गरेर गर्वले बाँच्न सिकौं।

■

# मदन भण्डारीलाई अहिले सम्झँदा



प्रदीप नेपाल

मदन भण्डारीलाई मैले पहिलो पटक २०३४ साल बैशाखको दोश्रो हप्तामा भेटेको थिएँ। पहिलो भेटमा नै मैले मदन भण्डारीलाई एकजना हक्की र खुलाखुलस्त बहस गर्ने राजनीतिक कार्यकर्ताको रूपमा चिनेको थिएँ।

असार १४ गते मदन भण्डारीको जन्मदिन हो । उहाँको हत्या भएको दिन, जेठ ३ गते नेकपा (एमाले) का भातृसँस्थाहरूले राजनैतिक बैचारिक क्षेत्रका योगदानलाई उजागर गर्ने कार्यक्रमहरू गर्दछन् भने मदन भण्डारी फाउण्डेशनले उहाँको जन्मदिनमा पनि त्यस्तै कार्यक्रमहरूको आयोजना गर्दछ । जनताको बहुदलीय जनवादलाई खोपाको देउता बनाउन खोजिएको वर्तमान अवस्थामा वर्षको दुई दिन मात्रै भए पनि मदन भण्डारीलाई सम्झने, उहाँका कामहरूका बारेमा चर्चा गर्ने कामले थोरै भए पनि जनताको बहुदलीय जनवादलाई बचाइरहने काम गर्नेछ ।

यहाँ मैले जनताको बहुदलीय जनवादका बारेमा होइन, व्यक्ति मदन भण्डारीका बारेमा सानो चर्चा गर्न खोजेको हुँ ।

मदन भण्डारीलाई मैले पहिलो पटक २०३४ साल वैशाखको दोश्रो हप्तामा भेटेको थिएँ । पहिलो भेटमा नै मैले मदन भण्डारीलाई एकजना हक्की र खुलाखुलस्त बहस गर्ने राजनीतिक कार्यकर्ताको रूपमा चिनेको थिएँ । अर्काको मनको कुरो नबुझी आफ्नो निष्कर्षात्मक कुरो पहिले राख्ने उहाँको स्वभाव रहेछ भन्ने लागेको थियो त्यतिबेला मलाई । ०३३ सालको नक्खु जेल विद्रोहपछि मुक्तिमोर्चा समूहसँग एकता गर्ने जिम्मेवारी त्यतिबेलाको नेतृत्वले मलाई दिएको थियो । त्यसैले म मुक्तिमोर्चा समूह खोज्दै वनारस पुगेको थिएँ । वनारसमै भएको थियो यो पहिलो भेट ।

मैले कुराकानी थाल्दै भनेँ, "म मुक्तिमोर्चा समूहसँग एकीकरण गर्ने जिम्मेवारी लिएर यहाँ आएको हुँ ।"

"मुक्तिमोर्चा कुनै नयाँ समूह होइन," उहाँले मेरो निष्कर्षको खण्डन गर्दै भन्नुभएको थियो, "हामी पुष्पलाल समूहबाट बाहिरिएका छौं, तर हामीले कुनै समूह

बनाएका छैनौं ।"

मदन भण्डारीको यो राजनीतिक स्पष्टता अन्तिम दिनसम्मै रह्यो ।

सोही पहिलो वार्ताको टुङ्ग्याउनीमा उहाँले भन्नुभएको थियो, "तपाईं जेलबाट निस्किएर हामीलाई नै खोज्दै यहाँ आउनु भएको हुनाले तपाईंको आफ्नो आश्रय पनि छैन होला । त्यस्तो अप्ठ्यारो छ भने म बसेको दण्डे भवनमा एउटा कोठा खालि छ भाडा तिरिसकेको । तपाईं यहाँ बसुन्जेल त्यो कोठा उपयोग गर्नसक्नु हुन्छ ।"

मदन भण्डारीमा पहिलो पटक भेटेको साथी र कार्यकर्ताप्रतिको यस्तो न्यानो चासो पनि अन्तिम दिनसम्मै यथावत् रह्यो ।

मदन भण्डारीलाई नेपालले एकजना कुशल वक्ताका रूपमा चिन्यो । सँसारभर कम्युनिष्ट पार्टीहरू पहिरोमा परेर ध्वस्त भएका घरहरू जसरी डङडङ्ती भत्किइरहेको समयमा नेपालमा कम्युनिस्ट पार्टीलाई शक्तिशाली प्रतिपक्षका रूपमा स्थापना गर्ने राजनीतिक खेलाडीका रूपमा चिन्यो । किनभने मदन भण्डारी नभैदिएको भए नेपाली कम्युनिस्ट आन्दोलन यात सोभियत सङ्घको जस्तै भएर बिसर्जित हुने थियो या पोलपोट-गोञ्जालो शैलीमा गएर त्यो सदाका लागि समाप्त हुनेथियो । अझ सटिक उदाहरण दिने हो भने त्यो थाइल्याण्ड कम्युनिस्ट आन्दोलन समाप्त भएजसरी समाप्त हुने थियो । त्यसैले उहाँले नेपालमा कम्युनिस्ट आन्दोलनलाई रक्षा गर्ने काम गर्नुभयो । उहाँको यो कामलाई स्वदेशीजनले मात्र होइन विदेशीहरूले समेत "नेपालमा कार्लमार्क्स जीवित छन्" भन्ने निष्कर्ष निकालेको थियो । तर नेपालले अझै पनि मदन भण्डारीले मुलुकको लोकतान्त्रिक आन्दोलनमा पुऱ्याउनु भएको योगदानको सही मूल्याङ्कन गर्न सकिरहेको छैन । ०४६ को जनआन्दोलनको उहाँ बैचारिक नेता हुनुहुन्थ्यो भने, माओवादीको लोकतान्त्रिकरणको कब्जियत यात्रामा पनि उहाँले अघि सार्नु भएका मान्यताहरू नै औषधिको रूपमा प्रयोग भएका छन् ।

**मदन भण्डारी नभैदिएको भए नेपाली कम्युनिस्ट आन्दोलन यात सोभियत सङ्घको जस्तै भएर बिसर्जित हुने थियो या पोलपोट-गोञ्जालो शैलीमा गएर त्यो सदाका लागि समाप्त हुनेथियो ।**

त्यसैले उहाँको विकासको क्रमलाई यथासक्य सिलसिलेवार ढङ्गमा पस्किन मैले उहाँसँग बिताएका १६ वर्षलाई केही वाक्यहरूमा खर्चिने मन बनाएको छु ।

०३४ सालमा मदन भण्डारी हामीजस्तै सामान्य राजनीतिक नेता हुनुहुन्थ्यो । ०३५ सालमा हामीले नेकपा (मार्क्सवादी-लेनिनवादी) को स्थापना गर्दाको समयमा पनि उहाँ उग्रवामपन्थी धङ्धडीले सताएको हामीजस्तै औसतस्तरको केन्द्रीय सदस्य हुनुहुन्थ्यो । ०३५/३६ सालको विद्यार्थी आन्दोलनले हाम्रो भूमिगत पार्टीलाई पनि तरङ्गित गरिदियो । ठूलो ऐतिहासिक महत्व राख्ने उक्त विद्यार्थी आन्दोलनको सफलताले हामीलाई सशस्त्र सँघर्ष सँगसँगै जनआन्दोलन पनि सञ्चालन गर्नुपर्ने रहेछ भन्ने चेतना दियो । त्यहाँसम्म पनि मदन भण्डारी पार्टीभित्रको औसत नेता नै हुनुहुन्थ्यो । तर जनमत सँग्रहको परिणामपछि जनआन्दोलन र जनसँगठन निर्माणका बारेमा उहाँको चेतले फड्को मार्न थाल्यो । राजनीतिक आन्दोलनलाई जनताका मुद्धासँग गाँसेर अघि बढाउनका लागि हामीले ०३७ सालदेखि पार्टी बाहिरका नागरिकलाई समेत समेटेर सँगठन निर्माण गर्ने कार्यनीति लियौं । हामीले बन्दुकको नशाबाट मुक्त हुनुपर्छ, निरङ्कुशतन्त्र फाल्न जनसँगठनहरू बनाउँदै जनआन्दोलन सँचालन गर्नुपर्छ भन्ने निर्णय गऱ्यौं । यही निर्णयपछि हामीले आफूभित्र र बाहिरका मानिसहरूलाई समेटेर अखिल नेपाल किसान सँघ, अखिल नेपाल महिला सँघ, नेपाल स्वतन्त्र मजदुर युनियन जस्ता सँगठनहरू मात्र होइन, मानव अधिकार रक्षाको अभियानलाई अघि बढाउन मानव अधिकार सँरक्षण मञ्च जस्तो मानव अधिकारवादी सँगठन पनि निर्माण गऱ्यौं ।

मदन भण्डारीमा रूपान्तरण प्रकृया यही कालखण्डबाट तीब्र हुन थालेको हो र उहाँ हामीभन्दा अगुवा बन्ने क्रम पनि यहींबाट आरम्भ भएको हो । उहाँको प्रतिभाको प्रस्फुटनमा पनि ०३६/३७ को विद्यार्थी आन्दोलनले महत्वपूर्ण टेवा दिएको छ ।

०३७ सालमा मदन भण्डारीले पार्टीभित्र तात्कालिक अवस्थामा राजाको प्रत्यक्ष नेतृत्वमा चलेको सत्ताका

विरुद्ध सबैखाले प्रहार केन्द्रीत गर्नुपर्छ भन्ने सोच ल्याउनु भएको थियो । नारा त त्यतिबेला बनाइएन तर निरङ्कतन्त्रका विरुद्ध प्रजातन्त्रको लडाईंमा सहभागी हुन त्यतिबेलाको नेकपा माले अघि बढिसकेको थियो । प्रहार र निशानालाई केन्द्रीत गरेर, आफू महासचिव नहुँदा नहुँदै पनि, मदन भण्डारीले अगुवाको भूमिका निभाउनु भएको थियो ।

२०४० सालदेखि उहाँमा नेतृत्वजनीत क्षमताहरू देखिन थालेका थिए । आफ्ना कुराहरूलाई सन्तुलित ढङ्मा कमिटीका बैठकहरूमा राख्ने र उत्तेजित नहुने उहाँको विशेषता थियो । हामीले मदन भण्डारीलाई ०४० सालदेखि नै पोलिटब्यूरो सदस्यमा प्रस्ताव गर्न थालेका थियौं । एक वर्षसम्म उहाँले पोलिटव्यूरोमा जान पटक्कै मान्नुभएन । केन्द्रीय कमिटीको लगातारको प्रस्तावले उहाँलाई गालेरै छाड्यो र ०४१ सालमा उहाँले पोलिटव्यूरोको सदस्यता स्वीकार गर्नुभयो ।

**मानव अधिकारवादी आन्दोलन, खुला राजनीतिक आन्दोलन, सँयुक्त मोर्चा निर्माणजस्ता निर्णयहरूमा मदन भण्डारीको निर्णायक भूमिका रहेकै हुनाले हामी सबैले उहाँलाई सर्वसम्मतीबाट महासचिव चुनेका थियौं ।**

यो पनि कमरेड मदन भण्डारीको जीवनको एउटा विशेषता हो । मानिसहरू नेता हुन चाकडी गर्छन्, प्रतिद्वन्दीलाई पराजित गर्न चुक्ली लगाउँछन्, राजनीतिमा आफू माथि जान अर्काको खुट्टा तान्ने काम सामान्य मानिन्छ । तर मदन भण्डारीको जीवनमा यस्तो घटना घटेको मैले कहिल्यै देखिन । पद उहाँका लागि लोभ र लाभ होइन, दायित्वको विशेषण थियो ।

पोलिटव्यूरो सदस्य भएको दुई वर्षपछि उहाँ पार्टी केन्द्रीय कमिटी भित्र महासचिवको दावेदारका रूपमा प्रस्तुत हुनुभयो । तर त्यो पदप्रति पनि उहाँको आसक्ति देखिएन । 'अघि बढ्नुस्, किन पछि पर्नु हुन्छ ?' भनेर हामीले भन्दा उहाँको जवाफ हुन्थ्यो, "नेतृत्व लिन हतार गर्नु हुँदैन । अब हामी महाधिवेशन आयोजना गर्नेतिर लाग्नुपर्छ । नेतृत्व परिवर्तनलाई लहडको विषय बनाइनु हुँदैन । हाम्रो साँगठनिक जीवनलाई विधिसम्मत बनाउन पहिले हामीले पार्टीको चौथो राष्ट्रिय महाधिवेशन आयोजना गर्नुपर्छ र सबै निर्णयहरू त्यहीँबाट गर्ने विधि निर्माण गर्नुपर्छ ।"

२०४६ सालको भदौ महिनामा हामीले नेपाल कम्युनिस्ट पार्टीको चौथो राष्ट्रिय महाधिवेशन आयोजना गऱ्यौं । त्यही बैठकबाट हामीले माओत्सेतुङ विचारधारालाई चिनियाँ क्रान्तिको अनुभवका रूपमा सम्मान गर्दै आफ्नो पार्टीको मार्गदर्शक सिद्धान्तबाट त्यसलाई बाहिर निकाल्यौं । जनआन्दोलन, जनसँगठन, मानव अधिकारवादी आन्दोलनसँगै ०४५ सम्म आइपुग्दा हामीले खुला राजनीतिक मोर्चा पनि खोलेका थियौं - प्रजातान्त्रिक राष्ट्रिय एकता मञ्चको नाउँमा । त्यतिबेला हाम्रो चेतनामा कम्युनिस्ट पार्टीलाई भूमिगत राखेर सञ्चालन गर्ने र बाहिरको खुला आन्दोलनमा प्रजातान्त्रिक राष्ट्रिय एकता मञ्चलाई मैदानमा उतार्ने भन्ने थियो ।

पार्टीको चौथो महाधिवेशनले नेपालको कम्युनिस्ट आन्दोलनमै पहिलो पटक बहुलवादलाई स्वीकार गर्ने मूलबाटोको ढोका खोल्यो र निरङ्कुशतन्त्र विरोधी पार्टीहरूसँग सँयुक्त मोर्चा बनाएर पञ्चायती निरँकुशतालाई समाप्त पार्ने र प्रजातान्त्रिक शासन प्रणालीको आरम्भ गर्ने निर्णय गऱ्यो ।

त्यही चौथो महाधिवेशनले कमरेड मदन भण्डारीलाई नेपाल कम्युनिस्ट पार्टीको महासचिव निर्वाचित गऱ्यो । मदन भण्डारी महासचिव हुने परिस्थिति उहाँका सोच र क्रियाकलापहरूले नै परिपक्क पारिसकेका थिए । मानव अधिकारवादी आन्दोलन, खुला राजनीतिक आन्दोलन, सँयुक्त मोर्चा निर्माण जस्ता निर्णयहरूमा मदन भण्डारीको निर्णायक भूमिका रहेकै हुनाले हामी सबैले उहाँलाई सर्वसम्मतीबाट महासचिव चुनेका थियौं ।

सँसारभरि नै कम्युनिस्ट आन्दोलन ओरालो लागिरहेको त्यतिबेलाको परिस्थितिमा निरङ्कुशता वा एकदलीयता तर्फ तानेर नेपालको कम्युनिस्ट आन्दोलनलाई अघि बढाउन सकिदैन भन्ने सोच हाम्रो पार्टी भित्र सबैभन्दा पहिले मदन भण्डारीमै आएको थियो । त्यही सोचको पहिलो खाका थियो - जनताको बहुदलीय जनवाद ।

चौथो महाधिवेशनले पारीत गरेको बहुदलीय प्रतिस्पर्द्धालाई विकास गरेर ०४७ सालमा कमरेड मदन

भण्डारीले नेपाली कम्युनिस्ट आन्दोलनको इतिहासमा पहिलोपल्ट कत्तिलाई अस्वभाविक समेत लाग्ने एकदमै नौलो विचार अगाडि सार्नुभयो - जनताको बहुदलीय जनवादी कार्यक्रम । बहुलवाद, बहुदलीय प्रतिस्पर्द्धात्मक शासन प्रणाली, विधिको शासन, मानव अधिकार र जनताको सार्वभौम सत्ताजस्ता मुद्दाहरूलाई अङ्गिकार गरेको थियो त्यो बहुदलीय जनवादले । यद्यपि नेपाल कम्युनिस्ट पार्टीले २०१५ सालको सँसदीय निर्वाचनमा पनि भाग लिएको थियो । तर त्यतिबेला कम्युनिस्ट पार्टीको कार्यक्रम नै बहुदलीय व्यवस्था, बहुलवादी समाजप्रतिको प्रतिवद्धता सहितको कानुनी राज हुनुपर्छ भन्ने चाहिँ थिएन ।

जनताको बहुदलीय जनवाद बारे भन्ने यो नौलो प्रस्तावनाको प्रतिवेदनलाई मदन भण्डारीले नेकपा एमालेको स्थायी समितिमा प्रस्तुत गर्नुभयो । स्थायी कमिटीमा त्यो पराजित भयो । त्यसपछि मदन भण्डारीले केन्द्रीय कमिटीका साथीहरूसँग परामर्श थाल्नुभयो । मार्क्सवाद विज्ञान हो त्यसैले यो गतिशील हुन्छ भन्ने विश्वास भएका हामी धेरै सदस्यहरू जनताको बहुदलीय जनवादको कार्यक्रम प्रति सहमत भयौं । ०४८ सालमा सम्पन्न केन्द्रीय कमिटीको बैठकमा जनताको बहुदलीय जनवादले बहुमत प्राप्त गऱ्यो र पाचौं राष्ट्रिय महाधिवेशनमा पार्टीको तर्फबाट प्रस्तुत गरिने दस्तावेजका रूपमा त्यसलाई अगाडि बढाइयो । सोही महाधिवेशनमा स्थायी कमिटीका बहुमत सदस्यहरूले जनताको बहुदलीय जनवादको विकल्पमा नौलो जनवादी कार्यक्रम प्रस्तुत गर्नु भएको थियो परिमार्जित विशेषण जोडेर ।

**जनताको बहुदलीय जनवादले बहुलवाद र प्रतिस्पर्द्धाको सिद्धान्तलाई सकारेको थियो भने नौलो जनवादले सहयोगको बहुदललाई सकारेको थियो ।**

जनताको बहुदलीय जनवादले बहुलवाद र प्रतिस्पर्द्धाको सिद्धान्तलाई सकारेको थियो भने नौलो जनवादले सहयोगको बहुदललाई सकारेको थियो । सहयोगको बहुदल सारत: एकदलीय तानाशाही नै थियो । अहिलेको एकीकृत नेकपा (माओवादी) ले यही कार्यक्रमलाई सकारेको छ । अर्थात अहिलेको एकीकृत नेकपा (माओवादी) नेकपा एमालेको चौथो र पाचौं महाधिवेशन बीचको जीवन बाँचिरहेछ दश वर्षको व्यर्थ हिँसात्मक क्रान्तिको जीवन बिताएर ।

पाँचौं महाधिवेशनको तयारी बैठकमा बरिष्ठ र हस्ती नेताहरूले पार्टीको साझा दस्तावेजका रूपमा पार्टीव्यापी छलफल चलाइनु पर्छ भन्ने प्रस्ताव ल्याउनु भयो । हामी धेरैले समानान्तर हिसाबमा दुइटा दस्तावेज तलसम्म लगिनु हुँदैन त्यसले कार्यकर्ताहरूमा कित्ताकाट गर्छ भनेर उक्त प्रस्तावको विरोध गऱ्यौं । मदन भण्डारीले हामीलाई सम्झाउँदै भन्नुभयो, "साथीहरूलाई केन्द्रीय कमिटीमा हाम्रो कुरो बुझ्ने कोही छैनन्, त्यसले बहस तलसम्मै लैजानु पर्छ भन्ने लागेको छ । हामीले प्रतिस्पर्द्धाको सिद्धान्तलाई सकारी सकेका छौं । अरुका विचार कमिटी भित्रै दबाएर राख्नुपर्छ भन्ने हो भने त हामी पनि उही एकदलीयतावादी, एकविचारवादी भैहाल्छौं नि ! कार्यकर्ता माथि विश्वास गर्नुपर्छ, कार्यकर्ता माझ जानुपर्छ, आजको विश्वमा बहुलता, मानव अधिकार, विधिको शासन, जनताद्वारा निर्वाचित सँसद र सँसदले चुनेको सरकार माथि हामीले विश्वास गर्नुपछ भनेर सम्झाउनु पर्छ । बहुदलीय शासन प्रणाली पूँजीपतिहरूको मात्र शासन व्यवस्था होइन । त्यो हामी श्रमजीवी जनताको पनि हो । शासन रूप हो, सत्ता सार हो । यो कुरो कार्यकर्तालाई सम्झाउनोस्, परिमार्जित नौलो जनवाद अबको सन्दर्भमा काम लाग्दैन भन्ने आत्मविश्वासका साथ छलफल चलाउनुस् । जीत हाम्रै हुन्छ ।

नभन्दै जीत हाम्रै भयो । नेपाल कम्युनिस्ट पार्टीको एकताको पाचौं महाधिवेशनले जनताको बहुदलीय जनवादलाई नेपाली क्रान्तिको कार्यक्रम स्वीकार गऱ्यो । यो जनताको बहुदलीय जनवाद नेपाली कम्युनिस्ट आन्दोलनमा नयाँ विचार थियो तथा यसको निर्माणमा सम्पूर्णतामै मदन भण्डारीको नेतृत्व स्थापित भएको थियो ।

नेपाली कम्युनिस्ट आन्दोलनलाई प्रजातान्त्रिक प्रकृयामा अवतरित बनाउने नयाँ विचार निर्माण गरेकै हुनाले हाम्रो पार्टीले कमरेड मदन भण्डारीलाई नवीन विचारक जननेताको सम्मान दिएको हो ।

*- ११ असार ०६८*
*काठमाडौं ।*

# बहुदल आएपछि मात्र चिनेँ मदनलाई



सत्यनारायण मण्डल

> विद्यालयमा बन्द गरेर आन्दोलन गर्न राजबिराज जाँदै गर्दा हामीलाई प्रहरीले समात्यो र सोही दिन हामीलाई घर फर्काइदियो। सायद यही दुई घटनाले मलाई बिद्रोह र आन्दोलनप्रति मोह जगाई दियो। अन्यायमा बिद्रोह गर्नुपर्छ र थिचोमिचो सहनहुन्न भन्ने भावना जागृत गराईदियो। पछि कञ्चनपुरकै नन्दप्रसाद गजुरेलले बिद्रोह र आन्दोलन त कम्युष्टि पार्टीले मात्र गर्छ भनेपछि म कम्युनिष्ट पार्टीप्रति आकर्षित भएँ।

सप्तरी जिल्लाको कमलपुरमा जन्मेको म गरिब किसानको छोरा । हाम्रो जीविको आधार भनेकै थोरै पुर्ख्यौली खेत र पशुपालन थियो त्यसताका । त्यसमा पनि सङ्गोलको ठूलो परिवारलाई खेतीले छ महिना पनि धान्न गाह्रो हुन्थ्यो । त्यसैले बाँकी छ महिना परिवारका सदस्यको मजदुरी र गोठमा पालिइएका गाई भैंसीको दुध बेचेर परिवारको गर्जो टर्थ्यो । त्यसताका गाउँमा शोषक समान्तको निक्कै बोलबाला थियो । सामन्तहरूको नेतृत्व बसन्त सिंह भन्ने जमिन्दारले गर्थे गाउँमा । उनको बिरूद्ध कसैले बोल्न नहुने । हात्तीमा चढेर हिड्थे उनी । उनी आउँदैछन भनेपछि गाउँले नै थर्कमान । उनको मूलढोकामा तात्कालिन पञ्चायती शासकको उठवस् हुन्थ्यो । त्यसैले उनको आदेश नमाने ऋण पनि नपाइने र कतिखेर के झुठ्ठा मुद्धा लगाएर जेल पठाउने हुन भनेर त्रसित हुन्थे गाउँलेहरू ।

पच्चीस–छब्बीस साल कुरा हो । म त्यतिखेर आठ पास गरेर नौ कक्षामा पढ्दै थिए । बुबाले घरखर्चका लागि ल्याएको सापटी फिर्ता नगरेको भनेर जमिन्दारका मान्छे आएर घरको लैनो भैसी लुटेर लगे । गर्न केहि नसके पनि म मनमनै मुरमुरीएँ । त्यस घटनाले मभित्र बिद्रोहभाव पलायो । त्यसैताका भारतले सुस्ता र महेशपुरमा सीमा मिचेको भन्दै बिद्यार्थीले आन्दोलन गरीरहेका थिए । आन्दोलनको हावा हाम्रो बिद्यालयसम्म पनि आयो । म पढ्ने गरेको कञ्चनपुरको सर्वोदय माविका नौ र दशमा पढने बिद्यार्थी मिलेर ठूलै आन्दोलन गर्‍यो । विद्यालयमा बन्द गरेर आन्दोलन गर्न राजबिराज जाँदै गर्दा हामीलाई प्रहरीले समात्यो र सोही दिन हामीलाई घर फर्काइदियो । सायद यही दुई घटनाले मलाई बिद्रोह र आन्दोलनप्रति मोह जगाई दियो । अन्यायमा बिद्रोह गर्नुपर्छ र थिचोमिचो सहनहुन्न भन्ने भावना जागृत गराईदियो । पछि कञ्चनपुरकै नन्दप्रसाद गजुरेलले बिद्रोह र आन्दोलन त कम्युष्टि पार्टीले मात्र

गर्छ भनेपछि म कम्युनिष्ट पार्टीप्रति आकर्षित भएँ । पछिमात्र थाहा भयो गजुरेल अखिलको केन्द्रिय सदस्य हुनुहुँदोरहेछ । उहाँकै सल्लाहमा मैले पुष्पलाल समूहमा सम्पर्क गरे । अठ्ठाइस उनन्तीस सालतिर पुष्पलाल समूहका जिल्ला नेता सुरेश तिम्सिना र ओद्रहाका कोशीलाल चौधरीले सम्पर्क दिनुभयो र त्यसै वर्ष म कम्युनिष्ट पार्टीको सदस्य बने ।

त्यसताका जमिन्दारले किसानलाई मोहीयानी हकबाट जबरजस्ती बेदखल गर्न खोज्थे । गाउँमा धर्म भखारी निर्माण गरी करको रूपमा किसानबाट अन्न बचत गरेर आवश्यकता अनुसार लगानी गर्ने गरिन्थ्यो । ती सबै जमिन्दारकै निर्देशनमा पञ्चहरूले रेखदेख गर्थे । त्यसको पनि जमिन्दारले दुरूपयोग गर्न खोज्थे । यहासम्म कि भखारीको धान जति बेचेर भूस राखेर आगो लगाई दिन्थे र भखारी आगोले नष्ट भयो भन्दै उल्टै सरकारी क्षतिपूर्ति पनि कुम्ल्याउँथे । पञ्च र जमिन्दारको यस्तो रवैयाबिरूद्ध हामीले सङ्गठित भएर आन्दोलन गऱ्यौं । मोही बेदखलीबिरूद्ध त अभियान नै छेडियो त्यसताका । हामीले गरेको आन्दोलनको जिल्ला र जिल्लाबाहिर पनि निकै चर्चा हुँदोरहेछ । एकजना हट्ठाकट्ठा लक्काजवान आउनु हुन्थ्यो हाम्रो गाउँमा । सबैले उहाँलाई हलीदाई भन्थे । मसँग प्रत्यक्ष चिनजान थिएन उहाँसँग देखादेख मात्र भएको थियो । उहाँले सधैं हाम्रो आन्दोलन उर्जा प्रदान गर्नु हुन्थ्यो । बेलाबेलामा उहाँको प्रशिक्षण सुनेपछि भने उहाँ गजुरेल दाईले भनेको कम्युनिष्ट पार्टीको नेता पो हो किजस्तो लाग्थ्यो । त्यतिखेरको असहज परिस्थितिले दोहोरो कुराकानी गर्न पनि गाह्रो थियो । महिना पन्द्रह दिन बिराएर आइरहने वहाँ को ? भनेर कसैलाई सोद्धा पनि कसैले भन्दैनथे ।

**दुःखका समयमा आश्रय दिने त्यो घर र त्यसका सदस्यका बारेमा आज कुनै पनि खोजखबर नहुँदा भने हामीले धरातल नै बिर्सेको होकि भन्ने आत्मग्लानी हुने गरेको छ मलाई ।**

त्यसैबेला मैले दलित कोटामा भारत, उत्तरप्रदेशको इलाहाबादमा पढ्ने अबसर पाएँ । इलाहाबादबाटै मैले मेट्रिक पास गरें । पढाईको सिलसिलामा भारत गएपछि हली दाईका बिषयमा मेरो मनको खुल्दुली मेटिन सकेन । म इलाहाबादमै कृषि बिज्ञान अन्तरगतको प्रविणता प्रमाण–पत्र तहमा भर्ना भएँ । कलेजमा बीएल बिश्वास नामका एकजना प्रोफेसर हनुहुन्थ्यो । उहाँ पनि कम्युनिष्ट हुँनुहुदोरहेछ । उहाँको सामिप्यताले बलियो कम्युनिष्ट बन्न थप प्रेरणा मिल्यो मलाई ।

३१ सालको दशैंतिरको कुरा होजस्तो लाग्छ, म दशै बिदामा घर आएको थिएँ । गाउँका मुसहर सुकुम्बासी घरवारबिहिन भएकाले मलगायत, स्थानीय युवाहरू मधौरीसदा, खुसरासदा, पुष्पनारायण चौधरी मिलेर खोला किनारको एलानी जग्गामा सुकुम्बासीको बस्ती बसाउने योजना बनायौं र गंगाजली खोलाको किनारमा बस्ती बसायौं । जमिन्दारलाई यो कुरा सह्य भएन र गाउँमा आगो लगाईदिए र दोष जति हाम्रो टाउकोमा थोपरेर घरमा छापा मार्न लगाए । घरमा उनै हली दाईले छोडेर गएको पर्चा र अन्य दस्तावेज पनि फेला पाऱ्यो प्रहरीले र मलाई पक्राउ गरी राजकाजबिरूद्धको अभियोगमा तीनवर्ष कैद र तीन सय रूपैयाँ जरिवान गर्ने फैसला सुनाए तत्कालिन अञ्चलाधिस महेशप्रसाद उपाध्यायले । मैलें त्यसताका तीन वर्ष राजविराज जेलमा बिताएँ । म जेल परेपछि भने मेरो बारेमा हलिदाईले बिशेष चासो लिएको ओद्रहाका कोशिलाल चौधरी बताउनु हुन्थ्यो ।

जेलमा मजस्तै राजकाज मुद्दामा जेल परेका सिराहाका मणिलाल राई, नरेन्द्रराज पोखरेल (हरि पोखरेल) र उदयपुरका वेदप्रसाद पोखरेलसँग भेट भयो । पुष्पलाल समूहवाट अलग भएका केही युवाहरूको प्रयासले को–अर्डिनेशन कमिटी गठन भएछ ! जेलमा बस्दा थाहा भयो । जेलमा भेटेका साथीहरू त्यतै लागी सक्नु भएछ । पछि को–अर्डिनेशन कमिटी माले भइसकेको उहाँहरूले सुनाउनु भयो । हलीदाई पनि त्यतै लागेको उहाँहरूबाट सुनेपछि म पनि जेलमै माले भए । ०३५ सालमा जेलबाट छुटेपछि मलाई रूपनगरका खुनारायण श्रेष्ठले घरमै बोलाएर पार्टी सम्पर्क गराउनु भयो । पार्टीको सेल्टर रहेछ उहाँको घर । दुःखका समयमा आश्रय दिने त्यो घर र त्यसका सदस्यका बारेमा आज कुनै पनि खोजखबर नहुँदा भने हामीले धरातल नै बिर्सेको होकि भन्ने आत्मग्लानी हुने गरेको छ मलाई । त्यतिखेर सिराहा, सप्तरी र उदयपुरको संयुक्त कमिटी थियो मालेको । कमिटीको नेतृत्व भने नरेन्द्रराज पोखरेलले गर्नु हुन्थ्यो ।

जनमत सङ्ग्रहताका पार्टी काम गर्न केही सहजजस्तो भएपनि पञ्चायतलाई जिताएर पञ्चेहरूले क्रान्तिकारीको सुराकी गर्न थालेपछि सतर्क भएर काम गर्ने अवस्था आयो । त्यसपछि ०३७ सालमा सप्तरीमा पनि जिल्ला पार्टी सक्रियदल (District Party Activist Group, DPAG) गठन भयो, जसमा सुशिल प्याकुरेल, जयशुन्दर यादव, उपेन्द्र साह र म सङ्गसठत भयौं । त्यसबीचमा पनि हलीदाईसँग बारम्बार भेट हुन्थ्यो । आफू कमिटेड भएपछि

बल्ल थाह भयो उहाँ पार्टीको जिम्मेवार नेता हुनुहुँदोरहेछ। तर पनि उहाँको वास्तविक परिचय भने थाहा पाउन सकिनँ। ०३९ सालमा मलाई पार्टीले सिराहा जिल्ला सरूवा गऱ्यो। त्यसबीचमा मैले उहाँबाट बेलाबखतमा प्रशिक्षित हुने मौका पाएँ।

०४५ सालको कुरा हो। म त्यसताका सिराहाको सचिव थिएँ। सुरक्षाको कारण सिराहा, सप्तरी र उदयपुरको चुरेले जोड्ने क्षेत्रलाई पार्टीले छुट्टै क्षेत्र बनाएको थियो। उदयपुरको भलायोडाँडाको कोल्टे गाउँमा पार्टीले सप्ताहव्यापी दिने प्रशिक्षण राखेको थियो। म व्यवस्थापनमा लागेको थिएँ। सप्तरीमा चिनेको हलीदाई पो आउनु भएको रहेछ हामीलाई प्रशिक्षण दिन। तर कस्तो अचम्म मैले सप्तरीमा चिनेको हलीदाई त सिराहा आउदा सङ्ग्राम सिंह पो हुनु भएछ ! लामो समयपछि भेट भएकाले अनुहार मिल्दैनथ्यो, कोही अर्कै होला भनेर सोधखोज नगरी चित्त बुझाएँ। खाद्य व्यवस्थापनको मूलजिम्मेवारी मेरो भएकाले प्रशिक्षणसँगै खाद्य व्यवस्थापनमा म विशेष चिन्तित हुन्थे। मलाई अझै सम्झना छ, त्यसबेला खाएको मकैको भात, गुन्द्रुक र अमलाको अचार सात दिनको प्रशिक्षण अवधिभर सङ्ग्राम सिंहले निकै चर्चा गर्नुहुन्थ्यो। उहाँले एकपटक त मलाई बोलाएरै भन्नुभयो, खाद्य व्यवस्थापनमा तपाईको निकै दख्खल रहेछ, क्रान्ति सम्पन्न भएपछि हाम्रो नेतृत्वमा राज्य आउँछ, अनि तपाईलाई खाद्य प्रमुख बनाउनु पर्छ।

**कस्तो अचम्म मैले सप्तरीमा चिनेको हलीदाई त सिराहा आउदा सङ्ग्राम सिंह पो हुनु भएछ**

०४६ सालमा पार्टीको महाधिवेशन सिराहामा गर्ने निधो भएछ। त्यसको तयारीमा हामी जुट्यौं। उदयपुरको भलायोडाँडा वा सिराहाको मातियाहीमा गर्ने लगभग पक्कापक्कि भएपनि ठाँउ निरिक्षण गर्नु भएका सङ्ग्राम सिंहले अन्तिम अवस्थामा आएर रद्द गर्नुभयो। खतरालाई सहजै आँकलन गर्ने उहाँकै रोजाईमा सिराहाकै बिष्णुपुरमा महाधिवेशन गर्ने टुङ्गो लाग्यो। भोली अधिवेशन छ, प्रतिनिधि धमाधम आउनेक्रम शुरू भएको छ, व्यवस्थापन भने हुन सकेको छैन। रातारात अधिवेशनस्थल तयार गरेर भोलीपल्ट अधिवेशन उद्घाटन गरियो। त्यति बेलाको सङ्ग्राम सिंहको हौसलाले नै छोटो अवधिमा पनि अधिवेशनको तयारी गरियो। सात दिनसम्म चलेको अधिवेशनले उहाँलाई नै महासचिव चयन गऱ्यो। पछि उहाँकै पहलमा संयुक्त बाममोर्चा बन्यो र २०४६ सालको नेपाली कांग्रेस र बाममोर्चाको संयुक्त जनआन्दोलनले मुलुकमा प्रजातन्त्र आयो। पार्टी खुल्ला भयो। पछि मात्र पो थाहा भयो। मैले सप्तरीमा चिनेको हलीदाई अनि सिराहको श्वेतशार्दूल र सङ्ग्राम सिंह त मदन पो हुनुहुँदो रहेछ।

०४८ सालमा मदनकै पहलमा म राष्ट्रियसभाको सदस्यमा चुनिएँ। उहाँ मलाई निकै माया गर्नुहुन्थ्यो। सिराहामा सचिव भएको बेला चुनौतिपूर्ण घडीमा महाधिवेशन सम्पन्न भएको उहाँ जुनसुकै भेटमा सम्झना गर्नु हुन्थ्यो। मदनलाई मप्रतिको विश्वास यति थियो कि एकपटक कमरेड अशोक राईलाई मदनले मजस्ता दुई–तीन कार्यकर्ता मात्र भए तराईमा पार्टीको पकड बलियो हुनसक्ने भन्नु भएको अशोक कमरेड अझै सम्झना गर्नुहुन्छ।

यस क्षेत्रका कार्यकर्तालाई अत्यन्त माया गर्ने मदन भण्डारी र पार्टी नेता जीवराज आश्रितको ०५० सालमा षडयन्त्रपूर्वक हत्या भयो। जस्तोसुकै आन्तरिक द्वन्द्वलाई पनि सहजै व्यवस्थापन गर्न सक्ने नवीन विचारक मदनको कुशल नेतृत्वको ख्याती देशविदेशमा फैलिएपछि देशीबिदेशी प्रतिकृयावादीको षडयन्त्रको शिकार बन्नु भयो मदन। पार्टीभित्रको अहिलेको किचलो देखेर मदनको झल्झली सम्झना आउँछ। उहाँले पार्टीको पाँचौ महाधिवेशनमा अघिसार्नु भएको विचार **जनताको बहुदलीय जनवाद** आज पार्टीले मार्गदर्शक सिद्धान्तको रूपमा स्वीकार गरेको छ। हतियारमा परिवर्तन देख्ने उग्रबामपीन्थहरू पनि आज मदनकै विचारको पछिलागेका छन्। सायद मदन भईदिएको भए मुलुक र पार्टीले बेला दखतमा दुर्दिन ब्यहोर्नु पर्दैनथ्यो होला ! प्रिय नेताको दुःखद अवसानपछि हामी साँच्चिकै टुहुरा भयौं। उहाँले सप्तरी सिराहामा बेलावखतमा प्रवाह गर्नुभएको विचार, हपहपी गर्मीमा उहाँले हिंडेको बाटो, जङ्गल, खोला अनि गाउँघरले आज पनि मदनलाई नै खोजीरहेकोजस्तो लाग्छ। तर बिडम्बना ! सप्तरीप्रतिको वर्तमान केन्द्रिय एमाले नेतृत्वको बेवास्ता र सप्तरीका कार्यकर्ताहरू महत्वपूर्ण अवसर पाउने सूचिको प्राथमिकतामा नपर्ने अवस्थाले भने उहाँको अवसानसँगै यस क्षेत्रका नेता कार्यकर्ताको भाग्य र भविष्य पनि त्रिसुलीमै बगेको अनुभूति हुनथालेको छ।

*(नेता मण्डलसँगको कुराकानीमा आधारित प्रकाश खतिवडाको प्रस्तुती)*

# जननेतासँग सम्झनामा
# बाँचेको त्यो क्षण



**रामप्रसाद पराजुली**

देशभित्र मात्र होइन, जीवन निर्वाहको विकल्प चाहर्दै भारतलगायत छिमेकी देशहरूमा बसोबास गर्ने लाखौं प्रवासी नेपालीहरूको जीवन, यस समुदायले सरोकारित क्षेत्रहरूमा सम्पादन गरेका सामाजिक काम र तिनको सङ्गठित राजनीतिक आन्दोलन पनि हिंजोको अवस्थामा छैन।

०५० साल जेठ ०३ गतेलाई देशभित्र मात्र होइन, हामी देशबाहिर बसोबास गर्दै आएका लाखौं प्रवासी नेपालीहरूले पनि एउटा अविस्मरणीय र अत्यन्तै भावपूर्ण दिनका रूपमा सम्झने र सम्झाउने गरिन्छ। अठारवटा हिउँदवर्षा पार गरेर यसबीचमा कैयौं आँधीहुरी सहँदै यहाँसम्म आइपुग्दा पनि जेठको यो पहिलो हप्तामा एकाएक दुःख महशुस हुन्छ। असह्य पीडाबोध हुन्छ। मन गह्रुङ्गो हुन्छ। तन शिथिल बन्छ। बेदनाले छट्पटिदै गर्दा मुटु भरिन पुग्छ। र, घरि–घरि भक्कानो फुटेर आउछ।

हामीमध्ये प्रत्येकलाई जेठ ०३ गतेको सम्झना नेपाली आमामा दुई असाधारण सन्तानहरूको अकल्पनीय अन्त्यसँगै हुन्छ। सहज मृत्युवरण गर्नुभएको हुन्थ्यो भने यस्तो हुन्नथ्यो होला, तर कहालीलाग्दो त्रिशुली नदीमा पुर्‍याएर नेपाली जनताका प्यारा नेताद्वय जननेता मदनकुमार भण्डारी र जीवराज आश्रितको हत्या गरिन्छ। र, हरदम नेपालीपन झल्कने स्वभाव सरल असाधारण व्यक्तित्वका धनी, नेपाली कम्युनिष्ट आन्दोलनका युगिन चिन्तक एवं सिद्धान्तकार, कैयौं कारणले पछाडिएका नेपाली जनताका अग्रजयोद्धा, बैचारिक मार्गनिर्देशक, सामाजिक मुक्ति र आर्थिक–सामाजिक रूपान्तरणका बैज्ञानिक पथप्रर्दशक, नेपालीभूमिका ओजस्वी नक्षत्रलाई रहस्यभित्रको बादलमुनि बिलय गराउदै अन्त्य गरिन्छ।

१७ मे, २०११ तदनुसार ०६८ जेठ ०३ गते अथवा घटना घटेको अठारवर्ष पुगेको दिन। यसबीचका घुमाउरा नेपाली राजनीतिक वृतचित्रमा थुप्रै परिवर्तन आएको छ। देशभित्र मात्र होइन, जीवन निर्वाहको विकल्प चाहर्दै भारतलगायत छिमेकी देशहरूमा बसोबास गर्ने लाखौं प्रवासी नेपालीहरूको जीवन, यस

समुदायले सरोकारित क्षेत्रहरूमा सम्पादन गरेका सामाजिक काम र तिनको सङ्गठित राजनीतिक आन्दोलन पनि हिंजोको अवस्थामा छैन । यसमा पनि ठूलो परिवर्तन आएको छ । संरचनागत पक्ष, विकासको विद्यमानको अवस्था र उपयोगबीच फेरबदल भएको छ । एकाएक यसमा बदलाव आएको छ । यी सबै पक्षले हामीलाई अद्यावधिक गर्न समयक्रमानुसार निर्देशन गरिरहेको छ । तर, जननेता मदनकुमार भण्डारीले प्रतिपादन गर्नुभएको बिचार– जनताको बहुदलीय जनवाद, यसको आलोकमा समृद्ध हुँदै आएका राष्ट्रनिर्माणका आधारभूत कार्ययोजनाहरू, सामान्तीय एकात्मक राजतन्त्रात्मक राज्यव्यवस्थाको अन्त्यसहित सामाजिक–आर्थिक रूपान्तरणको मार्चचित्रमा जनताको प्रत्यक्ष हिस्सेदारी, जनताको जीवनस्तरसहित हितसर्वाङ्गिण राष्ट्रिय विकास र समृद्धिको उन्नतचिन्तन भने झनै बलियो, खँदिलो र व्यवहारिक प्रयोगको अनिवार्य मार्गचित्र पुष्टि हुँदै आएको छ । उहाँले मार्ग प्रशस्त खोज्नुभएको शिक्षा– मार्क्सवाद–लेनिनवादलाई जीवन र जगतबाट बुझ्ने र मार्क्सवादको सिर्जनात्मक प्रयोग गर्दै व्यवहारबाट बुझ्ने र व्यवहारमै सिद्ध गर्ने दृढता र यसको व्यवहारिक परिपालनको इमानदारितलाई आज पनि प्रवासी नेपालीहरूले प्राथमिक र महत्वपूर्ण शिक्षाका रूपमा सम्झिरहेका छन् ।

**दिल्लीस्थितः दूताबासमा ज्ञापनपत्र बुझाउने, ठाउँ–ठाउँमा जुलुश आयोजना गर्ने, सभा गर्ने, जनप्रदर्शन गर्ने, राजनीतिक कामको सहयोगी बन्ने, राजनीतिक प्रकाशनहरू गर्ने, प्रकाशनहरूलाई देशभित्र ल्याउने, सम्बन्धित ठाउँथलामा पुऱ्याउने, आन्दोलनको वातावरण सिर्जना गर्न आउने नेताहरूको सुरक्षालगायत अन्य आवश्यकता पूर्तिका लागि व्यवस्थापन गर्ने काम नै प्रमुख काम हुन्थे ।**

जनताको बहुदलीय जनवाद, प्रस्तावित समयमा एउटा तीक्ष्णबिचारको रूपमा उजागार भएको भएपनि प्रयोगको केही समयमै आज जनताको बहुदलीय जनवाद, नेपाली क्रान्तिको सिद्धान्तको रूपमा सर्वस्वीकार्य भएको छ । नेपाली माटोसुहाउँदो मार्क्सवादको सिर्जनात्मक प्रयोग हो भनेर जनजनमा स्थापित भइसकेको छ । यसको प्रारम्भिक मस्यौदाकाल ०४६ मा क. मदन हामी प्रवासी नेपाली समुदायबीच बस्नुभएको बेला भन्नुहुन्थ्यो– जनताको बहुदलीय जनवादलाई मान्ने कुरामा हामीलाई कुनै पूर्वाग्रह साँध्नु छैन । यसको सौदा गरेर वा यसलाई छलछाम गरेर हामीलाई कुनै मतलब सिद्ध गर्नु छैन । हामीले त यसको आलोकमा राष्ट्र हित, उन्नति र प्रगति गर्नु छ । यसैबाट नेपाली जनताको समृद्धि र खुशहाली प्राप्त गर्नु छ । यसको एउटा क्षण मलाई अहिले पनि झलझल्ती याद आइरहन्छ । यद्यपि, यस महत्वपूर्ण क्षणमा मेरो उहाँसँग बसाई, साक्षतकार र श्रवण साह्रै थोरै समयका लागि भयो । प्रर्याप्त हुनसकेन । तर, उहाँका तत्कालिन उद्‌गारहरूले हामीलाई अहिले पनि कसिलो विश्वासका साथ जोशिलो प्रेरणा दिइरहन्छ ।

०४६ सालपूर्व मुलुकमा छाएको प्रतिकूल राजनीतिक परिस्थितिका बेला नेपालको राजनीतिक परिवर्तनका लागि छिमेकी देश भारतमा बसोबास गर्ने प्रवासी नेपालीहरू एउटा ठूलो आड र आधार स्रोतका रूपमा थिए । प्रवासी नेपालीहरूले सञ्चालन गरेका विगतका सङ्गठित राजनीतिक अभियान र विषयगत आन्दोलनहरू यसैका लागि थिए भन्दा किमार्थ फरक नपर्ला ! राजनीतिक परिवर्तिनका लागि परिचालित प्रवासी नेपाली आन्दोलन खासगरि दिल्लीकेन्द्रीत थिए र हुन्थे । दिल्लीस्थितः दूताबासमा ज्ञापनपत्र बुझाउने, ठाउँ–ठाउँमा जुलुश आयोजना गर्ने, सभा गर्ने, जनप्रदर्शन गर्ने, राजनीतिक कामको सहयोगी बन्ने, राजनीतिक प्रकाशनहरू गर्ने, प्रकाशनहरूलाई देशभित्र ल्याउने, सम्बन्धित ठाउँथलामा पुऱ्याउने, आन्दोलनको वातावरण सिर्जना गर्न आउने नेताहरूको सुरक्षालगायत अन्य आवश्यकता पूर्तिका लागि व्यवस्थापन गर्ने काम नै प्रमुख काम हुन्थे । प्रवासी नेपालीहरूको बाक्लो र सघन उपस्थितिसमेत यही क्षेत्रमा बढी भएकोले यस्ता कार्य सम्पादन गर्नका लागि दिल्लीको यही दक्षिण दिल्ली क्षेत्र भू–कार्यक्षेत्र सहज थियो र अनुकूल पनि । यसैले आन्दोलनको प्रमुख सेल्टर यही क्षेत्रलाई बनाइयो । त्यो बेला म यस क्षेत्रको सचिव थिएँ ।

०४६ सालको जनआन्दोलनको ऐतिहासिक

सफलतापश्चात यहीवर्षको कार्तिक अन्त्यतिर (२३–२४–२५ गते हुनुपर्छ) क. मदन भण्डारी क. सीपी मैनालीसित दिल्ली आउनुभएको थियो । त्यो दिन यस क्षेत्रका हाम्रा अर्का सेल्टरदाता क. पीताम्बर पोखरेलकहाँ उहाँहरू दुवैजना बस्नुभयो । यसबेला उहाँ तत्कालिन नेकपा (माले) को प्रवक्ताको रूपमा पार्टीलाई नेतृत्व प्रदान गर्दै आउनुभएको रहेछ । उहाँको अन्तरवार्ता पढ्न पायौं । प्रत्यक्ष भेटघाट हुन भने पाएन । यो बेला भेटघाट हुननपाएकोमा अफसोच छ अहिले मलाई । यसको ठीक एकवर्षपछि काठमाण्डौंको खुल्लामञ्चमा उहाँको भाषणबाट चम्किएको उदीयमान व्यक्तित्वबाट बल्ल थाहा लाग्यो– एकवर्षपूर्व भेटेको क. मदन के रहेछन् र को रहेछन् भनेर ! समय बित्दै गयो, हामी यहाँ उहाँले पार्टीको तर्फबाट महासचिव एवं प्रवक्ताका हैसियतले गर्नुभएको भाषणका रेकर्ड प्रतिलिपिहरू– श्रवण गर्न थाल्यौं । प्रारम्भिक दिनहरूमा हामी कहाँ लाग्यौं होला भनेर अन्यौल महशुस गर्ने हामीहरू नै थियौं । तर, उहाँका भाषणहरू मात्र सुन्न थालेपछि हामी ठीक ठाउँमा छौं, ठीक नेता र नीति भएको पार्टी चुनेका छौं, अलमल र द्विविधा पाल्नु पर्दैन भनेर गर्वबोध गर्न थाल्यौं । मनमा तहिरिने गरेका शङ्काहरू एकाएक छाँटिदै र छोटिदै गए । साथीहरूले सर्वाधिक प्रियमन्त्रका रूपमा क. मदनका शब्द र शब्द संयोजनलाई याद गर्न थाल्नुभयो । उहाँको नाम लिंदै गर्दा पनि जीवनमा समृद्धि र खुशहाली भएको महशुस हामीमा हुनलाग्यो । कार्यकर्ता पंक्तिको क. मदनसँग साक्षतकार गर्ने र प्रशिक्षित हुने रहर बढ्न थाल्यो, प्रमुख माग बन्न थाल्यो । उहाँ आफै पनि प्रारम्भिक जीवनकालको प्रवासी र प्रवासीप्रति माया मान्ने व्यक्ति भएकोले सबैमा यस कुराको अभाव महशुस भयो । क. केशवलाल श्रेष्ठमार्फत प्रवासी नेपाली समुदायमाझ उहाँको उपस्थिति अपरिहार्यतालाई माग गरियो ।

सिलसिला अघिबढिइरहेको थियो । यही बेला २–४ में, १९९२ का दिनहरूमा अभानेस्ववियुले एउटा सामयिक विषयमा बिचारगोष्ठीको आयोजना गऱ्यो । दिल्ली विश्वविद्यालयको टैगोर हलमा सम्पन्न उक्त बिचारगोष्ठीमा मैंले उहाँलाई प्रत्यक्ष भेटघाट र भलाकुसारी गर्ने अवसर पाएँ । लामो कद र मुसुक्क मुस्कराहटसहित म सानो कदको मानिससित हात मिलाउँदै परिचय भयो । म खुशीले गद्गद् थिएँ । क. मदनले बडो सहज र सरल रूपमा हामीसित भेटघाट गर्नुभयो । कार्यक्रम अघिबढ्यो । रसमय उहाँको ओज र तर्कपूर्ण बोलीबाट हामी एकदमै नजिकियौं । दिन बितेको पत्तै भएन । प्राविधिक गढबढीले उहाँको भाषण रेकर्ड भएनछ, अहिले अर्को अफसोच हुन्छ । कार्यक्रम समापनपछि दिल्ली र हरियाणाका अगुवा कार्यकर्तासँग उहाँको अर्को अन्तर्क्रिया भयो । यसमा म पनि एकजना जिज्ञासु सहभागी थिएँ । कार्यकर्ताले उठाएका जिज्ञासाको बडो सहज जवाफ दिँदै उहाँले नेपालको विकास निर्माण, औद्योगिकरण र भूमिसुधार सम्बन्धमा बडो चित्तबुझ्दो राय सुझाउनुभएको थियो । यससम्बन्धमा पार्टी नीतिलाई अझ खँदिलो बनाउनु छ भन्दै उहाँले सारगर्भित मन्तव्य राख्नुभएको थियो । केही सन्दर्भमा उहाँले– नेपाली जनता मेहनती छन्, इमानदार छन्, सक्षम छन् र देशभक्त छन् । उनीहरूको मनोबललाई माथी उठाएर उनीहरूको जीवनस्तर आफै उठाउने र उठाउन सक्ने परिवेश सिर्जना गर्नुपर्छ, अधिकारसम्पन्न पार्ने र उनीहरूको मन जीतेर उनीहरूलाई नै नयाँयुगको नयाँ बिहानीसहितको नयाँ नेपाल निर्माण अभियानमा लगाउन सक्नुपर्ने छ । अभिजातिय वर्गबाट प्रशिक्षित प्रशासनतन्त्र र सुरक्षा निकायहरूमा सुधारको आवश्यकता छ, यसभित्र समेटिएका भ्रष्टचारहरूलाई नियन्त्रण गरेर इमानदार र जवाफदेही प्रशासनतन्त्र ल्याउन सक्छौं र हामी १० वर्षमा नेपालको कायाकल्प गर्न सक्छौं भनेर उहाँले हामीलाई भन्नुभएको थियो । प्रवासी नेपालीहरूको सन्दर्भमा के त ? भनेर उहाँसँग प्रश्न गर्दा उहाँ भन्नुहुन्थ्यो– म चाहन्छु, नेपाली नागरिकहरू श्रमबजार चाहर्दैं

**उहाँ भन्नुहुन्थ्यो– म चाहन्छु, नेपाली नागरिकहरू श्रमबजार चाहर्दैं बिदेशिनु नपरोस्, बिदेशमा बसेर अपहेलित र अपमानित हुन नपरोस्, सामाजिक सुरक्षा अभावको जीवन जिउन नपरोस्, हरेक नेपालीले आफ्नो देशमा बाँच्ने सुदृढ आधार पाओस्, योग्यता–क्षमता अनुसारको रोजगार र सम्मानित जीवन जीउन पाओस् ।**

विदेशिनु नपरोस्, विदेशमा बसेर अपहेलित र अपमानित हुन नपरोस्, सामाजिक सुरक्षा अभावको जीवन जिउन नपरोस्, हरेक नेपालीले आफ्नो देशमा बाँच्ने सुदृढ आधार पाओस्, योग्यता–क्षमता अनुसारको रोजगार र सम्मानित जीवन जीउन पाओस्। म तपाईहरूको पीडादायी र कहालीलाग्दो तल्लोदर्जाको जीवनबाट मुक्त हुनुहोस्, विषयगत सीप र प्रविधि सिकेर स्वदेश फर्कनुस् र राष्ट्रनिर्माणमा आजको आवश्यकता अनुसार सहयोग पुऱ्याउनुहोस् र थपबढी योगदान पुऱ्याउनुहोस्, हामीहरू तपाईहरूको यस प्रकृतिको जीवन समृद्ध पार्ने आधार तयार गर्ने छौं।

यो कार्यक्रम समापनपछि क. केशवलाल श्रेष्ठ, पार्टीको दिल्ली राज्य कमिटी सचिव क. जीवनारायण कोइराला र म उहाँसित तत्कालिन भाकपा (माले) का महासचिव क. बिनोद मिश्राको पण्डारारोडस्थित निवासस्थल गयौं। क. मदनलाई मूलप्रवेश मार्गमै छाडेर म आफ्नो कार्यक्षेत्रतर्फ लाग्ने मन बनाएँ। बाटा लाग्दा–लाग्दै फेरी एकचोटी जोशिलो अभिवादन र कसिलो हात मिलाएँ। अहिले अधुरो जीवनको यो एउटा यात्राजस्तो लाग्छ! आखिर यो नै क. मदनसँगको मेरो अन्तिम अङ्कमाल, भेटघाट, वार्तालाप, साक्षतकार र प्रशिक्षित हुने मौका रहेछ! आज पनि उहाँको त्यो मुस्कुराहट र जोशिलो अभिवादनका लागि अघिसारिएका कोमल हातको स्पर्श अन्तिम रहेछ! स्मरण गर्छु र उहाँको प्रेरणास्पद भौतिक जीवनदर्शनको अभावमा बिरक्तिएर कहिँलेकाँही मनैमन पिरोलिन्छु।

उहाँ प्रत्यक्ष रूपमा हामीबीच नरहे पनि उहाँको युगिन विजयी उद्धेलित चकहिलो बिचार हामीसँगै छ। यसलाई जनताको घरदैलोको उज्यालोसँग प्रवाहित गर्दै रहँदा उहाँले प्रयोग गर्नुभएको नेपाली मौलिकता झल्काउने शब्द, भाषा, भाका हाम्रासमक्ष साक्षी छन्। जब–जब पार्टी जीवन र व्यक्तिगत जीवनमा केही समस्या आइपर्छ, अनि म उहाँलाई हरेक दृश्य परिदृश्यमा देखिरहेको हुन्छु उहाँलाई।

**उहाँ प्रत्यक्ष रूपमा हामीबीच नरहे पनि उहाँको युगिन विजयी उद्धेलित चकहिलो विचार हामीसँगै छ। यसलाई जनताको घरदैलोको उज्यालोसँग प्रवाहित गर्दै रहँदा उहाँले प्रयोग गर्नुभएको नेपाली मौलिकता झल्काउने शब्द, भाषा, भाका हाम्रासमक्ष साक्षी छन्।**

क. मदनको साहसिक निर्णय क्षमता, नेतृत्व कौशलता, तर्कसालिनता, ओजपूर्ण बिचार प्रवाह, सादगीपूर्ण व्यवहार आदिले मलाई अहिले पनि क. मदन र क. मदनको व्यक्तित्व विकासको व्यवहारिक मुद्रा– जनताको बहुदलीय जनवादलाई पछ्याइरहन प्रेरित गरेको छ।


नीति निर्माण गर्दा व्यक्ति केन्द्रीत होइन, नेता केन्द्रीत होइन, जनता र राष्ट्रलाई केन्द्रभागमा राखेर नीति निर्माण गर्नुपर्छ भन्ने र आफूलाई जनताको माझमा राखेर जनताका कुरा सुन्ने, आफूलाई नेपाली जनताको र नेपाल राष्ट्रको समृद्धिको निम्ति जनताको गोरू बनेर हलो जोत्ने र जनताको अधिकार खोस्न मास्न चाहने तत्वहरूलाई खबरदारी गर्ने जननेता क. मदन भण्डारीलाई शब्द श्रद्धाञ्जलि अर्पण गर्दै रहँदा उहाँ हामीबीच जीवित हुनुहुन्न! तर, नेपालको कम्युनिष्ट आन्दोलनलाई लोकतान्त्रीकरण गर्दै शान्तिपूर्ण प्रतिस्पर्धा र लोकतान्त्रिक विधिबाट नेपाली समाजको प्रगतिशील रूपान्तरण गर्ने र यसैमा व्यापक जनविश्वासहित सर्वश्रेष्ठता हासिल गर्ने सिद्धान्त– जनताको बहुदलीय जनवादमा, नेपाली कम्युनिष्ट तथा समग्र लोकतान्त्रिक आन्दोलनको कण–कणमा, आफ्नै पहल र पहूँच अनुसारको रूपान्तरण चाहने देशभक्त नेपाली जन–जनमा सदैब रहनुहुन्छ भन्नेमा अटल विश्वास निखारेको छु। सैद्धान्तिक, बैचारिक र राजनीतिक हिसावले अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनका समेत आकर्षण बन्नुभएका नेपाली कम्युनिष्ट आन्दोलनका उज्वल नक्षत्र श्रद्धेय नेताप्रति यही श्रद्धासहित जनताको बहुदलीय जनवाद – जिन्दावाद।

• *दिल्लीमा जननेता मदनकुमार भण्डारीसँग साक्षतकार हुनुभएका पराजुली तानसेन जिल्ला पाल्पा मूलनिवासी र प्रवासी नेपाली आन्दोलनको नेता सङ्गठन– प्रवासी नेपाली सङ्घ भारतका नेता हुनुहुन्छ।*

■

# मदन भण्डारीका कवितामा प्रगतिवादी चेतना

*(नेपाली राजनीतिका शिखर व्यक्तित्वका रूपमा चिनिएका मदन भण्डारीका प्राप्य कविता-गीति रचनामा प्रगतिवादी चेतना प्रखर रुपमा रहेको पाइन्छ। विद्यार्थी जीवन देखि नै रचना प्राप्त हुन थालेका छन् भण्डारीका कविता-गीतको सङ्ख्यामा कम नै रहेपनि गुणात्मक दृष्टिले उच्च रहेको देखिन्छ। प्रगतिवादी चेतना प्रबल भएका उनका रचनामा वर्ग सङ्घर्षसम्बन्धी अवधारणा, द्वन्द्वात्मक भौतिकवादी बिश्वदृष्टिकोण, यथार्थ दृष्टिकोण, वैचारिक प्रतिबद्धता, सामन्तवाद-पुँजीवाद विरोधी स्वर, मानवीय मूल्य र सौन्दर्यप्रति आस्था, वर्गीय पक्षधरता, धार्मिक अन्धता र ईश्वरीय सत्ताप्रति अविश्वास रहेको देखिन्छ। यिनै मूलभूत पक्षमा केन्द्रित भएर रचनाको विश्लेषण गरी निष्कर्ष निकाल्नु यस लेखको उद्देश्य रहेको छ।)*



**डा.यादवप्रकाश लामिछाने**

### १ विषयारम्भः परिचय र प्रवृत्ति

### १.१ परिचय

मदन भण्डारी (२००९-२०५०) नेपाली राजनीतिका शिखरपुरुष मानिन्छन्। राजनीतिमा स्पष्ट विचार र दूर दृष्टिकोण राख्ने तथा मार्क्सवादका नवीन व्याख्याताका रूपमा परिचय दिइसकेका भण्डारी प्रगतिवादी नेपाली साहित्यका पनि कुशल स्रष्टा मानिन्छन्। कुशाग्र बुद्धिका धनी भण्डारी विद्यार्थी जीवनदेखि नै कविता रचना गर्न थालेका देखिन्छन्। राजनीतिक प्रवचन, प्रशिक्षण तथा भाषण दिइरहँदासमेत काव्यात्मक अभिव्यक्ति दिने भण्डारीको प्रतिभाजन्य सिर्जनाबाट सिर्जित कवितामा प्रशस्त मात्रामा प्रगतिवादी सौन्दर्य चेतना पाइन्छ। प्रगतिवादी दृष्टिकोणको अभिव्यक्तिमा केन्द्रित उनका कविताले शोषित पीडित, सर्वहारा तथा श्रमजीवी वर्गको पृष्ठपोषण गरेको पाइन्छ। भण्डारीका कविता-गीत सङ्कलन विश्लेषणमा सक्रिय युवा हस्ताक्षर देवी नेपालका सौजन्यबाट प्राप्त कविता-गीतमा केन्द्रित भएर प्रगतिवादी चेतनाको अभिव्यक्ति कुन रूपमा रहेको छ, यस लेखमा सो खुट्याउने काम भएको छ।

### १.१.२ प्रवृत्ति

मदन भण्डारी मूलत मार्क्सवादी सौन्दर्य शास्त्रीय दृष्टिबाट काव्य रचना गर्ने प्रतिभा हुन्। सर्वहारावर्गको पृष्ठपोषण गर्नु उनका कविताको मूल अभीष्ट हो। उनले जनताका खोसिएका अधिकारहरू प्राप्तिका लागि मुठी कसेर उठ्नु पर्ने उद्घोष गरेका छन्। उनी कविता रचनामा विचार र भावको सन्तुलन कायम गराउनु रुचि लिन्छन्। समतामूलक स्वस्थ समाजको स्थापनाको परिकल्पना गर्दै जनताका वर्ग शत्रुहरूको पहिचान गरी त्यस खाले प्रवृत्तिहरूलाई जरदेखि उखेल्नु पर्ने धारणामा कवि भण्डारी अडिग देखिन्छन्। उनका कवितामा वैचारिक प्रतिबद्धता, सामन्तवादको चर्को विरोध, मानवीय मूल्य र मान्यता तथा सौन्दर्यप्रति आस्था रहेको पाइन्छ। वर्ग सङ्घर्षबाट नै निश्चित गन्तव्यमा पुग्न सकिने दृढता व्यक्त गर्ने भण्डारी ईश्वरीय सत्ताप्रति विश्वास राख्दैनन्। उनकम रचनामा भविष्यप्रति आशावादी दृष्टिकोण रहेको देखिन्छ। समग्रमा, समाजमा रहेको वर्गीय असमानताप्रति हुङ्कार गर्दै शोषित पीडित जनताका पक्षधरका रूपमा उभिनु उनको र उनका कविताको मूलभूत वैशिष्ट्य हो।

### १.२ प्रगतिवादी सैद्धान्तिक मानकका आधारमा कविताको विश्लेषण

भौतिक यथार्थतालाई जग मानेर जीवन जगत्को व्याख्या गर्ने मार्क्सवादी दर्शनका आधारमा कविता

रचना हुनु प्रगतिवादी मान्यता हो । जीवन जसरी र जुन रूपमा चलेको छ त्यो भन्दा अघि बढ्ने तथा उत्थानमा लाग्ने प्रक्रिया विशेषका रूपमा प्रगतिवादलाई लिइन्छ (तिमल्सेना, २०६४:१०) । यहाँ वादको अर्थ कुनै सार निकाल्नु र वस्तुलाई हेर्ने स्पष्ट दृष्टिकोण अघि सानु हो । समाजलाई अग्रगति दिने, समाज रूपान्तरण गर्ने, समाजलाई केन्द्र मानेर भौतिक विकासमा महत्व दिने तथा यथार्थप्रति विश्वास गर्दै कल्पनाको भावुक उडानमा आस्था नगर्ने दर्शनका रूपमा प्रगतिवादको अर्थ निरुपित भएको मानिन्छ ।

विद्यार्थी अवस्थादेखि नै स्रष्टा भण्डारीको कलम सशक्त रूपमा चलेको देखिन्छ । 'छात्र प्रभा' पत्रिकाको सम्पादकीय नै शास्त्रीय छन्दमा लेखिएका कविताबाट भएको छ । यसबाट उनको अजश्र कवित्व प्रतिभा प्रस्फुटित भएको प्रमाणित हुन्छ । 'छात्र प्रभा' पत्रिकाले सामन्तका छातीमा कलमरूपी तीखा बन्दुकका कुन्दाहरूले रोपेर त्यही रगतको मसीले दमनको व्यथा लेख्ने सन्देश बोक्नु पर्ने अभिव्यक्ति दिइएको छ । कविले **छात्र प्रभा** लाई निर्धा झोपडीमा रहेका किसानहरूलाई उत्साही बनाउनु पर्ने र व्यथा-बेथितिको घाउ खुर्कनु पर्ने सन्दर्भको उल्लेख गर्दै छात्रप्रभा 'बम' का रूपमा पड्किनु पर्ने सन्देश प्रवाह गरेका छन् । यहाँ कवि यसरी प्रस्तुत हुन्छन् :

*कुन्दा बन्दुकका तीखा कलमले सामन्तका छातीमा*
*रोपी च्वाप्प चुहाउँदै रगतको रातो मसीले यहाँ ।*
..................................................................
*जाऊ छात्र प्रभा लिएर बम यो टड्ककारिई पड्कियौ*
*निर्धा झोपडीमा किसानहरू उत्साहका साथ हौ ।*

प्रस्तुत कवितामा विद्यमान सामन्ती संस्कारको धज्जी उडाउँदै बलले ध्वस्त पारे झैं चेतनाको राँको बालेर किसानहरूलाई उत्साही बनाउन पर्ने अभिव्यक्ति रहेको छ । प्रत्यक्षरूपमा राजनीतिको उल्लेख वा प्रस्तुति नगरिकनै जनताको हितका सन्दर्भमा कवित्वलाई प्रखर पारिएको छ । यहाँ निम्नवर्गको पक्षधरसम्बन्धी मान्यता स्पष्ट रूपमा अघि सारिएको छ । यसरी सर्वहारा वर्गको पृष्ठपोषणमा कविता केन्द्रित छन्, जनताको मुक्तिको कामना नै निम्न वर्गप्रतिको पक्षधरता हो । लेनिन र माओले वर्गीय पक्षधरतालाई आफ्ना कृतिहरूमा अभिव्यक्तिजस्तै कवि भण्डारीले पनि वर्गीय पक्षधरतालाई दह्रो गरी उठाएको देखिन्छ । निर्धा झोपडीका किसानहरूलाई उत्साही बनाउने सन्दर्भ आउनु भनेको जनताको ठूलो समूहको सेवा र पक्षपोषण गर्नु नै हो । प्रगतिवादी मान्यताअनुसार सर्वहारा वर्गीय दृष्टिकोण ग्रहण गर्नुपर्छ कवितामा त्यो पक्ष प्रबल रूपमा देखिएको छ ।

**'छात्र प्रभा' पत्रिकाको सम्पादकीय नै शास्त्रीय छन्दमा लेखिएका कविताबाट भएको छ । यसबाट उनको अजश्र कवित्व प्रतिभा प्रस्फुटित भएको प्रमाणित हुन्छ ।**

**मित्र पो चिन्नु पर्छ** कवितामा शास्त्रीय छन्दको प्रयोग गरिएको छ । प्रस्तुत कवितामा माथि उल्लेख गरिएको कविताामाजस्तै निम्न वर्गीय पक्षधरताको कुरा उठाइएको छ । कवितामा निम्न वर्गका लागि एकतावद्ध हुनु पर्ने तर्फ केन्द्रित गरिएको छ । समाजमा रहेको वर्गविभाजनबाट कला साहित्य पनि अलग रहन सक्ने कुरै भएन, त्यसैले श्रमजीवी वर्गको हितका लागि मित्र र शत्रुको पहिचान गर्न सकिएन भने सर्वहाराको मुक्ति सम्भव छैन भन्ने निष्कर्ष निकापलएको छ । किसानलाई काममा जोताउन मीठो बोलेर श्रम शोषण गर्ने वर्गदेखि चनाखो हुनुपर्ने सन्देश दिदैं धनीहरूले क्रान्ति गर्ने बहानामा गरेको क्रान्तिलाई बेलैमा बुझ्नुपर्छ भनिएको छ । यससन्दर्भमा कवि यसरी प्रस्तुत भएका छन् :

*काले हर्के गरिबहरूमा क्रान्तिशक्ति अडिन्छ ।*
*शक्ति खोज्छौ तल झुपडीमा मित्र पो चिन्नु पर्छ ।*

यहाँ शत्रु र मित्रको पहिचान गरी समतामूलक स्वस्थ्य समाज निर्माणको आह्वान गरिएको छ । समस्या पूर्ति कविताका रूपमा रहेको विवेच्य कवितामा गरिबका नाममा क्रान्ति गर्ने बहानामा क्रान्तिको गतिलाई कमजोर बनाउने नेताहरूबाट सजग हुन आह्वान् गरिएको छ । यदि समय मै बुझ्न सकिएन भने धोखा पाउन सकिने पक्ष तर्फ सर्तकता पनि अपनाइएको छ । यस कविताले समाज परिवर्तनका लागि सामाजिक जागरणको पक्षलाई आत्मसात् गरेको छ (नेपाल, २०६६ : १२४) । उत्पीडक र उत्पीडित वर्गको मानवीय स्वभाव स्वभाविक रूपमा फरक हुन्छ । यी वर्ग बीचमा विशिष्ट भेद रहने सन्दर्भ उठाउँदै सर्वहारा वर्गको साझाहितमा अघि बढ्न मित्रको पहिचान आवश्यकता भएको अभिव्यक्ति दिइएको छ ।

**लौ उत्र सङ्घर्षमा** शार्दूलविक्रीडित छन्दमा रचित कवितामा सामन्ती हैकमी

प्रवृत्ति बोकेको राजालाई सम्बोधन गरिएको छ। जन स्वतन्त्रता र नागरिक स्वतन्त्रताका अवरोधकहरू राजा नै हुन् भने स्पष्ट पहिचान गरी आफ्नो अधिकार स्थापित गर्न जनसङ्घर्षमा उत्रन आह्वान गरिएको छ। राजालाई दलाहा, र चुसाहा भनिएको र उसका भरौटेहरूका अब दिन गए भन्नु सङ्घर्षमा लाग्न उत्साहित गरिएको भन्ने अर्थ स्पष्ट भएको छ। परिश्रमी किसानहरूको श्रमको शोषण र गरीबहरूमाथि अत्याचार गर्ने सामन्तलाई टुक्र्याउनुपर्ने भनिएको छ र मुलुकमा सङ्घर्ष अपरिहार्य भएको ठहर पनि गरिएको छ। कविले आफ्ना अभिव्यक्ति यसरी दिएका छन्

**किसानहरूलाई लत्याउने काम नगर, क्रान्ति भोजभतेरहरू गर्ने महलबाट जनमुक्तिको आश गर्ने बेकार छ भन्दै अब सङ्घर्षबाट मात्र अधिकारको प्राप्ति हुने हुनाले सङ्घर्षका लागि तयार हुनुपर्ने धारणा व्यक्त गरिएको छ।**

*आफू एक बनी किसान दुनियाँ सामन्त एकातिर*
*पारी छककछक टुकटुक्याउनु पऱ्यो लौ उत्र सङ्घर्षमा।*

कवितामा सामन्तलाई टुकटुक्याउन दह्रिलो साहस गरी सङ्घर्षमा उत्रन आह्वान गर्नुमा प्रगतिवादी दृष्टिकोण स्पष्ट रहेको देखिन्छ। प्रस्तुत कवितांशको अर्न्तवस्तु भनेको सामन्तीहरूलाई निमिट्यान्न पार्नुपर्छ भन्ने नै हो। किसानहरूलाई लत्याउने काम नगर, क्रान्ति भोजभतेरहरू गर्ने महलबाट जनमुक्तिको आश गर्ने बेकार छ भन्दै अब सङ्घर्षबाट मात्र अधिकारको प्राप्ति हुने हुनाले सङ्घर्षका लागि तयार हुनुपर्ने धारणा व्यक्त गरिएको छ। कविले सामन्तका रूपमा रहेको राजाका पछाडि नलाग्न आह्वान गर्दै यो मुलुक ती सामन्तहरूको ससुराली, विर्ता, मामली होइन, अब तिम्रा यी किल्ला तोड्दैछौ, छिल्लीविल्ली बनाउँछौं भन्दै शक्ति भए आऊ, सङ्घर्षमा भनेर ठाडो चुनौती दिएका छन्। गरीब सर्वहारावर्गको पक्षपोषण गर्दै कवितामा राजाका नकाव फुस्किएको आफूलाई मपाई ठान्दै के दुःख बेसाउँछौ भन्दै श्रमजीवी जनतालाई सङ्घर्षका लागि उर्जा प्रदान गरेका छन्। गरीब दुःखी र निमुखा जनतालाई ढाडस दिएर अब यिनीहरूका मोजमस्ती गर्ने दिन टाढिए भन्दै अधिकार स्थापित गर्न दृढताका साथ अग्रसर हुन आह्वान गरिएको छ। वर्गीय अन्तरविरोध चर्किंदै र विकसित हुँदै गएपछि सङ्घर्षको विकल्प नै हुँदैन भन्दै राज्यको उत्पत्तिको क्रमसँगै सामन्ती र दास युगको विकास भएको र सामन्ती प्रवृत्तिले उग्रता प्राप्त गरेपछि शोषक र शोषित वर्गबीच वर्ग सङ्घर्षको प्रक्रिया घटित हुने र त्यही वर्ग सङ्घर्षकै परिणाम स्वरूप सामन्ती युग विस्थापित र विघटित हुने हुनाले सङ्घर्षको आह्वान गरिएको सन्दर्भ बढी प्रखर रहेको छ। सङ्घर्षको आह्वानका लागि एकतावद्ध हुनुपर्ने जुन आह्वान गरिएको छ, त्यसलाई सर्वहारा वर्गको राज्य स्थापनाको तीव्र चाहना रहेको मानिन्छ।

### भर्तीवाले पोइलाई चिठ्ठी

कवितामा गरिबीको मारमा परेर पति विदेशतिर भर्ती हुन जानु परेको सन्दर्भमा घरमा रहेकी श्रीमतीले श्रीमान्लाई पीडाका व्यथाहरू समेटेर अभिव्यक्ति दिइएको छ। ग्रामीण भेगमा कथ्य भेदका रूपमा श्रीमान्लाई सम्बोधन गर्ने भाषाको प्रयोग गर्दै कुनै खुसखबर थाहा नपाउँदा दुःख लागेको कुरा गरिएको छ। यसमा गरिबहरूलाई बाँच्नै कठिन भएको तर ठूला ठालू मोज गरिरहेको भावको अभिव्यक्ति रहेको छ। यहाँको राज्यव्यवस्थाले निम्त्याएको कालरात्रीको उल्लेख गर्दै निर्धाका चिहानमाथिका महलमा आशिन राजा र धनीमानीहरूको रजाँइ रहेको छ। ठाँठबाँठले बसेमा ठालुहरूको चित्रण गर्दै गरिब दिदीबहिनीहरू सफाइ गर्न बाध्य हुन पर्ने अवस्थाको चित्रण गरिएको छ। सामन्तहरु आफ्नो स्वार्थमा मात्र केन्द्रित छन् भन्दै गरिबको बेहाल भएको गुनासो पोखिएको छ। कलिला बालबच्चाको भरण पोषण गर्न नसकिने, जाडोले सताउने, भोक भोकै पर्नुपर्ने केवल धनीवर्गको सेवामा नै रगत मासु सुकाउनु पर्ने पीडा व्यक्त भएको छ। कविले गरिबीको चित्रण यसरी गरेका छन्।

*तुषाराले कठ्याङ्ग्रायो भुँडी भोको उदाङ्ग्यायो*
*धनीका कामले मेरो रगत, मासु सबै खायो।*

घरको बेहाल भएको अवस्थाको अभिव्यक्ति दिदैं पति घर नफर्केकोमा चिन्ता व्यक्त गरिएको छ। उतै प्रीति लगाएर घरै पो बिर्स्यौ कि वा रिसायौँ ? भन्दै दासीको माया गरेर घर फर्कन आह्वान गरिएको छ। पत्नीको वेदना पोखिएको यस कवितामा पतिप्रति कुनै बिध्नबाधा पो पऱ्यो कि ? वा कुनै अप्ठ्यारामा परेका छौ ? भन्दै छिट्टै खबर पठाउन अनुरोध गर्दै मुक्तिका लागि सङ्घर्षको आवश्यकता रहेको अभिव्यक्ति दिइएको छ। ठूलाठालूको शोषणबाट मुक्ति पाउन खाँचो छ **त्यो तातो रगत सङ्घर्ष वेदीमा** भनी गरिबीले कष्टकर जीवन जिउन बाध्य रहेको अभिव्यक्ति दिइएको छ।

कविले नेपालीहरूको यथार्थताको अभिव्यक्ति दिँदै पत्नीले पतिलाई लेख्ने चिट्ठी शैलीमा आफ्ना धारणा व्यक्त गरेका छन्। यहाँ आर्थिक विपन्नताका कारणले जहान परिवार छाडेर विदेशिनु पर्ने अवस्थाको चित्रण भएको छ। खास गरी प्रगतिवादी कविताले सामाजिक यथार्थता, वर्गीय अर्न्तद्वन्द्व, समाजका सङ्घर्षशील श्रमजीवी जनताहरूको सामूहिक मुक्ति तथा उज्वल भविष्यको खोजीतर्फ लाग्न खाँचो छ तातो रगतको भन्ने उद्‌घोष गरिएको छ। सामाजिक रूपान्तरणका लागि वर्ग सङ्घर्षलाई चर्काएर **यहाँ यो देशको माटो नै साझा हुँदै हुन्न** भन्ने उद्‌घोष गरिएको छ। वैचारिक प्रतिवद्धता र यथार्थ स्थितिको अभिव्यक्ति दिँदै रूप र अर्न्तवस्तु बीचको सम्बन्धलाई पनि विचार पुऱ्याइएको छ।

सन्देश द्वैमासिकमा २०३२ मा प्रकाशित **गोरु फुकाउ हली हो** शीर्षकको कवितामार्फत वर्गीय विभेदको चरम रूप प्रस्तुत गरिएको छ। सामन्ती साँढिलाई जोताराले बाँधेर राख्नुपर्ने सन्देश दिइएको छ। गेयगुण सम्पन्न प्रस्तुत कवितामा सालभरि दुःख गरे पनि छोराछोरीले एकछाक खान नपाएको तर मालिकहरू महलमा बसेर उल्टै शोषण गरिरहेका छन् भन्ने भाव व्यक्त भएको छ। साहूको बाँझो खेत खन्दा, आवाद गर्दा सम्पूर्ण शरीर दुखेको र थाकेको छ भन्दै शोषणको पराकाष्टा रहेको अभिव्यक्ति दिइएको छ। साहूका छोराछोरी स्कूल पढ्न जाने तर गरिबका लालावालाले गाई, भेडा, बाखा हेरेर गुजारा गर्नु पर्ने स्थितिले असमानताको खाडल परेको सन्दर्भ अघि सारिएको छ। यसमा मानवताहीन उच्च वर्गका क्रियाकलाप सहन नसकिने स्थितिमा रहेको चित्रण गरिएको छ। गरिबको रगतमा सामन्तले रजाँइ गरेको सन्दर्भको प्रस्तुति रहेको यस कवितामा ठूलाठालूको यो हैकमी प्रवृत्तिबाट मुक्ति पाउन उठ्नुपर्ने उद्‌घोष गरिएको छ। कविले **अब हामी पोस्ने छैनौं पसिनाले ठालू, बोलाएर फलाइदिउँ तालुभरि आलु** भन्ने सन्दर्भ अघि सारेकाछन्।

यसरी तालुभरि आलु फलाउने सन्दर्भ भनेको शोषणको विरोध गर्न आक्रमणकारी शैलीमा प्रस्तुत हुने भन्ने हो। यसै क्रममा हल्लुड् भिजाउन लगाउने, छोरीहरूलाई सिस्नु लिन पठाएर हल्लुड् र सिस्नुले बजाउन आह्वान गरिएको छ। गरिब तथा श्रमजीवी वर्गको प्रतिनिधित्व गर्ने काले र गोरेको साथ लिने र सामन्तका छाला काढेर देश बनाउने नारा लगाउनुपर्दछ भन्ने उद्‌घोष गरिएको छ। सामन्तीहरूको शोषण सहेर बस्ने होइन अब सबै एकताबद्ध भएर जुट्नु पर्दछ भन्ने आह्वान् गरिएको छ। प्रस्तुत कृतिमा सर्वहारावर्गको पक्षपोषण गर्नुपर्ने धारणा प्रबल रहेको देखिन्छ। प्रगतिवादी मान्यताअनुरूप व्यापक जनहित र जनकल्याण कै सन्दर्भमा उत्पीडित तथा सर्वहारावर्गको स्वार्थमा कविता केन्द्रित रहनु पर्छ। प्रगतिवादी विचार, क्रान्तिकारी राजनीतिक अन्तर्वस्तु ग्रहण गर्नुपर्ने मान्यता यस कवितामा रहेको छ। जनतालाई एकजुट हुन अभिप्रेरित गर्ने तथा जनतालाई अग्रगतिमा लाग्न एकता बद्ध हुन प्रेरित गर्नु पर्ने सन्दर्भ बढी प्रभावकारी रहेको छ।

**सामन्तवाद र पुँजीवाद विरोधी स्वर व्यक्त गर्नमा विवेच्य कविता सफल मानिन्छ। मानवीय मूल्य, वर्ग सङ्घर्ष र वर्गीय प्रेमप्रतिको विश्वास व्यक्त गर्नु प्रस्तुत कविताको मूल उद्देश्य रहेको छ।**

**हलिदाई** शीर्षकको कवितामा आशावादी स्वर मुखरित भएको छ। प्रगतिवादी कविताहरूको मूल विशेषता भनेको जीवनवादी स्वर उराल्नु हो। वर्षौंदेखिको शोषणबाट उन्मुक्तिको उद्‌घोष गर्दै आगत उज्यालो बनाउने चाहना, शोषण, दमन, अन्याय र अत्याचारबाट उन्मुक्तिको चाहना हो। नेपालीहरूका दिन पनि फिर्ने भए, आकाशमा लाली चढ्न थाल्यो, रातो घाम उदाउन थालेमा डाडाँकाडाँ छ्याङ्ग हुन थाले भन्दै सूर्योदय भएको सन्दर्भको उल्लेख गरेर भावी दिनको उज्यालोको सङ्केत गरिएको छ। पेट भोको राखेर सयौं बर्खा बिताएको तर अब त्यस्ता कहर काट्नुपर्ने क्षण आउने छैनन् भन्दै हलो र कोदालो गर्नेहरूले पनि आफ्नो क्षमता देखाउन पाउलान् र घामको ज्योतिले भविष्य उज्यालो बनाउने र हाँसीखुसीले जीवन बिताउँला भन्दै अब सामन्तको बाँझो जग्गा फोर्न नपर्ने दिन आउनेछन् भनी हर्षोल्लास व्यक्त भएको सन्दर्भ रहेको छ।

कविको अभिव्यक्ति यस्तो रहेको छ -

*सामन्तीहरूका चाम्रा चाम्रा जर्जर खप्पर*
*घाम छेल्दैन कुइराले निर्धाको आङमा अनि।*

२०३० पुष १ गते प्रकाशित प्रस्तुत कविताले इतिहासप्रति सचेत हुँदै भविष्यप्रति आशावादी हुने विचार प्रस्तुत गरेको छ। सामन्तवाद र पुँजीवाद विरोधी स्वर व्यक्त गर्नमा विवेच्य कविता सफल मानिन्छ। मानवीय

मूल्य, वर्ग सङ्घर्ष र वर्गीय प्रेमप्रतिको विश्वास व्यक्त गर्नु प्रस्तुत कविताको मूल उद्देश्य रहेको छ।

सामाजिक आर्थिक शोषणको केन्द्रविन्दु रहेको सामन्तीलाई पिट्नु पर्ने उद्घोष गरिएको गीति रचनामा गरिबको रगत चुस्नेलाई जनताका शत्रु मानिएको छ। **गरिबको गाउँ गएर कुखुराको माउ खाने** अनि गरिबको रगत पनि चुसीखाने शोषकलाई भौतिक आक्रमण गर्ने ऊर्जा प्रदान गर्न आह्वान गरिएको छ। गीति भाखामा कवि भण्डारी भन्छन् :

*शोषक सामन्ती जहाँ जान्छ*
*गरिबको रगत चुसी रमाउछ*
*गरिबको रगत चुसी खानेलाई*
*पिटिदेऊ न गै भन्छ किसान दाइ।*

गीति रचनाकै रूपमा रहेको अर्को सिर्जनामा पनि नेपाली नारीमा थिचोमिचो रहेको, छोरा र छोरीमा वर्गीय विभेद गरिने गरेको अवस्थाको चित्रण गरिएको छ। नारीले आफूलाई कमजोर ठानेर बस्न नहुने बरु कम्मर कसेर उठ्नु पर्ने सन्देश प्रवाह गरिएको छ। छोरालाई स्कूल पढ्न पठाएको र छोरीलाई भाँडा माझ्न लगाएको सन्दर्भ अघि सार्दै सबै नारी उठ्नु पर्ने, थिचोमिचो सहन नहुने विचारको अभिव्यक्ति रहेको छ। गीतमा भण्डारीको आह्वान यस्तो रहेको छ :

*गएर भन्देऊ न ती हाम्रा दिदी र बैनीलाई*
*साह्रै नै थिचोमिचो छ नेपाली नारीलाई*
................................................
*अब भने नारी नबस है निउरेर*
*सबै नारी उठ है कम्मर कसेर।*

लैङ्गिक असमानताको विरोध गर्दै वर्तमान समयमा नारीले सहनुपरेको थिचोमिचोलाई प्रस्तुत गर्दै नारी जागरणको शङ्खघोष गरिएको छ (नेपाल, २०६६:१२५)। नारी चेतना अभिवृद्धि गराउने उक्त गीति पङ्क्ति कम्मर कसेर उठ्न आह्वान गर्नमा सफल देखिन्छ।

**१.३ समापन**

प्रगतिवादी कविता रचनामा सफलता प्राप्त कवि भण्डारीका रचनामा रूप र अन्तर्वस्तुको उपयुक्त समन्वय रहेको छ। उत्पीडित तथा सर्वहारा वर्गको स्वार्थमा रचना केन्द्रित रहनुपर्ने प्रगतिवादी मान्यताअनुसार नै कविता रचना भएका छन्। यी कवितामा उत्पीडित जनताको मुक्तिको कामना गर्दै शोषक र सामन्तलाई निर्मूल पार्नु पर्ने उद्घोष गरिएको छ। कवितामा प्रस्तुत भएको पक्ष भनेको वर्गीय पक्षधरता हो। वास्तवमा जनवादी/प्रगतिवादी साहित्यले गरिब, किसान, मजदुर तथा श्रमजीवी वर्गकै पक्षपोषण गर्नुपर्दछ। उक्त कुराको अभिव्यक्ति मदन भण्डारीका कविता र गीति रचनामा पाइन्छ। मार्क्सवादी सौन्दर्य शास्त्रले आत्मसात् गरेको निम्नवर्गप्रतिको सहानुभूति तथा शोषक वर्गको सामन्ती उत्पीडनबाट मुक्ति पाउन कम्मर कसेर लड्नु पर्ने उद्घोष गरिएको पाइन्छ। गरिब, दु:खी र कमजोर भयौ भनेर सहेर, निहुरेर बस्ने होइन कि जर्जर सामाजिक-आर्थिक विषमतबाट सधैंका लागि उन्मुक्ति हुन औजारसहित उठ्नु र जुट्नु पर्ने धारणा व्यक्त गरिएको छ। एक्लै उठेर मात्र निर्दिष्ट उद्देश्य प्राप्त गर्न नसकिने हुनाले एकजुट भएर जुट्दा मात्र अपेक्षित सफलता प्राप्त गर्न सकिन्छ भन्ने निष्कर्ष निकाल्ने मार्क्सवादी चिन्तनसँग विवेच्च कविता तथा गीतीरचना सफल देखिन्छन्। प्रगतिवादी दृष्टिकोणले जनताका निम्ति एकतावद्ध हुन आह्वान गर्न, प्रगतिपथ तर्फ डोऱ्याउन तथा जनतालाई अग्रपंक्तिमा एकजुट हुन प्रेरित गर्छ। उपर्युक्त सम्पूर्ण कुराहरू विवेच्य रचनामा पाइन्छन्। कवि भण्डारीका कवितामा देखिएको प्रगतिवादी चेतनाको प्रबलता, वर्गीय प्रक्षधरता आदिजस्ता कुरा नै मूलभूत प्राप्ति मानिन्छन्।

**वास्तवमा जनवादी/प्रगतिवादी साहित्यले गरिब, किसान, मजदुर तथा श्रमजीवी वर्गकै पक्षपोषण गर्नुपर्दछ। उक्त कुराको अभिव्यक्ति मदन भण्डारीका कविता र गीति रचनामा पाइन्छ।**

**सन्दर्भ सामग्री**

१. *गौतम, देवीप्रसाद (२०४९),* ***प्रगतिवाद: परम्परा र मान्यता,*** *काठमाडौं : मुना गौतम।*
२. *तिमल्सेना, पशुपतिनाथ (२०६४),* ***प्रगतिवाद: वनिता मान्यता र प्रवृत्ति,*** *पोखरा : ओजनबुक्स।*
३. *नेपाल, देवी (२०६६)* ***मदन भण्डारी स्मृति ग्रन्थ,*** *काठमाडौं : मदन भण्डारी स्मृति प्रतिष्ठान।*
४. *पाण्डे, ताराकान्त (२०५६)* ***प्रगतिवाद र कविता,*** *काठमाडौं :लेखक स्वयम्।*
५. *रोहिताश्व (१९९१)* ***मार्क्सवादी सौन्दर्य शास्त्रीको भूमिका,*** *नयाँ दिल्ली : राधाकृष्ण प्रकाशन।*
६. *लेनिन्, भी आई (१९६७)* ***संस्कृति और सांस्कृतिक क्रान्ति,*** *नयाँदिल्ली : पिपुल्स पब्लिसिङ हाउस।*
७. *सिंह, नामवर (१९९१)* ***इतिहास और आलोचना,*** *नयाँदिल्ली : राजकमल प्रकाशन प्रा.लि।*

प्रकाशकः
Madan Bhandari
Foundation
मदन भण्डारी फाउण्डेशन